# लेखापरीक्षण प्रतिवेदन

# काठमाडौँ महानगरपालिका

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# काठमाडौँ महानगरपालिका

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/309

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री नगर प्रमुखज्यू,
काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
काठमाडौं।

**कैफियतसहितको राय**

हामीले यस महानगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**१ कैफियत सहितको राय व्यक्त गर्ने आधार**

महानगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू २६ करोड २८ लाख ३ हजार समावेश गरेको छैन।

**२.** महानगरपालिकाको रू २७ अर्ब ५२ करोड ४४ लाख ६ हजारको लेखापरीक्षणबाट रू.७५ करोड ३१ लाख ८६ हजार बेरुजू देखिएकोमा रु. ७ करोड २९ लाख ५१ हजारको प्रतिक्रियाबाट फर्स्यौट भई बाँकी बेरुजु रु.६८ करोड २ लाख ३६ हजार रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रू. २८ करोड ५२ लाख १८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.८ करोड १० लाख ५७ हजार नियमित गर्नुपर्ने रू.२४ करोड ८ हजार र पेस्की बाँकी रू.७ करोड ३९ लाख ५२ हजार रहेको छ। गत वर्षसम्म रू.२ अर्ब १४ करोड ७४ लाख ८३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरूजू रू २ अर्ब ६१ करोड ५५ लाख १९ हजार रहेको छ। बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

**३.** महानगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने यस महानगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यस महानगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, गत विगत देखिको राजस्व बक्यौता असुल हुन नसकेको, वार्षिक स्विकृत कार्यक्रम अनुसार प्रगति हुन नसकेको, लगानी र ऋणको अभिलेख अद्यावधिक नभएको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी यस महानगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, महानगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनकालागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| २२६ | ६५७ | ७५,३१,८६,२६५ | ० | ५१ | ७,२९,५०,५८५ | ० | २२६ | ६०६ | ६८,०२,३५,६८० | २८,५२,१७,७९७ | २४,००,०८,३५९ | ८,१०,५७,१३६ | ० | ० | ३२,१०,६५,४९४ | ७,३९,५२,३८८ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काठमाडौं | २,१४,७४,८३,६४७ | | २१,२२,००,६२४ | १९३५२८३०२३ | | ६८,०२,३५,६८० | २६१५५१८६७१ |

### बेरुजु सम्परीक्षणको विवरण

| क.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | ७९.५ | वडा नं ५ | २,२९,७४० |
| २ | २०७७/७८ | ९४.२ | वडा नं २० तर्फ | ७०५ |
| ३ | २०७७/७८ | ९१.८ | वडा नं १७ तर्फ | २,०४,९७८ |
| ४ | २०७७/७८ | ८७.५ | वडा नं १३ तर्फ | ६४,१०० |
| ५ | २०७७/७८ | ७४.३ | वडा गत खर्चको विवरण | ४२,७७९ |
| ६ | २०७७/७८ | १०३.३ | वडा २९ तर्फ | १७,४७७ |
| ७ | २०७७/७८ | १०१.४ | वडा २७ तर्फ | १,७७,८०० |
| ८ | २०७७/७८ | २२ | पेश्की व्यवस्थापन | ७७,३०,४७९ |
| ९ | २०७७/७८ | ११३.३ | कर्मचारी भत्ता सम्बन्धमा | ५,२९,४४० |
| १० | २०७७/७८ | ७१.४ | असुल गर्नुपर्ने | ५,५०० |
| ११ | २०७७/७८ | ८१.१ | ७ नं. वडा कार्यालय | १,३९,७०० |
| १२ | २०७७/७८ | ११८ | हनुमानढोका दरवार क्षेत्र | ५,१०० |
| १३ | २०७८/७९ | ६४.७ | वडा नं ३ तर्फ | २५,८०,००० |
| १४ | २०७८/७९ | १०५.५ | वडा नं ३२ तर्फ | २२,३९,२६४ |
| १५ | २०७८/७९ | १०४.८ | वडा नं ३१ तर्फ | १,५४,८५८ |

| | | | | |
|---|---|---|---|---|
| १६ | २०७८/७९ | ६३ | वडा नं २ तर्फ | ७१,९१,२४२ |
| १७ | २०७८/७९ | ९४ | वडा नं २१ तर्फ | ८४,१२० |
| १८ | २०७८/७९ | ९० | वडा नं १७ तर्फ | ७३६ |
| १९ | २०७८/७९ | १०१.६ | वडा २८ तर्फ | ३३,५६,५४२ |
| २० | २०७८/७९ | ९९.८ | वडा २६ तर्फ | १,१४,८५३ |
| २१ | २०७८/७९ | ४८.३ | भौचर परीक्षण १ | ३,४९,८४८ |
| २२ | २०७८/७९ | ९ | पेश्की बाँकी | ६,०८,६१,०८८ |
| २३ | २०७८/७९ | ६५ | वडा नं ४ तर्फ | १,७३,११४ |
| २४ | २०७९/८० | ४१ | सम्पत्ति कर | ११,११,६७० |
| २५ | २०७९/८० | ४५ | व्यवसाय कर | ५०,००० |
| २६ | २०७९/८० | ९९ | वडा तर्फका व्यहोराहरु | ७,९३,७५९ |
| २७ | २०७९/८० | १०० | वडागत पेश्कीको विवरण | १४,०७,८२४ |
| २८ | २०७९/८० | ९८ | महानगरपालिकाको पेश्की बाँकी | ९,७५,८५,८०० |
| २९ | २०७९/८० | १०३.११ | मनोहरा जग्गा एकिकरण आयोजना | २,४०,१३,८१२ |
| ३० | २०७९/८० | ९२ | बिल भरपाई वेगर भुक्तानी | ९५,८९६ |
| ३१ | २०७९/८० | ९० | प्रमाण पेश गर्नुपर्ने | ३,९७,७०० |
| ३२ | २०७९/८० | ९३ | जिन्सी दाखिला | ४,४०,७०० |
| ३३ | २०७९/८० | १०४ | आन्तरिक लेखापरीक्षण | ५०,००० |
| ३४ | २०८०/८१ | १३०.४ | सामाजिक सुरक्षा | ६५,४६४ |
| ३५ | २०८०/८१ | १३६.४ | वडा नं ५ | ९२,००० |
| ३६ | २०८०/८१ | १६७.१ | वडा नं २९ | ४३,७६७ |
| ३७ | २०८०/८१ | १६५.१ | वडा नं २७ | ३,४७,४७५ |
| ३८ | २०८०/८१ | १५०.४ | वडा नं १६ | ७६,४०४ |
| ३९ | २०८०/८१ | १४८.४ | वडा नं १५ | ३४,०३,५८४ |
| ४० | २०८०/८१ | २० | पेश्की बाँकी | ५,०३,०६,०६० |
| ४१ | २०८०/८१ | ७२ | जग्गाको मूल्याङ्कन कम भएको | १,४७,८०० |
| ४२ | २०८०/८१ | ६८ | कर छुट | ४,४४,८८० |
| ४३ | २०८०/८१ | १७६.४ | पेश्की बाँकी | ४९,७७,०८४ |
| ४४ | २०८०/८१ | १७४.५ | पेश्की बाँकी | १,२९,५५,९१३ |
| ४५ | २०८०/८१ | १६२.४ | व्यावसाय कर | १०,००० |
| ४६ | २०८०/८१ | १४७ | रितपूर्वक कर विजक | ८०,१५४ |
| जम्मा | | | | २८,५१,५१,२०९ |

# (८०३३५२०१३०० - काठमाडौँ महानगरपालिका)

## परिचय

१ **(क) कार्यालय परिचयः-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले काठमाण्डौ महानगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु महानगरपालिकाको उद्देश्य रहेको छ । यस महानगरपालिका अन्तर्गत ३२ वडा, १६५ सभा सदस्य, ५०.६७ वर्ग किलोमिटर क्षेत्रफल र ८६२४०० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्यः-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधिः-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०९।१८ देखि २०८१।११।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधिः-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक बिधिबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका वेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका वेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमाः-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका वेहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थितिः-** महानगरपालिकाको आय-व्ययतर्फ रू २७ अर्ब ५२ करोड ४४ लाख ६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।
सो बाहेक मनोहरा जग्गा एकीकरण आयोजनातर्फ रू २५ करोड ७ लाख ७८ हजार, चमती जग्गा एकीकरण आयोजना तर्फ रू ३२ करोड ३८ लाख ६३ हजार, नयाँ वजार जग्गा एकिकरण आयोजना तर्फ रू १ करोड ७९ लाख ३७ हजार र हनुमान ढोका दरवार क्षेत्र संरक्षण कार्यक्रम तर्फ रू २८ करोड २० लाख ६९ हजार समेत रू ८७ करोड ४६ लाख ४७ हजारको समेत लेखापरीक्षण भएकोमा उक्त रकम महानगरपालिकाको लेखापरीक्षण अंकमा समावेश छैन।

**(छ) लेखापरीक्षणको क्रममा असुली:-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २,३९,१९,०९६/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क.स | भौचर नं | दाखिला मिति | विवरण | रकम | दाखिला कोष |
|---|---|---|---|---|---|
| १ | ७६५२४२०७ | २०८१।१०।२४ | कुलेश्वर आवासीय मा.वि लाई पाठ्यपुस्तकमा बढी निकासा | २८९२३८ | संघीय सञ्चित कोष |
| २ | ७६९८७६२२ | २०८१।११।०४ | शिक्षकको बढी ग्रेड | १४४१४ | संघीय सञ्चित कोष |
| ३ | ७७०१४०१९ | २०८१।११।०४ | शिक्षकको बढी ग्रेड | १६०८७ | संघीय सञ्चित कोष |
| ४ | ७६९३१०५१ | २०८१।११।०२ | जनजागृति ज्ञान रश्मि मा.वि छात्रवृत्तिमा बढी निकासा | ११२०० | संघीय सञ्चित कोष |
| ५ | ७६९३२३३३ | २०८१।११।०२ | टंगाल मा.वि छात्रवृत्तिमा बढी निकासा | ५८०० | संघीय सञ्चित कोष |
| ६ | ७७०४०१८२ | २०८१।११।०५ | शिक्षकको बढी ग्रेड | ५७३२१ | संघीय सञ्चित कोष |
| ७ | ७७०६७००६ | २०८१।११।०५ | जन प्रभात मा.वि छात्रवृत्तिमा बढी निकासा | ८००० | संघीय सञ्चित कोष |
| ८ | ७७०१७७३४ | २०८१।११।०४ | रत्नराज्य मा.वि को छात्रवृत्ति र ग्रेडमा बढी | ३३१८७ | संघीय सञ्चित कोष |
| ९ | ७७२५५३२९ | २०८१।११।०९ | जनकल्याण मा.वि पाठ्यपुस्तकमा बढी निकासा | १३१८४१ | संघीय सञ्चित कोष |
| १० | ७८२००७१९ | २०८१।११।२६ | शिवपुरी मा.वि छात्रावृत्ति र पाठ्यपुस्तकमा बढी निकासा | २०५०० | संघीय सञ्चित कोष |
| ११ | ७७०६४१८५ | २०८१।११।०५ | शितला मा.वि छात्रावृत्ति र पाठ्यपुस्तकमा बढी निकासा | १७४७०१ | संघीय सञ्चित कोष |
| १२ | ७६८६२६८६ | २०८१।१०।३० | हिमालय मा.वि पाठ्यपुस्तकमा बढी निकासा | ४२२७ | संघीय सञ्चित कोष |
| १३ | ७७३१२९४५ | २०८१।११।११ | पशुपति मित्र मा.वि छात्रावृत्ति र पाठ्यपुस्तकमा बढी निकासा | १८७१८४ | संघीय सञ्चित कोष |
| १४ | ७७९८७५४० | २०८१।११।२३ | पध्मकन्या विद्याश्रम मा.वि पाठ्यपुस्तकमा बढी निकासा | ४०३९९ | संघीय सञ्चित कोष |
| १५ | ७७५३४४१८ | २०८१।११।१५ | शिक्षकको बढी ग्रेड | १४४१४ | संघीय सञ्चित कोष |
| १६ | ७७३०८८०५ | २०८१।११।११ | गीतामाता मा.वि छात्रावृत्ति र पाठ्यपुस्तकमा बढी निकासा | १००४०२ | संघीय सञ्चित कोष |
| १७ | ७८३२१६२८ | २०८१।११।२७ | शिक्षकको बढी ग्रेड | १६०८७ | संघीय सञ्चित कोष |
| १८ | ७८४३४२९८ | २०८१।११।२७ | शिक्षकको बढी ग्रेड | १४४१४ | संघीय सञ्चित कोष |
| १९ | ७८५३४९२९ | २०८१।१२।०१ | कन्या मन्दिर मा.विको छात्रवृत्तिमा बढी निकासा | २४००० | संघीय सञ्चित कोष |
| २० | ७७२०३०६८ | २०८१।११।०८ | सन्ध्या टाइम्स पिथना प्रा. लि को आयकर | ६५३४० | संघीय सञ्चित कोष |
| २१ | ३४०६०७११ | २०८१।११।०९ | कार्सम्पन्न भन्दा बढी भुक्तानी | १५३००९.९४ | स्थानीय सञ्चित कोष |
| २२ | ७८२५५८७७ | २०८१।११।२७ | शिक्षकको बढी ग्रेड | १६०८७ | संघीय सञ्चित कोष |
| २३ | ७८३३४५४६ | २०८१।११।२७ | सर्वेश्वर मा.विको पाठ्यपुस्तकमा बढी निकासा | ३६१७६ | संघीय सञ्चित कोष |
| २४ | ७८३२०२७६ | २०८१।११।२७ | जनपथ मा.वि को छात्रावृत्तिमा बढी निकासा | २८९०० | संघीय सञ्चित कोष |
| २५ | ७७०१५८८९ | २०८१।११।०४ | संस्कृत मा.वि पाठ्यपुस्तकमा बढी निकासा | ११५७३२ | संघीय सञ्चित कोष |
| २६ | ७८४५७२१६ | २०८१।११।२८ | ज्ञानोदया मा.वि छात्रावृत्ति र पाठ्यपुस्तकमा बढी निकासा | १३७५२० | संघीय सञ्चित कोष |
| २७ | ७८७९२३१० | २०८१।१२।०७ | विजय स्मारक मा.वि पाठ्यपुस्तकमा बढी निकासा | ३३५९० | संघीय सञ्चित कोष |
| २८ | २१५६१ | २०८१।११।२३ | वेष्ट भेन्यु प्रा.ली को व्यवसाय कर | १०७००० | स्थानीय सञ्चित कोष |
| २९ | २९१०११४ | २०८१।११।०५ | बहालकर | ६६०००० | स्थानीय सञ्चित कोष |
| ३० | ३२१०१८ | २०८१।११।२३ | सम्पत्ति कर | ५२०००५ | स्थानीय सञ्चित कोष |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | | २०८१।१२।११ | मुल्य समायोजनमा बढी भुक्तानी | ५१५३६८ | स्थानीय सञ्चित कोष |
| ३२ | १६००६५ | २०८१।१०।२० | कवाडि कर | २०३०५८९९ | स्थानीय सञ्चित कोष |
| ३३ | ६९४८९ | २०८१।१०।२९ | बहाल कर | ४७१०० | स्थानीय सञ्चित कोष |
| ३४ | ७८६४६९ | २०८१।११।०५ | बहाल कर | १३९२६ | स्थानीय सञ्चित कोष |
| जम्मा | | | | २३९१९०६९।- | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदनको बिश्लेषणः-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ । महानगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।महानगरपालिकाले तयार गरेको वित्तीय प्रतिवेदनमा लेखानीति तथा टिप्पणी एवं अनुसूचीहरू खुलासा गरेको छैन । यसमा सुधार हुनु पर्दछ । महानगरपालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छः-

२.१ **वित्तीय विवरणको यथार्थताः-** महानगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ। स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं२७०) तयार गर्नुपर्नेमा सामाजिक सुरक्षातर्फ रू १,६८,२८,०३,७६६/७८ एकीकृत वित्तीय विवरण (म.ले.प.फा.नं २७०) मा समावेश भएको छैन । तसर्थ महानगरपालिकाको सबै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

**स्थानीय संचित कोषः-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ र ७२ वमोजिम महानगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८०/८१ को कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|---|
| | राजस्व, अनुदान र अन्य प्राप्ति | नगद | जम्मा | नगद | जम्मा |
| ११००० | कर | ६,२६,८२,७८,८५१.२६ | ६,२६,८२,७८,८५१.२६ | ५,७२,९०,९३,०४५.०४ | ५,७२,९०,९३,०४५.० |
| १३००० | अनुदान | २,२३,७१,९३,३९०.२७ | २,२३,७१,९३,३९०.२७ | २,४४,७४,२३,७४१.९४ | २,४४,७४,२३,७४१.९ |
| १४००० | अन्यराजस्व | २,०३,८२,७६,५०८.१९ | २,०३,८२,७६,५०८.१९ | २,००,२२,५२,३४८.०४ | २,००,२२,५२,३४८.० |
| १५००० | विविधप्राप्ति | २,४९,६८,८३७.१२ | २,४९,६८,८३७.१२ | २२,८९,३४०.३८ | २२,८९,३४०.३८ |
| क | **कुलजम्मा प्राप्ति** | १०,५६,८७,१७,५८६.८४ | १०,५६,८७,१७,५८६.८४ | १०,१८,१०,५८,४७५.४० | १०,१८,१०,५८,४७५ |
| ३ | चालु | ५,९०,६५,२६,०१८.९९ | ५,९०,६५,२६,०१८.९९ | ५,२१,८६,४३,६०६.३९ | ५,२१,८६,४३,६०६.३ |
| २१००० | पारिश्रमिक / सुविधा | २,९१,४९,७२,४७९.३२ | २,९१,४९,७२,४७९.३२ | २,८०,९९,०१,१७१.३७ | २,८०,९९,०१,१७१.३ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | २,१५,९८,६७,९२२.३४ | २,१५,९८,६७,९२२.३४ | १,४५,७१,६७,०७३.८९ | १,४५,७१,६७,०७३.८ |
| २५००० | सहायता (Subsidy) | २५,४३,१०,१३१.२४ | २५,४३,१०,१३१.२४ | १७,३३,८०,९५८.३० | १७,३३,८०,९५८.३० |
| २६००० | अनुदान | १४,६७,४८,०७८.०६ | १४,६७,४८,०७८.०६ | ३४,२७,०४,७०२.११ | ३४,२७,०४,७०२.११ |
| २७००० | सामाजिकसुरक्षा | ३२,१८,२५,२९१.४२ | ३२,१८,२५,२९१.४२ | ३८,६६,०६,२३६.३० | ३८,६६,०६,२३६.३० |
| २८००० | अन्यखर्च | १०,८८,०२,११६.६१ | १०,८८,०२,११६.६१ | ४,८८,८३,४६४.४२ | ४,८८,८३,४६४.४२ |
| ४ | पुँजीगत | ६,३८,८७,८५,६४६.३६ | ६,३८,८७,८५,६४६.३६ | ३,७५,५२,२६,०७१.९६ | ३,७५,५२,२६,०७१.९ |
| ३१११० | भवनतथा संरचना | १,८८,७२,३८१.४५ | १,८८,७२,३८१.४५ | ३०,४५,२५,३९७.६२ | ३०,४५,२५,३९७.६२ |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ४४,२६,०३,४७४.०० | ४४,२६,०३,४७४.०० | २२,११,७२,२९२.६६ | २२,११,७२,२९२.६६ |
| ३११३० | अन्यपुँजीगत खर्च | ४,१९,१५,७३३.७९ | ४,१९,१५,७३३.७९ | ३८,६७,९५९.५५ | ३८,६७,९५९.५५ |
| ३११४० | सुरक्षाउपकरण | १,२२,१५,९४७.९१ | १,२२,१५,९४७.९१ | १,८०,०४,७५८.५६ | १,८०,०४,७५८.५६ |
| ३११५० | सार्वजनिकनिर्माण | ५,७१,७०,५३,७८६.१५ | ५,७१,७०,५३,७८६.१५ | ३,१७,३६,७६,७२०.४५ | ३,१७,३६,७६,७२०.४ |
| ३११६० | निर्मितसंरचनाकोसुधार खर्च | १,१२,३९,१५१.७९ | १,१२,३९,१५१.७९ | १,९७,४२,१२५.०३ | १,९७,४२,१२५.०३ |
| ३११७० | पुँजीगतसुधार खर्च | १४,४३,८६,९१०.२७ | १४,४३,८६,९१०.२७ | १,२४,४१,३९३.३० | १,२४,४१,३९३.३० |
| ३१२२० | मौज्दातसामानहरु | ४,९८,२६१.०० | ४,९८,२६१.०० | ० | ० |
| ३१४१० | जग्गाप्राप्तिखर्च | ० | ० | १७,९५,४२४.७९ | १७,९५,४२४.७९ |
| ५ | वित्तीय | ५,००,००,०००.०० | ५,००,००,०००.०० | २०,८५,००,०००.०० | २०,८५,००,०००.०० |
| ३२१४१ | अन्तरसरकारीऋण लगानी | ५,००,००,०००.०० | ५,००,००,०००.०० | २०,८५,००,०००.०० | २०,८५,००,०००.०० |
| ख) | **कुलजम्मा भुक्तानी** | १२,३४,५३,११,६६५.३५ | १२,३४,५३,११,६६५.३५ | ९,१८,२३,६९,६७८.३५ | ९,१८,२३,६९,६७८.३ |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ग) | **बचत /कमी (ग = क-ख )** | (१,७७,६५,९४,०७८.५१) | (१,७७,६५,९४,०७८.५१) | ९९,८६,८८,७९७.०५ | ९९,८६,८८,७९७.०५ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | २६,५१,५१,६८१.५३ | २६,५१,५१,६८१.५३ | १७,८८,७९,२९५.७३ | १७,८८,७९,२९५.७३ |
| घ.१) | **कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी** | -२४,५९७.७१ | -२४,५९७.७१ | -२०,९३७.७१ | -२०,९३७.७१ |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | (१,५१,१४,४२,३९६.९८) | (१,५१,१४,४२,३९६.९८) | १,१७,७५,६८,०९२.७८ | १,१७,७५,६८,०९२.७ |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | १५,३६,७१,४१,९३१.३३ | १५,३६,७१,४१,९३१.३३ | १४,१८,९५,७३,८३८.५५ | १४,१८,९५,७३,८३८ |
| छ) | **विनिमयनाफा/घाटा तथा अन्य समायोजन** | | | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | १३,८५,५६,९९,५३४.३५ | १३,८५,५६,९९,५३४.३५ | १५,३६,७१,४१,९३१.३३ | १५,३६,७१,४१,९३१ |

२.२ **आय भन्दा खर्च बढीः-** महानगरपालिकाको यस वर्षको आम्दानी रू १०५६८७१७५८६/८४ भएकोमा खर्च रू १२३४५३११६६५/३५ भई संचित कोष ऋृणात्मक देखिएको छ । आम्दानी भन्दा खर्च रू १७७६५९४०७८/५१ बढी भएको रकम गत वर्षको मौज्दातबाट खर्च भएको देखिन्छ ।

२.३ **धरौटी, आकस्मिक कोष, अन्य कोषको मौज्दात थप/घटः-** म.ले.प.फा.नं. २७० को प्राप्ति र भुक्तानी को एकीकृत वार्षिक प्रतिवेदनमा धरौटी लगायत अन्य कोषको आम्दानी र खर्च समेटेको देखिदैन । धरौटी, आकस्मिक कोष लगायत अन्य कोषको मौज्दात थप/घट भनि समावेश मात्र गरेको छ । स्रेस्ता अनुसार मौज्दातमा रू २६८७५१५६३/७३ हुनु पर्नेमा रू २६५१५१६८१/५३ मात्र देखीएकोले घटि देखिएको रकम रू ३५९९८८२/२ को हिसाव यकिन गरी पेश गर्नु पर्ने रू .....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,९९,८८२.२ |

२.४ **मौज्दात फरकः-** गत वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुसार धरौटी तथा अन्य कोष समेत सञ्चित कोषको मौज्दात रू. १४७४१८९९७७२/- रहेकोमा महानगरपालिकाको म.ले.प.फा.नं. २७० मा रू १५३६७१४१९३१/३३ जिम्मेवारी अ.ल्या.गरेको देखिएको छ । गत वर्षको म.ले.प.को प्रतिवेदनमा उल्लेख भएको मौज्दात भन्दा म.ले.प.फा.नं. मा रू. ६२५२४२१५९/३३ बढी जिम्मेवारी सारेको छ । महानगरपालिकाले म्यानुअल रूपमा एकीकृत आ.वि. तयार गरी लेखापरीक्षणको लागि पेश गरेकोमा गत वर्षको जिम्मेवारी रू १५४५३०७१४६१/५० देखाएको कारण समग्रमा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा भन्दा रू ८५९२९५३०/२० बढी जिम्मेवारी सारेको सम्वन्धमा हिसाब समायोजन गरी हिसाव मिलान गरेको देखिएन । जिम्मेवारी फरक परेको कारण सहित हिसाब मिलान विवरण तयार गर्नुपर्दछ ।

**अदालतबाट क्षतिपूर्ति र बैंक रोक्का रकमः-** म.ले.प.फा.नं. २७० मा रू २०१५३३४०१/- फरक परेको रकम सम्बन्धमा महानगरपालिकाबाट ललितपुर जिल्ला अदालतको आदेशानुसार कालिका प्यासिफिक जे.भी.लाई बुझाउनु पर्ने रकम रू.

१३३८०८०२.६६ र कविन्द्र सिद्धार्थ जे.भि.लाई बुझाउनु पर्ने रू. १५३६३६८७/- गरी जम्मा रकम रू. २८७४४४८९/६६, ललितपुर जिल्ला अदालतको नेपाल वैंक लि. ज्वागलको धरौटी खाता नं.०१८०१०००००२००३००००००१ मा जम्मा भएको र काठमाण्डौ जिल्ला अदालत को आदेश अनुसार साइड वाकर्स ट्रेडर्शलाई महानगरपालिकाबाट दिनुपर्ने क्षतिपुर्ति वापतको रकम राष्ट्रिय वाणिज्य वैंकमा काठमाण्डौ जिल्ला अदालतको धरौटी खाता नं १९६०१००१००२०३००० मा जम्मा भएको रू. १४१५३३४०१/- गरी जम्मा रू. १७०२७७८९०/६६ महानगरको बिभिन्न खाताबाट भुक्तानी भएको र अदालतको आदेशानुसार रोक्का रहेको रू ३१२५५५१०/३४ समेत जम्मा रू २०१५३३४०१/- रहेको विवरण पेश भएको छ ।

२.५ **फरक हिसाबः**- महानगरपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) र महानगरपालिकाले सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरणमा यस वर्षको प्रासि, भुक्तानी र बैङ्क मौज्दातमा निम्नानुसार फरक परेको छ । फरक हिसाब सम्बन्धमा यकिन गरी पेश गर्नु पर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | १५३६७१४१९३१/३३ | १०५६८७१७५८६/८४ | १२३४५३११६६५/३५ | १३८५५६९९५३४/३५ |
| एकीकृत आर्थिक विवरणअनुसार | १५४५३०७१४६१/५ | १२८८३१५५१३३/६ | १४६४१२५०७२१/४ | १३६९४९७५८७३/७ |
| फरक | (८५९२९५३०/२) | (२३१४४३७५४६/८) | (२२९५९३९०५६/१) | (१६०७२३६६०/६) |

**एकीकृत आय व्ययः**- महानगरपालिकाको आर्थिक वर्ष ०८०/८१ को समग्र आर्थिक कारोवार समेटीने गरी तयार गरेको एकिकृत वित्तीय विवरणको संक्षिप्त अवस्था अनुसूचीमा संलग्न छ ।

**(विस्तृत विवरण बेरूजु दफा २.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.६ **बित्तीय विवरण यथार्थताः**- म.ले.प.फा.नं. २७० को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, सोही प्रतिवेदनको टिप्पणी र अनुसुचीमा भएका प्राप्ति हिसाव यथार्थ हुनु पर्दछ । टिप्पणी र अनुसुचीमा भएको प्राप्ति हिसाव र म.ले.प.फा.नं. २७० को वित्तीय प्रतिवेदन प्राप्ति निम्न शिर्षकको रकमसँग मिलान भएको देखिएन ।

| संकेत | शिर्षक | म.ले.प.फा.नं. २७० | टिप्पणी १/२(स्थानिय सरकारले उपयोग गर्ने राजस्व र अन्य प्राप्ति को विवरण) | अनुसूचि ३(प्राप्तिको संक्षिप्त विवरण) |
|---|---|---|---|---|
| ११००० | कर | ६२६८२७८८५१.२६ | ६२६८२७८८५१.२६ | ६२६८२५७९१३/५५ |
| १४००० | अन्य राजस्व | २०३८२७६५०८/१९ | २०३८२७६५०८/१९ | २०३८१८८३०९/२१ |

वित्तीय विवरणको टिप्पणी र अनुसूचिमा एउटै शिर्षकमा फरक फरक रकम देखिएको छ । म.ले.प.फा.नं. २७० को रकमसँग टिप्पणी र अनुसुचीको रकम मेल नखादा प्राप्ति/भूक्तानी र मौज्दात रकमको यथार्थत यकिन गर्न सकिएन ।

२.७ **दुई लेखाप्रणालीः**- एउटा कार्यालयमा एक लेखा प्रणाली हुनुपर्दछ र यदि एक भन्दा बढी लेखा प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्ने र प्रतिवेदन गर्ने ती लेखा प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनु पर्दछ । स्थानीय तहमा दुई लेखा प्रणाली SUTRA (Sub-National Treasury Regulatory Application) र CGAS(Computerized Government Accounting System) बाट लेखा राख्ने गरिएको छ । तर ती दुबै प्रणालीका बीच एकै कार्यक्रमका खर्चलाई एकीकृत गर्ने र प्रतिवेदन दिने व्यवस्था रहेको छैन। महानगरपालिकामा संघ, प्रदेश र स्थानीय बजेटमध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS प्रणालीमा र स्थानीय श्रोतलाई SUTRA प्रणालीमा प्रविष्टि गर्दा एकै कार्यक्रम/योजनाको हकमा दुवै प्रणालीमा बजेट खर्च अलग अलग अभिलेखन हुने र उल्लिखित दुई प्रणालीबीच अन्तरसम्बन्ध कार्यान्वयन हुने नहुँदा त्यस्ता आयोजनाको कुल खर्च समेत यकिन गर्न नसकिने स्थिति छ । अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम CGAS मा मात्र अभिलेख गरिने हुँदा SUTRA प्रणालीबाट प्रतिवेदन गरिने वार्षिक

वित्तीय प्रतिवेदन म.ले.प.फा.नं.२७० मा समावेश हुन नसक्ने देखियो । सोका कारण वर्षभरि भएको कारोवारको वास्तविक प्रतिवेदन समेत प्राप्त नहुने र एकै कार्यक्रममा दुई प्रणालीबाट खर्च लेख्दा सो खर्च दोहोरो हुन नदिन लेखाप्रणालीले नियन्त्रण गर्न सक्ने अवस्था देखिएन । एक निकायमा एक लेखाप्रणाली लागू गर्नुपर्ने र दुई लेखाप्रणाली लागू गर्न आवश्यक भए ती प्रणालीका बीच अभिलेख एकीकृत हुने व्यवस्था हुनुपर्दछ ।

२.८ **कर दायित्वः-** महानगरपालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरूमा कट्टी गरेको कर दायित्व रू २४५९७/७१ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रू...........

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,५९७.७१ |

२.९ **खर्च बिश्लेषणः-** महानगरपालिकाको यस वर्ष कुल आन्तिरक आयबाट रू. ६०८९६१४७२९/८२ राजस्व बाँडफाँड र अनुदानबाट रू ४४७९१०२८५७/- समेत रू. १०५६८७१७५८६/८ आम्दानी भएकोमा चालु तर्फ रू ५९०६५२६०१८/९९ र पुँजिगत तर्फ रू ६३८८७८५६४६/३६ समेत रू १२२९५३११६६५/३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४९.५२ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रू.७४६०७९०४/३६ खर्च भएको छ जुन आन्तरिक आयको १.२३ प्रतिशत रहेको छ । महानगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५५.८७ प्रतिशत चालु र ६०.४५ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गर्नुपर्दछ ।

## ३ सेवा प्रवाहः-

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा महानगरपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था छ । महानगरपालिकाले यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।

| क्र.स | विवरण | संख्या |
|---|---|---|
| १ | नागरिकता सिफरिस | १५२०६ |
| २ | घरबाटो सिफारिस | ३३१३ |
| ३ | नाता प्रमाणित | ६०५७ |
| ४ | घरनक्सा पासको निवेदन | १५८३ |
| ५ | अन्य | ६४१२६ |

सेवा प्रवाह लाई चुस्त दुरूस्त एवं प्रभावकारी बनाउने र सेवा प्रवाहमा बृद्धि गरी अभिलेखीकरण समेत महानगरपालिकाले गर्नुपर्दछ ।

## ४ आन्तरिक नियन्त्रण प्रणालीः-

४.१ **आन्तरिक नियन्त्रण प्रणालीः-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन । जसले गर्दा महानगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन:-

- स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) मा तोकिए बमोजिम तलबी प्रतिवेदन पारित नगरी तलब भत्ता भुक्तानी गरेको,
- महानगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै महानगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा महानगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम महानगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,

• सम्पत्ति, व्यवसाय तथा बहाल कर लगायत करारीय राजस्व र प्रदेश सरकारले तोकेका करको प्रशासकीय र नियमन क्षमता सुधार गर्नुपर्ने देखिएको,

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी महानगरपालिकाले मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता राखेको पाईएन,

• फोहोरमैला व्यवस्थापन ऐनको मनसाय अनुरुप निजी क्षेत्रबाट संकलित फोहोरमैला व्यवस्थापन शुल्कलाई आम्दानीको दायरामा ल्याउन नसकेको,

• महानगरपालिकाले दिगो विकास लक्ष्यलाई आन्तरिकिकरण गरी योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने नगरेको,

• अक्षय कोषहरूका अभिलेख राखी प्रभावकारी अनुगमन नगरेको,

• योजनाहरूको अनुगमन गरी प्रतिवेदन गरेकोमा अनुगमन प्रतिवेदनमा देखिएका वेहोरा कार्यान्वयन भए नभएको सम्बन्धमा प्रतिवेदन गर्ने नगरेको र

• महानगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्रका कार्यसम्पन्न गर्नको लागि आवश्यक पर्ने क्षेत्रगत नीतिहरू तयार नगरेको ।

अतः महानगरपालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणालीमा सुधारको लागि ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई यथाशीघ्र कार्यान्वयन गर्नु पर्दछ ।

४.२ **स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन:-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी जङ्गल तथा अन्य स्रोत पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको महानगरपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेखाङ्कन गर्नुपर्दछ।

४.३ **आवधिक योजना:-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम महानगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नु पर्नेमा यस महानगरपालिकाले आवधिक योजना तयार गरेको छैन ।आवधिक योजना नहुँदा महानगरपालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

५ **बजेट तथा कार्यक्रमः-**

५.१ **बजेट पेश, पारित र अख्तियारीः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभा बाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीयतहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस महानगरपालिकामा नगर उप प्रमुख श्री सुनिता डंगोलले २०८०।०३।१० मा रू २५ अरव ५४ करोड ७८ लाख २० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०८०।

०३।२९ मा पारित भएको छ। यसै गरी महानगरपालिका प्रमुखले २०८०।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

५.२ **क्षेत्रगत वजेटः-** स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । महानगरपालिकाको क्षेत्रगत रूपमा संशोधित बजेट रू २४ अर्ब १८ करोड ७८ लाख ८२ हजार रहेकोमा खर्च रू १२ अर्ब ३४ करोड ५३ लाख १२ हजारको खर्च भई समग्र रूपमा ५१.०३ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्चको स्थति निम्नानुसार रहेको छ ।

| **क्र स** | **क्षेत्रगत बजेट** | **बजेट** | **खर्च रकम** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६९,४१,४८,०००.०० | २६,४५,४९,३६७.२७ | २.१४ |
| २ | सामाजिक विकास | ५,२९,९६,७३,०००.०० | ३,१९,७८,७१,५२१.३५ | २५.९ |
| ३ | पूर्वाधार विकास | ११,५१,६९,३६,७१२.२१ | ५,३३,८०,४२,५३२.२८ | ४३.२४ |
| ४ | सुशासन विकास | ३,२२,५१,१०,६८०.७९ | १,०१,९३,७३,२७५.७० | ८.२६ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ३,४५,२०,१३,६०७.०० | २,५२,५४,७४,९६८.७५ | २०.४६ |
| **जम्मा** | | **२४,१८,७८,८२,०००.००** | **१२,३४,५३,११,६६५.३५** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये पूर्वाधार विकासतर्फ सबैभन्दा बढी ४३.२४ प्रतिशत र आर्थिक विकाससबै भन्दा घटी २.१४ प्रतिशत रहेको छ । यसरी हेर्दा महानगरपालिकाको आर्थिक विकास तर्फ बजेट न्युन रहेको देखिन्छ । कार्यालय संचालन तथा प्रशासनिक तर्फ कुल खर्चको २०.४६ प्रतिशत खर्च भएको देखिन्छ । महानगरपालिकाले सबै क्षेत्रमा समानुपतिक हुने गरी बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ ।

**अवण्डा बजेटः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तथा कार्यक्रम प्राथमिकीकरण गरी आय/व्यय अनुमान पेश गर्नु पर्ने व्यवस्था छ । महानगरपालिकाले यो वर्ष देहाय अनुसार रू ९० करोड ९० लाख अवण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेकोमा बजेट संशोधन पश्चात रू ८० करोड २२ लाख ८७ हजार अवण्डा कायम राखेको छ । यो रकम महानगरपालिकाको कूल विनियोजित बजेट रू २५ अर्व ५४ करोड ७८ लाख २० हजारको ३.१४ प्रतिशत रहेको छ । अवण्डा बजेट मध्ये रू. ७ करोड १६ लाख ५४ हजार कार्यपालिकाको पटक पटकको निर्णयबाट योजनाहरूमा बाँडफाँड भै खर्च हुने गरेको छ । यसरी शुरूमा बजेट अवण्डामा राख्ने, बजेटमा संशोधन गरी बजेट घटाउने (कतिपय शुन्य बनाएको ) र अन्यन्त्र शिर्षकमा रकममान्तर गरी खर्च गर्ने परिपाटीले विनियोजन दक्षता कमजोर देखिने तथा वित्तीय अनुशासनको पालना नहुने अवस्था रहने हुँदा अवण्डा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| कार्यक्रम | अवण्डा रकम | संशोधन गरी कायम बजेट | खर्च |
|---|---|---|---|
| **सम्पदातर्फः-** | | | |
| काठमाडौं रचनात्मक शहर | ५ करोड | २ करोड | ६ लाख |
| काठमाडौं महानगर पालिकाका विभिन्न स्थानमा होमस्टे सहयोग | १ करोड | १० लाख | ० |
| **सामाजिक विकासतर्फः-** | | | |
| खेलकुद प्रतियोगिता विभिन्न खेलकुदको | २ करोड | ० | ० |
| विद्यालयमा ल्यापटप खरिद क्रमागत समेत | २ करोड | २ करोड | ६ लाख ७ हजार |
| सामुदायिक विद्यालयमा डेस्क बेन्च | १५ करोड | १५ करोड | ० |
| सामुदायिक विद्यालय पूर्वाधार विकास | २ करोड | ० | ० |
| सार्वजनिक निर्माणतर्फः- | | | |
| महानगर विशेष पूर्वाधार निर्माण तथा विकास ( सडक ) | ५ करोड | ५ करोड | २ करोड ४५ लाख ९३ हजार |
| महानगर विशेष पूर्वाधार निर्माण तथा विकास ( अन्य ) | २ करोड | ४ करोड ५७ लाख | २४ लाख |
| पूँजीगत परामर्श डि पि आरको लागि | २ करोड | २० लाख | ० |
| वडास्तरीय भौतिक पूर्वाधार विकास कार्यक्रम थप निकासा | १० करोड | ८० करोड २२ लाख ८७ हजार | ० |
| डि पि आर तयार भै कार्यान्वयन प्रक्रियामा रहेका पूर्वाधारका कार्यक्रम | १० करोड | ९ करोड ५३ लाख ४३ हजार | ० |
| फाइवर तथा तार व्यवस्थापन कार्यक्रम | १० करोड | ० | ० |
| फुटपाथ निर्माण र मर्मत | २५ करोड | २५ करोड | १ करोड ४१ लाख |
| Pelican Crossing in front of School | २ करोड ६० लाख | २करोड ६० लाख | 0 |
| **सूचना प्रविधितर्फः-** | | | |
| स्वास्थ्य क्लिनिक विभाग र अन्य कार्यालयहरु समेतमा सि सि टि भि | २ करोड ५० लाख | १ करोड | ३० लाख ८० हजार |
| कार्यालयको माग र आवश्यकताको आधारमा सूचना र प्रविधि सम्बद्ध उपकरण | २ करोड ८० लाख | २ करोड ५२ लाख ८० हजार | १ करोड ७१ लाख ७७ हजार |
| **स्वास्थ्यतर्फः-** | | | |
| सरकारी तथा सामुदायिक विद्यालयमा स्यानीटरी प्याड नष्ट गर्ने मेशिन खरिद | १ करोड | १ करोड | ९६ लाख ९७ हजार |
| **विपद व्यवस्थापनतर्फः-** | | | |
| वडाहरुमा आगलागी नियन्त्रणको लागि वाटरपम्प खरिद | १ करोड | १ करोड | ० |
| जम्मा | ९० करोड ९० लाख | ८० करोड ६ लाख १० हजार | ७ करोड १६ लाख ५४ हजार |

५.३ **योजना प्राथमिकीकरणः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन समावेशी विकास दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । महानगरपालिकाले आर्थिक वर्ष ०८०/८१ मा निम्नानुसार २ हजार ९६ योजना वडागत र ३२६ पालिकास्तरका गरी कूल २ हजार ४२२ योजनामा वजेट विनियोजन गरेको छ । महानगरपालिकाले सञ्चाल नगरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरूको लागत अनुमान, आर्थिक वर्षभित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन।अत: छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम , सञ्चालन हुन नसकेका योजना संख्य र बजेट सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया प्रभावकारी बनाउनुपर्दछ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ३२६ | २६० | ६५ | १ |
| २. | वडास्तरीय | २०९६ | ३४३ | १६९७ | ५६ |
| | जम्मा | २४२२ | ६०३ | १७६२ | ५७ |

सभाले पारित गरेका उल्लेखित योजना मध्ये करिब ७३ प्रतिशत योजना रू ५ लाखदेखि २० लाख सम्मका योजना रहेको देखिन्छ । यसरी साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा ठूला योजना र दीर्घकालीन लाभ एवं प्रतिफल प्राप्त हुने योजनामा असर पर्ने देखिन्छ । तसर्थ पालिकाले योजना तर्जुमा दिग्दर्शन, २०७४ वमोजिम प्राथिमिकीकरण र छनौट गर्नुपर्दछ ।

५.४ **त्रैमासिक पूँजीगत खर्चः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । महानगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| बजेट | कुल खर्च | | त्रैमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रे त्रैमासिक | चौथो त्रैमासिक | |
| १५१०१०५२ | ६३८८७८५ | ७८१७०७ | ९८५६०८ | १२८२३६० | ३३३९११० | २२१६९२५ |
| खर्च प्रतिशत | १०० | १२.२४ | १५.४३ | २०.०६ | ५२.२७ | ३४.७ |

महानगरपालिकाको पुँजिगत तर्फ रू ६ अरव ३८ करोड ८७ लाख ८६ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू ७८ करोड १७ लाख ७ हजार (१२.२४ प्रतिशत), दोस्रो त्रैमासिकमा रू ९८ करोड ५६ लाख ८ हजार (१५.४३ प्रतिशत), तेस्रो त्रैमासिकमा रू १ अरव २८ करोड २३ लाख ६० हजार (२०.०६ प्रतिशत) र चौथो त्रैमासिकमा रू ३ अरव ३३ करोड ९१ लाख १० हजार ( ५२.२७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू २ अरव २१ करोड ६९ लाख २५ हजार (३४.७ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तिमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्न सक्ने देखिएकोले आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

५.५ **गत वर्षको दायित्व भुक्तानीः-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१३) तलब, महँगी भत्ता, सरूवा भ्रमण खर्च, पोशाक, घरभाडा, सेवा निवृत्त सुविधा लगायतका शीर्षकमा चालु आर्थिक वर्षको वजेटले नखामेको खर्च व्योहोर्नुपर्ने

उचित आधार र पर्याप्त कारण भएमा कार्यालयले संलग्न विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र प्रमाणित गराई राख्नु पर्ने व्यबस्था रहेको छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।महानगरपालिकाले २०७९।८० मा भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी आर्थिक वर्ष २०८०।८१ को वार्षिक नगर विकास योजनामा समावेश गरी यस वर्ष रू १४५८६६८५/७८ भुक्तानी गरेको छ। गत वर्षको भुक्तानी यस वर्षमा भुक्तानी गर्दा चालू वर्षमा नयाँ योजना थप गर्न समस्या सृजना हुने हुँदा अगामी वर्षलाई दायित्व सृजना हुने गरी योजना तर्जुमा गर्नु हुदैन । यसरी सम्बन्धित आर्थिक वर्षमा बजेट नपुग हुनबाट भुक्तानी दिन नसकिने गरी कार्यक्रम गरिनु उपयुक्त देखिदैन।

## ६ कानून निर्माण एवं कार्यान्वयनः-

६.१ **कानून र सञ्चालन स्थितिः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा महानगरपालिकाले हालसम्म ५२ ऐन, १२ नियमावली ५० कार्यविधि ११ निर्देशिका ६ आचार संहिता मापदण्ड ३ अन्य कानून समेत १३४ वटा कानून राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याएको छ ।

६.२ **कार्यविधि निर्माणः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने, उपदफा २ मा उपदफा १ बमोजिम बनाईएको ऐनको अधिनमा रहि कार्यपालिकाले आवश्कता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा महानगरपालिकाले बनाएका केहि कार्यविधिहरू परीक्षण गर्दा कार्यविधि कुन कानुनको कुन दफाले दिएको अधिकार प्रयोग गरी बनाएको सो स्षप्ट नखुलाई कार्यविधि बनाएको र र कुनैमा दफा खुलाएकोमा उक्त दफामा कार्यविधि बनाउन सक्ने व्यवस्था भएको देखिदैन ।केहि उदाहरण निम्नानुसार छन्ः-

| **कार्यविधि** | **कैफियत** |
|---|---|
| काठमाडौं महानगरपालिका अनगमन तथा मूल्याङ्कन कार्यविधि, २०७९ | कुन कानुनको कुन दफाले दिएको अधिकर प्रयोग गरेर बनाएको नखुलाएको |
| पर्यटन प्रवर्धन कोष सञ्चालन कार्यविधि, २०७८ | |
| काठमाडौं महानगरपालिका सम्पदा भवन संरक्षण एवं निर्माण मापदण्ड तथा सहुलिय कार्यविधि, २०७८ | |
| पुनर्ताजगी बिदासम्बन्धी कार्यविधि, २०७९ | |
| फार्मेसी सञ्चालन तथा नियमन सम्बन्धी निर्देशिका, २०८१ | काठमाडौं महानगरपालिकाको जनस्वास्थ्य ऐन, २०८० को दफा १८ को उपदफा ५ ले दिएको अधिकार प्रयोग गरि बनाएको उल्लेख भएकोमा उक्त दफामा निर्देशिका, कार्यविधि बनाउन सक्ने व्यवस्था उल्लेख छैन । |

६.३ **न्यायिक समितिः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फर्स्यौटको कारबाही देहाय बमोजिम रहेको छ ।

| निर्णयकर्ता | गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फर्स्योट/कारवाही भएका विवाद | फर्स्योट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|---|
| न्यायिक समिति | १२७ | १६३ | २९० | १७१ | ११९ |
| प्रमुख | ८१ | १०३ | १८४ | १०८ | ७६ |
| प्रमुख प्रशासकीय अधिकृत | ४ | ५ | ९ | ८ | १ |
| **जम्मा रू** | **२१२** | **२७१** | **४८३** | **२८७** | **१९६** |

न्याय सम्पादन प्रक्रियालाई छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाहीको टुङ्गो लगाउने तर्फ ध्यान दिनुपर्दछ ।

**मुद्दा दर्ता र फैसलाः-** महानगरपालिका पक्ष विपक्ष भई अदालतमा रहेका मुद्दाको विवरण देहाय बमोजिम रहेको छ ।

| अदालत | गत वर्षबाट मौज्दात सरेका मुद्दा संख्या | यस आर्थिक वर्षमा थप संख्या | जम्मा संख्या | यस वर्ष फैसला भएका मुद्दा संख्या | विचाराधीन बाँकी मुद्दा संख्या |
|---|---|---|---|---|---|
| सर्वोच्च अदालत | ८८ | ५३ | १४१ | २४ | ११७ |
| उच्च अदालत | ९ | १६६ | १७५ | १५७ | १८ |
| जिल्ला अदालत | २२ | ४९ | ७१ | २३ | ४८ |
| मध्यस्थतामा | ० | १ | १ | १ | ० |
| **जम्मा** | ११९ | २६९ | ३८८ | २०५ | १८३ |

उल्लेखित विवरण अनुसार महानगरपालिकामा गत वर्षबाट ११९ वटा मुद्दाको जिम्मेवारी सरी आएकोमा यस वर्ष २६९ वटा थप भई जम्मा ३८८ वटा मुद्दा पुगेका छन् । उक्त मुद्दाहरू मध्ये यस वर्ष २०५ वटाको फैसला भई १८३ वटा मुद्दाहरू विचाराधीन रहेका छन् । त्यसैले विभिन्न अदालत लगायत अन्य न्यायिक निकायमा विचाराधीन रहेका मुद्दाहरू उपर विषयगत विज्ञता सहित कानूनी प्रतिरक्षा प्रणालीलाई थप प्रभावकारी र विश्वसनीय बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७ **लगानी तथा सापटी हिसाबको लेखांकनः-**

नेपाल सार्वजनिक क्षेत्र लेखामानले शेयर लगानी तथा सापटी हिसाबको लेखाङ्कन गरी अनुसूचीमा रकम सहितको कारोबारको वेहोरा लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले शेयर तथा ऋण लगानीको लागि महालेखापरीक्षकबाट स्विकृत म.ले.प. फा. शेयर लगानी अभिलेख खाता म.ले.प.फा. ७५१, शेयर लगानीको आवधिक प्रतिवेदन म.ले.प.फा. ७५७, ऋण लगानीको आवधिक प्रतिवेदन म.ले.प.फा. ७५८, शेयर तथा ऋण लगानीको एकिकृत प्रतिवेदन म.ले.प.फा. ७५९ राख्नु पर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख वेहोराहरू देहाय बमोजिम छन्ः-

• महानगरपालिकाले मनोहरा जग्गा एकीकरण आयोजनालाई आ.व. २०८०।८१ मा विनियोजित बजेटबाट खर्च देखाइ रू ५ करोड सापटी दिएको देखिन्छ । यस वर्षको समेत योजनामा हालसम्म रू २४ करोड ९० लाख सापटी दिएको देखिन्छ । गत विगतमा कुन कुन मितिमा के कति रकम सापटी दिएको खुल्ने अभिलेख राखेको छैन । महानगरपालिका र आयोजनाबीच भएको सम्झौतामा सापटी तत्काल फिर्ता गर्ने दायित्व दोश्रो पक्ष अर्थात आयोजनाको हुने भनेकोमा गत विगत देखिको सापटी हालसम्म फिर्ता गरेको पाइएन ।

• महालेखापरीक्षकको कार्यालयको गत वर्षको प्रतिवेदनमा हनुमानढोका दरबार संरक्षण कार्यक्रमलाई गत विगतमा रू ३१ करोड ५० लाख सापटी दिएको उल्लेख भएकोमा लेखापरीक्षणको क्रममा सो सम्बन्धी अभिलेख पेश भएको छैन । यसरी महानगरबाट विभिन्न

निकायमा सापटी दिएको स्पष्ट अभिलेख एवं लेखाँकन नभएको कारण यस्तो प्रकारको अन्य आयोजना वा अन्तर्गतका निकायलाई समेत सापटी दिए/नदिएको तथा सो मध्ये फिर्ता भई प्राप्त गर्न बाँकी रहे/नरहेको सम्बन्धमा यकिन गर्न सकीएन।

• महानगरपालिका र साझा यातायात सहकारी संस्था बीच २ पटक बस खरिद गर्नको लागि रू १५ करोडको सम्झौता गरेको र सम्झौतामा बसको कुल मुल्य बराबरको रकम प्रथम दोश्रो पक्षको पूँजिमा प्रथम पक्षको शेयरको रूपमा रहने र शेयर प्रमाण पत्र दिने, नाफाको निश्चित प्रतिशत बस खरिद कोषमा राख्ने लगायतका प्रावधान उल्लेख छ । सो अनुसारको सम्झौताको पालना भए नभएको सम्बन्धमा अनुगमन एवं अभिलेखिकरण समेत भएको पाइएन ।

यसरी विभिन्न निकायमा शेयर तथा ऋण लगानी गरेकोमा सोको वेहोरा देखिने गरी वित्तिय विवरण तयार गरेको छैन ।साथै लगानीको हिसाब राख्न स्वीकृत म.ले.प.फा.नं. अनुसारको अभिलेख समेत राखेको पाइएन । यसरी लगानी गरेको शेयरबाट महानगरलाई के कति थप आम्दानी भयो/ भएन सो समेत यकिन हुन सकेन। महानगरपालिकाले शेयर तथा ऋण लगानीको लागि महालेखा परीक्षकबाट स्वीकृत म.ले.प.फा.नं. अनुसार स्पष्ट निकायगत हिसाब देखिने गरी अभिलेख राखेको छैन । सापटी तथा लगानी सम्बन्धी कारोबारको उचित लेखाङ्कन नभएको वेहोरा गत विगतको प्रतिवेदनमा समेत औँल्याएकोमा यस वर्ष समेत सुधार भएको पाइएन । त्यसैले सापटी र लगानी हिसाबको अनुसूची तथा वित्तिय विवरणमा देखिने गरी लेखाङ्कन प्रणालीमा सुधार गर्ने र तोकिए बमोजिम अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

८ **दीर्घकालीन ऋणको लेखांकनः-**

ऋण प्राप्ति एवं भुक्तानीको लागि महालेखापरीक्षकको कार्यालयबाट स्विकृत म.ले.प फारामहरूको प्रयोग गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ । महानगरपालिकाले आन्तरिक/वैदेशिक ऋण प्राप्ती खाता (म.ले.प.फा.नं. ७०१), ऋण अभिलेख खाता (म.ले.प.फा.नं. ७०३) अनुसार ऋणको अभिलेख व्यवस्थित गर्नुपर्नेमा महानगरबाट प्राप्त विवरण अनुसार एशियाली विकास बैंकबाट प्राप्त दीर्घकालीन ऋण रू ३५ करोड ५३ लाख ९७ हजार र एशियाली विकास बैंकबाट विष्णुमती लिंक रोडका लागि लिएको रू ६ करोड ६२ लाख १५ हजार समेत गरी जम्मा रू ४२ करोड १६ लाख १२ हजार ऋण विगत वर्षहरू देखि रही आएकोमा सो को अभिलेख व्यवस्थित गरेको पाइएन । महानगरपालिकाले एशियाली विकास बैंक संग ऋण प्राप्त गर्दाको ऋण सम्झौताको अभिलेख राखेको पाइएन जसले गर्दा के कति अवधिमा ऋण तिर्नुपर्ने हो र व्याज के कति हो भन्ने कुरा यकिन गर्न सकिएन । महानगरपालिकासँग उक्त ऋणको भुक्तानी तालिका समेत नरहेको तथा ऋणको साँवा र ब्याज समेत भुक्तानी गरेको छैन । साथै महानगरपालिकाको वित्तीय विवरणमा ऋण दायित्वको लेखांकन गरेको समेत देखिएन । त्यसैले ऋण भुक्तानी तालिका प्राप्त गरी सो अनुरूप साँवा र ब्याज भुक्तानी गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

९ **नीति तथा कार्यक्रमको कार्यान्वियनः-**

महानगरपालिकाले यस वर्षको नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रममध्ये कार्यान्वियन गर्ने बजेट व्यवस्था नगरेको र बजेट व्यवस्थापन भएकोमा कार्यान्वियन नभएको अवस्था देहाय बमोजिम रहेको छ । महानगरपालिकाले कार्यान्वियन योग्य कार्यक्रमहरू मात्र नीति तथा कार्यक्रममा समावेश गर्ने र घोषणा भएका नीति तथा कार्याक्रमहरूको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

| नीति तथा कार्यक्रममा घोषणा भएका तर बजेट विनियोजन नभएका कार्यक्रम | नीति तथा कार्यक्रममा घोषणा भएका तर कार्यान्वयन नभएका कार्यक्रमहरु |
|---|---|
| · परम्परागत कला र साहित्यको प्रवर्धन गर्दै ललितकला विकासको लागि छुट्टै विश्वविद्यालय स्थापनाको लागि अध्ययन गरिने,<br>· महानगरपालिका भित्र एक निर्दिष्ट नगर अस्पताल स्थापना गरी संचालनमा ल्याइने ,<br>· काठमाडौ महानगरपालिका क्षेत्र भित्र निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्रहरूको गुणस्तर र मापदण्ड निर्धारण गरिने,<br>· काठमाडौ महानगरपालिका वडा नं ३२ स्थित तिनकुनेमा अन्तराष्ट्रिय स्तरको पार्क निर्माण गर्न आवश्यक पर्ने मुआव्जा वितरण गर्न र अधिग्रहण गर्न बाँकी जग्गाको मुआव्जाको लागि लाग्ने सम्पूर्ण रकम मध्य काठमाडौ महानगरपालिकाले एक तिहाई रकम व्हेोर्ने,<br>· महानगरभित्र रहेका व्यापार व्यवसायको विस्तृत विवरण सहितको अनलाईन डाइरेक्ट्री तयार गरी कारोबार पारदर्शिताको लागि उधारो रेटिङ्ग प्रणाली तथा उधारो सुचना केन्द्र सञ्चालनमा ल्याइने,<br>· काठमाडौको सहरी यातायातको विकासको लागि नेपाल सरकारसंग सहकार्य गरी electronic bus rapid transit, fly over को सम्भाव्यता अध्ययन गरी एक वर्षमै ठोस प्रस्ताव पेश गर्ने,<br>· महानगरपालिकाले Job link app विकास गर्ने,<br>· डिजीटल महानगर फ्रेमवर्क तयार गर्ने,<br>· काठमाडौ महानगरपालिको २० वर्षे रणनीति विकास योजना सहितको मिसन २१०० स्वर्णिम योजना तर्जुमा गरी सञ्चालनमा ल्याइने,<br>· उद्यमशिलताका लागि Co-workspace सहितको entrepreneurship, business & innovative center को रुपमा एकिकृत तालिकम केन्द्र सञ्चालनमा ल्याइने, | · आस्फाल्ट प्लाण्ट खरिद तथा स्थापना,<br>· महानगरका विभिन्न स्थानमा हाईमास लाइट जडान गर्ने,<br>· हाल सञ्चालनमा आएका जग्गा एकिकरण आयोजनाहरूलाई यसै आर्थिक वर्ष भित्र सम्पन्न गरिने,<br>· ठमेल क्षेत्रलाई पर्यटकिय केन्द्रको रूपमा विकास गर्न ठमेल मास्टरप्लान तर्जुमा गरी कार्यान्वयन गरिने,<br>· काठमाडौ महानगर क्षेत्रभित्र होमस्टे सञ्चालन गर्न कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइने,<br>· वडा कार्यालयबाट प्रवाह हुने सेवाहरूलाई सरल, सहज, र प्रभावकारी बनाउनका लागि आवश्यकपर्ने कागजात, कार्यविधि र प्रक्रिया तोकिएको वडा प्रशासन सञ्चालन निर्देशिका जारी गरी वडाबाट सम्पादन हुने काम कारबाहीमा एकरूपता ल्याइने,<br>· महानगरपालिका अन्तर्गतका कार्यालयका सबै सेवा प्रवाह विन्दुहरूमा नन् स्टप सर्भिस सेन्टर स्थापना गरी क्रमिक रूपमा सञ्चालनमा ल्याईने,<br>· महानगरक्षेत्र भित्रका सञ्चालन हुने सार्वजानिक सवारी साधनहरूमा अनिवार्य रूपमा जि.पि.एस. जडान गरी इ ट्रान्सपोर्ट मा आवद्ध गरिने,<br>· गुनासो तथा सुझावहरू सम्बोधन गर्ने तथा महानगरको गतिविधिहरू अनुगमन गर्न मेट्रो कन्ट्रोल रूप तयार गरिने,<br>· महानगरबासीलाई अर्गानिक तरकारी, फलफुल, माछामासु तथा खाद्यवस्तुको सहज उपलव्धताको प्रवन्ध गर्न अन्य स्थानिय तहहरूसंग सम्झौता गरि कृषकहरूलाई प्रोत्साह हुने तथा कृषि उपजको विक्री वितरण तथा भण्डारण गर्ने संस्थातग प्रणालीको विकासका लागि एग्रोपुलिङ् स्वर्णिम योजना सञ्चालन गर्ने,<br>· काठमाडौ महानगरपालिकाको भू-उपयोग योजना तयार गरी लागु गरिने,<br>· महानगर क्षेत्रभित्रका होटल, कार्यालय, संघ संस्थाहरूले अनिवार्य रूपमा आकाशे पानी संकलन तथा पुनर्भरणको व्ययवस्था गर्नुपर्ने विषयमा नीतिगत प्रवन्ध गरिने, |

## १० वार्षिक योजनाहरुलाई जिम्मेवारी सार्दै लगेकोः-

महानगरपालिकाले साँस्कृतिक सहर सम्बृद्ध महानगरपालिकाको सोच राखी वार्षिक बजेट तथा योजना/कार्यक्रम तर्जुमा गरी स्वीकृत गरेको छ । आर्थिक वर्षको बजेट तथा कार्यक्रमा समावेश भई बहुवर्षीय स्वीकृती प्रदान गरेका योजना/कार्यक्रम बाहेकका अन्य योजना/ कार्यक्रमहरू सोही आर्थिक वर्षमा सम्पन्न गर्ने व्यवस्था मिलाउनु पर्दछ । महानगरपालिकाले आर्थिक वर्ष २०८०।८१ को बजेट बनाउँदा आर्थिक वर्ष २०७९/८० का रू ७ अर्ब ४३ करोड ९१ लाख ३१ हजार बजेटका ५३६ (३ बहुवर्षिय योजना बाहेक) योजनाहरूलाई आर्थिक वर्ष २०८०/८१ को लागि क्रमागत योजनाको रूपमा जिम्मेवारी सारेर ल्याएको छ । यसैगरी आर्थिक वर्ष २०८०/८१ मा कार्यसम्पन्न हुन नसकेका ३०९ वार्षिक योजनाहरू (९ वटा बहुवर्षीय योजनाका बाहेकका) आर्थिक वर्ष २०८१/८२ को बजेट बनाउँदा क्रमागतको रूपमा जिम्मेवारी सारी ल्याएको देखिन्छ । महानगरपालिकाले उपभोक्ता समितिमार्फत निर्माण कार्य गर्ने योजनाहरू समेत दुई आर्थिक वर्षको अवधि राखी सम्झौता गरी पेश्की दिएको देखिन्छ । कतिपय उपभोक्ता समितिले सम्झौता अनुसार तोकिएको समयमा कार्यसम्पन्न नगरेकोमा समेत म्याद थप नगरी भुक्तानी गरेको देखिन्छ ।वार्षिक कार्यक्रममा समावेश भएका योजनाहरू सोही आर्थिक वर्षमा सम्पन्न नगरी पछिल्ला वर्षहरूमा जिम्मेवारी सार्दै जानु उचित देखिदैन । वार्षिक बजेट तथा योजना/कार्यक्रम तर्जुमा गर्दा सोहि अनुसार कार्यान्वयन गर्न सकिने गरी तर्जुमा गर्ने र सो को प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## ११ योजना अनुगमनः-

काठमाडौ महानगरपालिका अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७९ को दफा ३ मा महानगरपालिकाद्वारा सञ्चालन हुने योजनाहरूको निर्धारित गुणस्तर र समय सीमाको सुनिश्चितता कायम गर्न, सम्भावित जोखिमबाट भविष्यमा पर्न सक्ने प्रभावका वारेमा लेखाजोखा गरी समयमानै क्षति न्युनीकरणमा पूर्वतयारी गर्न, विकास निर्माणसंग सम्बन्धित सबै सरोकारवालालाई अनुशासित,

मर्यादित, जिम्मेवार र कर्तव्यनिष्ठ बनाई आर्थिक अनुशासन कायम राखी सुशासन, पारदर्शिता तथा लागत प्रभावकारी कायम गर्ने प्रयोजनार्थ महानगरपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमलाई अधिकतमा नतिजामुखी बनाउन महानगरपालिकाले नियमित तथा आकस्मिक रूपमा अनुगमन गरी मूल्याङ्कन गर्नुपर्ने र यसको लागि उपप्रमुखको संयोजकत्वमा एक अनुगमन तथा मूल्याङ्कन समिति रहने उल्लेख छ । त्यस्तै दफा ५ मा वडा क्षेत्रभित्र सञ्चालित विकास योजनाहरूको निरन्तर अनुगमन तथा मूल्याङ्कन वडा तहबाट हुने र सो को लागि प्रत्येक वडामा वडा समितिले तोकेको नियमन सम्बन्धी कार्य हेर्ने वडा सदस्यको संयोजकत्वमा अनुगमन समिति रहने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गरेको अधिकांश योजनाहरूमा महानगरस्तरीय अनुगमन समितिले अनुगमन नगरी वडासदस्यको संयोजकत्वमा बनेको अनुगमन समितिले अनुगमन गरेको देखिन्छ।लेखापरीक्षणको क्रममा अनुगमन प्रतिवेदन माग गर्दा उपमेयरको संयोजकत्वमा रहेको समितिले व्याडमिन्टन कवर्ड हल, वडा नं १९, बालुवाटार फुटपाथ तथा मर्मत कार्य, तिनकुने देखि गौशाला फुटपाथ निर्माण लगायतका ५/६ वटा योजनामात्र अनुगमन प्रतिवेदन पेश गरेको छ । तर सो को एकीकृत प्रतिवेदन तयार गरेको पाइएन । महानगरपालिकाले महानगर भित्र संचालन भएको आयोजनाहरू सबै अनुगमन गर्न सम्भव नभएमा बजेट एवं योजनाको प्रकृति हेरेर निश्चित रकम सम्मको योजना अनिवार्य रूपमा अनुगमन गरी कानुनी व्यवस्थाको पालना गर्नुपर्दछ ।

१२ **स्वर्णीम र गौरवका आयोजनाहरूः-**

महानगरपालिकाले यस वर्षको नीति तथा कार्यक्रममा आगामी ३ आर्थिक वर्षमा सम्पन्न गर्ने गरी यस वर्ष १० वटा गौरवका आयोजनाहरू र २५ वटा स्वर्णीम आयोजनाको रूपमा घोषणा गरी कार्यान्वियनमा ल्याएको छ । महानगरपालिकाले यस वर्ष १० वटा गौरबका आयोजना कार्यान्वियनको लागि विभिन्न १८१ कार्यक्रममा रू ३ अर्ब ८० करोड बजेट विनियोजन भएको छ । महानगरपालिकाले गौरव र स्वर्णिम आयोजनाहरूमा बजेटमा संशोधन गरी रकम थप घट गरेको र नयाँ कार्यक्रमहरू समेत थप गरेको छ । विभिन्न ८ गौरबका आयोजनामा बजेट संशोधन गरेकोमा मेरो रहर, सुन्दर र हरित शहरमा १ नयाँ कार्यक्रम थप गरेको र सांस्कृति सम्पदा र पर्यटन, महानगरको धन अन्तर्गत विभिन्न मन्दिर पुन निर्माण, गुठीहरूको भवन निर्माण, बज्रयोगिनी ध्यान केन्द्रको भवन निर्माण लगायतका १२ वटा कार्यक्रमहरू थप गरिएको छ । सो सम्बन्धी देखिएका वेहोरा देहाय बमोजिम रहेका छन्ः-

• महानगरपालिकाले महानगर गौरव र स्वर्णिम आयोजना ३ वर्षमा सम्पन्न गर्ने गरी घोषणा गरेकोमा आयोजनाको कुल लागत कति हुने, यी आयोजना संचालन एवं सम्पन्न भएपछि महानगरपालिकाको तत् तत् क्षेत्रको अवस्था कस्तो रहने, आयोजनाबाट स्थानीय समुदायलाई हुने अवसरहरू, आयोजनाबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना हुने/नहुने, स्थानीय समुदायलाई हुने अवसरहरू, योजना कार्यान्वियन गर्दा प्रयोग गरिने प्रविधि, निर्माण शैली के कस्तो हुने, आयोजनाको प्रगति मूल्यांकन कसरी गर्ने, आयोजना कार्यान्वियन गर्दा आइपर्ने जोखिम मूल्यांकन र सो को व्यवस्थापन कसरी गर्ने र आयोजनाको समीक्षा, अनुगमन तथा मूल्यांकनका चरणहरू के कस्ता हुने लगायतका विषयहरू यकिन गरी आयोजना घोषणा गरेको पाइएन । महानगरपालिकाले आयोजनाको क्षेत्र, आवश्यकता, प्राविधिक, आर्थिक, सामाजिक र वातावरणीय रूपमा सम्भाव्यता, लाभान्वित जनसंख्या, निर्माण अवधि, रोजगारी सिर्जना, लाभ लागत विश्लेषण लगायतका आधारमा महानगरपालिकाले कार्यान्वियन गर्ने गौरवका आयोजना पहिचान र छनौट गर्ने मापदण्ड निर्धारण गरी गौरब /स्वर्णिम आयोजनाहरू पहिचान एवं छनौट गर्नुपर्दछ ।

• महानगरपालिकाले वार्षिक नीति तथा कार्यक्रम एवं बजेटमा तोकिएको लक्ष्य अनुसार निर्धारित समयमा प्रगति हासिल गर्नुपर्दछ । महानगरपालिकाबाट प्राप्त विवरण अनुसार महानगरपालिकाको गौरब आयोजनाहरूको प्रगति स्थिति देहायबमोजिम रहेको छ।

| सि नं | योजनाको नाम | यस वर्षको विनियोजित बजेट संसोधन सहित | कार्यक्रम संख्या | आयोजनाको खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उज्यालो सहर मेरो महानगर | ३०००० | ३ | ० | ० | |
| २ | धुलो रहित सडक | १००००० | ४ | ० | ० | |
| ३ | महानगरले देख्छ | २००००० | ६ | ३०००० | १५ | ५ वटा कार्यक्रम शुन्य प्रगती |
| ४ | रोजगारी र आय बृद्धि, काठमाडौंको सम्बृद्धि | १००००० | ५३ | १८५०८ | १८.५ | ३४ वटा कार्यक्रम शुन्य प्रगती |
| ५ | मेरो रहर, सुन्दर र हरित शहर | ५००००० | ३३ | 0 | 0 | |
| ६ | सांस्कृति सम्पदा र पर्यटन, महानगरको धन | ५००००० | ३१ | ४८९९२ | ९.८ | २१ वटा कार्यक्रम शुन्य प्रगती |
| ७ | सुलभ स्वास्थ्य सेवा नागरिकलाई टेवा | ३५०००० | १० | ८४६९७ | २४.२ | |
| ८ | सबैको चाहना, ढुंगेधारा, हिटी र पोखरीको पूनस्थापना | २००००० | २३ | २२९६९ | ११.५ | ८ वटा कार्यक्रम शुन्य प्रगती |
| ९ | सुशासनको लागि अनलाइन सेवा | १५०००० | ४ | ११३७० | ७.५८ | १ कार्यक्रममा शुन्य प्रगती |
| १० | गरिखाने शिक्षा, महानगरको इच्छा | ५००००० | १४ | ३९५०१५ | ७९ | १ कार्यक्रममा शुन्य प्रगती |
| | कुल | ३८००००० | १८१ | ६११५५१ | १६.०९ | |

उल्लिखित विवरण अनुसार १० गौरबका योजना मध्ये ३ योजनाहरूमा शुन्य प्रगति देखिन्छ भने अन्य योजनामा "गरिखाने शिक्षा, महानगरको इच्छामा" ७९ प्रतिशत वित्तीय प्रगति भएकोमा बाहेक अन्य सबै योजनामा २५ प्रतिशत भन्दा कम प्रगति देखिन्छ । महानगरपालिकाले गौरबका आयोजना घोषणा गरेकोमा सो को कार्यान्वयनमा समेत महत्व दिई निर्धारित समयमा प्रगति हासिल गर्नुपर्दछ ।

• महानगरपालिकाले स्वर्णिम आयोजनाको रूपमा घोषणा गरेका २५ योजनाहरूको पनि गौरवका आयोजना जस्तै लक्ष्य अनुरूप प्रभावकारी कार्यान्वयन गरी प्रगति हासिल भएको देखिदैन । यस वर्ष घोषणा भएका २५ स्वर्णिम योजना मध्ये ५ योजनाको प्रगति स्थिति निम्न रहेका छन ।

| सि नं | योजनाको नाम | बजेट संसोधन सहित | कार्यक्रम संख्या | आयोजनाको खर्च | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खेलकुद पुर्वाधार परियोजना | ८०००० | २ | ५१५० | ६.४ | १ कार्यक्रममा शुन्य प्रगती |
| २ | सुन्दर महानगर | २५०००० | ५ | १०३५ | ०.४१ | ३ कार्यक्रममा शुन्य प्रगती |
| ३ | पूर्वाधार एम्बलेन्स | २५००० | ३ | ० | ० | |
| ४ | ढुङ्गेधारा हिति र पोखरीको संरक्षण | ३०००० | ८ | १९४७ | ६.५ | ६ कार्यक्रममा शुन्य प्रगती |
| ५ | सास्कृतिक महानगर | ३०००० | १२ | ५९३० | २० | ८ कार्यक्रममा शुन्य प्रगती |

उल्लिखित विवरण अनुसार पूर्वाधार एम्बुलेन्समा शुन्य प्रगति देखिन्छ भने अन्यमा पनि न्यून प्रगति भएको देखिएको छ । महानगरपालिकाले स्वर्णिमका आयोजना घोषणा गरेकोमा सो को कार्यान्वयनमा समेत महत्व दिई निर्धारित समयमा प्रगति हासिल गर्नुपर्दछ ।

१३ **शुन्य प्रगतीः-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ अनुसार महानगरपालिकाले पेश गरेको प्रगति विवरण अनुसार जम्मा ४२९९ योजना र कार्यक्रममध्ये ९८८ योजना तथा कार्यक्रमको शून्य प्रगती र कतिपय योजना तथा कार्यक्रमको न्यून

प्रगति भएको देखिन्छ । शून्य प्रगति र कम प्रगति हुनुको सम्बन्धमा महानगरपालिकाले विश्लेषण गरेको पाईएन, महानगरपालिकाले स्वीकृत कार्यक्रम कार्यान्वियन गरी तोकिएको लक्ष्यअनुसार प्रगती हासिल गर्नुपर्दछ । शून्य प्रगति भएका केहि उदारणहरू निम्नानुसार रहेका छन् ।

| क्र.स | कार्यक्रमको नाम | बजेट (रु.हजारमा) | खर्च | शुन्य प्रगती |
|---|---|---|---|---|
| १ | नक्साल भगवती मन्दीर नागपोखरीसम्मको फुटपाथ स्तरोन्नती कार्य | ८३५४ | ० | ० |
| २ | कमलपोखरी संरक्षण, मर्मत र सौन्दर्यीकरण | ४१०७६ | ० | ० |
| ३ | राष्ट्रपति कार्यालय देखि तक्षशिला स्कुलसम्म सडक कालोपत्रे गर्ने कार्य | २१३११ | ० | ० |
| ४ | दमकल भवन तथा अग्नी नियन्त्रण तालिम केन्द्र निर्माण | १०७०० | ० | ० |
| ५ | महाँकाल ओरालो देखि मिलनचोकसम्म फुटफाथ निर्माण कार्य | ७९४३ | ० | ० |
| ६ | गोपिकृष्ण सरस्वतीनगर र भृकुटी चोक सम्म ढल तथा सडक निर्माण कार्य | २१२०० | ० | ० |
| ७ | वाग्मतीनगरमा ढल तथा बाटो निर्माण कार्य | ३५६०० | ० | ० |
| ८ | चावहिल चोककबाट बौद्ध जाने बाटो तर्फ आकाशे पुल निर्माण, चावहिल मित्रपार्कमा आकाशे पुल निर्माण | १८८८५ | ० | ० |
| ९ | का.म.पा कार्यालय भवन निर्माण, टेकु वातावरण विभाग परिसर | १५०००० | ० | ० |
| १० | कुमारी क्लब अगाडि हरियाली पार्क निर्माण | २०२०० | ० | ० |
| ११ | यम बुद्ध पार्क निर्माण | ७९६०१ | ० | ० |
| १२ | बोहोराटार मार्ग,जागृत मार्ग, धारा मार्ग, वालाजु हाइटमा सडक निर्माण | २९९८१ | ० | ० |
| १३ | छत्रपाटी देखी थँहिटिसम्म सडक स्तरोन्नति | १६७७९ | ० | ० |
| १४ | जमलदेखि असन हुदै ईन्द्रचोक सम्म ढुङ्गा छाप्ने कार्य | ४७९०२ | ० | ० |
| १५ | राष्ट्रीय सभा गृह मर्मत कार्य | ३२३४२ | ० | ० |
| १६ | जेष्ठ नागरिक आश्रम तथा पार्क निर्माण | ३४१३४ | ० | ० |
| १७ | माईतीघर मण्डलादेखि तिनकुनेसम्म फुटफाथ निर्माण गर्ने कार्य | ६०००० | ० | ० |
| १८ | धोविखोला करिडोरमा फूटपाथ स्तरोन्नती गर्ने कार्य | ५०००० | ० | ० |
| १९ | विश्व सम्पदा क्षेत्रभित्र (हनुमान ढोका दरबार क्षेत्र) स्तरोन्नती कार्यक्रम | १६७८८४ | ० | ० |
| २० | फाइबर तथा तार व्यवस्थापन कार्य | १००००० | ० | ० |
| २१ | आस्पाल्ट प्लान्ट खरिद तथा स्थापना | १००००० | ० | ० |
| २२ | उज्यालो शहर मेरो महानगर निर्माण (गौरव योजना ) | ३००००० | ० | ० |
| २३ | धुलो रहित सडक (गौरव योजना ) | १०००००० | ० | ० |
| २४ | पूर्वाधार एम्बुलेन्स (स्वर्णिम योजना) | २५०००० | ० | ० |
| २५ | सिसिटिभि कन्ट्रोल रुम | २०००० | ० | ० |
| २६ | प्रमुख सडकहरुमा फाईबर संजाल विस्तार | ४०००० | ० | ० |

## १४ सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमनः-

१४.१

**सहकारी नियमनः-** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । महानगरपालिकाले उपलव्ध गराएको विवरणअनुसार महानगरपालिका भित्र १९१५ वटा सहकारी संस्था रहेकामा २ समस्या ग्रस्त, ९८ वचत तथा ऋण र २० वहुउद्देश्यीय सहकारी संस्थालाई कार्वाहीको सिफारीस गरेको देखिन्छ । महानगरपालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी महानगरपालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ । सहकारी संस्थाको लेखापरीक्षणको क्रममा प्राप्त भएको विवरण निन्नानुसार छन।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | शेयर सदस्य संख्या | शेयर पूँजी रु. | बचत रु. | ऋण लगानी रु. | जगेडा कोष रु. |
|---|---|---|---|---|---|---|
| बचत तथा ऋण सहकारी संस्था लि. | १५७८ | १३६२६७ | ५८८७६५९४७४ | ४५३३२६५९४४९ | ३३८०११००८७२ | ० |
| बहुउदेश्यीय सहकारी संस्था लि. | २८७ | ४५०७४ | १२११७८१६७३ | ८६३९९५३२४५ | ८०४५१५९८९२ | ० |
| कृषि सहकारी संस्था लि. | १४ | ११८७ | ५२२३१७८ | ४८८९११५ | २३१४३६४ | ० |
| उपभेक्ता सहकारी संस्था लि. | १४ | २६७८ | २५४२७५०५ | १२५८७१९० | १४६३५६९८ | ० |
| स्वास्थ्य सहकारी संस्था लि. | ६ | ७५९ | ४५९०२३७१ | ० | ० | ० |
| सीपमूलक सहकारी संस्था लि. | ३ | १०२ | १९३६७९ | ९३८३९६ | ८७३१५४ | ० |
| शिक्षा सहकारी संस्था लि. | २ | ७७ | २१७८३६५ | १०८९२५७४ | ८७१४३५३ | ० |
| संचार सहकारी संस्था लि. | १ | ३० | ११७९२४१ | ० | ० | ० |
| श्रमिक सहकारी संस्था लि. | ३ | ८१ | ३९३७५० | ० | ० | ० |
| पर्यटन सहकारी संस्था लि. | १ | २५८ | १०८७५०१८ | ५४३७५०९० | ४३५०००७२ | ० |
| साझा सहकारी संस्था लि. | १ | ४२८ | २९२७६९४० | १४६३८४७०० | ११७१०७७६० | ० |
| चिया सहकारी संस्था लि. | १ | ३२ | २६२५००० | ० | ० | ० |
| अन्य | ४ | २५९३ | २२३५६२३३ | २१२६९३२५ | २२३०२६६६ | ० |
| **जम्मा** | **१९१५** | **१८९५६६** | **७२४५०७२४२७** | **५४२२३९७९०८४** | **४२०५५७०८८३१** | ० |

आर्थिक वर्ष २०८०।८१ सम्म जम्मा १९१५ सहकारी संस्था मध्ये १९०४ सहकारी संस्थाको मात्र पुरै विवरण प्राप्त भएको छ भने ११ सहकारीको शेयर पूँजीको विवरण प्राप्त भएको छ ।महानगरपालिका भित्रका १९१५ वटा सहकारी संस्थामा १८९५६६ शेयर सदस्य रहेका छन् भने उक्त सहकारी संस्थाहरूको शेयर पूँजी रू ७ अर्ब २४ करोड ५० लाख ७२ हजार र १९०४ सहकारी संस्थाको वचत रू ५४ अर्ब २२ करोड ३९ लाख ७९ हजार र ऋण लगानी रू ४२ अर्ब ५ करोड ५७ लाख ९ हजार रहेको छ ।

१४.२ **सहकारी संस्थाको अनुगमनः-** काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ को परिच्छेद १६ अन्तर्गत महानगरपालिकाभित्र संचालनमा रहेका सहकारी संस्थाहरूको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था गरिएको छ । महानगरपालिकामा १९१५ सहकारी संचालनमा रहेकोमा सहकारी ऐनमा तोकिए बमोजिम कुनै पनि सहकारी संस्थाको अनुगमन गरेको देखिएन । त्यसैले सहकारी संस्थाको नियमनकारी निकायको रूपमा रहेको महानगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका सहकारी संस्थाहरूको नियमित अनुगमन गरी

त्यस्ता संस्थामा रहेका शेयर सदस्यहरूको वचत रकम र संस्थाहरूको ऋण लगानीको सुरक्षाको सुनिश्चितता प्रत्याभुत गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

१४.३ **कारबाहीको लागि नेपाल प्रहरीमा सिफारिसः-** काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ को दफा ८५ अनुसार कसैले दफा ७९ बमोजिमको कसुर गरेको अवस्थामा ऐन बमोजिम अनुसन्धान गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने व्यवस्था छ । महानगरपालिकाले हालसम्म नेपाल प्रहरी समक्ष ११८ सहकारी संस्थाहरूलाई ऐनको दफा ७२ अनुसार छानवीन समेत नगरी उजुरी प्राप्त भएकै आधारमा देहाय अनुसार कारबाहीको लागि सिफारिस गरेको देखिन्छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | उजुरीको मागदावी रकम रू. | कारबाहीको लागि सिफारिस गर्नुको कारण |
|---|---|---|---|
| बचत तथा ऋणसहकारी संस्था लि. | ९८ | ४२५२४६६८४८/६ | सदस्यहरूको बचत फिर्ता गर्न अटेर गरेको |
| बहुउद्देश्यीय सहकारी संस्था लि. | २० | २४२१०१९८५/४ | |
| **जम्मा रू** | **११८** | **४४९४५६८८३४** | |

प्रहरी समक्ष कारबाही सिफारिस गरेका सहकारी संस्थाको कारबाहीको अवस्था बारे महानगरपालिकाले जानकारी लिएको छैन । त्यसैले नियमक निकायको रूपमा रहेको महानगरपालिकाको क्षमता अभिवृद्धि गरी अनुसन्धान र तहकिकातको कार्यलाई प्रभावकारी र विश्वसनीय बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१४.४ **समस्याग्रत घोषित सहकारी संस्थाः-** काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ को दफा ७७ अनुसार सहकारी संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिने र दफा ७८ मा व्यवस्थापन समितिको गठन सम्बन्धी कानूनी व्यवस्था छ । महानगरपालिकामा संचालनमा रहेका सहकारी संस्थामा ऋण असूली गर्न, वचत फिर्ता गर्न र ऋण लगानी गर्न नसकेको अवस्थामा कार्यपालिकाको निर्णयानुसार युनाइटेड सिटिजन्स बहुउद्देश्यीय सहकारी संस्था लि. र हिरे बहुउद्देश्यीय सहकारी संस्था लि.सहकारी संस्थाहरू समस्याग्रस्त घोषणा गरेकोमा ती सहकारीको विवरण प्राप्त हुन आएन । महानगरपालिकाले समस्याग्रस्त घोषित गरेका सहकारी संस्थाहरूको गत विगत वर्ष देखिनै संस्थाहरूको सम्पत्ति र दायित्व व्यवस्थापन सम्वन्धमा कुनै पनि प्रक्रिया अगाडी वढाएको देखिएन ।

१५ **खरिद तथा ठेक्का अभिलेखः-**

१५.१ **वार्षिक खरिद योजनाः-** काठमाण्डौ महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १३ को उपनियम २ मा एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजनाको लागि वार्षिक रू १० करोड रूपैयाँभन्दा वढी रकमको खरिद गर्दा खरिदको गुरूयोजना तयार गर्नु पर्ने व्यवस्था छ । साथै नियम ४ मा एक आर्थिक वर्षमा वार्षिक रू १० लाख रूपैयाँभन्दा वढी रकमको खरिद गर्दा वार्षिक खरिद योजना तयार गरी साउन मसान्तभित्रमा प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । महानगरपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू ६३८८७८५६४६/३६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेकोमा खरिद नियमावली बमोजिम वार्षिक खरिद योजना र गुरूयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नियमावली बमोजिम खरिद योजना/गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद व्यवस्थापन गर्नुपर्दछ ।

१५.२ **ठेक्का अभिलेखः-** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.न. ५०५), ठेक्का अभिलेख (म.ले.प.फा.न. ५०६), ठेक्का सम्बन्धी गोश्वार लगत खाता (.ले.प.फा.न. ५०७) को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने यस्ता महत्वपूर्ण अभिलेखहरू नराखेको कारण कूल गर्नुपर्ने कार्य हालसम्म भएको कामको परिमाण र मूल्य, कार्य सम्पादन जमानत, पेश्की जमानतको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरियशन लगायतको विवरण अद्यावधिक भएको देखिएन । साथै महानगरपालिकाले प्रत्येक वर्ष बाटो पिच गर्ने, पुरानो पिच गरेको

भत्काएर ओभरले गर्ने गरेकोमा गत विगतमा कहिले गरेको हो सो को अभिलेख नभएको देखिन्छ । अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ।

१६ **डि.एल पि.अभिलेखः-**

सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । त्यस्तै सोही नियमको उपनियम २ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्, डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन सम्वन्धित सार्वजनिक निकायले वोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने र सार्वजनिक निकायको प्रमुख र वोलपत्र स्वीकृत गर्ने अधिकारी एउटै व्यक्ति भएमा निज भन्दा एक तह माथिको अधिकारी समक्ष पेश गर्नुपर्ने उल्लेख छ । नियममा भएको उक्त प्रावधानको प्रभावकारी रूपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्‍याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी. मा रहेका ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाँचवुझ गराउनु पर्नेमा डि.एल.पी.मा रहेका ठेक्काको अभिलेख राखेको देखिएन।यस्तो अवस्थामा डि.एल.पि. समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको यकिन गर्ने सक्ने अवस्था रहेन।अतः यसको अद्यावधिक अभिलेख राख्ने राखी नियममा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्ने देखिन्छ।

१७ **संगठन तथा कर्मचारी व्यवस्थापनः-**

१७.१ **प्रशासकिय संगठन तथा कर्मचारी दरबन्दीः-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा महानगरपालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता एवं विशिष्टतालाई ध्यानमा राखि कर्मचारी समायोजन पछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था उल्लेख छ । कार्यालयले उपलब्ध गराएको दरबन्दी तथा पदपूर्ति विवरणमा कुल दरबन्दी संख्या २६४० मा स्थायी प्रशासनिक तर्फ १८०२ र प्राविधिक तर्फ स्थायी ३४६ र स्वीकृत अस्थायी तर्फ प्रशासनिक दरवन्दी १८८ र प्राविधिक तर्फ ३०४ रहेकोमा प्रशासनिक तर्फ १९९० जना र प्राविधिक तर्फ २४० जना कर्मचारीहरू कार्यरत रहेको देखिन्छ ।

१७.२ **तलवी प्रतिवेदनः-** वाग्मती प्रदेश सरकारको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाइ कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । महानगरपालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रू १४४०००००/- र महानगरपालिका तर्फ रू.८९०९७५९१९/१५ समेत रू.९०५३७५९१९/१५ खर्च लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१८ **जिन्सी व्यवस्थापनः-**

महानगरको जिन्सी व्ययस्थापनमा देखिएका मुख्य व्यहोराहरु निम्नानुसार छन्।

१८.१ **क. PAMS को प्रयोगः-** नेपाल सरकार मन्त्रिपरिषदको निर्णय अनुसार आर्थिक वर्ष ०७७।०७८ देखि सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS ) सबै संघ प्रदेश र स्थानीय तहका कार्यालयमा अनिवार्य रूपमा लागू गर्ने पर्ने व्यवस्था उल्लेख छ । महानगरपालिकामा

केन्द्रले PAMS को प्रयोग गरेको तर यस अन्तर्गतका वडाहरूले खरिद गरेका जिन्सी सामाग्रीहरूको दाखिला गर्दा PAMS को प्रयोग गरेको देखिएन । महानगरपालिकाले प्रत्येक वडामा PAMS लाई अनिवार्य रूपमा लागु गरी निर्णयको कार्यान्वियन गर्नुपर्दछ ।

**ख. हस्तान्तरणः-** का.म.न.पा. का प्रोजेक्ट तथा कार्यक्रमहरूबाट खरीद गरी हस्तान्तरण भई आएका ३३ वटा मोटरसाईकल देखिन्छ । महानगरपालिकाको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार उक्त मोटरसाइकल मध्ये २० वटा लिलाम बिक्रि गर्नुपर्ने र बाँकि १३ वटा सञ्चालनमा देखिन्छ । महानगरपालिकामा हस्तान्तरण गरी आएका जिन्सी मालसमानहरुको समेत PAMS मा दाखिला गर्नुपर्दछ ।

१८.२ **क. मर्मत तथा लिलाम बिक्रिः-**आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ ९९(४) मा जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि मर्मत सम्भार गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसमानको हकमा तीन महिनाभित्र मर्मत सम्भार गर्नुपर्ने र लिलाम बिक्रि गर्नुपर्ने भएमा एक महिनाभित्र लिलाम बिक्रिको प्रक्रिया सुरू गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत गर्नुपर्ने र सञ्चालनमा नआउने सामाग्रीहरू लिलाम बिक्रिको प्रक्रिया सुरूवात गर्नुपर्नेमा लेखापरीक्षणको अवधिसम्म सुरूवात गरेको देखिएन । महानगरपालिकाले नियमावलीको व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ ।केहि उदारणहरू निम्नानुसार छन्ः-

| क्र.स | विवरण | परिणाम | कैफियत |
|---|---|---|---|
| १ | ईलेक्ट्रिक हिटर | १३ | लिलाम गर्नुपर्ने |
| २ | ईन्भटर सेटको ब्याट्री | ७ | लिलाम गर्नुपर्ने |
| ३ | आईचर टिपर | २ | लिलाम गर्नुपर्ने |
| ४ | सी.आर.सी चाईनिज कम्पाक्टर | २ | लिलाम गर्नुपर्ने |
| ५ | चाईनिज टिप्पर | २१ | लिलाम गर्नुपर्ने |
| ६ | कन्टेनर ट्रक | १ | लिलाम गर्नुपर्ने |
| ७ | ब्रुमर | १ | लिलाम गर्नुपर्ने |
| ८ | रोड रेकर | २ | लिलाम गर्नुपर्ने |
| ९ | टाटा मिनि ट्रक | १ | लिलाम गर्नुपर्ने |
| १० | फियत कार | १ | लिलाम गर्नुपर्ने |
| ११ | मोटरसाईकल | २१ | लिलाम गर्नुपर्ने |
| १२ | ईलेक्ट्रिक हिटर | ७ | मर्मत गर्नुपर्ने |
| १३ | ENT Set | २ | मर्मत गर्नुपर्ने |

**ख. मौज्दातः-** महानगरपालिकाले जिन्सी व्वस्थापन गर्न आ.व २०८०।८१ देखि सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS ) लागु गरेको देखिन्छ । महानगरपालिकाको आ.व २०८०।८१ को विस्तृत वार्षिक विवरणमा आ.व २०७९।८० को जिन्सी मौज्दात अल्या गरी सारेको देखिएन । महानगरपालिकाले गत विगत वर्षको मौज्दात यकिन गरी PAMS प्रणालीमा प्रविष्ट गर्नु पर्ने र सबै वडा कार्यालय समेतको सम्पत्तिको एकीकृत विवरण तयार गर्नुपर्दछ ।

१८.३ **जिन्सीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा जिन्सी मालसामानको लगत खडा गरी जिन्सि दाखिला गर्नु पर्ने व्यवस्था छ । महानगरपालिकाले ३२ वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप गर्नको लागि डेस्कटप आइ ५, ३ इन १ प्रिन्टर र ५५" को स्मार्ट टि.भी. खरीद गरेको देखिन्छ । यसरी खरिद गर्दा प्रत्येक वडाबाट खरिद गरी महानगरपालिकामा पेश गरेको आधारमा भुक्तानी भएको देखिन्छ । महानगरपालिका लागयत वडा कार्यालयहरूले खरीद गरेका समान PAMS मा दाखिला गर्नु पर्नेमा सो गरेको देखिएन । PAMS मा दाखिला गरेको प्रमाण पेश हुनु पर्ने रू....

| क्र.सं. | भौ. नं./मिति | भुक्तानी पाउने फर्म | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | १९४१-०८०/१२/१९ | बिमोहन इन्टरप्राइजेज | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा. कार्यालयको लागि मालसामानहरू खरिद | ४,५७,४२४.०० |
| २ | १३०१-२०८१/०१/१४ | शेवान सप्लायर्स प्रा.लि. | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा. १२वडा कार्यालयको लागि खरिद हेल्पिग डेक्सको मालसामानहरू खरिद | ५,०५,६७५.०० |
| ३ | १४६६-२०८१/०२/०९ | ए टु जेड इन्टरप्राइजेज | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा. २६वडा कार्यालयको लागि खरिद हेल्पिग डेक्सको मालसामानहरू खरिद | ५,०५,६७५.०० |
| ४ | १५९७-२०८१/०३/०२ | बिमोहन इन्टरप्राइजेज | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा. १वडा कार्यालयको लागि खरिद हेल्पिग डेक्सको मालसामानहरू खरिद - | ५,०८,६५७.६४ |
| ५ | १६८६-२०८१/०३/१४ | इन्फाइनाट इनर्जी प्रमोसन प्रा.लि | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा. १३वडा कार्यालयको लागि खरिद हेल्पिग डेक्सको मालसामानहरू खरिद | ५,०८,३८७.०० |
| ६ | १७१५-२०८१/०३/१६ | एम.के. फर्निचर उद्योग प्रा. लि. | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा. ३०वडा कार्यालयको लागि खरिद हेल्पिग डेक्सको मालसामानहरू खरिद | १,९२,८०६.२५ |
| ७ | १७२४-२०८१/०३/१७ | इन्फाइनाट इनर्जी प्रमोसन प्रा.लि | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा. १४ वडा कार्यालयको लागि खरिद हेल्पिग डेक्सको मालसामानहरू खरिद | ५,०८,३८७.०० |
| ८ | १७२९-२०८१/०३/१७ | सेफ्टी एण्ड सेकुरिटि ट्रेड लिंक | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा. २७वडा कार्यालयको लागि खरिद हेल्पिग डेक्सको मालसामानहरू खरिद | ४,९०,९८५.०० |
| ९ | १७४६-२०८१/०३/१८ | एम. ई. इन्टरप्राइजेज | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा. ७ वडा कार्यालयको लागि खरिद हेल्पिग डेक्सको मालसामानहरू खरिद | २,०६,२२५.०० |
| १० | १७४७-२०८१/०३/१८ | नेक्सजेन आई.टी. सोलुसन्स प्रा.लि. | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा.५वडा कार्यालयको लागि खरिद हेल्पिग डेक्सको मालसामानहरू खरिद | ५,०५,६७५.०० |
| ११ | १७५६-२०८१/०३/१८ | एम. ई. इन्टरप्राइजेज | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा. ३१वडा कार्यालयको लागि खरिद हेल्पिग डेक्सको मालसामानहरू खरिद | २,०६,२२५.०० |
| १२ | १८१५-२०८१/०३/२० | एम. ई. | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल | का.म.पा. कार्यालयको लागि | २,०६,२२५.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | इन्टरप्राइजेज | सेवा केन्द्र सेटअप | मालसामानहरू खरिद | |
| १३ | १८४९-२०८१/०३/२१ | एफ. वान सोलुसन प्रा.लि. | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा. २०वडा कार्यालयको लागि खरिद हेल्पिग डेक्सको मालसामानहरू खरिद | २,९४,३६५.०० |
| १४ | १८५१-२०८१/०३/२१ | एफ. वान सोलुसन प्रा.लि. | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा. ३१ वडा कार्यालयको लागि खरिद हेल्पिग डेक्सको मालसामानहरू खरिद | २,९४,३६५.०० |
| १५ | १८६४-२०८१/०३/२१ | सेफ्टी एण्ड सेकुरिटि ट्रेड लिंक | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा. ३वडा कार्यालयको लागि खरिद हेल्पिग डेक्सको मालसामानहरू खरिद | ५,०८,३८७.०० |
| १६ | १९६६-२०८१/०३/२३ | एस.पी. इन्टरप्राईजेज | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा. १७वडा कार्यालयको लागि खरिद हेल्पिग डेक्सको मालसामानहरू खरिद | २,०६,२२५.०० |
| १७ | १९७०-२०८१/०३/२३ | एम. ई. इन्टरप्राइजेज | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा. २०वडा कार्यालयको लागि खरिद हेल्पिग डेक्सको मालसामानहरू खरिद | २,०६,२२५.०० |
| १८ | १९७१-२०८१/०३/२३ | एस.पी. इन्टरप्राईजेज | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा. ९ वडा कार्यालयको लागि खरिद हेल्पिग डेक्सको मालसामानहरू खरिद | २,०६,२२५.०० |
| १९ | १९७३-२०८१/०३/२३ | राज एण्ड रिवाज सप्लायर्स प्रा. लि. | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा. २ वडा कार्यालयको लागि खरिद हेल्पिग डेक्सको मालसामानहरू खरिद | ५,०५,६७५.०० |
| २० | १९७५-२०८१/०३/२३ | पृथ्वी सप्लायर्स | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा. १६वडा कार्यालयको लागि खरिद हेल्पिग डेक्सको मालसामानहरू खरिद | ५,०५,६७५.०० |
| २१ | १९७९-२०८१/०३/२३ | एफ. वान सोलुसन प्रा.लि. | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा. १७वडा कार्यालयको लागि खरिद हेल्पिग डेक्सको मालसामानहरू खरिद | २,९४,३६५.०० |
| २२ | १९८१-२०८१/०३/२३ | एफ. वान सोलुसन प्रा.लि. | ३२वटा वडाहरूमा हेल्पडेस्क तथा एकल सेवा केन्द्र सेटअप | का.म.पा. १९वडा कार्यालयको लागि खरिद हेल्पिग डेक्सको मालसामानहरू खरिद | २,९४,३६५.०० |
| जम्मा | | | | | ८१,१८,२१८.८९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८१,१८,२१८.८९ |

१९ **विविध खर्चः-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मात्र विविध खर्च गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले कार्यक्रम संचालन भएको प्रमाण, उपस्थिति लगायतका प्रमाण संलग्न नगरी सभा सञ्चालन तथा विभिन्न समयमा भएको बैठक र अतिथि सत्कारमा चिया नास्ता, तालिम, अर्धवार्षिक समीक्षा सम्वन्धी वैठक, नगरसभा वैठकको खाना तथा हाइटी लगायतमा विविध खर्च शीर्षकबाट रू १५३९८०८४/- खर्च गरेको देखियो ।महानगरपालिकाले यस्ता किसिमका खर्च गर्दा औचित्य पुष्टि हुने प्रमाण संलग्न गरेर मितव्ययी हुने गरी खर्च गर्नुपर्दछ । केहि उदाहरणहरू यसप्रकार छनः-

| क्र.सं. | गो.भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ३९-०८०/०४/२६ | विभिन्न शाखा तथा विभागहरूमा अतिथिसत्कार | ८५९१०/- |
| २ | ८१-०८०/०४/२८ | उद्यान तथा हरियाली आयोजनाद्धारा वृक्षारोपणको व्यवस्थापन खर्च | ४७९५०/- |
| ३ | १०३-०८०/०४/२८ | सार्वजनिक खरीद प्रकृयाको अभिमुखिकरण तालिममा खर्च | १५२२६७/५० |
| ४ | १३०-०८०/०५/११ | नगर सभामा पेश गरेको वजेट समिक्षा खर्च | ३८९२८/९८ |
| ५ | १३१-०८०/०५/०७ | टुकुचा खोला उत्खन्न कार्यमा खटिने कर्मचारीलाई खाना खर्च | ८४५२४/- |
| ६ | १३९-०८०/०५/११ | महानगरपालिका र लोत्सेवहुउद्देश्य सहकारी संस्था वीच नयाँवसपार्क सम्वन्धी वैठक खर्च | १०१०००/ |
| ७ | २७४-०८०/०५/११ | आयोजनामा भएका वैठकहरू/अर्धवार्षिक समिक्षा सम्वन्धी वैठक खर्च | १६५६१२/- |
| ८ | २७८-०८०/०५/१० | ०८०/०३/२९ गते वसेको नगरसभा वैठकको खाना तथा हाइटि खर्च | १०००๐५०/- |
| ९ | ७९२-०८०/०६/२३ | विभिन्न स्थानको विद्युत महसुल भुक्तानी | ८१३९४/- |
| १० | १२३०-०८०/०७/२० | भुकम्प पिडितलाई राहत सामाग्री वितरण खर्च | १०००००/- |
| ११ | १४३२-०८०/०८/२६ | कार्यालय सर्दाको खाजा चिया खर्च | ३६३१९०/- |
| १२ | २१५९-०८०/१०/०८ | सरसफाई कार्यक्रमको खर्च | ७०९७८/- |
| १३ | २२२६-०८०/१०/११ | बैठक तथा सभा संचालन खर्च | २१०४०६/- |
| १४ | २३८०-०८०/१०/१५ | चलचित्र भवन संचालन तथा मायाको चिनवको लागि सुकुल तथा चकटी खरीद खर्च | १०५२७०/- |
| १५ | २५९३-०८०/१०/९३ | वोलपत्र मूल्याँकन समितिको वैठक भत्ता र खाजा खर्च | २४८८००/- |
| १६ | २६१९-०८०/१०/२९ | विभिन्न समयको खाजा चिया खर्च | १०३७३५/७२ |
| १७ | २६२९-०८०/१०/२९ | २९औ महानगर दिवसको अवसरमा खाना खर्च | ४३१६६०/- |
| १८ | ३२०३-०८०/१२/०४ | आयोजनामा भएका वैठक,अतिथि सत्कार, विभिन्न कार्यक्रम र छलफलको खाजा चिया खर्च | १५४१७१/५५ |
| १९ | ३७९४-०८१/०१/०७ | स्वंय सेवक पदका लागि अन्तर्वाता खर्च | ८२३६२/- |
| २० | ३८५७-०८१/०१/०९ | विभिन्न मितिमा आयोजना गरेका वैठक, कार्यक्रम तथा छलफलमा सहभागीहरूको खाजा खर्च | २०३९०८/५० |
| २१ | ३८५८-०८१/०१/१२ | नगरसभाको वैठकमा उपस्थित महानुभावहरूको हाइ टि र खानाको खर्च | ३३९०००/- |
| २२ | ४१३५-०८१/०१/२६ | खानेपानी उपलव्ध गराएवापतको भुक्तानी | ५०३५५०/६० |
| २३ | ४५४२-०८१/०२/०९ | विभिन्न मिति र समयमा आयोजना गरेका छलफल,कार्यक्रम तथा वैठकहरूमा भएका खाजा खर्च | २२२६१०/- |
| २४ | ४८९५-०८१/०२/२४ | विभिन्न विभागको खाजा खर्च | ४४१२६५/- |

२० **पेश्की बाँकी: -**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी, व्यक्ति, फर्म, संस्थाले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फर्स्योट गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाबाट प्राप्त विवरण अनुसार

विभिन्न प्रयोजनको लागि निम्नानुसारका व्यक्ति, फर्म, उपभोक्ता समिति र संस्थालाई उपलब्ध गराएको रू ३५८८५५०२७/६२ पेश्की आर्थिक वर्षको अन्त्यसम्म पनि फस्योंट नभई बाँकी देखिन्छ । सो पेश्की मध्ये म्याद नाघेको पेश्की रू ५९०६१०२४/६२ आर्थिक वर्षको अन्त्यसम्म पनि फस्योंट नभई बाँकी देखिएकोले नियमानुसार फस्योंट गर्नुपर्ने रू...

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१०** को निर्णयले रू **३,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **७६३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१,९९९,५६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२,५२९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२,५२४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **२४,३८२.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **१,८०८,०८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **१,७३१,३१५.४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२,५३९,८९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२,२५२,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **१,२५५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-९** को निर्णयले रू **२,५१६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **२,५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१,२४१,६१७.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **१,२२९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२,४०५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२,५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२,४६९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२,४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **४८६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **१,६५८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२,५३४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२,२७९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **२,१७०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **१,८१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **१,६८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा २० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | ५,९०,६१,०२४.६२ |

२१ **गत विगतको पेश्की बाँकी: -**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिने तथा फस्र्यौट गर्ने सम्वन्धि व्यवस्था छ । महानगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार गत विगत वर्षको पदाधिकारी, कर्मचारी, उपभोक्ता समित तथा निर्माण व्यवसायी तथा अन्य संस्थाको समेत गरी म्याद नाघेको पेश्की रू ५,८६,०६,९७५.०० देहाय अनुसार रहेको छ । गत विगतमा दिएको पेश्कीहरू कुन प्रयोजनमा र कुन मितिमा लिएको हो खुल्ने गरी विवरण अद्यावधिक राखेको पाइएन । पेश्कीको विवरण हेर्दा गत विगतका जनप्रतिनिधिहरूको समेत पेश्की बाँकी देखिन्छ फस्र्यौट हुन बाँकी पेश्कीको विवरणमा का.म.न.पा. १९ कार्यालय, गत विगत आ.ब.को पेश्की, का.म.न.पा.१२ कार्यालय, गत विगत आ.ब. को पेश्की, का.म.न.पा.१५ वडा कार्यालय, गत विगत आ.ब.को पेश्की उल्लेख गरेकोमा कसको नामको पेश्की हो, सो समेत खुलेको देखिदैन। महानगरपालिकाले गत विगतको पेश्की सम्बन्धमा लगत अद्यावधिक गरी समयमा फस्र्यौट गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२२ **कोष स्थापना एवं संचालनः-**

महानगरपालिका अन्तर्गत विभिन्न कोषहरू फरक फरक सम्झौता र शर्त बमोजिम स्थापना र संचालन भएकोमा ती कोषहरू विगत वर्षहरू देखि नै प्राय: निष्क्रिय अवस्थामा रहेका छन् । महानगरपालिकाले विषयगत कार्यहरू महानगरपालिकाकै नियमित बजेट व्यवस्थाबाट संचालन हुँदै आएकोमा यस्ता निष्क्रिय कोषहरूको आवश्यकता, औचित्य र त्यसको संचालन जोखिम समेतका विषयलाई मध्यनजर

गरी त्यस्ता कोषमा रहेको मौज्दत रकम महानगरपालिकाको संचित कोषमा दाखिला गर्नु पर्दछ । लेखापरीक्षणको क्रममा माग गरेको निष्क्रिय रहेका कोषहरूको विवरण देहाय बमोजिम प्राप्त भएको छ ।

| क्र.सं. | कोषको नाम | मौज्दात रकम | संचालन अवस्था |
|---|---|---|---|
| १ | पर्यटन प्रबर्द्धन कोष | २३३८२०००/- | निष्कृय रहेको |
| २ | नेवा जातीय कोष | ५१२००६३४/३९ | |
| ३ | सम्पदा संरक्षण कोष | ६९७०४४८/७३ | |
| ४ | सडक मर्मत तथा संरक्षण कोष | ४१३११११७/६० | |
| **जम्मा** रू | | **१२२८६४२००/७२** | |

उल्लिखित ४ कोषमा रू १२ करोड २८ लाख ६४ हजार मौज्दात रहेको देखिन्छ । यस्ता किसिमको कोषहरू कुनै पनि प्रयोजनमा नआएकोले सो कोषलाई वन्द गरी स्थानिय संचित कोषमा दाखिला गर्नु पर्दछ ।

२३ **अक्षय कोषः-**

महानगरपालिकाको स्वीकृत नीति तथा कार्यक्रम अनुसार आर्थिक वर्ष २०७७/७८, २०७९/८० र ०८०/८१ मा देहाय बमोजिमका अक्षय कोष स्थापनाका लागि भुक्तानी दिएको छ ।

| सि.नं. | आर्थिक वर्ष | अक्षय कोषको नाम | बजेट रकम रू | कैफियत |
|---|---|---|---|---|
| १ | ०७७/७८ | ज्ञानमाला भजन खलः स्वयम्बु | २०,००,००० | कोष संचालन र व्यवस्थापन तथा रकम उपयोग बारे अनुगमन नभएको |
| २ | ०७७/७८ | तारादेवी प्रतिष्ठान | १०,००,००० | |
| ३ | ०७७/७८ | नेपाल पत्रकार महासंघ का.जि.शाखा पत्रकार उपचार | १५,००,००० | |
| ४ | ०७७/७८ | नातीकाजी स्मृती अक्षय कोष | २०,००,००० | |
| ५ | ०७९/८० | परम्परागत बार्षिक रूपमा मनाइने पचली भैरव, नै अजिमा र रुद्र विनायक जात्राको लागि अक्षयकोष स्थापना | ५०,००,००० | |
| ६ | ०७९/८० | ईन्द्रजात्रा पर्व संरक्षण अक्षय कोष | १,५०,००,००० | |
| ७ | ०७९/८० | नातीकाजी स्मृती अक्षयकोष | २०,००,००० | |
| ८ | ०७९/८० | दुर द्रष्टा श्रीकान्त अधिकारी प्रतिष्ठान | ५,००,००० | |
| ९ | ०७९/८० | नेपाल वाङ्मय फाउन्डेसन | ५,००,००० | |
| १० | ०७९/८० | पदमरत्न लुमन्ति गुठी | ५,००,००० | |
| ११ | ०७९/८० | श्री रत्न पुस्तकालय | ५,००,००० | |
| १२ | ०८०/८१ | तारा देवी स्मृति फाउडेन्सन | २००००००/- | |
| १३ | ०८०/८१ | सत्य मोहन जोशी लोक साहीत्य परीषद | २००००००/- | |
| १४ | ०८०/८१ | युगकवी सिद्धिचरण प्रतिष्ठान | १००००००००/- | |
| १५ | ०८०/८१ | नारायण गोपाल संगीत कोष | २००००००/- | |
| १६ | ०८०/८१ | विभिन्न श्रष्टाका नाममा स्थापना भएका प्रतिष्ठान | ३००००००/- | |
| **जम्मा रू** | | | **४,०५,००,०००** | |

अक्षय कोष व्यवस्थापन सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरू निम्नानुसार छन्ः-

• अक्षय कोष सम्बन्धी सम्झौता पत्रमा अक्षय कोषको रकम र खर्च विवरण निर्धारित कार्यक्रम समाप्त भएपछी प्रथम पक्ष समक्ष पेश गर्ने उल्लेख भएको,

• महानगरपालिकाले विगत वर्षहरूमा समेत अक्षय कोष उपलब्ध गराएको मौखिक जानकारी दिएता पनि त्यसको अद्यावधिक विवरण सहितको लगत नराखेको,

• अक्षय कोष खर्च नगरी त्यसको ब्याजबाट मात्र खर्च गर्ने उल्लेख भएता पनि त्यस्तो कोषको बैंक खाता खोल्ने तथा संचालन गर्ने सम्बन्धमा कुनै वेहोरा उल्लेख नगरेको,

• अक्षय कोषको रकम सदुपयोग/उपयोग बारे सम्बन्धित विभागबाट अनुगमन नभएको,

• अक्षय कोषको बिउपूँजीको स्वामित्व र अधिकार उपर स्पष्ट उल्लेख नभएको,

प्रस्तुत सन्दर्भमा अक्षय कोषका लागि छुट्टाछुट्टै रकम उपलब्ध गराउँदा कोषको संरक्षण, सदुपयोग तथा अभिलेख समेतमा विश्वस्त हुन सक्ने अवस्था देखिएन । त्यसैले त्यस्ता अक्षय कोषमा रहेको रकम महानगरपालिकाकै स्वामित्व र नियन्त्रणमा ल्याई अक्षय कोषका लागि मात्र छुट्टै एक बैंक खाता संचालन गरी प्राप्त हुन आउने ब्याज रकम कोषको अनुपात र खर्चको बिल भर्पाईका आधारमा सम्बन्धित संस्थाहरूलाई भुक्तानी दिने व्यवस्था मिलाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२४ **प्रतिष्ठान/फाउन्डेसन/संघसंस्थालाई अनुदानः-**

प्राप्त विवरण अनुसार महानगरपालिकाले गत विगत वर्ष देखि नै संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम र महानगरपालिकाबाट स्वीकृत नीति तथा कार्यक्रम अनुसार विभिन्न विशिष्ट व्यक्तिहरूका नाममा स्थापना भएका प्रतिष्ठान, फाउन्डेसन तथा अन्य संघसंस्थाहरूलाई अनुदान रकम वितरण गरेको छ । यसरी अनुदान वितरण गरेका केही उदाहरणहरू देहाय बमोजिम रहेका छन्ः-

| क्र.स. | प्रतिष्ठान/फाउन्डेसन/संघसंस्थाका नाम | आर्थिक वर्ष ०७९/८० | आर्थिक वर्ष ०८०/८१ |
|---|---|---|---|
| १ | मदनभण्डारी स्पोर्टस एकोडेमीलाई कार्यक्रम अनुदान | ३०००००० /- | ५००००००/- |
| २ | वि.पि.कोईराला प्रतिष्ठान | १२००००००/- | |
| ३ | पुष्पलालस्मृति प्रतिष्ठान | १२००००००/- | |
| ४ | गणेशमानसिंह प्रतिष्ठान | १२००००००/- | ५००००००/- |
| ५ | जि.पि कोईराला प्रतिष्ठान | १२००००००/- | |
| ६ | सुशिल कोईराला प्रतिष्ठान | १२००००००/- | |
| ७ | रामराजाप्रसाद सिह प्रतिष्ठान | ७५०००००/- | |
| ८ | गजेन्द्रनारायण सिह प्रतिष्ठान | ७५०००००/- | |
| ९ | पोष्टबहादुर बोगटी फाउण्डेशन | ७५०००००/- | |
| १० | शहिद प्रतिष्ठान नेपाल | ७५०००००/- | |
| ११ | शहिद तथाबेपत्ता योद्धा सन्तती फाउन्डेशन नेपाल | ७५०००००/- | |
| १२ | इन्द्रेणीसास्कृतिक विकास केन्द्र | ७५०००००/- | |
| १३ | प्रज्ञास्मृति प्रतिष्ठान चितवन का.म.पा. रुद्रमती | ७५०००००/- | |
| १४ | महेन्द्रनारायण नीधी स्मृति प्रतिष्ठान | ६००००००/- | |
| १५ | मोति देवी स्मृति केन्द्रलाई कार्यक्रम अनुदान | | १००००००/- |
| १६ | कृष्ण प्रसाद भट्टराई अध्यायन केन्द्रलाई कार्यक्रम अनुदान | | ३००००००/- |
| १७ | त्रिभुवन विश्व विद्यालय, नेपाल भाषा ई लाइब्रेरी स्थापना सहयोग अनुदान | | २००००००/- |
| १८ | शान्ति फाउण्डेशनलाई कार्यक्रम सहयोग अनुदान | | ९०८३२३/ - |
| १९ | आर.सि.टि. क्लव फुटवल प्रशिक्षण कार्यक्रम सहयोग अनुदान | | २००००००/- |
| २० | मनमोहन मेमोरीयल क्रिकेट सेन्टर र मनमोहन स्मृतिलाई सहयोग अनुदान | | २५०००००/- |
| २१ | वि.पि कोइराला अध्यायन अनुसन्धान केन्द्रलाई कार्यक्रम सहयोग अनुदान | | ३००००००/- |
| २२ | बौद्ध बहुमुखी क्याम्पस कार्यक्रम सहयोग अनुदान | | २००००००/- |
| २३ | मानव सेवा आश्रमलाई घर भाडा, व्यवस्थापन तथा स्क्रिनङ्ग सहयोग अनुदान | | १००००००००/- |
| २४ | बिभिन्न संघ संस्था कार्यक्रम सहयोग अनुदान | | ७९५८६००/ - |
| २५ | नेपाल वाल संगठन कार्यक्रम सहयोग अनुदान | | ५००००००/- |
| २६ | मनमोहन स्मृति प्रतिष्ठानलाई कार्यक्रम अनुदान | | २५०००००/- |
| २७ | हिरण्य अन्तराष्ट्रिय मैत्री पुस्तकालय कार्यक्रम सहयोग | | २००००००/- |
| २८ | मंगलादेवी सिंह फाउण्डेशनलाई कार्यक्रम अनुदान | | ५००००००/- |
| | **जम्मा** | **१२१५०००००/-** | **५८८६६९२३/-** |

उल्लिखित अनुदान वितरण सम्बन्धमा देखिएका थप व्यहोराहरू देहाय बमोजिम छन्:-

• संघीय तथा प्रदेश सरकार तथा महानगरपालिकाको सिमित आर्थिक स्रोतबाट विभिन्न व्यक्तिका नाममा खुलेका प्रतिष्ठान/फाउन्डेसन तथा संघ संस्थालाई अनुदान उपलब्ध गराउनुको आवश्यकता र औचित्य पुष्टि गर्नुपर्ने देखिएको,

• सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । महानगरपालिकाले अनुदान सहयोगको अनुगमन नगरेकोले कुन कुन काममा के कति खर्च भयो एकिन हुन सक्ने अवस्था छैन । तसर्थ अनुदानको अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्दछ,

• महानगरपालिकाले गत विगतमा समेत यस्ता प्रकारका अनुदान बितरण गर्दै आएकोमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन,

• प्रत्येक वर्ष विभिन्न प्रतिष्ठान/संघ/संस्था लाई अनुदान दिई रहनु उचित देखिदैन । यस्त किसिमका अनुदानलाई महानगरपालिकाले नियन्त्रण गर्नु पर्दछ र

• सार्वजनिक कोष मार्फत् अनुदान उपलब्ध हुनु तथा अनुदान रकमको सम्भावित दुरूपयोगको अवस्थाले विशिष्ट व्यक्तिहरूको प्रतिष्ठा एवं ख्यातिमा पर्न सक्ने नकारात्मक असर समेतलाई विचार सिमित आर्थिक स्रोतलाई राज्यका आधारभूत क्षेत्रमा प्रयोग गर्नका लागि यस्तो अनुदान प्रणालीको आवश्यकता र औचित्य बारे समिक्षा एवं पूनरावलोकन गर्नुपर्ने देखिन्छ ।

२५ **पोशाक खर्चः**- (१६०७-२०८०-८-२४):

वाग्मती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ बमोजिमको सुविधा दिनसक्ने व्यवस्था छ । उक्त सुविधा सम्बन्धी ऐनमा पदाधिकारीलाई पोशाकको व्यवस्था गरेको देखिदैन । सो ऐनमामा भएको व्यवस्था विपरित हुने गरी महानगरपालिकाले काठमाण्डौ महानगरपालिका जनप्रतिनिधिको सुविधा सम्वन्धी ऐन, २०७९ वनाई दफा १२ मा पोशाक भत्ताको व्यवस्था गरेको छ । कानून वाझिने गरी कानून वनाई पदाधिकारी पोशाक सुविधा वापत पोशाक खरिदको लागि प्रति प्रतिनिधि रू १५००० का दरले १६१ जनाको रू २४१५०००/- खर्च लेखेको रकम भुक्तानी गर्न नमिल्ने हुँदा कर कट्टि गरी भुक्तानी भएको प्रति व्यक्ति रू १४८५०/- का दरले १६१ जना सम्वन्धित पदाधिकारीहरू वाट रू.२३९०८५०/- असुल गरी दाखिला गर्नुपर्ने रू .......

**(विस्तृत विवरण बेरूजु दफा २५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,९०,८५० |

२६ **लोगो खर्चः**-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता कार्यदक्षता, प्रभावकारीता औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । महानगरपालिकाले महानगरका १६२ पदाधिकारीको लागि ४८६ ग्राम सुन र १९४४ ग्राम चाँदी राखी लोगो बनाउनको लागि रू ५१४९११२/२० नेपाल राष्ट्र बैंकलाई भुक्तानी गरेको छ । त्यस्तै लोगो निर्माणको लागी डाइस निर्माण गर्न उत्तम ह्याण्डी क्राफ्टलाई रू ३५३००/- र ज्याला रकम घरेलु तथा साना उद्योग कार्यालय ललितपुरलाई रू ४०५०००/-समेत रू ५५८९४१२/२ खर्च लेखेको छ । यसरी हेर्दा प्रति एक लोगोको रू ३४५०२/- पर्न आउँछ । महानगरपालिकाले लोगो निर्माण गर्दा खरिदमा मितव्ययीता हुने गरी सामान्य प्रकृतिको बनाउँदा पनि हुनेमा सुन चाँदी राखी गरेको खर्च औचित्यपूर्ण देखिदैन ।

२७ **शहरी योजना आयोगः**-

काठमाडौं महानगरपालिका शहरी योजना आयोग (गठन तथा संचालन कार्यविधि) ऐन, २०७५ को व्यवस्था अनुसार प्रमुख, उप-प्रमुख र प्रमुख प्रशासकीय अधिकृत सहित १३ जना सदस्यीय शहरी योजना आयोग रहने व्यवस्था भएकोमा हाल उपाध्यक्ष सहित ६ जना पदाधिकारी कार्यरत रहेका छन् । आयोगले सम्पादन गर्ने प्रमुख कार्यहरूमा दीर्घकालीन शहरी विकास योजना निर्माण, शहरी पूर्वाधार मापदण्ड तयारी, विकास योजनाको अनुगमन मूल्यांकन, गुणस्तरीय पूर्वाधार निर्माण, डि.पि.आर. निर्माण लगायत अन्य पालिकाका अन्य विषयगत कार्यहरूमा सहयोग गर्नु रहेको छ ।उपाध्यक्ष १ र सदस्य ५ लाई क्रमश: विशिष्ट श्रेणी र राजपत्रांकित प्रथम श्रेणी सरहको तलब सुविधा र आयोगमा विभिन्न विषयका विज्ञका रूपमा छैठौं, सातौं र आठौं तहको तलब भत्ता भुक्तानी हुने गरी १५ सहायक विज्ञहरू कार्यरत रहेका छन् । उनीहरूका लागी यस वर्ष रू २ करोड ९५ लाख विनियोजन गरेको मा रू १ करोड ८९ लाख ७ हजार खर्च भएको छ । यस सम्बन्धमा छलफल गर्दा विगतमा डि.पि.आर. लगायतका अन्य कार्यमा ठूलो धनराशी खर्च हुने गरेकोमा हाल प्राय:

डि.पि.आर. सम्बन्धी सबै कार्यहरू आयोगबाट नै हुने गरेको महानगरपालिकाको भनाई छ । साथै यसका अतिरिक्त सेवा करार वा परामर्श सेवामा काम लगाउन सक्ने ऐनमा भएको व्यवस्था बमोजिम आयोगले नगरसभाबाट पारित विभिन्न कार्यक्रममध्ये करियर क्याम्प सञ्चालन गरी २२ जना प्रशिक्षार्थी लाई नियुक्ति गरी पारिश्रमिक बापत कुल जम्मा रू ४९८१७९१/- खर्च गरेको छ ।यद्यपि यस प्रकारको आयोग गठन गरी सदस्य तथा विज्ञहरू नियुक्ती गर्दा प्रचलित संघीय र प्रदेश कानून समेतलाई मध्यनजर गरी तलब भत्ता भुक्तानी गर्ने एवं सार्वजनिक खर्च मितव्ययिता कायम गर्नु पर्ने र शहरी योजना आयोगको कार्यबोझको आधारमा विज्ञहरू राखी प्राप्त उपलब्धिलाई मध्यनजर गरी औचित्य पुष्टि हुने गरी विनियोजन तथा खर्च गर्नु पर्दछ ।

२८ **कानूनी सल्लाहकारः-**

महानगरपालिकाले कानूनी सल्लाहकारको रूपमा ५ जनालाई नियुक्त गरी यस वर्ष रू ३४ लाख ६५ हजार भुक्तानी गरेको छ । हाल महानगरपालिकामा करिब १८३ मुद्दा अदालतमा विचाराधिन रहेको र ती मुद्दाहरू प्रतिरक्षाका लागि मुद्दाको लिखित जवाफ तयार गर्ने, अदालती बहस पैरवी एवं कानूनी प्रतिरक्षा गर्ने लगायतका कार्यहरू कानूनी सल्लाहकार मार्फत् हुँदै आएका छन् ।

२९ **सामाजिक सुरक्षा कोष कट्टीः-**

योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १३ मा सामाजिक सुरक्षा योजनामा योगदान गरेको योगदानकर्ता कोषमा सूचीकरण भएको दिन देखि निज कोषले सञ्चालन गर्ने सामाजिक सुरक्षा योजनामा सहभागी भएको मानिने उल्लेख छ । त्यस्तै दफा २१ मा सरकारी सेवामा बहाल रहेको व्यक्ति वा सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्तिको सूचीकरण सम्बन्धी व्यवस्था नेपाल सरकारले तोके बमोजिम हुने उल्लेख छ । महानगरपालिका कार्यपालिकाको मिति २०७९/५/१२ को निर्णयानुसार महानगरपालिकामा कार्यरत करार सेवाका कर्मचारीको तलबबाट ११ प्रतिशत रकम कट्टा गरी उक्त रकममा तलबको २० प्रतिशत रकम महानगरपालिकाले थप गरी हुन आउने तलबको ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा दाखिला गरेको छ । यो वर्ष श्रावण देखि चैत्र महिना सम्मको सामाजिक सुरक्षा कोषमा करारका कर्मचारीलाई महानगरपालिकाको तर्फबाट रू ९७११५३३/९४ भुक्तानी दिएको देखिन्छ । यसरी दिएको भुक्तानी प्रचलित कानूनी व्यवस्था एवं संघीय र प्रदेश सरकारले अवलम्वन गरेको अभ्यास अनुकुल समेत देखिएन । तसर्थः उक्त खर्च भुक्तानी गर्न मिल्ने आधार पेश नभएकोले महानगरपालिकाबाट भुक्तानी भएको रकम नियसम्त नदेखिएको रू.......

| | |
|---|---|
| अनियमित भएको | ९७,११,५३३.९४ |

३० **कर्मचारी आन्तरिक पर्यटन/पून:ताजकी कार्यक्रमः-**

वाग्मती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६९(२) अनुसार उपदफा (१) बमोजिम स्थानीय सेवाका कर्मचारीको तलब, भत्ता र अन्य सुविधा नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ । महानगरपालिकाले आन्तरिक पर्यटन प्रर्बद्धन तथा पून:ताजकी गर्ने उद्देश्यले आन्तरिक पर्यटन प्रबर्द्धन कार्यविधि, २०७९ स्वीकृत गरी आन्तरिक पर्यटन भ्रमण/काज वापत यस वर्ष रू ५ करोड बजेट व्यवस्था भएकोमा रू १ करोड ६८ लाख ९३ हजार खर्च गरेको छ । महानगरपालिकाले प्रचलित प्रदेश कानूनसँग प्रतिकुल हुने गरी स्थानीय कानूनका आधारमा गरेको उक्त खर्च नियम सम्मत नदेखिएको रू.......

| | |
|---|---|
| अनियमित भएको | १,६८,९३,१०५ |

३१ **पदाधिकारी आन्तरिक पर्यटन/भ्रमण कार्यक्रमः-**

वाग्मती प्रदेशको स्थानीय तहका पदिधकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२, १३ र १४ मा पदिधकारी सुविधमा सम्बन्धी व्यवस्था गरिएको छ । जस अनुसार महानगरपालिकाले यस ऐनले तोकेको भन्दा बढी सुविधा निर्धारण गर्न नसक्ने तथा यस ऐनमा भए बाहेकका अन्य सुविधमा प्रदेश सरकारले समय समयमा निर्धारण गरे बमोजिम हुने उल्लेख छ । तर महानगरपालिकाले आन्तरिक पर्यटन प्रबर्द्धन तथा पून:ताजकी गर्ने उद्देश्यले जनप्रतिनिधका लागि काठमाडौं महानगरपालिका जनप्रतिनिधि आन्तरिक पर्यटन/भ्रमण कार्यक्रम कार्यान्वियन निर्देशिका, २०७७ स्वीकृत गरी यस वर्ष रू ५० लाख बजेट व्यवस्था भएकोमा रू २६ लाख १४ हजार खर्च गरेको छ । महानगरपालिकाले प्रचलित प्रदेश कानूनसँग प्रतिकुल हुने गरी स्थानीय कानूनका आधारमा पदाधिकारीलाई गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रू .....

| | |
|---|---|
| अनियमित भएको | २६,१३,९८०.९६ |

३२ **वैदेशिक भ्रमणः-**

स्थानीय तहका पदाधिकारीहरूको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५ बुँदा नं. ४ मा महानगरपालिकाको प्रमुखको विदेश भ्रमणका लागि मनोनयन गर्ने अधिकार नेपाल सरकारको हुने उल्लेख छ । साथै निर्देशिकाको बुँदा नं. ८(१) मा दफा ५ बमोजिम सम्बन्धित स्थानीय तहको सिफारिसमा मनोनयन भएको पदाधिकारीले सम्बन्धित स्थानीय तहबाट भ्रमण खर्च पाउने र यस बमोजिम बाहेक विदेश भ्रमण गर्ने पदाधिकारीले भ्रमण वापतको खर्च कुनै पनि सरकारी कोषबाट नव्यहोरिने उल्लेख छ । त्यस्तै स्थानीय तहका कर्मचारीहरूको विदेश भ्रमण सम्बन्धी निर्देशिका, २०७५ बुँदा नं. ४ मा कर्मचारीको विदेश भ्रमणका लागि राजपत्रांकित विशिष्ट श्रेणी र राजपत्रांकित प्रथम श्रेणी बाहेक अन्य कर्मचारीको हकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सचिवले मनोनयन गर्ने व्यवस्था छ । महानगरपालिकाबाट देहाय बमोजिम पदाधिकारी तथा कर्मचारी वैदेशिक भ्रमण गरी रू ५२५४०७७/७५ खर्च लेखेकोमा निर्देशिकामा तोकिए बमोजिम मनोनयन बेगर वैदेशिक भ्रमण गरेको देखिएकोले भुक्तानी भएको खर्च रकम नियमसम्मत नदेखिएको रू.....

| क्र.स. | भौ. नं. र मिति | भ्रमणको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ४२६२-०८१/०१/३१ | का.म.पा. प्रमुखको फ्रान्सको पेरिस स्थित ७७ औ क्यानेस फिल्म फेस्टिभलको भ्रमण खर्च रू | १४४७०६/५० |
| २ | ५०९१-२०८१/०३/०२ | का. म. पा. प्रमुखको फ्रान्सको पेरिस स्थित ७७ औ क्यानेस फिल्म फेस्टिभलको भ्रमण खर्च रू | ६२५३१/२५ |
| ३ | ५७२२-२०८१/०३/०२ | कार्यपालिकाको मिति २०८१/०३/१० स्वीकृतको निर्णय बमोजिम का.म.पा. प्रमुख र सल्लाहकार सुनिल लम्साल ब्राजिलको south Paulo मा metropolis board of direction meeting सहभागिताको हवाई भाडा खर्च भुक्तानी रू | १०२३०००/- |
| ४ | ५७२३-२०८१/०३/१८ | कार्यपालिकाको मिति २०८१/०३/१० स्वीकृतको निर्णय वमोजिम का.म.पा. प्रमुख र सल्लाहकारद्वय सुनिल लम्साल र कुमार व्यन्जनकार समेतको फ्रान्सको पेरिस स्थित ७७ औ क्यानेस फिल्म फेस्टिभलको लागि भ्रमण खर्च भुक्तानी रू | २०४९१६५/- |
| ५ | ६७०-०८०/९/२ | काठमाण्डौ महानगरपालिका कर्मचारी, सामुदायिक विद्यालयका प्रधानध्यपक तथा शिक्षकहरूको नेपालका विभिन्न स्थान, भारत र वंगला देशमा शैक्षिक अध्ययन अवलोकन भ्रमणको नेपाल साम्भि टुर्स एण्ड ट्रभाल प्रा.लि.लाई भुक्तानी रू | १९७४६७५/- |
| | | जम्मा रू | ५२५४०७७/७५ |
| | | अनियमित भएको | ५२,५४,०७७.७५ |

३३ **इन्धन खर्चः-**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७७ को बूँदा ७.१.१६ अनुसार सवारी साधन सुविधा पाउने पदाधिकारीलाई ईन्धन सुविधा पाउने गरी मापदण्ड तयार गरेको छ । महानगरपालिकामा टिपर, ट्रक, ट्यांकर एक्साभेटर, लोडर, ब्रुमर लगायतका विभिन्न प्रकारका सवारी साधन रहेकोमा सवारी साधनको लागि पाउने ईन्धन सुविधा सम्बन्धमा मापदण्ड कार्यविधि बनाएको छैन । महानगरपालिकाबाट प्राप्त विवरण अनुसार चालु हालतमा रहेको मोटरसाइकल -१२७, फोहर ढुवानी गर्नेको लागि टिपर ५८, कन्टेनर ५, ट्रक १३, फोहोर व्यवस्थापन कार्यको लागि लोडर ३, एक्साभेटर ३ र डोजर २, ढल खोल्ने कार्यमा प्रयोगको लागि जेटिङ्ग ट्रक ४, जेट २, पानी ढुवानी तथा छर्कने कार्यको लागि जेट १, जेटिक ट्रक २ र ट्यांकर ६, सडक वढाने कार्यको लागि इटालियन ब्रुमर ७ र चाइनिज ब्रुमर २, महानगर प्रहरी वलले प्रयोग गर्दै आएको ट्रक ५, मिनि ट्रक २, टाटा मोवाइल डि आइ ३, टाटा पिक जेनन ३, टाटा पिक अप योदा २, टाटा टेल्को लाइन ३, फोटोन पिकअप ३ र निशान किक्स १, विभिन्न शाखा तथा महाशाखामा प्रयोग भएका कार ३९, फोटन पिक २, निशान किक्स ३ गरी जम्मा सवारी साधन ३०४ संचालनमा रहेको देखिन्छ । यस वर्ष महानगरपालिकाले ईन्धन वापत रू २२६७७५६१४/७३ खर्च गरेको छ । इन्धन खर्च गर्दा मापदण्ड बनाई खर्च गर्नुपर्दछ ।

३४ **पदाधिकारी अन्य सुविधाः-**

बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ बमोजिमको सुविधा दिनसक्ने व्यवस्था छ । सो दफामा अतिरिक्त सुविधा दिने कुनै व्यवस्था छैन । महानगरपालिकाले कार्यापालिकाबाट २०८०/१०/१८ मा निर्णय गराई ३२ वडाका पदाधिकारीहरूलाई विहान वेलुका योजना तथा राजस्व अनुगमनमा

खटिएवापत यातयात खर्चको रूपमा २०८०/१०/१८ देखि थप सुविधा वापत दैनिक रू ५००/- का दरले रू ४७२२००००/- बजेट विनियोजन गरी रू.३१६५८०६०/- भुक्तानी गरेको छ । यसरी पदाधिकारी सुविधा सम्बन्धित ऐन विपरित हुने गरी महानगर कार्यपालिकाले निर्णय गरी खर्च गरेको रकम औचित्यपूर्ण देखिदैन ।

३५ **कर्मचारी प्रोत्साहन भत्ताः-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । महानगरपालिकाले कार्य सम्पादन सूचक, कार्य प्रगति र कार्यक्षमताको मूल्यांकन बेगर कार्यपालिकाको निर्णयका आधारमा अतिरिक्त समय कार्य गरे वापत आधारभूत तलबको अधिकतम् मासिक ५० प्रतिशत सम्मका दरले हुन आउने गरी यस वर्ष रू १७९१०३०००/- प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । महानगरपालिकाले प्रोत्साहन भत्ता खर्च लेख्दा कार्य सम्पादन सूचक, कार्य प्रगति र कार्यक्षमताको मूल्यांकन गरी सो अनुसार हुने व्यवस्था पर्दछ ।

३६ **महानगर भत्ताः-**

वाग्मती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ६९(२) अनुसार उपदफा (१) बमोजिम स्थानीय सेवाका कर्मचारीको तलब, भत्ता र अन्य सुविधा नतोकेसम्म नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ । महानगरपालिकाले प्रदेश कानूनमा व्यवस्था भएको बाहेक महानगरमा कार्यरत कर्मचारीहरूलाई मासिक रू ३,०००।०० दरले महानगर भत्ता वापत रू ६ करोड २६ लाख ९६ हजार खर्च लेखेको छ । यसको अतिरिक्त प्रोत्साहन भत्ता समेत प्रदान गर्दै आएको छ । कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५(१)(घ) र दफा १५(३) को व्यवस्था समेत विचार गर्दै वाग्मती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को व्यवस्था अनुकुल हुने गरी मात्र कर्मचारीलाई थप सेवा सुविधा थप उपलब्ध गराउनु पर्दछ ।

३७ **वितरणमुखी खर्चः-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । साथै स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेत कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परिक्षण गर्दा महानगरपालिकाले नगद अनुदान र सास्कृतिक कार्यक्रम लगायत अन्य समाग्रीमा रू ९७२२४६००/२७ भुक्तानी दिएको छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट महानगरपालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । वितरणमुखी यस प्रकारको नियन्त्रण गर्नुपदर्छ । केहि उदाहरण निम्नानुसार छन्ः-

| क्र.सं. | गो.भौ.नं. र मिति | बिबरण | भुक्तानी रकम रू |
|---|---|---|---|
| १ | विभिन्न भौचर र मिति | परम्परागत वाजा सिकाउने गुरूहरूलाई सम्मान | ८२७४१७२/ |
| २ | विभिन्न भौचर र मिति | विभिन्न स्थानीय जात्रा पर्व र परम्परागत पुजा सञ्चालन खर्च | १२४८००००/- |
| ३ | विभिन्न भौचर र मिति | २३ गुँला बाजं खलः २४ वटा गुथि लाई दुई लाख को दरले कार्यक्रम नगद अनुदान | ४८०००००/- |
| ४ | विभिन्न भौचर र मिति | ४७ टोलका परम्परागत ५० वटा गुथि / खलः हरुलाई दुई लाख का दरले मौलिक संस्कृति संरक्षण नगद अनुदान | १००००००००/- |
| ५ | विभिन्न भौचर र मिति | ६३ टोलका परम्परागत ६७ वटा गुथि / खलः हरुलाई दुई लाख का दरले मौलिक संस्कृति संरक्षण अनुदानको | १३४००००००/- |
| ६ | विभिन्न भौचर र मिति | गुठी, बाजा खलः, भजन खलः, जात्रा, परम्परागत नाचलाई परम्परागत बाजा व्यवस्थापन र संरक्षण खर्च | ६२९४४००/- |
| ७ | विभिन्न भौचर र मिति | व्रजकला कुन्ज कार्यक्रम सहयोग | २४०००००/- |
| ८ | विभिन्न भौचर र मिति | २० वडा भिमसेनस्थान स्थित भिमसेन भगवानको १२ वर्षे पूजा कार्यक्रमको लागि नगद अनुदान | १२४००००/- |
| ९ | विभिन्न भौचर र मिति | डवलीको अध्ययन अनुसन्धान, दबु प्याखँ १ र साहित्यिक कार्यक्रम १ का लागि नेपाल मण्डल लिट्रेचर कल्चरल ट्रष्टलाइ अनुदान | ३२०००००/- |
| १० | विभिन्न भौचर र मिति | मानन्धर सनाःगु खलः न्हूसाः | ८०००००/- |
| ११ | विभिन्न भौचर र मिति | वज्रयान विहार लुम्विनि परिसर सुधार तथा सौन्दर्यीकरण कार्यको लागि अनुदान | ३००००००/- |
| १२ | विभिन्न भौचर र मिति | महानेहरुको पारिश्रमिक एवं पूजा व्यवस्थापन खर्च | २१४३००५/- |
| १३ | विभिन्न भौचर र मिति | परम्परागत एवं स्थानीय तथा मौलिक बाजा लगायतका सामाग्रीहरु तथा प्रशिक्षण सहयोग | ८४७५०४३/- |
| १४ | विभिन्न भौचर र मिति | संघसंस्थाहरुको सहकार्यमा हुने पर्यटन प्रवर्धन कार्यक्रम | २९७१४१५/८५ |
| १५ | विभिन्न भौचर र मिति | भगिनी शहरहरु र अतिथीहरुलाई स्वागत, उपहार र आतिथ्यता खर्च | ९५५०८३/८६ |
| १६ | विभिन्न भौचर र मिति | जात्रापर्वहरूको अन्तराष्ट्रियस्तरमा प्रचार प्रसार र साँस्कृतिक आदानप्रदान कार्यक्रम स्वदेश तथा विदेश | ५५६०७८३/२० |
| १७ | विभिन्न भौचर र मिति | मागका आधारमा विभिन्न तालिम हरु सन्चालन अनुदान | ८०३०६९७/३६ |
| १८ | विभिन्न भौचर र मिति | प्रमुख तेक्वाण्डो कपको जैशीदेवल युथ क्लबलाइ कार्यक्रम सहयोग | ३२०००००/- |
| | | जम्मा रू | ९७२२४६००/२७ |

### ३८ सार्वजनिक निजी साझेदारी

महानगरपालिकामा सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत कार्यान्वयन हुने परियोजनाहरूको सम्भाव्यता अध्ययन तथा विकासकर्ता छनौट गर्न, परियोजनाहरूको निर्माण, सञ्चालन तथा अन्य विषयहरूमा सहजीकरण गर्न प्रमुख मातहत रहने गरी नीजि साझेदारी कार्यान्वयन ईकाई रहेको छ । उक्त इकाई अन्तर्गत यस अवधारणा अनुसार हाल विभिन्न सम्झौताहरू भई कार्यक्रम संचालन भईरहेका तथा आगामी दिनमा संचालन हुन सक्ने योजनाहरूको अध्ययन सम्बन्धी कार्य भईरहेको छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरू देहाय बमोजिम छन्:-

**(क)** इकाइको काम सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने स्वीकृत परियोजनाको परियोजना बैंक तयार गरी अध्यावधिक गर्ने, सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन हुने परियोजनाको सम्भाव्यता अध्ययन, परियोजना तयारी विषयका विवरणको मूल्याङ्कन गरी

राय प्रतिक्रिया दिने, सार्वजनिक निजी साझेदारीमा संचालित परियोजनाहरूको कार्यान्वयनको अवस्थाको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक राय, प्रतिक्रिया तथा सुझाव दिने, सार्वजनिक निजी साझेदारी परियोजनासँग सम्बन्धित सूचनाहरू संकलन गरी अभिलेखीकरण गर्ने लगायतको कार्यजिम्मेवारी रहेकोमा सो अनुसारका क्रियाकलापहरू रहेको पाइएन ।

**(ख)** संचालित योजनाहरूको प्रगति र कार्यान्वयन अवस्था, महानगरलाई प्राप्त भएको लाभ, देखिएका समस्या तथा निराकरणका उपाय बारे सम्बन्धित इकाईबाट प्रभावकारी अनुगमन/मूल्याङ्कन एवं अध्ययन कार्य नभएको, सम्भाव्य नयाँ योजनाहरूको खोजी र पहिचान गर्ने तर्फ समेत इकाई क्रियाशिल नरहेको, विगतमा गरिएका सम्झौताहरूमा रहेका त्रुटी एवं कमी-कमजोरी पहिचान गरी प्रचलित कानूनी व्यवस्था बमोजिम सम्झौताका शर्तहरू संशोधन एवं पूनरावलोकन गर्ने तर्फ कारबाही नगरेको अवस्था छ । त्यसैले उल्लिखित विषयहरूका अलवा यस क्षेत्रमा देखा परेका नवीन अवधारणा बारे समेत अध्ययन/अनुसन्धान एवं विश्लेषण गर्दै साविकका सम्झौतामा भएका कमजोरीको पूनरावलोकन गरी निजी सार्वजनिक साझेदारी इकाईको संस्थागत कार्य क्षमता सुधार गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३९ **Smart vehicle parking**

काठमाण्डौ महानगरपालिकार ह्विल्स ट्रलि योर्स एडगुरू एडभरटाईजिङ्ग प्रा.लि विच २०७५ साल माघ ८ गते भएको सम्झौता अनुसार न्युरोडको केहिभाग तथा दरवारमार्गमा आधुनिक प्रविधिको प्रयोग गरी सवारी साधन पार्किङ्ग गर्ने कार्यका लागि ५ वर्षको लागि सम्झौता भएको छ । सम्झौताको बुँदा नं ११ अनुसार करार अवधिको अघिल्लो ३ वर्ष प्रत्येक सवारी साधनको प्रति सवारी पार्किङ्ग शुल्कको २० प्रशितशत र त्यसपछिका वर्षहरूका लागि ३० प्रतिशत काठमाण्डौ महानगरपालिकाले रोयल्टी वापत प्राप्त गर्ने छ । तर पेश गरीएको प्रस्ताव भन्दा कम हुने छैन भनि उल्लेख छ । सो सम्बन्धी देखिएका वेहोरा देहाय बमोजिम रहेका छन् ।

३९.१ **(क)** महानगरपालिकाले सम्झौता अवधि देखि २०८०।१०।७ सम्म रू ४५२१९२३०.४६ मा १५ प्रतिशत कर रू ६७८२८८४.५७ कट्टी गरी रू ३८४३६३४५.९० रोयल्टी प्राप्त गरेको विवरण पेश गरेको छ । तर उक्त अवधिमा के कति सवारी साधन पार्किङ्ग भए सो को अभिलेख पेश नभएकोले प्राप्त रकम सम्बन्धमा यकिन हुन सक्ने आधार देखिदैन । उक्त सम्झौता अवधि २०८०।१०।७ सम्म रहेकोमा अवधि समाप्त भएको र महानगरपालिकाबाट पार्किङ्ग समेत हटाएको अवस्था छ ।

**(ख) अग्रिम करः-** प्रा.लि. ले सम्झौता अनुसार विक्री रकमको ३० प्रतिशत महानगरपालिकालाई भुक्तानी गर्नुपर्नेमा उक्त रकममा १५ प्रतिशतले हुने रू २१४३८७४.९० अग्रिम कर कट्टी गरी बाँकी रकम भुक्तानी गरेको देखिन्छ । महानगरपालिका कर छुट हुने संस्था भएकोले महानगरलाई प्राप्त हुने आम्दानीमा कर कट्टी गर्न मिल्ने देखिदैन । त्यसैले कट्टी भएको रकम आन्तरिक राजस्व कार्यालयको राजस्व खातामा महानगरपालिकाको नामबाट दाखिला भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम सम्बन्धित प्रा.लि. बाट असुल हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २१,४३,८७५ |

३९.२ **जरिवान असुल हुनुपर्नेः** महानगर र प्रा.लि बिच भएको सम्झौताको बुँदा नं ११ मा रोयल्टी रकम प्रत्येक चौमासिकमा दाखिला गर्नुपर्ने नभएमा १० प्रतिशत जरिवान असुल गर्नुपर्ने उल्लेख छ । प्रा.लि. ले यस वर्ष निम्नानुसार रकम दाखिला गरेकोमा सम्झौता अनुसार ढिला दाखिला गरेको देखिएकोले ढिला दाखिला भएको रकममा जरिवाना असुल हुनुपर्ने रू......

| किस्ता बुझाउनुपर्ने मिति | बुझाएको मिति | ढिला बुझाएको दिन | किस्ता रकम | जरिवाना |
|---|---|---|---|---|
| २०८०।२।२२ | २०८०।४।११ | ५१ | ४७२३७६८ | ६६००३ |
| २०८०।६।२२ | २०८०।८।७ | ४३ | ४८४१८७० | ५७०४१ |
| २०८०।१०।८ | २०८०।१२।९ | ५९ | २५८२९८४ | ४१७५२ |
| जम्मा | | | | १६४७९६ |
| जरिवाना तिरेको | | | | ४३०५० |
| बाँकी रकम | | | | १२१७४६ |

| असुल गर्नुपर्ने | १,२१,७४६ |
|---|---|

४० **सोलार बत्ति जडान गरी पोलमा विज्ञापन**

काठमाडौं महानगरपालिका र वि.के.ट्रेडर्श एण्ड सप्लायर्स बिच सार्वजनिक निजी साझेदारी कार्यक्रम अनुसार ए, बि र सि गरी तीन सेक्टरमा सोलार बत्ती जडान गरी पोलमा विज्ञापन राखे वापत १ वर्षको निर्माण अवधि बाहेक १० वर्षको लागि २०७३।७।३ मा निम्नानुसार सम्झौता भएको देखिन्छ ।सम्झौतामा द्वितीय पक्षले सोलार जडित पोलमा विज्ञापन राखे वापत वार्षिक रूपमा प्रति पोल रू ८७००/- का दरले रोयल्टी बुझाउनु पर्ने र महानगरपालिकाले स्वीकृत गरे अनुसारको विज्ञापन कर समेत असुल गर्नुपर्ने साथै निर्माण अवधि १ वर्ष बाहेक प्रत्येक वर्ष द्वितीय पक्षले कबोल गरेको कुल अङ्कमा ५ प्रतिशतका दरले रोयल्टी बृद्धि हुदै जाने र सम्झौता अनुसारको रकम प्रत्येक ३/३ महिनामा अग्रिम रूपमा बुझाउनु पर्ने उल्लेख छ । महानगरबाट प्राप्त विवरण अनुसार ३ वटा सेक्टरको रू ७४८५६४८८/८३ र सो को जरिवाना असुल हुन बाँकी देखिन्छ । सम्झौता भएपछि ३ सेक्टरमध्ये सेक्टर A को रोयल्टी २००००००/- बुझाएकोमा अरू रूकम नबुझाएको र सम्झौता अनुसारको विज्ञापन कर समेत बुझाएको पाइएन । यसरी सम्झौता गर्ने तर सो को कार्यान्वियन नभएको सम्बन्धमा महानगरपालिकाले सम्झौता कार्यान्विय गराउन आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

| विवरण | पोल संख्या | वार्षिक रोयल्टी | २०८१।७।२ सम्म बुझाउनु पर्ने रोयल्टी | हालसम्म बुझाएको रोयल्टी | बुझाउन बाँकी रकम |
|---|---|---|---|---|---|
| सेक्टर A | ४०० | प्रति पोल रु. ८७०० मा वार्षिक ५ % थप गर्ने | २८३३४१८९.४३ | २०००००० | २६३३४१८९.४३ |
| सेक्टर B | ३०० | | २१२५०६४२.०८ | ० | २१२५०६४२.०८ |
| सेक्टर C | ३८५ | | २७२७१६५७.३२ | ० | २७२७१६५७.३२ |
| | | | ७६८५६४८८.८३ | २०००००००. | ७४८५६४८८.८३ |

४१ **काठमाडौं टावर पूरानो बसपार्क**

पुरानो बसपार्कमा काठमाडौं टावर परियोजना (बहुउदेश्यीय बहुतल्ले सपिङ्ग कम्पलेक्स सहितको बस टर्मिनल) निर्माण गर्न Design, Finance, Built, Operate and Transfer (DFBOT) मोडेल अनुसार जलेश्वर स्वच्छन्द विकोइ जे.भि.सँग कार्यादिश दिएको मितिले ३० वर्ष आयोजनाको लिज अवधि कायम हुने गरी २०७१।११।२२ मा सम्झौता भएको पाइयो । उक्त जे.भि.लाई निर्माण अवधि ५ वर्ष हुने गरी २०७३।४।३० मा कार्यादिश प्रदान गरेको देखिन्छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्:-

**(क)** सम्झौताको बुँदा नं ३.४ मा प्रथम पक्षद्वारा परियोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइनमा आधारित भई निर्माण प्रारम्भ गर्नुभन्दा पहिले नै दोश्रो पक्षले डिजाइन, निर्माण एवं संचालन तथा मर्मत समेत समावेश गरी विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्नुपर्ने र DPR बमोजिम गर्नुपर्ने भौतिक संरचनाहरूको नक्शाहरू तयार गरी प्रथम पक्षबाट स्वीकृत गरी निर्माण कार्यादिश प्राप्त गरेपछि मात्र निर्माण कार्य प्रारम्भ गर्नुपर्ने दोश्रो पक्षको दायित्व हुने र निर्माण मापदण्ड अनुसार निर्माण कार्य भैरहेको छ छैन भनी सुनिश्चित गर्ने प्रयोजनको लागि दोश्रो पक्षले मापदण्ड अनुसारको सबै आवश्यक अध्ययन तथा आवधिक परीक्षण कार्य गर्नुपर्ने उल्लेख छ । सम्झौताको अनुसूचि २ मा काठमाडौ महानगरपालिकाको मिति २०७१।१।२० को वोर्ड बैठक बाट स्विकृत DPR संलग्न भनिएकोमा लेखापरीक्षणको क्रममा उक्त DPR पेश भएको छैन । महानगरपालिका र प्रा.ली. बीच भएको सम्झौतामा भवनको तला संख्या, क्षेत्रफल लगायतका विषय स्पष्ट खुलाएको छैन । प्राप्त विवरणमा उक्त परियोजनाको महानगरपालिकाले २०७२।५।६ मा भूमिगत २ तल्ला समेत १२ तल्लाको भवन निर्माणको लागि इजाजत दिएको देखिन्छ । भवनको सम्झौतामा वार्षिक प्रिमियम रकम निर्धारण गर्दा १२ तलाको हो वा सो भन्दा माथी कति तल्लासम्मको निर्माणको हो सो स्पष्ट देखिदैन । निर्माण मापदण्ड अनुसार निर्माण कार्य भैरहेको छ छैन भनी सुनिश्चित गर्ने प्रयोजनको लागि दोश्रो पक्षले मापदण्ड अनुसारको सबै आवश्यक अध्ययन तथा आवधिक परीक्षण कार्य गर्नुपर्नेमा महानगरपालिकाले सो अनुसार अनुगमन समेत गरेको पाइएन।

**(ख)** सम्झौताको अनुसूचि ३ मा दोश्रो पक्षले योजना अनुसार कार्यान्वयन हुने मिति देखि ५ वर्ष भित्रमा काठमाडौं टावर परियोजना सम्पन्न गरिसक्नु पर्ने उल्लेख भएकोमा महानगरपालिकाले २०७३।४।३० मा कार्यादिश दिएकोमा ५ वर्ष अर्थात २०७८ श्रावण सम्म

निर्माण कार्य सम्पन्न गरी सक्नुपर्नेमा हालसम्म पनि निर्माण सम्पन्न भएको छैन र निर्माण कार्यको म्याद थप सम्बन्धी विवरण पेश भएको छैन । यस सम्बन्धमा गत विगत वर्षका प्रतिवेदनहरूमा समेत व्यहोरा उल्लेख भएता पनि सुधार भएको देखिएन । महानगरपालिकाले यथाशिघ्र निर्माण कार्य सम्पन्न गर्ने तर्फ आवश्यक प्रयत्न गर्नुपर्दछ ।

**(ग)** सम्झौताको बुँदा नं ३.१३ को ३ मा जग्गा लिज भाडा वापत वार्षिक रूपमा ७० लाख प्रत्येक वर्ष दोश्रो पक्षले बुझाउनु पर्ने, उक्त रकममा प्रत्येक ५ वर्षमा १० प्रतिशत बृद्धि हुने र लिज भाडा बुझाउने अवधि प्रमियम बुझाउने अवधिलाई मानिने उल्लेख भएकोमा उक्त प्रा.ली. ले हालसम्म लिज रकम बुझाएको पाइएन । बार्षिक लिज रकम कार्यादेश दिएको मितिले ५ वर्ष अर्थात २०७८।४।३० सम्म वार्षिक रू ७० लाख र त्यसपछिका ३ वर्षको वार्षिक रू ७७ लाख महानगरपालिकालाई बुझाउनु पर्ने व्यवस्था अनुरूप २०८१।४।३० सम्म रू ५८१०००००/- असुल गर्नुपर्ने देखिन्छ । आ.व. २०७७।७८ को प्रतिवेदनमा २०७८।४।३० सम्मको रू ३५००००००/- असुली गर्नुपर्ने वेरूजु कायम भएकोमा सो पश्चात २०८१।४।३० सम्मको रू २३१०००००/- र सम्झौता अनुसार उक्त रकममा लाग्ने जरिवाना रकम उक्त प्रा.ली. बाट असुल हुनुपर्ने रू २३१०००००/-

**(घ)** सम्झौताको बुँदा नं ३.१३ को १ मा दोश्रो पक्षले प्रिमियम भुक्तानी गर्दा अनुसूचि ६ को तालिकामा उल्लेख भए बमोजिम निर्माण व्यवसायीले ३० वर्षसम्म वार्षिक रुपमा बुझाउनु पर्ने प्रिमियम रकमको व्यवस्था गरिएको छ । उक्त अनुसूचिमा कार्यादेश दिनु पुर्व र कार्यादेश दिएको मितिले रू ९८३३३३/- प्रिमियम बुझाउनु पर्ने र त्यसपछि सम्झौता अनुसार बृद्धि हुँदै जाने देखिन्छ । उक्त अनुसूचिमा कार्यादेश भएको मितिले २९ वर्ष भित्रको वार्षिक प्रिमियम उल्लेख छ । अनुसूचिको नोट मा कार्यादेश भएको मितिलाई नै वार्षिक प्रिमियम बुझाउने मिति मान्ने उल्लेख छ । सम्झौतामा प्रथम पक्षलाई दिनुपर्ने भुक्तानी मिति भन्दा १५ दिन भन्दा बढी भुक्तानीमा ढिलाई भएमा भुक्तानी कार्यान्वयन हुने दिन सम्म वार्षिक १० प्रतिशतको दरले व्याज व्यहोर्नुपर्ने छ । महानगरपालिकाबाट प्राप्त विवरण अनुसार उक्त प्रा.लि. ले सम्झौता अनुसार २०८१।४।२९ सम्मको प्रिमियम रकम रू १४,६३,७०,८३३/- बुझाउनु पर्नेमा २०७८।४।२९ सम्मको रू ७,७७,५३,३३२/- महानगरपालिकामा बुझाएको देखिकोले नपुग रू ६८,६१७,५०१/- र सम्झौता अनुसार सो रकममा लाग्ने जरिवाना निज प्रा.ली. बाट असुल हुनुपर्ने रू ६८,६१७,५०१/-

**(ङ)** महानगरपालिकाले नक्शा पास वापत २०८०।९।४ मा रु ५०००००/- जरिवाना र २०८०।१०।२५ मा मा नक्शा संसोधन दस्तुर र अन्य छुटेको दस्तुर वापत रू २३००२१२८/९८ राजश्व लिई मिति २०८१।६।११ को प्रमुख प्रशासकिय अधिकृतको निर्णयानुसार १९ तला सम्मको नक्शा पाश भएकोमा महानगरपालिकाको २०८१।९।२८ को निर्णयले उक्त नक्शा (भवन निर्माण अनुमति पत्र) निष्कृय गरेको देखिन्छ । महानगरपालिकाले भवनको डिजाइन, नक्शा, भवनको तला संख्या, निर्मित भवनको संरचना एवं स्वरूप र सो अनुसार भुक्तानी हुने प्रमियम सम्बन्धमा थप स्पष्ट हुनुपर्ने देखिन्छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,१७,१७,५०१ |

४२ **गंगबु नयाँ बसपार्क**

महानगरपालिका र लोहोत्से बहुउद्देश्यीय प्रा.लि. बीच महानगरपालिका वडा नं. २६ गोंगबुमा रहेको नयाँ बसपार्क निर्माण तथा विकास गरी संचालन गर्ने सम्बन्धमा २०५६।१२।२९ मा मुल सम्झौता भएको र २०७२।४।२५ मा सम्झौता संशोधन गरी पुरक सम्झौता भएको छ । मुल सम्झौताको बुँदा नं ६(ग) मा निर्माण अवधिभर वा बढीमा ५ वर्षसम्म वार्षिक रोयल्टी रू ५१,००,०००/- का दरले रू २५५,००,०००/- दस्तुर वापत द्वितीय पक्षले प्रथम पक्षलाई बुझाउनु पर्ने, निर्माण अवधि वा ५ वर्ष अवधि समाप्त भएपछि प्रत्येक वर्ष वुझाउनु पर्ने दस्तुरमा ५ प्रतिशतका दरले बृद्धि हुने, वार्षिक ३ किस्तामा रकम बुझाउनु पर्ने, प्रत्येक किस्ता चौमासिक अवधि शुरू हुनु अगावै अग्रिम रुपमा बुझाउनुपर्ने र सो अनुसार नबुझाएमा वाणिज्य बैंकको प्रचलित मुद्दती व्याजदर अनुसार जरिवाना सहित बुझाउनु पर्ने उल्लेख छ । त्यस्तै पुरक सम्झौता नं २(घ) मा संशोधित मास्टर प्लान अनुसार ४ वर्ष भित्र निर्माण सम्पन्न गरी बार्षिक रोयल्टी रू १८,००,०००/- थप गर्ने । उक्त समय पश्चात कायम भएको रोयल्टी रकममा थप भई एकमुष्ठ रोयल्टी कायम भई यसै सम्झौताको शर्त नं २ क, ख बमोजिम कायम गरी रोयल्टीको हिसाब गर्नुपर्ने उल्लेख छ ।

यसरी मुल सम्झौता र पुरक सम्झौताका प्रावधान अनुसार महानगरपालिकाले पेश गरेको रोयल्टी प्राप्तीको विवरण अनुसार मिति २०८१।४।२४ सम्म रू २०७००३१४७/३७ रोयल्टी भुक्तानी गर्नुपर्नेमा निर्माण प्रा.ली.ले रू१९२७५३८४२/४० मात्र रकम

बुझाएकोले रू१४२४९३०४/९७ रोयल्टी र सो मा सम्झौता अनुसार लाग्ने जरीवाना समेत महानगरपालिकामा प्राप्त हुन बाँकी देखिन्छ । पुरक सम्झौतामा सम्शोधित मास्टर प्लान अनुसार ४ वर्ष भित्र निर्माण सम्पन्न गरी बार्षिक रोयल्टी रू१८,००,०००/- थप गर्ने उल्लेख भएकोमा उक्त रकम थप नगरी अनुसार मुल सम्झौताको अवधारणागत डिजाइनमा उल्लेख गरेको भन्दा विपरीत निर्माण गरेवापत दोश्रो पक्षले रू ९ लाख थप रोयल्टी समेत गरी पुरक सम्झौतामा कायम भएको वार्षिक रोयल्टी रू ९२०७३६३/- रकमको मात्र नियमित किस्ता दाखिला गर्दै आएको देखिन्छ । महानगरपालिकाले सम्झौता अनुसार द्वितीय पक्षबाट प्राप्त हुन बाँकी रोयल्टी रकम रू १४२४९३०४/९७ र जरिवाना समेत असुल हुनुपर्ने रू..................

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४२,४९,३०५ |

४३ **सफ्टवेयर सञ्चालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) मा उपदफा (२) वमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नु पर्ने भएमा तोकिए वमोजिम महालेखानियन्त्रक कार्यालयको स्वीकृति लिनुपर्ने उल्लेख छ । महानगरपालिकाले महालेखानियन्त्रक कार्यालयको स्वीकृति बेगर आन्तरिक आय संकलनका लागि सांग्रिला इन्फोटेक प्रा.लि. को सूचना प्रणाली प्रयोग गरी रहेको देखिन्छ । स्वीकृति बेगरको यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा, आन्तरिक आयको यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनमा आश्वस्तत हुने अवस्था देखिदैन । महालेखानियन्त्रक कार्यालयले आ.व.२०८०।८१ देखि महानगरपालिकाको आन्तरिक राजस्व संकलनको लागि सुत्रको प्रयोग गरी संकलन गर्नुपर्ने व्यवस्था गरेको छ । महानगरपालिकाले दुई फरक प्रकारका प्रणाली प्रयोग गर्नु भन्दा आन्तरिक राजस्वको सबै आम्दानी सुत्रको माध्यमबाट संकलन गर्नु उपयुक्त देखिन्छ ।

४४ **कर दाता विवरण**

आर्थिक ऐन, २०८० मा सम्पत्ति कर, घर जग्गा कर लगाइने र करदातालाई करको दायरामा ल्याउने व्यवस्था गरेको छ । महानगरपालिकामा सम्पत्ति कर, बहाल कर र व्यवसाय कर तिर्ने करदातालाई मात्र करदाता दर्ता गरी करदाता नं विवरण दिने गरेकोले यि बाहेक अन्य प्रकारका विज्ञापन कर, मनोरञ्जन कर लगायतका कर तिर्ने करदाताको विवरण महानगरपालिकाको राजस्व प्रणालीमा अभिलेखिकरण भएको देखिदैन । प्राप्त विवरण अनुसार २ आर्थिक वर्षको करदाताको विवरण देहाय बमोजिम रहेको छ ।

| **आ. व.** | **२०७९/०८०** | | | **२०८०/०८१** | | |
|---|---|---|---|---|---|---|
| **करको विवरण** | **जम्मा करदाता संख्या** | **कर तिर्ने करदाता संख्या** | **प्रतिशत** | **जम्मा करदाता संख्या** | **कर तिर्ने करदाता संख्या** | **प्रतिशत** |
| बहाल कर | ९९७०३ | ५९७०५ | ५९.८८ | १२१६०३ | ६५१७० | ५३.५९ |
| व्यवसाय कर | ९३५८७ | ५३४६४ | ५७.१३ | ११३२५९ | ५९९८१ | ५२.९६ |
| सम्पत्ति कर | १३०८३० | ७८७१७ | ६०.१७ | २५८२८७ | ८०५६८ | ३१.१९ |
| **कुल** | **३२४१२०** | **१९१८८६** | **५९.२०** | **४९३१४९** | **२०५७१९** | **४१.७२** |

उल्लिखित विवरण अनुसार यस वर्ष कुल ४९३१४९ दर्ता भएकोमा २०५७१९ अर्थात ४१.७२ प्रतिशतले मात्र कर तिरेको देखिन्छ । यसरी कर तिर्नेको विवरण हेर्दा सम्पत्ति कर तिर्ने करदाता कम देखिन्छन । गत वर्षसंग तुलना गर्ने हो भने करदाता संख्या यस वर्ष बढेको देखिए तापनि कर तिर्ने करदाता प्रतिशत घटेको देखिन्छ । अत: महानगरपालिका भित्र रहेका सम्पूर्ण करदातालाई करको दायरा, क्षेत्र र करको दर समेतको विश्लेषण गरी महानगरपालिकाबाट प्रवाह हुने सेवासँग करदाताको प्रत्यक्ष सम्बन्ध स्थापित हुने नीति तथा कार्यक्रमको प्रभावकारी सञ्चालनमा ध्यान दिनुपर्दछ ।

४५ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले महानगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । महानगरपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा म.ले.प.फा.नं २७० को अनुसुची ३ अनुसार संघ र प्रदेशको अनुदान बाहेकको आयतर्फ रू ८ अर्ब ५३ करोड २९ लाख ४४ हजार

प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रू ८ अर्ब ३० करोड ६५ लाख ३४ हजार अर्थात अनुमान भन्दा २.६५ प्रतिशत घटी आय प्राप्त गरेको छ । महानगरपालिकाको विवरण अनुसार अनुमान गरेका आय शिर्षकमा आम्दानी नभएको तर अनुमान नगरेका आय शिर्षकमा आम्दानी भएको देखिएकोले आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४६ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर घरजग्गा वहाल कर व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । म.ले.प.फा.नं २७० को अनुसूची ३ अनुसार ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १५००००००००/- | १०९६३६१७५४/८८ | ७३.०९ |
| घरजग्गा वहाल कर | २६६००००००० /- | २९१८३८२६८४/०२ | १०९.७१ |
| व्यवसाय कर | ७००००००००/- | ०० | ०० |
| वहाल विटौरी शुल्क | ०० | ०० | ०० |

उल्लेखित विवरण अनुसार महानगरपालिकाले घरजग्गा वहाल कर अनुमानको करिब १०९.७१ प्रतिशत असुली गरेको देखिन्छ भने व्यवसाय कर अनुमान गरेकोमा संकलन भएको कर फरक शिर्षकमा दाखिला गरेको कारण संकलन शुन्य देखिन्छ । महानगरपालिका भित्र रहेका करदाताहरूले कर बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले कतिपय ठुला करदाताहरू समेत महानगरको करको दायरा भित्र नआएको देखिएकोले कर असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

४७ **दुई सफ्टवेयरमा भिन्नता**

महालेखा नियन्त्रक कार्यालयले आ.व.२०८०।८१ देखि महानगरपालिकाको आन्तरिक राजस्व संकलन एवं लेखाङ्कनको लागि शुत्रको प्रयोग गरी संकलन गर्नुपर्ने व्यवस्था गरेको छ । महागरपालिकाले राजस्व संकलन गर्न प्रयोग गरेको सांग्रिला इन्फोटेक प्रा.लि.को सूचना प्रणालीमा यस महानगरपालिकाको आय (अनुदान र राजस्व बाँडफाँड समेत) रू १०६४६७१२३१३/८० राजस्व सङ्कलन भएको देखिन्छ भने शुत्र अनुसारको आम्दानी प्रतिवेदनमा रू१०६७४१७५२५८/८६ आम्दानी भएको देखिन्छ । यसबाट महानगरपालिकाको सफ्टवेयरले सबै प्रकारको आन्तरिक आम्दानी नसमेटेको देखिन्छ । सांग्रिला इन्फोटेक प्रा.लि.को सूचना प्रणालीमा देखाइएको आय रकम र SUTRA प्रणालीमा प्रतिवेदन गरिएको रकम प्रायः मेल खाँदैन (reconcile हुदैन) । महानगरपालिकाले सङ्कलन गरेको राजस्व शिर्षकगत रूपमा दुबै प्रणालीमा एकरूपता हुनुपर्दछ र फरक परेको अवस्थामा सो फरक पर्नाको कारण सहित शिर्षकगत हिसाब मिलान विवरण पेश हुनुपर्दछ । केहि उदाहरण निम्नानुसार छन्ः-

| **शीर्षक** | **सांग्रिला इन्फोटेक प्रा. ली** | **SUTRA** |
|---|---|---|
| ११३१३सम्पत्ती कर | १०९६६०३०९९/- | १०९६३६१७५४/- |
| ११३१७वहाल कर | २९१८८५१५५६/- | २९१८३८२६८४/- |
| १४२१९अन्य सेवा शुल्क तथा बिक्री | ३०६०२३५६३/- | ३१७४३७६७०/- |
| १४२४२नक्सापास दस्तुर | ६७९०८१७१७/- | ६७९३५७९४८/- |
| १४२४३सिफारिस दस्तुर | ९२२१५६००/- | ९५९१४९५१/- |

४८ **मनोरञ्जन कर**

बागमती प्रदेश आर्थिक ऐन, २०८० को दफा ४(१) अनुसार आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेश भित्रको चलचित्र घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थिएटर/नाटकघर, फनपार्क, वाटर गार्डेन, बाल उद्यान, दोहोरी साँझ, डान्सबार, क्यासिनो, फुटसल, जुम्बा, नाइट क्लब, मसाज एवं स्पा, जिपलाइन, बञ्जिजम्प, स्वीमिङ्ग पुल र पार्क जस्ता मनोरञ्जन स्थलमा अनुसूची - ३ बमोजिमको मनोरञ्जन कर लगाइने र असूल उपर गर्ने व्यवस्था छ । महानगरपालिकाको यस वर्ष रू २ करोड मनोरञ्जन कर असुल गर्ने लक्ष्य रहेकोमा रू ३०५५४३५७.५४ असुल भएको देखिन्छ । जुन लक्ष्यको तुलनामा १५२.७७ प्रतिशत बढी असुल भएको देखिन्छ । मनोरञ्जन करसंग संम्बन्धित देखिएका वेहोरा निम्नानुसार रहेका छन्ः-

४८.१ **उठ्न बाँकी करः-** काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा २६ अनुसार वहाल कर, व्यवसाय कर र सम्पत्ति कर किस्ताबन्दीमा बुझाउने सुविधा प्रदान गरिएको छ । तर, मनोरञ्जन करका लागि कुनै पनि किस्ताबन्दी सुविधा उपलब्ध छैन। Garage Entertainment Pvt. Ltd. ले २०८०/०८/०९ गते आयोजना गरेको Arijit Singh Concert in Nepal मा रू ६८४९२२०३/- को टिकट बिक्री भएकोमा ऐन अनुसार उक्त टिकट बिक्रीको ५ प्रतिशत अर्थात रू. ३४२४६१०/- मनोरञ्जन कर महानगरपालिकामा दाखिला गर्नुपर्ने देखिन्छ । करदाताले २०८१/०२/२३ मा कर किस्ताबन्दीमा बुझाउने अनुमति माग गर्दै प्रथम किस्ता स्वरूप रू ५,००,०००/- बुझाएको र बाँकी रकम मासिक रू.१,००,०००/- का दरले भुक्तानी गर्ने प्रतिबद्धता जनाएकोमा हालसम्म करदाताले प्रथम किस्ता बाहेक बाँकी रकम बुझाएको छैन । तसर्थ, बाँकी रू २९२४६१०/- सो मा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू......

| | |
|---|---|
| असुल गर्नुपर्ने | २९,२४,६१० |

४८.२ **कर असुली नभएकोः-** महानगरपालिकाबाट प्राप्त विवरण अनुसार महानगरपालिकामा ४०७ मसाज एवं स्पा, १०३ स्विमिङ्ग पुल एवं फुटसल र ७ दोहोरी साझँ दर्ता भएको मा ऐनमा व्यवस्था भए अनुसार कुनै पनि दोहोरी साँझ, फुटसल, जुम्बा, मसाज एवं स्पा मा मनोरंजन कर असुली गरिएको छैन । महानगरले ऐनको व्यवस्था अनुरूप कर असुली गर्नुपर्दछ ।

४८.३ **क्यासिनोबाट करः-** प्रदेश कानुनको अनुसूची ३(२) अनुसार क्यासिनोमा प्रवेश गर्ने ग्राहकबाट प्रति व्यक्ति रू ५० का दरले मनोरञ्जन कर सङ्कलन गर्ने उल्लेख छ भने अनुसूची ३(४) मा क्यासिनोको प्रति टिकट/बिलमा ५ प्रतिशत मनोरञ्जन कर असुल गर्ने व्यवस्था देखिन्छ । तर महानगरपालिकाभित्र सञ्चालित क्यासिनोहरूले प्रवेश शुल्क वापत प्रति व्यक्ति रू ५० दरले रकम दाखिला गरेको भएतापनि अनुसूची ३(४) को व्यवस्था अनुसार टिकट/बिलको ५ प्रतिशतले हुने मनोरञ्जन कर दाखिला गरिएको पाइएन । त्यसैले निम्नानुसार क्यासिनोको कारोवारका आधारमा आर्थिक वर्ष २०८०/८१ को कुल कारोबार अर्थात बिल रकमको ५ प्रतिशतले हुने आउने रकम रू ९४९९३१७०/- असुल गरी विभाज्य कोष खातामा दाखिला गर्नुपर्ने रू...

| करदाताको नाम | स्था ले नं | २०८०।८१ को विक्री | ५ प्रतिशतले हुने मनोरञ्जन कर रू | कैफियत |
|---|---|---|---|---|
| डेल्टइन नेपाल प्रा .लि. | ६०६६१०३७७ | २७५७२६४९०/- | १३७८६३२५/- | स्वामित्व परिवर्तन पुर्व |
| डेल्टइन नेपाल प्रा .लि. | ६०६६१०३७७ | २३३६३५२६०/- | ११६८१७६३/- | स्वामित्व परिवर्तन पश्चात |
| माजोंङ ईन्टरटेन्मेन्ट प्रा.लि. | ६००८२७९१९ | ३९०७४१९०२/- | १९५३७०९५/- | |
| बेल्लीज नेपाल प्रा.लि. | ६०५९६५९१३ | ७२५८६७३९६/- | ३६२९३३७०/- | |
| वाल्डो डाइनेस्टी इन्टरटेन्मेन्ट प्रा.लि | ६०४३७३३११ | २७३८९२३५८/- | १३६९४६१८/- | |
| **जम्मा** | | **१८९९८६३४०६/-** | **९४९९३१७१/-** | |
| महानगरपालिकामा दर्ता भएका यांङ्क इन्टरटेनमेन्ट सर्भिसेज प्रा.लि., क्यासिनो एभरेष्ट, ह्याप्पी आवर लगायतका करदाताको विक्री रकम जानकारीमा नआएको हुँदा यस सम्वन्धमा महानगरपालिकाले नै छानविन गरी मनोरन्जन कर असुल गर्नुपर्दछ । साथै दर्ता नभएका अन्य क्यासिनो भएमा महानगरपालिकाले करको दायर भित्र ल्याई कर असुली गर्नुपर्दछ। | | | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,४९,९३,१७१ |

४८.४ **नपुग करः-** वाग्मती प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८० को अनुसूची ३ अनुसार मनोरन्जन कर सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थिएटर/नाटक घर, दोहोरी साँझ, डान्सबार, नाइट क्लब, क्यासिनो, पार्क प्रवेश, केबलकार, फुटसल, जुम्बा, स्वीमिङ पुल, जिप लाइन, स्क्वैश, आकाशे सीसाको पुल, भ्यूटावर, बन्जी जम्पमा प्रति टिकट/बीलमा ५% लाग्ने व्यवस्था छ। Lord of the Drinks ले मिति २०८१।३।१० मा आ.व. २०७५/७६ देखि २०८०/८१ सम्मका लागि रू.३,७९,५९५/- मनोरञ्जन कर दाखिला गरेको छ । उक्त करदाताको २०८०/८१ को लेखापरीक्षण प्रतिवेदन अनुसार कुल बिक्री रू ४०,१३,९२,५७४/४८ रहेको छ। ऐनमा भएको व्यवस्था अनुसार कुल विक्रिको ५% को अर्थात रू २,००,६९,६२८/७२ मनोरञ्जन कर तिर्नुपर्नेमा करदाताले २०८०/८१ मा मनोरन्जन कर स्वरूप मात्र रू १,३०,९४३/- दाखिला गरिएको देखिएकोले नपुग रू१,९९,३८,६८५/७२ र सो मा नियमानुसार लाग्ने थप जरिवाना समेत निज करदाताबाट असुल हुनुपर्ने रू .

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९९,३८,६८६ |

## ४९ विज्ञापन कर

वाग्मती प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०८० को दफा ६ र काठमाडौँ महानगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८० को दफा ९ अनुसार काठमाडौँ महानगरपालिका क्षेत्रभित्र हुने विज्ञापन र प्रचार प्रसार सम्बन्धी सामग्री, श्रव्य दृश्य, स्टिकरमा अनुसूची-९ बमोजिमको दरमा विज्ञापन कर लगाई असुल उपर गरिने उल्लेख छ । महानगरपालिकाको यस वर्ष रू ८ करोड विज्ञापन कर असुल गर्ने लक्ष्य रहेकोमा रू ६१०३१५५/- बिज्ञापन कर असुल भएको देखिन्छ जुन लक्ष्यको तुलनामा ७.६३ प्रतिशत मात्र देखिन्छ । विज्ञापन करसँग संम्बन्धित देखिएका वेहोरा निम्नानुसार अनुसार रहेका छन्ः-

• महानगरपालिकाको ३ आर्थिक वर्षको विज्ञापन कर असुलीको अवस्था देहाय बमोजिम रहेको छ ।

| आर्थिक वर्ष | लक्ष्य | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| ०७८।०७९ | ८००००००० /- | ५७७६१९७३/- | ७२.२ |
| ०७९।८० | ८००००००० /- | २४५८१५३३/- | ३०.७३ |
| ०८०।८१ | ८००००००० /- | ६१०३१५५/- | ७.६३ |

उल्लिखित विवरण अनुसार आ.व. ०८०/८१ मा विज्ञापन कर असुली, आ.व. ०७८/७९ असुली भएको रकमको ८९.४३% र ७९/८० को असुली भएको कर रकम भन्दा ७५.१७% ले घटेको छ । गत विगतमा महानगरपालिका भित्रका होडिङ्ग बोर्डहरूको विज्ञापन कर असुल हुदै आएकोमा गत वर्ष देखि यस्तो कर असुल भएको छैन । यस सम्बन्धमा उच्च अदालत पाटनले २०७९/१२/२९ को निर्णयमा निर्णय भएको १ महिनाभित्र होडिङ्ग बोर्ड सम्बन्धमा निरीक्षण तथा जाँचबुझ गरी मापदण्ड अनुसार भए विज्ञापन गर्नेको इजाजत नवीकरण गरिदिने उल्लेख गरेकोमा सो अनुसार महानगरपालिकाले जाँच गरेको छैन् र विज्ञापन कर असुली समेत गरेको छैन । त्यस्तै महानगरपालिका भित्रको विभिन्न स्थानलाई तीन सेक्टरमा विभाजन गरी सोलार बत्ती जडान गरी पोलमा विज्ञापन गरेवापत विज्ञापन कर असुलीको लागि २०७३ सालमा सम्झौता भएकोमा हालसम्म कुनै पनि रकम प्राप्त नभएको अवस्था छ । जसले गर्दा महानगरपालिकाको विज्ञापन कर असुली कम भएको देखिन्छ । महानगरपालिकाले यस्ता क्षेत्रमा देखिएका समस्या समयमा समाधान गरी कानुन बमोजिम कर उठाउने तर्फ थप पहल गर्नुपर्ने देखिन्छ ।

• काठमाडौँ महानगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको आर्थिक ऐन, २०८० को अनुसूची ९ दफा ११ मा झोलाद्वारा गरिने विज्ञापन वार्षिक प्रति झोला (खाजा, खाना तथा अन्य सामानहरू आदि अनलाइन डेलिभरी समेत) रू.१०० लिने उल्लेख छ । काठमाडौँमा अहिले अनलाइन डेलिभरीमा व्यापक वृद्धि भएको छ र महानगरपालिकाले यस प्रकारको व्यवसायबाट विज्ञापन कर असुल गरेको देखिदैन ।यस्तो प्रकारको विज्ञापन कर असुली गर्ने ऐनमा व्यवस्था गरेको भएता पनि सो को कार्यान्वियन नभएको र कार्यान्वियनको लागि आवश्यक कार्यविधि समेत बनाएको पाइएन । महानगरपालिकाले ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

• काठमाडौँ महानगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको आर्थिक ऐन, २०८० को अनुसूची ९ अनुसार परिचय पाटीमा विज्ञापन कर असुली गर्नुपर्ने व्यवस्था छ । वाग्मती प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको ऐन, २०८० को दफा ६(३) मा सम्बन्धित स्थानीय तहले विज्ञापन कर स्वरूप विभाज्य कोषमा जम्मा भएको रकममध्ये ६० प्रतिशत रकम आफ्नो स्थानीय सञ्चित कोषमा र ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । ऐन अनुसार महानगरपालिकाले परिचय पाटीबाट प्राप्त विज्ञापन करलाई राजस्व शीर्षक १४२१९ मा दाखिला गर्नुपर्नेमा राजस्व शीर्षक ०५०० बाट अन्य सेवा शुल्क भनी लेखांकन गर्दै आएको छ । आ.व. २०८०।८१ मा परिचय पाटी शिर्षकमा रू २,८२,४७,८९३/- कर असुल भएको छ । महानगरपालिकाले परिचय पाटीबाट प्राप्त कर राजस्व शीर्षक १४२१९ मा लेखाङ्कन एवं विभाज्य कोषमा जम्मा गरी प्रदेश सरकारमा पठाउनु पर्दछ ।

५० **बहाल कर**

काठमाडौं महानगरपालिका आर्थिक ऐन, २०७९ को दफा (४) र सोसँग सम्बन्धित अनुसूची ६ मा कुल बहाल रकमको १० प्रतिशतका दरले बहाल कर लगाई असुल गर्ने व्यवस्था छ । संस्थागत बहाल आय वापत प्राप्त हुने अग्रिम आयकरको रकम उपर संघीय सरकार वा महानगरपालिका मध्ये कसको अधिकार क्षेत्र भित्र पर्ने हो भन्ने विषयमा विवाद रहँदै आएको देखिन्छ । महानगरपालिकाले यस वर्ष रू २ अर्ब ६६ करोड बहाल कर असुल गर्ने लक्ष्य लिएकोमा रू २ अर्ब ९१ करोड ८३ लाख ८२ हजार असुली भएको छ जुन लक्ष्यको तुलनामा १०९.७१ प्रतिशत हुने देखिन्छ । यस सम्बन्धमा देखिएका अन्य प्रमुख व्यहोराहरू देहाय बमोजिम रहेका छन्:-

• नेपालको संविधनको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ मा बहाल कर स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने संवैधानिक एवं कानुनी व्यवस्था रहेको छ । नेपाल सरकार मन्त्रिपरिषद्को २०७४।१२।१२ को निर्णयमा आ-आफ्नो क्षेत्राधिकार भित्र प्राकृतिक व्यक्तिले आर्जन गर्ने घर बहाल आयमा लाग्ने बहाल कर नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र प्रचलित कानूनको अधिनमा रही सम्बन्धित स्थानीय तहहरुले सङ्कलन गर्ने उल्लेख गरेको देखिन्छ । काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०७९ तथा महानगरपालिकाको घर बहाल व्यवस्था निर्देशिका, २०७९ को व्यवस्था अनुसार संस्थागत घर बहाल करसमेत महानगरपालिकामा दाखिला गर्नुपर्ने कानुनी व्यवस्था गरेको र सोही अनुसार संस्थागत बहालकर समेत असुल भएको देखिन्छ । यसरी कानुनमा संस्थागत एवं व्यक्तिगत बहालकर सम्बन्धमा स्पष्ट व्यवस्था नभएको कारण करदातालाई समेत कर तिर्न दुविधा भएको देखिन्छ।

• अत: संस्थागत बहाल कर सङ्कलनमा देखिएको दुविधा एवं विवादको असर करदातामा पर्नु उपयुक्त नदेखिएकाले संवैधानिक एवं कानुनी व्यवस्था, हाल अवलम्बन गरिदै आएको अभ्यास एवं करदाता र कर प्रशासन सञ्चालनको सहजता समेतका विषयलाई मध्यनजर गर्दै संघीय सरकारसँगको आपसी समन्वय र सहकार्यबाट विधिसम्वत् रूपमा विवादको निरूपण गर्ने तर्फ महानगरपालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

• काठमाडौं महानगरपालिका घर बहाल व्यवस्था निर्देशिका, २०७९ ले का.मा.न.पा. भित्र घर वहाल कर सम्बन्धी असुली प्रक्रियाको न्यायाधिकरण गर्दछ । सो निर्देशिकको बुँदा नं ३(३) भवन वा भवनको कुनै भाग वा घरजग्गा वा जग्गा बहालमा दिँदा बहालमा लिने व्यक्तिसँग बहालमा दिने व्यक्तिले अनुसूची-१ मा उल्लिखित ढाँचामा लिखित सम्झौता गर्नुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा फाइल परिक्षण गर्दा धेरै वडा हरूमा स्वघोषणाको आधारमा वहाल कर असुली गरिएको देखियो । का.मा.न.पा. ले कति रकम सम्म, कस्तो परस्थितिमा स्वघोषणाको आधारमा कर असुली गर्न मिल्ने र कस्तो अवस्थामा अनिवार्य सम्झौता गर्नुपर्ने भन्ने सम्बन्धमा स्पष्ट मापदण्ड बनाउन जरूरी देखिन्छ ।

५१ **बहाल कर**

स्थानीय सरकार स`ञ्चालन ऐन, २०७४ को दफा ५७ बमोजिम महानगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र बहाल कर लगाउन सक्ने व्यवस्था छ । महानगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७९ को दफा ४ बमोजिम पुरै वा आंशिक तवरले बहालमा लगाई हुने आम्दानीमा बहाल कर लगाई असुल उपर गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाको राजस्व प्रणाली अनुसार आ.व. २०८०।८१ मा (मिति २०८१/०८/१२ मा सफ्वेयरमा देखिएको विवरणअनुसार) १८,०८८ करदाताबाट जम्मा रू ३१,६५,३९,९९६/- बहाल कर असुली गर्न बाँकी रहेको देखिन्छ । महानगरपालिकाले बक्यौता बहालकरको लगत यकिन गरी बहाल कर असुल गर्नुपर्दछ । उदाहरणको लागि कर तिर्न बाँकी रहेका १० ठुला करदाताको विवरण निम्नानुसार छन्ः-

| सि.न | करदाता संकेत न. | करदाताको नाम | कर नातिरेको आ.व | बक्यौता कर रकम |
|---|---|---|---|---|
| १ | ३१-०१-०६२१ | अजेय राज सुमार्गी पोखरेल | २०७५/७६ देखी २०८०/८१ | १०३९२०६४/- |
| २ | ०५-२५-०३१२ | बतास अर्गनाइजेशन प्रा.लि. | २०७६/७७ देखी २०८०/८१ | ६६०४१६७/- |
| ३ | २७-२९-०२४० | राजेश तुलाधर | २०७६/७७ देखी २०८०/८१ | ५४२३१९९/- |
| ४ | ११-३१-१०५५ | शालिमार हस्पिटालिटी एण्ड फुडस प्रा.ली | २०७७/७८ देखी २०८०/८१ | ४४६९०३७/- |
| ५ | २८-०१-०१३२ | अन्जु गुरुङ्ग | २०७२/७३ देखी २०८०/८१ | ४२७७३३८/- |
| ६ | २८-२५-०३४७ | बोन्डर्स नेपाल प्रा लि | २०७५/७६ देखी २०८०/८१ | ३९४८०००/- |
| ७ | १०-२०-०७१५ | देवेन्द्र बहादुरभण्डारी समेत | २०७२/७३ देखी २०८०/८१ | ३८८००४२/- |
| ८ | १४-२२-०४३० | नेपाल नेशलन हस्पिटल प्रा° लि° | २०७८/७९ देखी २०८०/८१ | ३०१४५५०/- |
| ९ | ३१-३१-०५०५ | श्री प्रकाश र राजप्रकाश श्रेष्ठ समेत | २०७५/७६ देखी २०८०/८१ | २८०५९३७/- |
| १० | ०४-२०-०१०८ | देव कुमार नेपाली | २०७८/७९ देखी २०८०/८१ | २७०२७२५/- |
| **कुल जम्मा** | | | | **४७५१७०५९/-** |

५२ **सम्पत्ती कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ तथा काठमाडौं महानगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८० को दफा २ बमोजिम महानगरपालिकाको क्षेत्रभित्रका घर र जग्गामा सम्पत्ति कर लगाई असुल गर्नुपर्ने व्यवस्था उल्लेख छ। महानगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका ठूला करदाताहरूको पहिचान गरी तिनिहरुलाई करको दायरामा ल्याउन थप प्रयास गर्नुपर्ने देखिन्छ। महानगरपालिकाको राजस्व प्रणाली अनुसार आ. व. २०८०।८१ मा (मिति २०८१/०८/१२ मा सफ्वेयरमा देखिएको विवरणअनुसार) ३५,९६२ करदाताबाट जम्मा रू १,२८,११,२३,३०९ सम्पत्ति कर असुली गर्न बाँकी बक्यौता रहेको

देखिन्छ । महानगरपालिकाले बक्यौता सम्पत्ति करको लगत राखी उठाउनु पर्ने कर यकिन गरी असुल गर्नुपर्दछ । राजस्व प्रणाली अनुसार कर तिर्न बाँकी रहेका ३५ ठुला करदाताहरू निम्नानुसार छन् ।

| सि.न | करदाता संकेत न. | करदाताको नाम | कर नातिरेको आ.व | बक्यौता कर रकम |
|---|---|---|---|---|
| १ | २८-२२-०२३९ | नेपाल बिधुत प्राधिकरण | २०४९/५० देखी २०८०/८१ | २०१६०८५१७/- |
| २ | २२-०६-०४५७ | कर्मचारी सञ्चय कोष | २०४९/५०देखी २०८०/८१ | १६१९२६७७४/- |
| ३ | १४-०६-०८२६ | कृषि सामाग्री कम्पनी लिमिटेड | २०४९/५०देखी २०८०/८१ | ५२३०९२८०/- |
| ४ | ०७-३१-१९१५ | श्याम डंगोल | २०७१/७२ देखी २०८०/८१ | ४५२४३५०७/- |
| ५ | २७-२९-०४०३ | सांस्कतिक संस्थान राष्ट्रिय नाचघर | २०४९/५०देखी २०८०/८१ | ३८७६७२४५/- |
| ६ | २८-२२-०३१८ | नेपाल ट्रष्ट कार्यालय | २०६५/६६ देखी २०८०/८१ | २८४४४८३२/- |
| ७ | २८-१२-००७५ | नेपाली जामे मस्जिद | २०६१/६२ देखी २०८०/८१ | २६२१९४६३/- |
| ८ | २२-९९-००९७ | आदर्श नगर हाउजिग्ङ कम्पनी | २०६७/६८ देखी २०८०/८१ | १९३२९२१५/- |
| ९ | २८-०८-०१६९ | गुठी सस्थान - नेपाल शेयर मार्केट एण्ड फाइनान्स लि | २०५५/५६ देखी २०८०/८१ | १६७११०२३/- |
| १० | ०९-१८-०१४५ | त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल योजना, एयरपोर्ट कम्प्लेक्स | २०७६/७७ देखी २०८०/८१ | १५५५६२६७/- |
| ११ | २८-२२-०१५२ | नवराज थापा | २०६२/६३ देखी २०८०/८१ | १०९०८९०४/- |
| १२ | ११-३१-१०९६ | सुन्धारा ईन्भेष्टमेण्ट कम्पनी प्रा॰लि॰ | २०७७/७८ देखी २०८०/८१ | १०३४९३४९/- |
| १३ | ०६-०६-०४७७ | कर्मा तनपाई लामा आचार्य | २०५१/५२ देखी २०८०/८१ | ९९४५२३३/- |
| १४ | २९-३१-०५४० | श्री एन. के. सिंह मेमोरियल इङलिस प्रिपेटरी हाइ स्कुल | २०५७/५८ देखी २०८०/८१ | ९३४८०९०/- |
| १५ | ३२-०४-००८७ | एसओएसबालग्रामनेपाल | २०४९/५०देखी२०८०/८१ | ८९४६४६९/- |
| १६ | ३०-२७-००४८ | मदन कुमारी गुरूङ | २०७५/७६ देखी २०८०/८१ | ८८०८०२४/- |
| १७ | ०१-३२-००९४ | होटल गोविन्दम् प्रा.लि. | २०७४/७५ देखी २०८०/८१ | ७४९२३२७/- |
| १८ | ०९-०१-०२०४ | अनिल खरेल | २०६२/६३ देखी २०८०/८१ | ७१९७२१६/- |
| १९ | ०१-२७-००५९ | मिन बहादुर गुरुङ समेत | २०७५/७६ देखी २०८०/८१ | ७०९४६२९/- |
| २० | २२-२७-०१०७ | मारवाडी सेवा समिति नेपाल | २०४९/५० देखी २०८०/८१ | ६६८०७०७/- |
| २१ | १४-३०-०००४ | लनिङ॰ रियल्स इन्टरनेशलल स्कुल | २०७८/७९ देखी २०८०/८१ | ६३५८७५३/- |
| २२ | ३०-३१-०२७७ | सल्यानी राजा | २०४९/५० देखी २०८०/८१ | ५९७८९५६/- |
| २३ | ११-०६-०२५९ | कृषि प्रा लि | २०७२/७३ देखी २०८०/८१ | ५२९७८२६/- |
| २४ | २९-३१-००७७ | सिल्भर भ्याली डेभलपर्स प्रा.लि. | २०७८/७९ देखी २०८०/८१ | ४४७४८३०/- |
| २५ | ११-०६-०१९३ | काठमाडौं खेल मण्डल | २०७५/७६ देखी २०८०/८१ | ४२९७९९१/- |
| २६ | ०५-०१-०१८८ | अनुसुया श्रेष्ठ समेत | २०७८/७९ देखी २०८०/८१ | ४१८८१५२/- |
| २७ | ११-२७-०२५८ | मुक्तिश्री हस्पिटालिटी प्रा.लि. | २०७८/७९ देखी २०८०/८१ | ४०६६२६४/- |
| २८ | ०२-३२-००७५ | होटल ग्याङ्गजोङ्ग प्रा.लि | २०५७/५८ देखी २०८०/८१ | ३९०४७२६/- |
| २९ | ११-३१-०१०७ | सिभिल इस्टेट्स प्रा.लि. | २०७७/७८ देखी २०८०/८१ | ३८८९६४२/- |

| | | | | |
|---|---|---|---|---|
| ३० | १७-०६-०१४० | क्षत्रपाटी निशुल्क चिकित्सालय | २०४९/५० देखी २०८०/८१ | ३७०४४३४/- |
| ३१ | ३१-०१-०६२१ | अजेय राज सुमार्गी पोखरेल | २०७७/७८ देखी २०८०/८१ | ३६९४९८६/- |
| ३२ | ०१-९९-००८९ | आलोक शम्सेर ज.ब.रा. | २०७७/७८ देखी २०८०/८१ | ३६४३७६७/- |
| ३३ | ३१-०६-०६०५ | कोरप्लान बिल्डर्स कम्पनी प्रा.लि. | २०७९/८० देखी २०८०/८१ | ३५७१७१७/- |
| ३४ | १६-२३-०९०९ | प्राईम ईन्टरनेशलन होटल प्रा.लि | २०७५/७६ देखी २०८०/८१ | ३४९३३९८/- |
| ३५ | २९-२५-०५८३ | बालाजी होल्डिङ्स् एण्ड होटल प्रा लि | २०७८/७९ देखी २०८०/८१ | ३३३२३४४/- |
| | जम्मा | | | ७५६७८४८५७/- |

५३ **व्यवसाय कर**

काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०७९ को दफा ५ अनुसार काठमाडौं महानगरपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति, संस्था वा निकायलाई व्यावसायिक प्रकृति, आर्थिक कारोबार, स्थान विशेष र लगानीका आधारमा अनुसूची ७ बमोजिम व्यवसाय कर लगाई असुल गर्नुपर्ने व्यवस्था छ । साथै, व्यवसाय कर असुल गर्दा बैंक तथा वित्तीय संस्था र सुपर मार्केटहरूको हकमा प्रत्येक कारोबार स्थलमा कारोबारको आधारमा अलग-अलग इकाई मानी असुल गर्नुपर्ने उल्लेख छ । महानगरपालिकाको राजस्व प्रणाली अनुसार आ.व.२०८०।८१ मा (मिति २०८१/०८/१२ मा सफ्टवेयरमा देखिएको विवरणअनुसार), ४२,०३१ करदाताबाट जम्मा रू ४१,०४,०२,४३२ व्यवसाय कर असुली गर्न बाँकी रहेको देखिन्छ । महानगरपालिकाले बक्यौता व्यवसाय करको लगत राखी यकिन गरी व्यवसाय कर असुल गर्नुपर्दछ । उदाहरणको लागि कर तिर्न बाँकी रहेका १० ठुला करदाताको विवरण निम्नानुसार छन्ः-

| सि.न | करदाता संकेत न. | करदाताको नाम | कर नातिरेको आ.व | बक्यौता कर रकम |
|---|---|---|---|---|
| १ | १०-२९-११९२ | राकेश बादवा | २०७२/७३ देखी २०८०/८१ | ४०८००००/- |
| २ | ०५-२७-०१७८ | मेगा मार्ट प्रा.लि. | २०७२/७३ देखी २०८०/८१ | ९७७५००/- |
| ३ | १३-०८-०३५३ | गोरे राज पाहाडि | २०७२/७३ देखी २०८०/८१ | ८९००००/- |
| ४ | १०-२०-०७१५ | देवेन्द्र बहादुर भण्डारी समेत | २०७२/७३ देखी २०८०/८१ | ७३२५००/- |
| ५ | ११-०६-०००२ | कृषि विकास बैंक | २०७२/७३ देखी २०८०/८१ | ६७५०००/- |
| ६ | २६-९९-००३३ | होटेल मल्ल प्रा.ली. | २०७२/७३ देखी २०८०/८१ | ६६००००/- |
| ७ | २८-०१-०२३० | अनिल पिया | २०७२/७३ देखी २०८०/८१ | ६००५००/- |
| ८ | १०-३१-३१३५ | श्रीराम ढकाल समेत | २०७२/७३ देखी २०८०/८१ | ५१५०००/- |
| ९ | ११-२९-०४७५ | राष्ट्रिय बाणिज्य बैंक, रामशाह पथ , सिंह दरवार | २०७२/७३ देखी २०८०/८१ | ४६७५००/- |
| १० | ११-३०-०१२९ | लक्ष्मी वैंक लिमिटेड (टेकु शाखा) | २०७२/७३ देखी २०८०/८१ | ३७९३००/- |
| **जम्मा** | | | | **९९७७३००/-** |

५४ **जरिवाना छुट**

काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा २४ अनुसार कुनै व्यक्ति वा संस्थाले विगतमा तिर्नु पर्ने सम्पत्ति, व्यवसाय, विज्ञापन र बहाल कर बक्यौता बाँकी भएको भए वा कर नबुझाएको भए त्यस्तो व्यक्ति वा संस्थाले करदाता नम्बर लिई आर्थिक वर्ष २०८० पौष मसान्तसम्म कर ल्याउने अवधि देखिको कर बक्यौताको सो बापत लाग्ने जरिवाना र ब्याज मिनाहा हुने व्यवस्था छ । महानगरको आर्थिक ऐनको प्रावधान अनुरूप विगतमा कुनै पनि कर नबुझाएको करदाता महानगरमा दर्ता भई नयाँ करदाता नम्बर लिएको अवस्थामा मात्र यस्तो प्रकारको छुट पाउनेमा लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परिक्षण गरिएका देहाय बमोजिम कर दाताहरू

गत विगत वर्षमा महानगरमा दर्ता भई करदाता नं लिईसकेकोमा समेत वक्यौता रकममा लाग्ने जरिवाना र कर छुट दिएको देखिएकोले नपाउने छुट दिएको रकम सम्बन्धित करदाताहरूबाट असुल हुनुपर्दछ । तल उल्लेखित करदाता नमुना छनौटबाट परीक्षणबाट गरिएकाले यस प्रकारको छुट लिने करदाता अन्य समेत रहेको हुन सक्ने भएकोले यस सम्बन्धमा महानगरपालिकाले थप यकिन गरी अन्य करदाताबाट समेत छुट भएको रकम असुल गराउनुपर्दछ ।

• **मेडिकेयर हस्पिटल लिमिटेड ( करदाता नं. ०७-२७-०१७३)** ले काठमाडौ महानगरपालिकामा आ.व. २०७९/८० मा वहाल कर स्वरूप रू.४,६०,४८०.७२ कर बुझाएको देखिन्छ । महानगरको आर्थिक ऐनको प्रावधान अनुरूप विगतमा कर नबुझाएको करदाताले महानगरमा दर्ता भई नयाँ करदाता नम्बर लिएको अवस्थामा मात्र छुट पाउनेमा निज करदाताले २०८०/०५/०८ मा आ.व. २०७९/८० को वहाल कर रू २०,९१,२०७.०० बुझाएकोमा नियमानुसार लाग्ने जरिवाना छुट दिई बहालकर मात्र असुल गरेको देखिएकोले नमिल्ने जरिवाना छुट दिएको रुकम रू २,०९,१२०.०० निज करदाताबाट असुली गर्नुपर्ने देखिएको रू २०९१२०.००

• **द्वारिकाज काठमाडौं भिलेज होटल (कर दाता नं ०९-२०-००६१)** ले आ.व. २०७७/७८ मा महानगरपालिकामा रू. ४,७१,४०५.३४ सम्पत्ति कर बुझाएको देखिन्छ । ऐनको प्रावधान अनुरूप विगतमा कर नबुझाएको करदाताले महानगरमा दर्ता भई नयाँ करदाता नम्बर लिएको अवस्थामा मात्र जरिवाना छुट पाउनेमा निज करदाताले मिति २०८०।८।२८ मा आ.व. २०७८/७९ देखि २०८०/८१ सम्मको कर एकमुष्ट रूपमा बुझाएकोमा नियमानुसार लाग्ने जरिवाना रू ८६६२३८.८० छुट दिई रू ८३४३२५९.४८ मात्र कर दाखिला गरेको देखिएकोले उक्त छुट भएको जरिवाना रकम निज करदाताबाट असुल हुनुपर्ने रू. ८६६२३९.००

• **रोटरी क्लब अफ काठमाण्डौं र एभरेष्ट इन्फ्रा फण्ड प्रा लि (कर दाता नं. ११-२९-००६८)** ले आ.व. २०७७/७८ मा महानगरपालिकामा रू. ८२,८४२.६८ कर बुझाएको देखिन्छ । ऐनको प्रावधान अनुरूप विगतमा कर नबुझाएको करदाताले महानगरमा दर्ता भई नयाँ करदाता नम्बर लिएको अवस्थामा मात्र छुट पाउनेमा निज करदाताले आ.व २०८०/८१ मा आ.व. २०७८/७९ देखि २०८०/८१ सम्मको कर एकमुष्ट रूपमा बुझाएकोमा नियमानुसार तोकिएको समयमा नबुझाएमा लाग्ने जरिवाना छुट नपाउने देखिएकोले जरिवाना स्वरूप छुट भएको रू ६,१९,६८५.२ असुल हुनुपर्ने रू ६१९६८५.००

• **राजेन्द्र कुमार कांवरा (कर दाता नं १३-२९-०५५३)** ले महानगरपालिकामा आ.व. २०७८।५।१५ मा सम्पत्ति कर रू १६८८२२३.०० कर तिरेको देखिन्छ । ऐनको प्रावधान अनुरूप विगतमा कर नबुझाएको करदाताले महानगरमा दर्ता भई नयाँ करदाता नम्बर लिएको अवस्थामा मात्र छुट पाउनेमा निज करदाताले मिति २०८०/०५/१० मा आ.व. २०५७।५८ देखि २०८०।८१ सम्मको सम्पत्ति कर एकमुष्ट रू १७०८१८७.०० बुझाएकोमा नियमानुसार लाग्ने जरिवाना रू ३,१०,२३४.९० छुट दिइ सम्पत्ति कर दाखिला गरेको देखिएकोले उक्त छुट भएको रकम निज करदाताबाट असुल हुनुपर्ने रू. ३१०२३५.००

• अ**ग्री लोजिष्टिक्स प्रा.लि. (कर दाता नं १५-०१-०२२८)** ले महानगरपालिकामा मिति २०७७।१२।८ मा सम्पत्ति कर रू ५८६३६०.०० दाखिला गरेको देखिन्छ । ऐनको प्रावधान अनुरूप विगतमा कर नबुझाएको करदाताले महानगरमा दर्ता भई नयाँ करदाता नम्बर लिएको अवस्थामा मात्र छुट पाउनेमा निज करदाताले मिति २०८०/०८/२१ मा २०७९।८० र २०८०।८१ को सम्पत्ति कर तिरेकोमा नियमानुसार लाग्ने जरिवाना रू ६६९४५.०० छुट दिई सम्पत्ति कर दाखिला गरेको देखिएकोले उक्त छुट भएको रकम निज करदाताबाट असुल रू. ६६९४५.००

• **बलराम कृष्ण मानन्धर समेत (१७-२५-०१४८)** ले महानगरपालिकामा २०७७।११।२ मा सम्पत्ति कर वापत रू १६१७८.०० दाखिला गरेको देखिन्छ । ऐनको प्रावधान अनुरूप विगतमा कर नबुझाएको करदाताले महानगरमा दर्ता भई नयाँ करदाता नम्बर लिएको अवस्थामा मात्र छुट पाउनेमा निज करदाताले मिति २०८०/०४/१४ मा आ.व. २०७८।७९ देखि २०८०।८१ सम्मको सम्पत्ति कर रू ३५९८६२.०० दाखिला गरेकोमा जरिवाना स्वरूप वाक्यौता रकम रू २,४९,४९३.८६ को १०% अर्थात् रू २४,९४९.०० छुट लिएको देखिएकोले उक्त छुट रकम निज करदाताबाट असुल हुनुपर्ने रू २४९४९.००

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,९७,१७२.२ |

५५ **छुट व्यवसाय कर**

काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८० को अनुसूची ७ मा व्यवसाय कर र नवीकरणको दररेट उल्लेख छ । त्यस्तै महानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा २ (६) मा व्यक्ति वा संस्थाले तिर्न बुझाउन बाँकी रहेको व्यवसाय कर व्यवसाय सञ्चालन भएको अवधि देखि तिर्नु बुझाउनु पर्ने अन्यथा आ.व. २०७२।७३ लाई आधार वर्ष मानी त्यस्तो कर असुल गरिने व्यवस्था छ । यस सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्ः-

• **कान्तिपुर डेन्टल कलेज टिचिङ्ग हस्पीटल एण्ड रिसर्च सेन्टर प्रा०लि० (करदाता कोड नं ०३-०६-०२३८)** स्थायी लेखा नम्बर (PAN) मिति २०६२/०२/०६ मा दर्ता भएको भए तापनि वडामा मिति २०७५/११/२८ (आ.व.२०७५/७६) मा मात्र दर्ता भएको देखिन्छ । वक्यौता कर तिर्नको लागि आधार वर्ष २०७२।७३ लाई मानेर कर लिने भएकोले निज करदाताको आ.व. २०७२/७३ देखि २०७४/७५ सम्मको व्यवसाय कर वार्षिक रू २५०००.०० का दरले ३ वर्षको रू ७५०००.०० र सो मा नियमानुसार लाग्ने जरिवाना समेत असुल हुनुपर्ने रू ७५०००.००

• **लोकबहादुर श्रेष्ठ (कर दाता कोड नं ०८-३०-००६८)** को OCR विवरण अनुसार प्रा.लि. को दर्ता मिति २०७४/०३/०६ भएकोमा महानगरपालिकाले आ.व. २०७४।७५ देखि नै व्यवसाय कर लिनुपर्नेमा आ.व. २०७५/७६ देखि मात्र व्यवसाय कर असुल गरेको देखिन्छ छ । करदाताको आ. २०७४/७५ को छुट व्यवसाय कर रू २५,०००.०० मा नियमानुसार लाग्ने थप जरिवाना समेत निज करदाताबाट असुल असुल गर्नुपर्ने रू. २५०००.००

• **यज्ञ मुर्ती अर्याल (करदाता नं २४-२८-००१८)** पेश भएको करदाताको PAN दर्ता अनुसार व्यवसाय २०६०/०७/२१ देखि सञ्चालनमा रहेकोमा निजले आ.व. २०७२/७३ देखि मात्र महानगरपालिकामा व्यवसाय कर दाखिला गरेको देखिन्छ। तसर्थ, २०६०/६१ देखि २०७१/७२ छुट भएको व्यवसाय कर रू. ३६,००० र सो मा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू ३६०००.००

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३६,००० |

५६ **कम कर दाखिला भएको**

काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा २(१०) मा महानगरपालिका क्षेत्रभित्र सञ्चालित होटल, रिसोर्ट वा चलचित्र घरको नाममा घर जग्गा भई वा लिजमा लिइ होटल, रिसोर्ट वा चलचित्र घर निर्माण गरी सञ्चालन भएको करदाताको हकमा बक्यौतासहितको सम्पत्ति कर सम्बन्धी २०८० पौष मसान्तभित्र चुक्ता गरेमा थप ३० (तीस) प्रतिशत छुट हुने व्यवस्था छ । त्यस्तै काठमाडौं महानगरपालिकाको राजस्व ऐन, २०७५ को दफा १६ अनुसार कर बक्यौतामा जरिवाना लाग्ने, कुनै व्यक्तिले सम्बन्धित आर्थिक वर्षभित्र सम्पत्ति कर दाखिला नगरेमा बक्यौता कर रकममा वार्षिक १० (दस) प्रतिशतका दरले जरिवाना लगाई असुल उपर गरिने उल्लेख छ ।

**होटल उडल्याण्ड प्रा.लि. (कर दाता नं. ०१-३२-००४७)** ले मिति २०८०/१२/१८ मा आ.व.२०७२/७३ देखि २०८०/८१ सम्मको मूल्यांकन अनुसार निर्धारण गरिएको सम्पत्ति कर रू ९५५८०९९.२६ मा रू ६२३५६८.६६ छुट दिई कुल रू ८९,३४,५३०.६ बुझाउनु पर्ने देखिएकोमा पहिलो किस्ता स्वरूप रू ३३,५०,०००.०० मात्र भुक्तानी गरेको र बाँकी रकम मिति २०८१/०३/२५ सम्म बुझाउने प्रतिबद्धता जनाएको देखिन्छ । तर, निज करदाताले लेखापरीक्षण अवधि मिति २०८१/१०/२१ सम्म पनि बाँकी रकम महानगरपालिकामा बुझाएको पाइएन।करदाताले पौष मसान्त भित्र बुझाएमा मात्र छुट पाउनेमा पौष मसान्त पश्चात समेत दिएको छुट रकम रू ६२३५६८.६६ र भुक्तानी हुन बाँकी रकम रू ५५८४५३०.६० समेत रू ६२०८०९८.६० र सो मा नियमानुसार लाग्ने जरिवाना रू ७०७४८६.५ समेत रू ६९,१५,५८५.७६ असुल गर्नुपर्ने रू.....

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६९,१५,५८५.७६ |

५७ **छुट बहालकर**

**सुदिप आचार्य समेत ( कर दाता नं १०-३१-३००२)** पेश भएको विवरण अनुसार घर धनी श्री सीता आचार्य र अगोर सफ्टवेयर प्रा.लि बीच मिति २०७८/०४/०१ देखि ५ वर्षको लागि वहाल सम्झौता भएको देखिन्छ । सम्झौताको बुँदा नं २ मा मासिक रू ४ लाख बहाल हुने उल्लेख भएकोमा २०७८/७९ मा मासिक रू १०,००० को दरले वहाल कर असुली गरिएको देखिन्छ । सम्झौता अनुसार मासिक रू

४,००,०००.०० को रू ४००००.०० का दरले बहालकर असुली गर्नुपर्नेमा कम दरमा असुली गरेको देखिएकोले छुट बहालकर रू.४६८,००० र सो मा नियमानुसार लाग्ने जरिवाना सहित असुल गर्नुपर्ने रू.....

| असुल गर्नुपर्ने | ४,६८,००० |
|---|---|

५८ **छुट व्यसाय कर**

काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८० को अनुसूची ७ मा व्यवसाय कर र नवीकरणको दररेट उल्लेख छ। **भि.जि इन्भेष्टेनट हायर पर्चेज प्रा.लि (कर दाता नं २०-२६-००६१)** को व्यवसाय कर तिर्ने प्रयोजनको लागि आर्थिक वर्ष २०७२/७३ देखि २०७४/७५ सम्म विदेश विमान सेवाको आधारमा दर रेट रू ८,०००.०० कायम गरिएको छ । संलग्न विवरण अनुसार कम्पनीको प्रवन्ध पत्र हेर्दा निज कर दाता अन्य वित्तीय सेवामा वर्गीकृत हुनुपर्ने र सोही अनुरूप वार्षिक रू ३०,०००.०० का करले व्यवसाय कर तिर्नुपर्ने देखिन्छ । करदाताले कर तिरेको विवरण परीक्षण गर्दा आ.व. २०७५।७६ देखि करदाताको प्रकारमा आर्थिक कारोबार गर्ने इन्भेष्टमेन्ट कम्पनीको रूपमा नै व्यवसाय कर दाखिला गरेको देखिएकोले २०७२/७३ देखि २०७४/७५ छुट भएको व्यवसाय कर रू ६६,०००.०० सो मा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल हुनुपर्ने रू...........

| असुल गर्नुपर्ने | ६६,००० |
|---|---|

५९ **बहाल कर सम्झौता**

काठमाडौं महानगरपालिकाका घर बहाल व्यवस्था निर्देशिका, २०७९ को दफा (३) अन्तर्गत भवन वा भवनको कुनै भाग वा घरजग्गा वा जग्गा बहालमा दिँदा बहालमा लिने व्यक्तिसँग बहालमा दिने व्यक्तिले अनुसूची-१ मा उल्लेखित ढाँचामा लिखित सम्झौता गर्नुपर्ने कूरा उल्लेख छ। लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परिक्षण गर्दा **टासी वाङ्गेल लामा ( कर दाता नं. ०३-१४-००११)** ले मासिक रू ३०००००.०० का दरले घरबहाल कर दाखिला गर्दै आएकोमा फाइलमा बहालकर सम्झौता संलग्न भएको पाइएन । निज करदाताले २०८० श्रावण देखि २०८१ आषाढ मसान्त सम्मको बहाल कर रू ३६०००००.०० दाखिला गरेकोमा सो को सम्झौता पेश नभएकोले सम्झौता पेश हुनुपर्ने रू......

| प्रमाण पेश नगरेको | ३६,००,००० |
|---|---|

६० **बहालकर छुट**

**रोज महमद मिया कुजडा (कर दाता नं १८-२९-०१९३)** र राजु भक्त माथेमा लगायत विच २०७०/०१/०१ देखि लागु हुने गरी बहालकर सम्झौता भएको देखिन्छ । पेश भएको विवरण परीक्षण गर्दा वहाल मिति २०७०/०१/०१ देखि सुरू भएता पनि महानगरपालिकाबाट वहाल कर २०७२/७३ देखि मात्र असुली गरिएको देखिएकोले सम्झौता अनुसार २०७०/०१/०१ देखि २०७१/७२ सम्मको बहाल कर रू १३,५००.०० सो मा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल हुनुपर्ने रू..

| असुल गर्नुपर्ने | १३,५०० |
|---|---|

६१ **छुटको प्रमाण पेश नभएको**

काठमाडौं महानगरपालिका राजस्व ऐन, २०७५ को दफा १५ अनुसार बाटोको वर्गीकरणका लागि स्पष्ट मापदण्ड तोकिएको छ, र आर्थिक ऐन, २०८० को अनुसूची ४ मा बाटोको आधारमा छुटका प्रावधान उल्लेख छन् । नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसार करदाताले छुट लिएको तर छुट पाउने आधार प्रमाण पेश गरेको देखिएन ।

• **रघुराम र प्रतिमा प्रधान समेत ( कर दाता नं. २३-२९-०१५०)** ले २०८१।२।१४ मा आ.व. २०६३।६४ देखि २०८०।८१ सम्मको रू. २०,०८,०७१.१२ सम्पत्ति कर वुझाउँदा कित्ता नं ९२४ मा गोरेटो बाटो आधारमा ३०% छुट लिएको देखिएकोमा करदाताको फाइलमा उक्त छुट पाउने आधार प्रमाण पेश गरेको पाइएन । त्यसैले, छुट पाउने आधार पेश हुनुपर्ने अन्यथा छुट भएको रकम रू २०,०८,०७१.०० निज करदाताबाट असुल गर्नुपर्ने रू २०,०८,०७१.००

• **रविन्द्र भक्त श्रेष्ठ (कर दाता नं २४-२९-००९८)** ले २०८१।३।२५ मा आ.व. २०८०।८१ को रू ८९९१०.०० सम्पत्ति कर तिर्दा कित्ता २४९२ र २५२४ मा सहायक पिच डेडएंड को २०% छुट लिएको देखिएकोमा करदाताको फाइलमा उक्त छुट पाउने आधार

प्रमाण पेश गरेको पाइएन । त्यसैले, छुट पाउने आधार पेश हुनुपर्ने अन्यथा छुट भएको रकम रू ८९९१०.०० निज करदाताबाट असुल गर्नुपर्ने रू. ८९९१०.००

• **लक्ष्मी शोभा स्थापित समेत २ (करदाता नं २७-३०-००६५)** ले आ.व. २०८०।८१ को रू ३८०२५८.०० सम्पत्ति कर तिर्दा कित्ता २७७३ कच्ची मोटर बाटोको २०% छुट लिएको देखिएकोमा करदाताको फाइलमा उक्त छुट पाउने आधार प्रमाण पेश गरेको पाइएन । त्यसैले, छुट पाउने आधार पेश हुनुपर्ने अन्यथा छुट भएको रकम रू३८०२५८.०० निज करदाताबाट असुल गर्नुपर्ने रू. ३८०२५८.००

• **राजी राणा (कर दाता नं २७-२९-००८७)** ले आ.व. २०८०।८१ को सम्पत्ति कर रू १६४२६०२.०० तिर्दा कित्ता नं. ३ मा कच्ची मोटर बाटोको ३०% छुट लिएको देखिएकोमा करदाताको फाइलमा उक्त छुट पाउने आधार प्रमाण पेश गरेको पाइएन ।त्यसैले, छुट पाउने आधार पेश हुनुपर्ने अन्यथा छुट भएको रकम रू १६४२६०२.०० निज करदाताबाट असुल गर्नुपर्ने रू. १६४२६०२.००

• **सचिन्द्र शम्सेर राणा (करदाता नं. २७-२९-००२३)** ले आ.व. २०८०।८१ को रू २२७७२४.४८ सम्पत्ति कर तिर्दा कित्ता १०९,११०,१११ मा कच्ची मोटर बाटोको २०% छुट लिएको देखिएकोमा करदाताको फाइलमा उक्त छुट पाउने आधार प्रमाण पेश गरेको पाइएन ।त्यसैले, छुट पाउने आधार पेश हुनुपर्ने अन्यथा छुट भएको रकम रू २२७७२४.०० निज करदाताबाट असुल गर्नुपर्ने रू. २२७७२४.००

•**धिरेन्द्र कुमार हर्जनी (करदाता नं. २८-२१-००२७)** ले आ.व. २०७८।७९ देखि २०८०।८१ सम्मको रू ३५५८९०७.०० सम्पत्ती कर तिर्दा कित्ता नं ३७९७,३८००,३७८२ र ३८०१ मा सहायक कच्ची बाटो डेडएंडको ३०% छुट लिएको देखिएकोमा करदाताको फाइलमा उक्त छुट पाउने आधार प्रमाण पेश गरेको पाइएन । त्यसैले, छुट पाउने आधार पेश हुनुपर्ने अन्यथा छुट भएको रकम रू ३५५८९०७.०० निज करदाताबाट असुल गर्नुपर्ने रू. ३५५८९०७.००

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७९,०७,४७२ |

६२ **व्यवसाय कर छुट**

काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा २२ मा व्यक्ति वा संस्थाले तिर्न बाँकी भएको बहाल कर र व्यवसाय कर बहालमा लागेको तथा व्यवसाय सञ्चालन भएको अवधिदेखि तिर्नु बुझाउनुपर्ने अन्यथा आर्थिक वर्ष २०७२/२०७३ लाई आधार वर्ष मानी त्यस्तो कर असुल गरिने उल्लेख छ । **शुवर्ण केशरी शाक्य बज्राचार्य (कर दाता नं २३-२२-०००९)** को PAN दर्ता अनुसार व्यवसाय २०७०/०४/२३ देखि सञ्चालनमा रहेकोमा महानगरपालिकाले २०७२/७३ देखि मात्र असुली गरेको देखिएकोले छुट भएको आ.व. २०७०/७१ र २०७१/७२ को व्यवसाय कर रकम रू १०,०००.०० र सो मा नियमानुसार लाग्ने थप जरिवाना सहित निज करदाताबाट असुल गर्नुपर्ने रू.......

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

६३ **नपाउने छुट**

काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १७ सालबसाली नियमित कर दाखिला गर्ने सम्पत्ति, व्यवसाय, बहाल करदाताहरूका हकमा २०८० पौष मसान्तसम्म कर रकम दाखिला गरेमा चालु आर्थिक वर्षको कर रकमको दश प्रतिशत रकम छुट हुने कुरा उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गरिएका देहायका कर दाताले ऐनले तोकेको समयमा कर नतिर्दा समेत छुट लिएको देखिएकोले महानगरपालिकाले छुट दिएको रकम सम्बन्धित करदाताबाट असुल हुनुपर्दछ।

• **नेम इन्स्टीच्युट फर मेडिकल एजुकेशन प्रा.लि. (करदाता नं २८-२२-०२२०)** ले ०८०/८१ को सम्पत्ति कर रू ५७११३७९.०० तीन किस्तामा कर दाखिला गरेको छ । तेस्रो किस्ता २०८१/०२/३१ मा बुझाएतापनि ०८०/८१ को कर रकममा रू ८१,२६६.३१ छुट प्राप्त गरेको देखिन्छ । यसरी ऐनले तोकेको समयमा कर नतिर्दा समेत छुट दिएको देखिएकोले उक्त छुट रू ८१,२६६.३१ मा नियमानुसार लाग्ने थप जरिवाना समेत असुल गर्नुपर्ने रू. ८१२६६।००

• **घ्यालेक्शी पब्लिक स्कूल (कर दाता नं ३०-१२-०११८)** ले ०८०/८१ को सम्पत्ती कर रू ३१३५४९६.०० बुझाउँदा दुई किस्तामा दाखिला गरेको छ । दोस्रो किस्ता २०८१/०१/१३ मा बुझाए तापनि ०८०/८१ को कर रकममा रू १,५५,९७१.८४ छुट प्राप्त भएको देखिन्छ । यसरी ऐनले तोकेको समयमा कर नतिर्दा समेत छुट दिएको देखिएकोले उक्त छुट रकम रू १५५९७१.८४ मा नियमानुसार लाग्ने थप जरिवाना समेत असुल गर्नुपर्ने रू. १५५९७2।००

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३७,२३८ |

६४ **ब्याज गणना**

काठमाडौं महानगरपालिकाको राजस्व ऐन, २०७५ को दफा ६६ अनुसार यस ऐन बमोजिम करदाताले महानगरपालिकालाई तिर्नु पर्ने कर, दस्तुर शुल्क समयमा दाखिला नगरेमा माथि परिच्छेदहरूमा तोकिएकोमा तोकिए बमोजिम र नतोकेको हकमा तिर्नुपर्ने कर रकममा वार्षिक दस प्रतिशतले हुने रकम ब्याज लगाई असुल उपर गरिने उल्लेख छ । महानगरपालिकाले बक्यौता रकममा वार्षिक रूपमा १० प्रतिशतले व्याज लगाउनु पर्नेमा १०% मात्र ब्याज गणना गरी असुली गरिरहेको देखिन्छ, जबकि ऐनको मर्म अनुसार प्रत्येक वर्ष क्रमिक रूपमा ब्याज गणना गरी असुली गर्नुपर्ने हुन्छ । तसर्थ, प्रचलित कानुनी व्यवस्थाको पूर्ण कार्यान्वयन सुनिश्चित गर्न, ऐन बमोजिम वार्षिक ब्याज गणना गर्ने गरी राजस्व संकलन प्रणालीमा थप सुधार एवं परिमार्जन गर्नु आवश्यक देखिन्छ। लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा देहाय बमोजिमका करदाताबाट ऐन अनुसार वार्षिक १० प्रतिशत लिनुपर्नेमा जम्मा १० प्रतिशत मात्र व्याज लिएको कारण रू १८२३३१८.०० व्याज कम दाखिला भएको देखिन्छ । उक्त रकम सम्बन्धित करदाताबाट असुल गर्नुपर्ने रू.....

| क्र.स | करदाता संकेत नम्बर | करदाता नाम | तिर्नुपर्ने जरिवाना | तिरेको जरिवाना | थप तिर्नुपर्ने (रू) | व्यवसाय कर दर |
|---|---|---|---|---|---|---|
| १ | ०१-०४-०००५ | एभरेष्ट हस्पिटालिटी एण्ड होटल लि. | १,५०,००० | ५०,००० | १,००,००० | २०७५/७६ देखि २०८०/८१ – वार्षिक १००००० |
| २ | २६-२२-०६७३ | नेपाल हस्पिटालिटी एण्ड होटल (फेयरफिल्ड म्यारीयट काठमाडौ) | १,२९,००० | ३६,००० | ९३,००० | २०७३/७४ देखि २०७४/७५ – वार्षिक ३००००<br>२०७५/७६ देखि २०८०/८१ – वार्षिक ६०००० |
| ३ | ०३-०६-५८० | काठमाडौं न्यू क्यासल स्कुल | ७६,५०० | १८,२०० | ५८,३०० | २०७२/७३ - २०००<br>२०७३/७४ देखि २०७४/७५ – वार्षिक १५०००<br>२०७५/७६ देखि २०८०/८१ – वार्षिक ३०००० |
| ४ | ०४-३०-०३७७ | लक्ष्मी सन्राइज बैंक लिमिटेड | १,४७,००० | ३५,५०० | १११,५०० | २०७२/७३ - २५०००<br>२०७३/७४ देखि २०७४/७५ – वार्षिक ४००००<br>२०७५/७६ देखि २०८०/८१ – वार्षिक ५०००० |
| ५ | ०७-०४-०१५७ | एनलेक्स प्रिपेरेसन सेन्टर नेपाल प्रा.लि | ३०,४०० | ५,९०० | २४,५०० | २०७२/७३ देखि २०७४/७५ – वार्षिक ३०००<br>२०७५/७६ देखि २०८०/८१ – वार्षिक १०००० |
| ६ | ०९-३१-१८१८ | सर्पोट ह्युमन रिसोर्सेज प्रा.लि. | ५०,५०० | १६,५०० | ३४,००० | २०७२/७३ देखि २०७३/७४ – वार्षिक ५०००<br>२०७४/७५ देखि २०८०/८१ – वार्षिक २५००० |
| ७ | ०९-३१-१७५४ | साउथ एशियन इम्लोइमेन्ट प्रा. लि. | ५०,५०० | १६,५०० | ३४,००० | २०७२/७३ देखि २०७३/७४ – वार्षिक ५०००<br>२०७४/७५ देखि २०८०/८१ – वार्षिक २५००० |
| ८ | ०९-२५-०७०१ | वेवी एञ्जल इन्टरनेशनल प्रा.लि. | ५०,५०० | १६,५०० | ३४,००० | २०७२/७३ देखि २०७३/७४ – वार्षिक ५०००<br>२०७४/७५ देखि २०८०/८१ – वार्षिक २५००० |
| ९ | १०-१२-०४६७ | ज्ञानु जोशी मास्के | २१,३०० | ५,९०० | १५,४०० | २०७२/७३देखि २०७४/७५ – वार्षिक ३०००<br>२०७५/७६ देखि २०८०/८१ – वार्षिक १०००० |
| १० | १२-१४-०००२ | टेवा इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | १,२७,५०० | ३२,५०० | ९५,००० | २०७२/७३देखि २०७४/७५ – वार्षिक २५०००<br>२०७५/७६ देखि २०८०/८१ – वार्षिक ५०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | १२-०४-००४१ | एम०सि०विल्डर्स प्रा.लि. | ८२,५०० | १७,५०० | ६५,००० | २०७२/७३ देखि २०७४/७५ – वार्षिक २५००० <br> २०७५/७६ देखि २०८०/८१ – वार्षिक २०००० |
| १२ | १२-२७-०२२५ | मेगा सिटी हाउजिङ्ग प्रा.लि. | ८२,५०० | १७,५०० | ६५,००० | २०७२/७३ देखि २०७४/७५ – वार्षिक २५००० <br> २०७५/७६ देखि २०८०/८१ – वार्षिक २०००० |
| १३ | १२-३१-०५७९ | स्वीट होम हाउजिङ्ग प्रा.लि. | ८२,५०० | १७,५०० | ६५,००० | २०७२/७३ देखि २०७४/७५ – वार्षिक २५००० <br> २०७५/७६ देखि २०८०/८१ – वार्षिक २०००० |
| १४ | १४-०४-०१५४ | एडमार्क एकेडेमी प्रा.ली. | ६६,१०० | १८,२०० | ४७,९०० | २०७२/७३ - २००० <br> २०७३/७४ देखि २०७४/७५ – वार्षिक १५००० <br> २०७५/७६ देखि २०८०/८१ – वार्षिक ३०००० |
| १५ | १४-२५-११०५ | विज्डम इङलिस एकेडमी काठमाण्डौं प्रा.ली. | ६६,१०० | १८,२०० | ४७,९०० | २०७२/७३ - २००० <br> २०७३/७४ देखि २०७४/७५ – वार्षिक १५००० <br> २०७५/७६ देखि २०८०/८१ – वार्षिक ३०००० |
| १६ | १६-२२-०९३२ | नेपाल लाइफ इन्स्योरेन्स क.लि. | ६९,००० | १६,००० | ५३,००० | २०७३/७४ देखि २०७४/७५ – वार्षिक ३०००० <br> २०७५/७६ देखि २०८०/८१ – वार्षिक २०००० |
| १७ | १८-१८-००२१ | त्रिभुवनधर तुलाधर | ३०,९०० | ८,३०० | २२,६०० | २०७२/७३ - ३००० <br> २०७३/७४ देखि २०७७/७८ – वार्षिक १०००० <br> २०७८/७९ देखि २०८०/८१ – वार्षिक १५००० |
| १८ | २२-२७-०६१८ | मन्जुश्री फाइनान्स लिमटेड | ३,३२,६१४ | १,०३,१९६ | २,२९,४१८ | २०७३/७४ देखि २०७४/७५ – वार्षिक १५००० <br> २०७५/७६ देखि २०८०/८१ – वार्षिक २५००० |
| १९ | २२-३१-१५४६ | सिद्वार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड | २०,००० | ८,००० | १२,००० | २०७६/७७ देखि २०८०/८१ – वार्षिक २०००० |
| २० | २३-३१-०५६५ | शम्भु तण्डुकार | ३६,००० | ८,००० | २८,००० | २०७२/७३ देखि २०८०/८१ – वार्षिक १०००० |
| २१ | २४-२२-०१५५ | नविन ज्योती तुलाधर | ३९,३०० | ९,९०० | २९,४०० | २०७२/७३ देखि २०७४/७५ – वार्षिक ८००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | २०७५/७६ देखि २०८०/८१ – वार्षिक १५००० |
| २२ | २६-२९-०१९३ | ओपन भिजन एजुकेशन फाउण्डेसन प्रा. लि | ४६,३०० | १३,९०० | ३२,४०० | २०७२/७३ देखि २०७४/७५ – वार्षिक ३०००<br>२०७५/७६ - ३००००<br>२०७६/७७ देखि २०८०/८१ – वार्षिक २५००० |
| २३ | २६-०४-०१०६ | एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्ट प्रा लि. | ५२,५०० | १५,००० | ३७,५०० | २०७४/७५ देखि २०८०/८१ – वार्षिक २५००० |
| २४ | २७-९९-००५७ | आकार कम्पलेक्स प्रा.लि. | ३०,००० | १०,००० | २०,००० | २०७५/७६ देखि २०८०/८१ – वार्षिक २०००० |
| २५ | २९-०६-०२१७ | काठमाडौँ नेशनल मेडिकल कलेज प्रा.लि. | २,०२,५०० | ५७,५०० | १,४५,००० | २०७२/७३ देखि २०७४/७५ – वार्षिक २५०००<br>२०७५/७६ देखि २०८०/८१ – वार्षिक १००००० |
| २६ | २९-२३-०५३८ | परामर्श रियल स्टेट प्रा.लि. | ३९,०००० | ११,५०० | २७,५०० | २०७४/७५ – वार्षिक १५०००<br>२०७५/७६ देखि २०८०/८१ – वार्षिक २०००० |
| २७ | ३०-२२-०००३ | नेपाल लाइफ इन्स्योरेन्स क.लि. | ८२,५०० | १७,५०० | ६५,००० | २०७२/७३ देखि २०७४/७५ – वार्षिक २५०००<br>२०७५/७६ देखि २०८०/८१ – वार्षिक २०००० |
| २८ | ३०-२९-०६५० | रिपब्लिका ईन्टरनेशनल एजुकेशन फाउण्डेशन प्रा लि | ६७,५०० | १२,५०० | ५५,००० | २०७२/७३ देखि २०७४/७५ – वार्षिक २५०००<br>२०७५/७६ देखि २०८०/८१ – वार्षिक १०००० |
| २९ | ३०-२७-०४९९ | मार्भलस इङ्लिस बोर्डीङ स्कुल | ५७,००० | ११,००० | ४६,००० | २०७२/७३ देखि २०७४/७५ – वार्षिक २००००<br>२०७५/७६ देखि २०८०/८१ – वार्षिक १०००० |
| ३० | ३१-२२-०७१८ | नेपाल लाईफ इन्स्युरेन्स कम्पनी लिमिटेड (नयाँ बानेश्वर उपशाखा) | ९३,००० | १९,००० | ७४,००० | २०७२/७३ देखि २०७४/७५ – वार्षिक ३००००<br>२०७५/७६ देखि २०८०/८१ – वार्षिक २०००० |
| ३१ | ३०-२०-०२२१ | द न्यु समित सेकेण्डरी स्कुल | ७२,००० | १६,००० | ५६,००० | २०७२/७३ देखि २०८०/८१ – वार्षिक २०००० |
| **Total** | | | | | **१८,२३,३१८** | |

**नोटः यस्तो किसिमका छुट अन्य करदाताहरुको पनि भएको हुनसक्ने देखिएकोले महानगरपालिकाले थप यकिन गरी असुल गर्नुपर्दछ ।**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,२३,३१८ |

६५ **छुट बहालकर**

**यात्री सुइटस एण्ड स्पा प्राली (कर दाता नं २६-२८-०१४४)** र मिन्कु गुरङ्‍ समेत २ जना बिच २०७२।५।११ देखि लागु हुने गरी मासिक घरभाडा रू ४,००,०००.०० हुने गरी ५ वर्षको सम्झौता गरेको छ । सम्झौताको बुँदा नं ३ मा घरको भाडा वापतको रकम वार्षिक १० प्रतिशतका दरले बृद्धि हुने उल्लेख छ । निज करदाताले मिति २०८०/११/२३ मा आ.व. २०७५ साउनदेखि २०७७ असारसम्मको रू १०५६०००.०० बहाल कर तिरेको देखिन्छ । सम्झौता अनुसार २०७४।५।१० देखि मासिक रू ४४००००.०० र २०७६।५।१० देखि रू ४८८४००.०० हुने भएकोले सोही अनुसार बहाल कर गणना गर्नुपर्नेमा बृद्धि भएको बहाल रकमको कर गणना नगरेको देखिएकोले छुट भएको बहाल कर रू १४४४००.०० र सो मा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू.

साथै निज करदाताले आ.व. २०७६/७७ सम्म बहाल कर बुझाएको र आ.व. २०७९/८० देखि सम्पत्ति कर बुझाउन थालेको देखिन्छ। तर आ.व. २०७७/७८ र २०७८/७९ को बहाल कर बुझाएको नदेखिएकोले छुट भएको बहाल कर रू १२१४८४०.०० र सो मा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,०३,६४० |

६६ **नपाउने छुट**

काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १७ सालबसाली नियमित कर दाखिला गर्ने सम्पत्ति, व्यवसाय, बहाल करदाताहरूका हकमा २०८० पौष मसान्तसम्म कर रकम दाखिला गरेमा चालु आर्थिक वर्षको कर रकमको १० प्रतिशत रकम छुट हुने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परक्षण गरिएका निम्नानुसार करदाताहरूले सालबसाली नियमित रूपमा कर दाखिला नगरेता पनि छुट दिएको देखिन्छ । सो रकम जरिवाना सहित असुल गर्नुपर्ने रू......

| क्र.स | करदाता संकेत नम्बर | करदाता नाम | नियमित नभएको आ.व | छुट रकम (रू) |
|---|---|---|---|---|
| १ | १४-०४-००९६ | एडभान्स कलेज अफ इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट प्रा० लि० | २०७९/८० | २,८४,६०९ |
| २ | १०-३०-०२९८ | लिभरपुल एजुकेशन नेटवर्क प्रा. लि. | २०७९/८० | ५४,५७४ |
| ३ | २९-३०-००९१ | लुना खरेल ,उमेश,दुर्गादिवी,केशब र निर्माला सिम्खडा समेत (सिम्खडा प्लाजा) | २०७९/८० | ६१,०१० |
| ४ | १६-२५-०००७ | वावु राजा रावल समेत | २०७८/७९ देखी २०७९/८० | ४४,९२४ |
| ५ | १५-२२-०४३४ | नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि. | २०७०/७१ देखी २०७९/८० | ३,५९,४७६ |
| ६ | १५-०१-०२२८ | अग्नि लोजिस्टिक्स प्रा.ली | २०७९/८० | ६६,१९८ |
| ७ | २५-२७-०१३५ | इन्द्र गोपाल श्रेष्ठ समेत जवान ५ | २०७७/७८ देखी २०७९/८० | ४,८३७ |
| ८ | २६-०१-०३५५ | अमुल प्रधान | २०७९/८० | ८७,७५७ |
| ९ | २६-२७-०८४२ | मण्डला दिप प्रा.ली | २०७६/७७ देखी २०७९/८० | ७८,३४९ |
| १० | २७-०८-००३८ | गोविन्द श्रेष्ठ | २०७८/७९ देखी २०७९/८० | २९,८४७ |
| ११ | २८-०६-०२७४ | केशर मान मल्ल | २०६७/६८ देखी २०७९/८० | ५६,४०७ |
| १२ | २८-०१-०२४२ | अनुप तण्डुकार | २०७७/७८ देखी २०७९/८० | ४६,९४७ |
| १३ | २९-३१-०५६९ | सुमित्रा महर्जन डंगोल | २०७२/७३ देखी २०७९/८० | १,८३० |
| १४ | ३०-३१-००९४ | श्री नेपाल इन्भेष्टमेन्ट मेघा बैक लि | २०७९/८० | ६,७१,३७४ |
| १५ | ३०-३१-०८२८ | स्टार होल्डिङ्गस प्रा.लि. | २०६६/६७ देखी २०७९/८० | २,०६,५९८ |
| १६ | ३१-२२-०१७२ | नागरिक लगानी कोष | २०७९/८० | ३,२७,२५६ |
| १७ | ३१-२२-०००१ | नेपाल हाउजिङ एण्ड कन्स्ट्रक्सन प्रा. लि. | २०७९/८० | ६४,४३३ |
| १८ | ३२-२३-०६६४ | परमा देवी अग्रवाल | २०७७/७८ देखी २०७९/८० | ५७,०९१ |
| **Total** | | | | **२५,०३,५१७** |

नोटः माथी उल्लेखित करदाताको छुट नमुना परीक्षणबाट देखिएकोमा यि बाहेकका अन्य करदाताहरुले समेत पौष मसान्त पछि पनि छुट लिएको हुन सक्ने भएकोले महानगरपालिकाले यकिन गरी असुल गर्नुपर्दछ ।

| असुल गर्नुपर्ने | २५,०३,५१७ |
|---|---|

६७ **जरिवाना असुल नगरेको**

काठमाडौं महानगरपालिकाको राजस्व ऐन, २०७५ को दफा १६ अनुसार कर बक्यौतामा जरिवाना लाग्ने, कुनै व्यक्तिले सम्बन्धित आर्थिक वर्षभित्र सम्पत्ति कर दाखिला नगरेमा बक्यौता कर रकममा वार्षिक १० प्रतिशतका दरले जरिवाना लगाई असुल उपर गरिने उल्लेख छ । **होटेल मल्ल प्रा. लि. (कर दाता नं २६-९९-००३३)** ले मिति २०८१/०३/१० मा आ.व. २०७५/७६ र २०८०/८१ को सम्पत्ति कर एकमुष्ट रू ७२१५५८६.०० दाखिला गरेकोमा नियमानुसार लाग्ने जरिवाना लिएको नदेखिएकोले छुट भएको जरिवाना रू ९,२५,०२६.०० निज करदाताबाट असुल गर्नुपर्ने रू.....

| असुल गर्नुपर्ने | ९,२५,०२६ |
|---|---|

६८ **कर छुट**

काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा २(१०) अनुसार महानगर क्षेत्रभित्र सञ्चालित होटल, रिसोर्ट वा चलचित्र घरको नाममा घर जग्गा भई वा लिजमा लिइ होटल, रिसोर्ट वा चलचित्र घर निर्माण गरी सञ्चालन भएको करदाताको हकमा बक्यौता सहितको सम्पत्ति कर २०८० पौष मसान्तभित्र चुक्ता गरेमा थप ३० (तीस) प्रतिशत छुट हुने कुरा उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गरिएका निम्नानुसार करदाताहरूले आर्थिक ऐनमा निर्धारित अवधि अर्थात पौष मसान्त भित्र नबुझाएको अवस्थामा समेत रू ५९६३९००.०० छुट दिएको देखिएकोले ऐन विपरित छुट भएको रकम सम्बन्धित करदाताबाट असुल हुनुपर्ने रू.

| वडा न | करदाता कोड | करदाता | कर रकम मिति | कर रकम (रू) |
|---|---|---|---|---|
| १ | ०१-३२-०००६ | होटल डेला अन्नपुर्ण | २०८१/०१/२० | २५,७०,६१९/- |
| १ | ०१-३२-००४१ | होटल रोयल सिंगी प्रा०लि० | २०८१/०३/३० | ७,०६,६८८/- |
| २ | ०२-३२-००७९ | होटलल्हासाइन्टरनेशनल प्रा.लि. | २०८०/१०/१८ | ५,७३,३३३/- |
| २ | ०२-०१-०५५ | ओरियन्टल होटल प्रा. ली. | २०८१/०१/३० | ११,३३,३६०/- |
| २६ | २६-९९-००३३ | होटेल मल्ल प्रा. ली. | २०८१/०३/१० | ९,७९,९००/- |
| **कुल जम्मा** | | | | ५९६३९००/- |

**नोटः माथी उल्लेखित करदाताको नमुना परीक्षणबाट देखिएकोमा यि बाहेकका अन्य करदाताहरुले समेत पौष मसान्त पछि पनि छुट लिएको हुन सक्ने भएकोले महानगरपालिकाले यकिन गरी असुल गर्नुपर्दछ ।**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१२** को निर्णयले रू **४४४,८८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५९,६३,९०० |

६९ **बहाल कर छुट**

**तेन्जीङ युगेल नेपाली (करदाता नं २६-१८-०२४५)** र घर धनी विष्णु कुमार राजभण्डारी बीच २०७९।१।९ मा भएको सम्झौता अनुसार बहाल २०७९ बैशाख महिनादेखि प्रारम्भ हुने, सम्झौताको बुँदा नं १ मा मासिक बहाल रकम रू ३५००००.०० हुने उल्लेख छ । साथै बुँदा नं ५ मा बुँदा नं प्रत्येक २ वर्षमा १०% बहाल वृद्धि हुने उल्लेख छ । सम्झौता २०७९ बैशाख महिनादेखि प्रारम्भ हुने भनिएकोमा २०७९ श्रावणबाट मात्र महानगरपालिकामा कर तिरेको देखिएकोले ३ महिनाको छुट भएको बहाल कर रू १०५०००.०० र सो मा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू..........

साथै प्रत्येक २ वर्षमा १०% बहाल वृद्धि हुने प्रावधान अनुरूप २०८१ बैशाख देखि मासिक रू ३८५०००.०० बहाल रकम हुनेमा पुरानै दरबाट बहालकर असुल गरेको देखिएकोले छुट भएको बहाल कर रू १०५००.०० र सो मा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू.........

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१५,५०० |

७० **जग्गा भन्दा बढी चर्चेको छेत्रफल**

सुवर्ण देवी श्रेष्ठ समेत ५ (करदाता नं. २७-३१-०१००) को पेश भएको विवरण अनुसार कित्ता नं. १६०, २१९७, २१९५, १६३, १६१ को कुल जग्गाको क्षेत्रफल २-६-२-० रहेको देखिन्छ । जसमध्ये १-३-०-१.६ मा मात्रै सम्पत्ति कर असुली भइरहेको छ । कित्ता १६०, २१९७, २१९५, १६३, १६१ मा रहेको आ.व. ०२९/३० मा निर्माण भएको १ तले भवनको प्लिन्थ एरिया २-१३-२-०.२३७ भनी उल्लेख गरिएको छ, जुन कुल जग्गाभन्दा बढी देखिन्छ । जसले गर्दा निज करदाताको विवरण सहि हो भन्न सकिएन । यस्तो प्रकारको त्रुटि अन्य करदाताको समेत हुन सक्ने भएकाले महानगरपालिकाले त्रुटिहरू यकिन गरी समयमा सच्याउनु पर्ने देखिन्छ ।

७१ **घटी कर गणना**

काठमाडौं महानगरपालिका राजस्व ऐन, २०७५ दफा १५ सम्पत्ति कर निर्धारण प्रयोजनको लागि महानगरपालिका क्षेत्रभित्र रहेको भवन संरचनाको सम्पूर्ण क्षेत्रफल र उक्त भवन संरचना रहेको जग्गा र सो भवन संरचनाले ओगटेको क्षेत्रफल बराबरको थप जग्गा वा पाँच हजार चार सय छयाहत्तर वर्गफिट जग्गामध्ये जुन घटी हुन्छ त्यसलाई मूल्याङ्कनमा समावेश गरी कर निर्धारण गरिने, तर पाँच हजार चार सय छयाहत्तर वर्गफिट (१ रोपनी) भन्दा बढीमा भवन निर्माण भएको रहेछ भने भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा र थप पाँच हजार चार सय छयाहत्तर वर्गफिट (१ रोपनी) जग्गा मूल्याङ्कनमा समावेश गरी कर निर्धारण गरिने कुरा उल्लेख छ । सो सम्बन्धी देखिएका वेहोरा निम्नानुसार छन्ः-

• **प्रदिप रत्न ताम्राकार समेत (कर दाता नं २०-२३-००५३)** को वडा २२ मा रहेका कित्ता नं ११२०, १९८७, १११८ र १११६ मा प्लिन्थ क्षेत्रफल ६२६० वर्ग फिट रहेको छ । सो अनुसार १-६-३-० छेत्रफलमा फैलिएको यो जग्गामा सम्पत्ति कर गणना गर्नुपर्ने भए तापनि महानगरपालिकाले १-२-३-० छेत्रफलको मात्र कर गणना गरिएको छ। तसर्थ, छुट भएको ०-३-१-० छेत्रफलमा प्रति आना रू ५०,००,०००.०० का दरले ऐन अनुसार कर गणना गर्दा आ.व. ०७९/८० देखी ०८०/८१ सम्मको रू १९५,०००.०० र सो मा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल हुनुपर्ने रू १९५०००.००

• **नरेन्द्र कुमार गुप्ता (कर दाता नं. २१-२२-०१३७)** को स्वामित्वमा रहेको कित्ता नं १८३७ मा रहेको भवनको प्लिन्थ क्षेत्रफल २८३२.३५ वर्ग फिट र कित्ता नं १८३६ मा रहेको भवनको प्लिन्थ क्षेत्रफल ११३०.६१ वर्ग फिट रहेको छ । सो अनुसार सम्पूर्ण जग्गा क्रमशः ०-११-१-२ र ०-५-०-३ क्षेत्रफलको नै सम्पत्ति कर गणना गर्नुपर्ने देखिन्छ । तर पालिकाले क्रमशः ०-०-३-०.३ र ०-३-१-०.९ को मात्र मूल्याङ्कन गरी सम्पत्ति कर असुल गरेको देखिन्छ । त्यस्तै पेश भएको नक्शा अनुसार वडा नं २ र २९ मा रहेको अपार्टमेन्टको १८२९.०८ व.फिट र ३८६९.३० व.फिट भवनसमेत समावेश गरी कर गणना गर्नुपर्नेमा जग्गाको मात्र समावेश गरी कर गणना गरेको देखिन्छ । त्यसैले दुबै कित्तामा छुट जग्गा र भवनको समेत मूल्याङ्कन गरी कर गणना गर्दा रू ५,४५,९२८.०० कर नपुग देखिकएकोले उक्त रकम र सो मा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू ५,४५,९२८.००

• **हुलास मेटल क्राफ्ट लि (कर दाता नं. २२-३२-०००७)** को स्वामित्वमा कित्ता नं ६७ मा रहेको भवनको महानगरपालिकाका इन्जिनियरले २०७५।२।३१ मा पेश गरेको प्रतिवेदन अनुसार ब्लक नं ७ को १ तले भवनको क्षेत्रफल १२५०० वर्ग फिट उल्लेख छ । वडाबाट सम्पत्ति कर प्रयोजनको लागि उक्त भवनको मूल्याङ्कन गर्दा १२५ वर्ग फिट मात्र उल्लेख गरी भवनको मूल्याङ्कन गरेको देखिएकोले छुट भएको १२३७५ वर्ग फिटको आर्थिक वर्ष २०७५/७६ देखि २०८०/८१ सम्मको ऐन अनुसार लाग्ने कर गणना गर्दा रू १२,११,८५६.०० नपुग देखिकएकोले उक्त रकममा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू १२११८५६.००

• **रेहना प्रधानाङ्ग (कर दाता नं २२-२९-०५९७)** को स्वामित्वमा वडा ११ मा रहेको कित्ता नं २४२४ को १०६६.४१ व.फि. क्षेत्रफल भएको अपार्टमेन्ट प्रकृतिको भवनले चर्चेको क्षेत्रफल अनुसार ९९.०७ व.मि. को सम्पत्ति कर असुली गर्नुपर्नेमा ६६.०४८ व.मि. मा मात्र असुली भएको देखिन्छ । साथै वडा नं २२ मा रहेका कित्ता नं १६१९ र १६२० को २,९२१.१६, ३४७.९, र १,१४५.०५ व.फि. क्षेत्रफलका अपार्टमेन्ट प्रकृतिका भवनहरू रहेकोमा सोही अनुपातमा कुल ४१०.०८ वर्गमिटरको सम्पत्ति कर गणना गरेको देखिदैन। निज करदाताको वडा नं ११ मा छुट भएको ३२.९२२ र वडा नं २२ को ४१०.०८ वर्गमिटरको प्रति आना रू ३६ लाखको जग्गाको सम्पत्ति कर ऐन अनुसार गणना आ.व. २०७५/७६ देखि २०८०/८१ सम्मको रू ११,१२,५२१.०० नपुग देखिकएकोले उक्त रकममा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू १११२५२१.००

• **अच्युत राज श्रेष्ठ समेत (कर दाता नं २३-०१-००२३)** को स्वामित्वमा कित्ता नं ३ मा रहेको भवनको प्लिन्थ क्षेत्रफल ३,२२१.५८ वर्ग फिट भएकाले सम्पत्ति कर सम्पूर्ण ०-११-१-३ क्षेत्रफलमा गणना गर्नुपर्ने मा ०-९-१-२ क्षेत्रफलमा मात्र कर गणना गरी २०८०।५। ११ मा रू ६४५३७.०० सम्पत्ति कर असुल गरेको छ । तसर्थ छुट भएको क्षेत्रफलको प्रति आना रू ५० लाखका दरले आ.व. ०७७/७८ देखि ०८०/८१ सम्मको सम्पत्ति कर ऐन अनुसार गणना गर्दा रू १,५९,५२२.६३ नपुग देखिकएकोले उक्त रकममा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू १५९५२३.००

• **निर्मल ज्योती र नविन ज्योती तुलाधर (करदाता नं २४-२२-००१७)** को करदाता फाइलमा संलग्न नक्शा अनुसार कित्ता नं ५२५, ५११, र ५२६ मा एउटै भवन रहेको देखिन्छ । निजले मिति २०८०।५।११ मा आ.व. २०८०।८१ को सम्पत्ती कर गणना गर्दा कित्ता नं ५२६ र ५११ मा सम्पत्ति कर गणना गरिएको भएता पनि कित्ता नं ५२५ (०-०-२-१) मा कर गणना गरिएको छैन । छुट भएको जग्गाको प्रति आना रू ५०,००,०००.०० को दरले ०७७/७८ देखि ०८०/८१ सम्म छुट सम्पत्ति कर रू ६७,४७१.७० मा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू ६७४७२.००

• **राजी राणा (कर दाता नं २७-२९-००८७)** को पेश भएको नक्शा अनुसार कित्ता नं. २९८१ र ९१ मा एउटै भवन रहेको भएता पनि करदाताले २०८०।८१ को सम्पत्ती कर वझाउँदा कित्ता नं ९१ (०-२-३-२.८) मा सहायक बाटोको १० प्रतिशत छुट लिई प्रति आना मूल्य रू ४५००००० .०० कायम गरी सम्पत्ति कर मुल्याङ्कन गरेको देखिन्छ । दुबै कित्तामा प्रति आना दर रू ५०,००,००० नै लागु हुनुपर्नेमा एउटै भवनमा एउटा कित्ताको छुट दिन नमिल्ने देखिएकोले छुट भएको मूल्यको सम्पत्ति कर रू ८७,७३५.८० सो मा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू ८७७३६.००

• **रोहिणी अमात्य मास्के (कर दाता नं. २७-२९-००२०)** को पेश भएको नक्सा अनुसार कित्ता नं २३८४ मा भएको जग्गा २४ फिटको बाटोले छोएको देखिन्छ।तर महानगरपालिकाबाट सम्पत्ती कर प्रयोजनार्थ जग्गाको मूल्याङ्कन हुँदा सहायक पिचको १० प्रतिशत छुट दिई जग्गाको मुल्याङ्कन प्रति आना रू ४५ लाख कामय गरेको कारण जग्गाको कुल मूल्यांकन रकम रू ८,८९,५१,५६२.५०८ हुनुपर्नेमा रू ८,००,५६,४०६.२५ मात्र कायम भएको छ । तसर्थ, छुट भएको मुल्यको आर्थिक वर्ष २०७७/७८ देखि २०८०/८१ सम्मको सम्पत्ती कर ऐन अनुसार गणना गर्दा रू २,१३,४८३.७५ नपुग देखिकएकोले उक्त रकम सो मा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू २१३४८४.००

• **सेन्चुरी जीनजुन इन्टरनेशनल होटल प्रा. ली. (करदाता नं २७-३१-०६३६**) को पेश भएको नक्शा अनुसार कित्ता २७८७ (०-१२-३-१) मा भवन रहेको र सो अनुसार आ.व. ०८०/८१ को भवनको मात्र मुल्याङ्कन गरी २०८१।२।११ मा रू १२९१९२.०० सम्पत्ति कर असुल गरेको देखिन्छ । तर करदाताको सम्पत्ति मूल्याङ्कन तथा कर निर्धारण विवरणमा जग्गातर्फको मूल्याङ्कन गरी सम्पत्ती कर असुली गरिएको छैन। ऐन अनुसार उक्त जग्गाको प्रति आना रू ५०,००,०००.०० को दरले मूल्यांकन गरी रू.६,४०,५३,४५९.१२ को छुट भएको सम्पत्ति कर रू ३,८४,३२०.७५ र सो मा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू ३,८४,३२१.००

• **होटल मलवेरी प्रा.लि. (कर दाता नं २७-३१-०१५७)** को पेश भएको नक्सा अनुसार कित्ता नं २६४४ र २६४६ को जग्गा १४ फिटको बाटोले छोएको देखिन्छ । तर महानगरपालिकाले निजको सम्पत्ति कर निर्धारण गर्दा उक्त जग्गामा सहायक पिचको १० प्रतिशत छुट दिई प्रति आना रू ५०,००,०००.०० हुनुपर्नेमा रू ४५,००,०००.०० मात्र कायम गरिएको छ । यसका कारण जग्गाको कुल मूल्यांकन रकम रू २१,५३,३१,४६८.७६ हुनुपर्नेमा रू १९,३७,९८,३२१.८८ मात्र कायम भएको छ। तसर्थ, छुट भएको मुल्यको आर्थिक वर्ष २०७७/७८ देखि २०८०/८१ सम्मको सम्पत्ति कर पुनः गणना गर्दा रू ५,१६,७९५.५३ कम देखिएकोले उक्त रकममा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू ५,१६,७९५.००

• **कृष्ण देवी कसजु (कर दाता नं २७-०६-०१०९**) को पेश भएको नक्सा अनुसार कित्ता नं. २२२९ को जग्गा ६ मिटरको बाटोले छोएको देखिन्छ । महानगरपालिकाले उक्त जग्गाको सम्पत्ति कर असुल गर्दा सहायक पिचको १० प्रतिशत छुट दिइएको कारण प्रति आना रू ५०,००,०००.०० हुनुपर्नेमा रू ४५,००,०००.०० मात्र कायम गरिएको छ । छुट भएको कारण जग्गाको कुल मूल्यांकन रकम रू ७,५९,३७,५००.०० हुनुपर्नेमा रू ६,८३,४३,७५०.०० मात्र कायम भएको छ। तसर्थ, छुट भएको मूल्यको आर्थिक वर्ष २०७७/७८ देखि २०८०/८१ सम्मको कर पुनः गणना गर्दा रू १,८२,५००.०० नपुग देखिएकोले उक्त रकममा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू १८२५००.००

• **राजेन्द्र कुमार रोङ्गोन (कर दाता नं २८-२९-०३१८)** को पेश भएको भवन निर्माण इजाजतपत्र अनुसार करदाताको ३-१०-३-२ क्षेत्रफलको जग्गामा ३१९२.१५ वर्ग फिटको भवन रहेको छ । त्यसअनुसार १-२-२-२.५ क्षेत्रफलमा सम्पत्ति कर गणना हुनुपर्नेमा

०-१४-३-३.५ मात्र गणना गरिएको छ । छुट भएको क्षेत्रफलको प्रति आना रू ४५ लाखका दरले ०७४/७५ देखि ०८०/८१ सम्मको ऐन अनुसार लाग्ने सम्पत्ति कर रू १५,६४,६७१.८६ र सो मा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू १५,६४,६७२.००

• **विरेन्द्र कुमार सघइ (कर दाता नं २८-२५-०३६७)** को पेश भएको नक्सा अनुसार कित्ता नं ३७४८ र ३७५० को जग्गा १४ फिटको बाटोले छोएको देखिन्छ । निज करदाताको सम्पत्ति कर प्रयोजनार्थ जग्गाको मूल्याङ्कन हुँदा सहायक कच्ची बाटो डेडएंडको ३०% छुट दिइएको कारण मूल्यांकन प्रति आना रू ५०,००,०००.०० हुनुपर्नेमा रू ३५,००,००० मात्र कायम गरिएको छ । यसका कारण जग्गाको कुल मूल्यांकन रकम रू १०,६७,६३,१८७.५ हुनुपर्नेमा रू ७,४७,३४,२३१.२५ मात्र कायम भएको छ। तसर्थ, छुट भएको मूल्यको आर्थिक वर्ष २०७५/७६ देखि २०८०/८१ सम्मको कर पुनः गणना गर्दा रू.११,५३,०४२.४३ कम कर दाखिला भएको देखिएकोले उक्त रकममा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू.११,५३,०४२.४३

• **समिर मणि पन्थी (करदाता नं ३०-३१-००३०)** पेश भएको नक्सा अनुसार कित्ता नं ३८१९ र ३८३८ को जग्गामा ६ मिटरको बाटोले छोएको देखिन्छ । निज करदाताको सम्पत्ति कर प्रयोजनार्थ जग्गाको मूल्याङ्कन हुँदा सहायक हुँदा सहायक पिचको १० प्रतिशत छुट दिइएको कारण जग्गाको मूल्यांकन प्रतिआना रू २८,००,०००.०० हुनुपर्नेमा रू २५,२०,०००.०० मात्र कायम गरिएको छ । सो कारण जग्गाको कुल मूल्यांकन रकम रू ४,८०,६९,०८७.०० हुनुपर्नेमा रू ४,३२,६२,१७८.०० मात्र कायम भएको छ । तसर्थ, छुट भएको मुल्यको आर्थिक वर्ष २०७७/७८ देखि २०८०/८१ सम्मको कर पुनः गणना गर्दा रू १,१५,३६५.८१ कम कर दाखिला भएको देखिएकोले उक्त रकममा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू ११५३६६.००

• **स्टार होल्डिङ्गस प्रा.लि. (करदाता नं ३०-३१-०८२८)** को पेश भएको भवन निर्माण सम्पन्न प्रमाणपत्र अनुसार कित्ता नं. १३५/१३६ मा रहेको भवनको प्लिन्थ एरिया १६,०३४.०५ वर्गफुट रहेको छ । तर महानगरपालिकाले सम्पत्ति कर गणनाका लागि मात्र ९१३०.५२ वर्गफुट लिइएको छ । यसका कारण ३-७-१-० क्षेत्रफलमा कर गणना हुनुपर्नेमा २-१०-२-२.९ क्षेत्रफलमा मात्र कर गणना गरेको कारण जग्गाको मूल्याङ्कन रू २७,६२,१३,८३६.४८ हुनुपर्नेमा रू २१,३३,८९,६२५ मात्र गणना गरिएको छ । तसर्थ छुट भएको मूल्यको आर्थिक वर्ष २०७७/७८ देखि २०८०/८१ सम्मको कर पुनः गणना गर्दा रू १५,०७,७८१.०० कम कर दाखिला भएको देखिएकोले उक्त रकममा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू १५०७७८१.००

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९०,१७,९९७ |

७२ **जग्गाको मूल्याङ्कन कम भएको**

काठमाडौ महानगरपालिकाको आर्थिक ऐन, २०८० को अनुसूचि ४ मा सम्पत्ति कर प्रयोजनको लागि विभिन्न स्थान अनुसार प्रति आना जग्गाको जग्गाको मूल्य निर्धारण गरिएको र सहायक बाटोहरूबाट अन्यन्त्र निस्कने निकास भएमा र नभएमा पाउने छुट प्रतिशतको समेत व्यवस्था गरिएको छ । त्यस्तै काठमाडौं महानगरपालिका राजस्व ऐन, २०७५ दफा १५ अनुसार १.७५ मिटर (५ फिट) देखि ४ मिटर (१३ फिट) सम्मको ईटा/ब्लक/ढुङ्गा छापिएको वा ढलान वा कालोपत्रे गरिएकोलाई सहायक बाटो मानिने उल्लेख छ। लेखापरीक्षणको क्रममा नमनुा छनौट गरी परीक्षण गर्दा देहाय बमोजिम करदाताको जग्गाको मूल्याङ्कन कम भई कर असुली भएको देखिन्छ। महानगरपालिकाले थप यकिन गरी उक्त रकम असुल हुनुपर्दछ ।

• **शान्ति प्रभा तुलाधर (कर दाता कोड नं. ०२-३१-०२६१)** को सम्पत्ति कर मूल्याङ्कन गर्दा नक्सा अनुसार गैरीधारा चोकमा रहेको २-७-२-०.५ जग्गाको दररेट प्रति आना रू २६,००,०००.०० हुनुपर्नेमा प्रति आना रू २५,२०,०००.०० दरले मूल्याङ्कन गरी कर निर्धारण गरिएको देखिन्छ । यसरी दर कम राखेको कारण जग्गाको कूल मूल्यांकन रू १०,२७,७६,९११.२५ हुनुपर्नेमा रू ९,९६,१४,५४४.७५ मात्र कायम गरी यस वर्ष रू ७६८४०९.८७ कर दाखिला भएको देखिएकोले छुट भएको मूल्य रू ३१६५३६६.५० को आ.व. २०७७/७८ देखि २०८०/८१ सम्मको कर पुनः गणना गर्दा रू ७५,८९६.०० र सो मा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू ७५८९६.००

• **शुस्मा कोईराला (कर दाता कोठ नं ०४-३१-२३०३)** वडा नं. ३ मा रहेको कित्ता नं. १०७ को जग्गा नक्सा अनुसार मूल बाटोमै

रहेको देखिन्छ । उक्त स्थानको मूल बाटोमा जग्गाको मूल्य प्रति आना रू २८ लाख रहेकोमा महानगरपालिकाबाट उक्त जग्गा सहायक मार्गमा रहेको भनी मूल्याङ्कनमा १०% छुट दिइ जग्गाको मूल्य प्रति आना रू २५ लाख २० हजारको दरले मूल्याङ्कन गर्दा जग्गाको कूल मूल्याङ्कन रू २,१३,४७,२२६.०० हुनुपर्नेमा रू १,९२,१४,८७४.७५ मात्र निर्धारण गरिएको छ । यसरी जग्गाको कम मूल्याङ्कन भएकोले छुट भएको मूल्य रू २१३२३५१.२५ को आ.व. २०७७/७८ देखि २०८०/८१ सम्मको कर पुनः गणना गर्दा रू ३८,४२५.०० र सो मा लाग्ने जरिवाना सहित असुल गर्नुपर्ने रू ३८४२५.००

• **राधा कृष्ण भगवान गुठी (कर दाता नं ०५-२९-०२३३)** को सम्पत्ति कर मूल्याङ्क प्रयोजनको लागि ६,८६४.०१ वर्ग मिटर जग्गा सानो गौचरन हुँदै उत्तर गहनापोखरी, टंगाल, हाँडीगाउँ मन्दिरदेखि धुम्बाराही हुँदै चक्रपथसम्म जोडिने धुम्बाराही मार्ग र प्रगति टोल मार्गका मूल सडकसँग जोडिएको आधारमा रू २४,००,०००.०० दररेटमा रू १५४६७४४०८.०० मूल्याङ्कन कायम गरी कर असूली गरिएको छ । तर, नक्शा अनुसार उक्त जग्गा भाटभटेनी सुपरमार्केट, विशालनगर, चण्डोल हुँदै चप्पल कारखाना धुम्बाराही चोकसम्मका मूल सडकसँग जोडिएको देखिएकोले उक्त स्थानको जग्गाको मूल्य प्रतिआना रू २८,००,०००.०० को आधारमा जग्गाको मूल्याङ्कन रू २१५०५१०८४.०० हुनुपर्ने देखिन्छ । तसर्थ, छुट मूल्यको पुनः कर गणना गरी २०७७/७८ देखि २०८०/८१ सम्मको रू १६,९५,०४७.३५ र सो मा नियमानुसार लाग्ने जरिवाना समेत असुल गर्नुपर्ने रू १६९५०४७.००

• **लमु शेर्पा (करदाता कोड नं ०४-३०-०१०९)** पेश भएको नक्सा अनुसार करदाताको सम्पत्ति कित्ता नं.१५०,१५३,५०,१५५,४ र ८ पासाङल्हामु चोकदेखि जोरपाटी सिमानासम्मको मुख्य मूल्याङ्कन दर प्रति आना रू २५,२०,०००.०० ले मूल्याङ्कन रू ५,६५,३३,७७५.०० हुनुपर्ने देखिन्छ, तर महानगरपालिकाले सम्पत्ति कर गणना गर्दा प्रति आना रू १३५००००.०० का दरले मूल्याङ्कन गरी रू ३,०३,८९,६९६.८७ मात्र मूल्य कायम गरिएको छ । यसरी कम मूल्याङ्कन भएको जग्गाको छुट मूल्यको पुनः कर गणना गरी २०७७/७८ देखि २०८०/८१ सम्मको रू ३,६१,६११.०० र सो मा नियमानुसार लाग्ने जरिवाना समेत असुल गर्नुपर्ने रू ३,६१,६११.००

• **टेक्स्सास इन्टरनेशनल एजुकेशन नेटवक प्रा.लि (करदाता कोड नं ०७-१४-००३८)** को सम्पत्ति कर गणना प्रयोजनको लागि कित्ता नं. ११७ मा रहेको ०-७-३-१ क्षेत्रफलको जग्गाको मूल्याङ्कन दर मित्रपार्कदेखि गौरीघाट चोकसम्मको प्रति आना रू १८,००,०००.०० प्रति आना कायम गरी रू १४०६२५००.०० मूल्याङ्कन गरेको देखिन्छ । संलग्न नक्सा अनुसार उक्त जग्गा मित्रपार्कदेखि गौरीघाट चोकसम्मको क्षेत्रमा नभई गौशाला क्षेत्रतर्फ रहेको पुष्टि हुन्छ । त्यसैले, उक्त जग्गाको मूल्याङ्कन गर्दा सो क्षेत्रको मुख्य सडकको दररेट प्रति आना रू ३०,००,०००.०० मा नियमानुसार २०% छुट (सहायक बाटो, dead end को कारण) प्रदान गरी प्रति आना रू २४,००,०००.०० का दरले रू १८७५००००.०० मूल्याङ्कन गरी सम्पत्ति कर असुल गर्नुपर्नेमा कम मूल्याङ्कन गरेको देखिएकोले छुट मूल्यको आ. व. ७९/८० देखी ८०/८१ सम्मको सम्पत्ति कर रू ३८,४७१.०० र सो मा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने देखिएको रू ३८,४७१.००

• **ओम हस्पीटल एण्ड रिसर्च सेन्टर (कर दाता कोड नं ०७-०१-००८८)** को संलग्न विवरण अनुसार जग्गा ६-६-३-०.४ को प्रतिआना रू ३० लाखको दरले मूल्याङ्कन रू ३०,८३,२०,१४३.७५ हुनुपर्नेमा निज करदाताको सम्पत्ति कर प्रयोजनको लागि आ.व. २०७८/७९ र २०७७/७८ मा जग्गाको क्षेत्रफल ६-५-३-१.६ को मात्र प्रति आना रू ३० लाखको दरले रू. ३०,५५,५६,९९३.७५ मूल्य कायम गरी कर असुली भएको देखिन्छ । तसर्थ छुट भएको जग्गाको पुनः मूल्याङ्कन गरी नियमानुसार कर गणना गर्दा रू. ३३,१५७.८ र सो मा नियमानुसार लाग्ने जरिवाना समेत थप गरी निज करदाताबाट असुल हुनुपर्ने रू ३३,१५८.००

• **उमेश राज शिवाकोटी (कर दाता नं. ०८-०३-०००८)** को घर २२ फिटको मूल बाटोसँग जोडिएको भएता पनि आ.व. २०७९/८० सम्म १०% छुट दिएर कर असुली गरिएको देखिन्छ, तर निजको आ.व. २०८०/८१ को मूल्याङ्कन गर्दा कुनै पनि छुट नदिइ प्रति आना रू २८ लाख कायम गरी सम्पत्तिको मूल्याङ्कन गरि रू ७५३७१७.०० सम्पत्ति कर तिरेको देखिन्छ । यसरी छुट दिन नमिल्नेमा समेत विगत वर्षमा छुट दिएको देखिएकोले अघिल्लो अवधिको कर गणना सुधार गरी छुट हटाई उचित दर अनुसार ७७/७८ देखी ७९/८० सम्म कर रू १४४,१७६.०० र सो मा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल हुनपर्ने रु. १४४१७६.००

• **भाटभटेनी सुपर मार्केट एण्ड डिपार्टमेन्टल स्टोर प्रा.लि. (करदाता कोड नं ०५-२६-००२०)** निर्माण सम्पन्न अनुसार जग्गा पुन मूल्यांङ्कन हुनुपर्ने देखिन्छ । वडा ३ को जग्गा (१८५०.३२६६ व.मी. ) को दर रेट प्रति आना रू २८ लाखमा १० प्रतिशत समेत प्रति आना रू २५२००००.०० हुनुपर्नेमा प्रति आना रू २२००००००.०० का दरले मूल्याङ्कन भएको, त्यस्तै वडा ३२ को (१७०३.७५६३ व.मी. ) जग्गा प्रति आना रू ३२००००००.०० हुनुपर्नेमा रू २८ लाखका दरले मूल्यांङ्कन भएको र वडा १६ को (६४५.८१३६ व.मी.) जग्गा प्रति आना रू २८ लाख हुनुपर्नेमा रू २२ लाख कायम गरी जग्गाको मूल्यांङ्कन गरी सम्पत्ति कर दाखिला भएको देखिन्छ । तसर्थ छुट भएको मूल्यको कर पुन गणना गर्दा आर्थिक वर्ष ७८/७९ देखि ८०/८१ सम्मको रू १३,३९,६०१.०० र सो मा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल हुनपर्ने रू १३,३९,६०१.००

• **गोल्याण टावर प्रा.लि. (कर दाता नं १०-२५-०२७७)** को पेश भएको नक्सा अनुसार चर्चेको क्षेत्रफल ५८३ वर्ग मिटर रहेको र ८ मिटरको बाटोले छोएको देखिन्छ । सो अनुसार जग्गाको मूल्यांङ्कन गर्दा प्रति आना रू २८ लाखको दरले मूल्यांङ्कन हुनपर्ने देखिन्छ तर महानगरपालिकाले निजको सम्पत्ति कर असुल गर्दा ४८७ वर्ग मिटर कायम गरी सहायक पिचको छुट समेत दिई प्रति आना रू २५२०००००.०० का दरले मूल्याङ्कन गरेको देखिन्छ । यसरी नक्शामा भएको क्षेत्रफल र कर दर फरक परेकोमा पुनः मूल्यांङ्कन गरी नियमानुसार कर गणना गर्दा रू २,३९,६७२.८३ कर छुट भएको देखिएकोले सो मा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल हुनपर्ने रू २३९६७३.००

• **हिमाल हाइड्रो (कर दाता नं.११-३२-०००४)** को जग्गा पेश भएको नक्सा अनुसार १५ र २५ फिटको बाटोले छोएको देखिएकोमा महानगरपालिकाले सहायक पिचको छुट दिइएको देखिन्छ, जुन उपयुक्त देखिंदैन । कित्ता ९९४ र ९९५ को मूल्यांकन प्रतिआना रू २० लाख हुनुपर्नेमा रू १८ लाख मात्र कायम गरिएको छ । यसका कारण जग्गाको कुल मूल्यांकन रकम रू १२,५९,९५,५९७.०० हुनुपर्नेमा रू ११,३३,९२,८९०.०० मात्र कायम भएको छ । तसर्थ, आर्थिक वर्ष २०७७/७८ देखि २०८०/८१ सम्मको कर पुनः गणना गरी रू ३,०२,४६५.०० सो मा नियमानुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल हुनपर्ने रू ३,०२,४६५.००

• **सोनाम तामाङ (कर दाता नं १७-३१-०००६)** को सम्पत्ति कर मूल्यांङ्कन प्रयोजनार्थ कित्ता १०७६,१०४९,१०५० र १०५१ मा सहायक पिच dead end को २०% छुट पाएकोमा पेश भएको नक्सा अनुसार सो क्षेत्र dead end नभएको देखिन्छ । छुट बाहेकको प्रति आना दररेट रू १९,८०,०००.०० हुनुपर्नेमा रू १७,६०,०००.०० मात्र कायम जग्गको मूल्याङ्कन गरेको कारण जग्गाको मूल्याङ्कन रू ४,५३,००,०८५.०० हुनुपर्नेमा रू ४,०२,६६,७४३.०० कायम भएको छ । तसर्थ, छुट भएको जग्गाको मूल्यमा लाग्ने सम्पत्ति कर आ.व. २०७७/७८ देखि २०८०/८१ सम्मको रू १४९,३०८.०० र सो मा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल हुनुपर्ने रू १४९,३०८.००

• **हरि कृष्ण श्रेष्ठ (कर दाता नं १७-३२-००९६)** को नाममा रहेको जग्गाको सम्पत्ति कर मूल्याङ्कन गर्दा वडा १७ मा रहेको कित्ता १९७८,१९७९,१८६३ र १८५८ को जग्गालाई गोरेटो बाटो भनी ३०% छुट दिइएको छ । तर पेश भएको नक्सा अनुसार सो जग्गा १४ फिटको बाटोले छोएको देखिएकोले जग्गfको मूल्याङ्कन प्रति आना रू २२ लाख का दरले हुनुपर्नेमा रू १५ लाख ४० हजारका दरले मूल्याङ्कन कायम गरी रू ७२५३६०.०० सम्पत्ति कर तिरेको देखिन्छ । तसर्थ, छुट भएको जग्गाको मूल्यमा लाग्ने सम्पत्ति कर आ.व. २०७७/७८ देखि २०८०/८१ सम्मको रू ११०,८०७.०० र सो मा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल हुनुपर्ने रू ११०,८०७.००

• **वरुण विभरेज नेपाल प्रा.ली (कर दाता नं ३२-२५-०५७७)** को प्राप्त विवरण अनुसार कित्ता नं ४६,१२६,१२८ र १२९ एउटै कम्पाउण्ड भित्र रहेको देखिन्छ । महानगरपालिकाले निजको सम्पत्ति कर गणना गर्दा कित्ता नं १२६ र १२८ को ७३०५.१९ वर्गमिटर क्षेत्रफल भएको जग्गामा सहायका पिच भनी १० प्रतिशत छुट दिएको देखिन्छ । उक्त स्थानको प्रति आना मूल्य दर रू १६ लाख हुनुपर्नेमा छुट पश्चात रू १४ लाख ४० हजार कायम गरी मूल्याङ्कन गरेको छ । छुट नपाउँदा जग्गाको मूल्याङ्कन रू ५१४३३५६९१.५४ हुनपर्नेमा छुट दिएको कारण रू ४७७५८०००४.०० कायम भएको छ । तसर्थ, छुट भएको जग्गाको मूल्यमा लाग्ने

सम्पत्ति कर आ.व. २०७७/७८ देखि २०८०/८१ सम्मको रू ८८२१३६.०० र सो मा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल हुनुपर्ने रू ८८२१३६.००

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **१४७,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,१०,७७२ |

७३ **भवनको मूल्याङ्कन**

काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८० को अनुसूची २ ले भवनको बनोट को आधारमा मूल्यांकन दर तोकिदिएको छ । **समानता राज्यलक्ष्मी राणा समेत (कर दाता नं १३-३१-०९२१)** को पेश भएको नक्शा अनुसार कित्ता १८७, १९८ र २८६ मा रहेको संरचना स्टील स्ट्रक्चर भएको देखिएकोले भवनको बनोटको आधारमा मूल्यांकन दर २४०० प्रति वर्ग फिटको दरले मूल्यांकन गरी कर असूली गर्नु पर्ने देखिन्छ । तर महानगरपालिकाले भवनको दर प्रति वर्ग फिट रू १८०० का दरले मुल्याङ्कन गरी कर निर्धारण गरेको छ । तसर्थ कम मुल्याङ्कन भएको कारण छुट भएको आ.व. ७९/८० देखी ८०/८१ सम्म रू १४९,५७९.०० कर र र सो मा नियमानुसार लाग्ने जरिवाना सहित असुल गर्नुपर्ने रू....

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४९,५७९ |

७४ **आकाशे पुल**

महानगरपालिका र इन्नोभेटिभ कन्सेप्ट नेपाल प्रा. लि. बिच महानगर क्षेत्रमा १२ वटा आकासे पुलको २०५७।७।११ देखि २०६७।१।१० सम्म व्यवसायिक सञ्चालन गरी वार्षिक रू १,२०,०००.०० बुझाउने गरी सम्झौता भएको देखियो । उक्त सम्झौता पुन: संसोधन गरी कायम हुने अवधि २०८५।१।९ सम्म वार्षिक रोयल्टी रू २२,००,०००.०० का दरले कायम गरेको र प्रत्येक ५ वर्षमा सम्झौता रकममा ३ प्रतिशतका दरले बृद्धि हुने उल्लेख गरेको छ । उक्त सम्झौतामा रोयल्टी प्रत्येक आर्थिक वर्षको शुरूको महिनामा एकमुष्ठ बुझाउनुपर्ने, नबुझाएमा प्रथम तीन महिनामा ५ प्रतिशत र सोहि आर्थिक वर्षमा बुझाएमा १५ प्रतिशत जरिवाना लाग्ने उल्लेख छ । महानगरबाट प्राप्त विवरण अनुसार निज कम्पनीले सम्झौता गरेको अवधि २०५७।७।११ देखि २०८१।४।३१ सम्म किस्ता वापत रू ३५०८२५३०.०० राजस्व दाखिला गर्नुपर्नेमा यस अवधिमा जम्मा रू ३७९८५८५४.०० बुझाएको र किस्ता बाहेक गत विगत वर्षमा समयमा किस्ता नबुझाएको कारण सम्झौता अनुसार लाग्ने जरिवाना रू १०४०३५३३.१० जरिवाना असुल हुन बाँकी देखिन्छ । उक्त प्रा.लि. को किस्ता अनुसार दाखिला गर्नुपर्ने भन्दा बढी दाखिला भएको रकम तिर्न बाँकी जरिवाना रकममा समायोजन गरी बाँकी जरिवाना समेत असुल उपरको कारबाही गर्नुपर्ने देखिन्छ । महानगरपालिका र प्रा.लि. बीच भएको सम्झौताको बुँदा नं ५.२५ मा प्रचलित कानुन बमोजिम आयकर, मूल्य अभिबृद्धि कर, विज्ञापन कर तथा कानूनले तोकेको अन्य कर तिर्ने जिम्मेवारी द्वितीय पक्षको हुने उल्लेख भएकोमा उक्त प्रा.लि बाट महानगरपालिकाले विज्ञापन कर असुल गरेको पाइएन । महानगरपालिकाले विज्ञापन कर समेत असुल गर्नुपर्दछ ।

७५ **भोटाहिटी सव-वे**

काठमाडौं महानगरपालिका साविकको वडा नं. ३० (हाल वडा नं. २७) र राजु श्रेष्ठ बिच भोटाहिटी सव-वेको भाडा सम्बन्धमा मिति २०५९।३।२१ मा वार्षिक रू १,४४,०००.०० का दरले रकम बुझाउने गरी २५ वर्षका लागि सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार ५ वर्ष सम्म ५ प्रतिशतका दरले, १० वर्ष सम्म ६ प्रतिशतका दरले, १५ वर्ष सम्म ८ प्रतिशतका दरले, २० वर्ष सम्म १० प्रतिशतका दरले र २५ वर्षसम्म १५ प्रतिशतका दरले बृद्धि गर्दै लगिने व्यवस्था छ । उक्त सम्झौता अनुसारको रकम वडा नं २७ कार्यालयबाट असुल गरी सहकारी संस्थामा राखेको र राजस्व खातामा दाखिला नभएको र वडाले नै खर्च गर्दै आएको वेहोरा गत वर्षको प्रतिवेदनमा औल्याएपछि महानगरपालिकाले २०८०।१२।२ मा उक्त सहकारी खातामा भएको मौज्दात महानगरपालिकाको खातामा जम्मा गर्नको लागि पत्राचार गरेकोमा २०८०।१२।१६ मा रू ११०२६६.०० महानगरको राजस्व खातामा दाखिला भएको छ । सो बाहेक यो वर्ष के कति राजस्व आम्दानी भयो र के के मा खर्च भएको हो सो को विल भर्पाई समेत लेखापरीक्षणमा पेश हुन आएन ।

महानगरपालिकाले समय सापेक्ष भाडा दर कायम हुने गरी उक्त सम्झौताको पूनरावलोकन गर्ने र प्राप्त राजस्व रकम महानगरपालिकाको संचित कोषमा दाखिला हुने व्यवस्था मिलाउनु पर्दछ ।

७६ **सोलार जडित बस स्ट्याण्ड**

महानगरपालिका र त्रिलोक संरचना प्रा. लि. बिच महानगरपालिका क्षेत्रभित्र सि.सि. क्यामारा तथा सोलार जडित बस स्टाण्ड निर्माण गर्न २०६९।५।१४ र २०७१।१२।२६ मा वार्षिक रू २,३९,९००.०० बुझाउने गरी सम्झौता भएको पाइयो । नगर कार्यपालिकाको ६२ औ बैठकले शुरु म्याद करार अवधि ५ वर्ष भएको लिज सम्झौता २०८२।५।१२ सम्मका लागि नवीकरण गरेको पाइयो । व्यावसायिक प्रयोजनमा ३९ बस स्टाण्ड प्रयोग गर्न दिने र रोयल्टी वापत रू २,५२,०००.०० र विज्ञापन कर वापत रू १५,४८,०००.०० गरी वार्षिक रू १८,००,०००.०० पौष मसान्त भित्र बुझाउनु पर्ने र सो नबुझाएमा १० प्रतिशत जरिवाना लाग्ने गरी २०७८।४।२५ मा पुनःसम्झौता भएको छ । सम्झौताको बुँदा नं ११ मा प्रथम पक्ष (महानगरपालिका) ले विज्ञापन कर दरमा बृद्धि गरेमा दोश्रो पक्षले प्रथम पक्षलाई विज्ञापन कर वापत वार्षिक बुझाउनुपर्ने रकममा बृद्धि भएको अनुपातमा थप गरी विज्ञापन कर बुझाउनु पर्ने उल्लेख छ । शुरू सम्झौताको म्याद थप गरी पुनः सम्झौता गर्दाको वखत अर्थात २०७८।७९ मा विज्ञापन कर प्रति स्क्वाएर फिट रू ७०० रहेकोमा आ.व. २०८०।८१ मा महानगरपालिकाले विज्ञापन कर बृद्धि गरी रू १००० कायम भई ४२.८६ प्रतिशत बृद्धि भएको छ । सम्झौता अनुसार सोहि अनुपातमा वार्षिक विज्ञापन कर रू१५४८०००.०० को ४२.८६ प्रतिशत थप हुँदा रू २२११४७२.०० बुझाउनु पर्नेमा प्रा.लि.ले रू १५४८०००.०० मात्र बुझाएको देखिएकोले नपुग रू ६६३४७२.०० प्रा.लि. संग असुल हुनुपर्ने रू...............

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,६३,४७२ |

७७ **ट्राफिक पोष्टहरुमा विज्ञापन**

सडक विभाग र ट्राफिक प्रहरी महाशाखाको सहमति पत्रका आधारमा प्रि फिक्स नेपाल प्रा.लि. ले २०७७।६।२२ र २०७७।९।२२ मा दिएको निवेदनको आधारमा ट्राफिक पोष्टहरूमा विज्ञापन गरेवापत विज्ञापन कर र राजस्व दाखिला गर्नको लागि महानगरप्रमुखको मिति २०७८।९।२६ को निर्णय अनुसार विभिन्न शर्त उल्लेख गरी २०७८।१२।२ मा महानगरपलिकाले प्रिफिक्स नेपाल प्रा.लि. लाई पत्राचार गरेको पाइयो । सो सम्बन्धी देखिएका वेहोरा निम्नानुसार रहेका छन्ः-

• उक्त पत्रको शर्त नं ३ मा यो सहमतिको अवधि बढीमा ५ वर्षको हुने उल्लेख छ । त्यस्तै शर्त नं ४ मा विज्ञापन कर महानगरपालिकाले तोके बमोजिम हुने र शर्त नं ५ मा मुनाफाको २५ प्रतिशत रकम काठमाडौं महानगरपालिकामा राजस्व वापत दाखिला गर्नुपर्ने उल्लेख छ । स्थान उपलव्ध गराएवापत प्राप्त गर्न सक्ने विज्ञापन आयको समान व्यवसायीसंग प्रतिस्पर्धात्मक स्थितिको विश्लेषण समेत नगरी निवेदनको आधारमा सोझै ५ वर्षको लागि सम्झौता गरेको उपयुक्त देखिदैन ।

• निज प्रा.लि. ले २०८०।८१ को विज्ञापन कर २०८०।११।१७ मा रू ६५५५००.०० र २०८०।१०।१ देखि आषाढ मसान्तको रू ६५१८९५.०० मिति २०८१।५।३१ मा महानगरपालिकामा दाखिला गरेको पाइयो । निजले दोश्रो किस्ता वापतको रकम बुझाउँदा ३८ मध्ये विभिन्न १२ स्थानमा विज्ञापन नभएको उल्लेख गरी २७ स्थानको मात्र रकम बुझाएको देखिन्छ । प्रा.लि ले पेश गरेको विवरणमा १२ स्थानको अधिकांश स्थानमा २०८१।२।१७ र २१ मा Two side police my friend को संरचना राखेको र २०८०।९।२९ मा No horn two side को सुचना राखेको विवरण पेश भएको छ । उक्त १२ स्थान मध्येको मित्र पार्कमा २०८१।१।८ मा र २ side No horn को सूचना राखेको र २०८१।२।२१ मा २ side police my friend को सूचना राखेको उल्लेख भएकोमा २०८१।१।८ भन्दा अगाडिको विज्ञापन कर असुल भएको देखिदैन । यसको शर्तमा विज्ञापन कर काठमाडौ महानगरपालिकाले तोकेबमोजिम हुने भनेकोमा महानगरपालिकाले कुन कुन मितिमा अन्य विज्ञापनकर हटाएर महानगरको सूचना राखेको हो सो को अनुगमन गरी सोही अनुरूप विज्ञापन कर असुल नगरी प्रा.लि. ले पेश गरेकै आधारमा विज्ञापन कर लिएको देखिन्छ । जसले गर्दा प्राप्त हुनुपर्ने विज्ञापन कर सबै प्राप्त भयो भन्न सक्ने आधार देखिदैन । महानगरपालिकाले के कति स्थानमा विज्ञापन गरेको र कहिले देखि विज्ञापन हटाएर सार्वजनिक सूचना राखेको सो को अभिलेख व्यवस्थित गरी विज्ञापन कर असुल गर्नुपर्ने देखिन्छ ।

• सम्झौता अनुसार प्रा.लि को मुनाफाको २५ प्रतिशत रकम महानगरपालिकालाई राजस्व बुझाउनुपर्ने उल्लेख भएकोमा आ.व. २०७९।

८० सम्मको रकम दाखिला भएको भएता पनि २०८०।८१ मा दाखिला गरेको पाइएन । महानगरपालिकाले उक्त रकम दाखिला गर्न लगाउनु पर्दछ ।

७८ **सिटी मार्केट आय ठेक्का**

काठमाडौं महानगरपालिका र गणेश ईलेक्ट्रोनिक्स बिच पूरानो बसपार्क स्थित सिटी मार्केट आय ठेक्का लगाउने सम्बन्धमा मिति २०७९।९।२२ मा ३ वर्षका लागि सम्झौता भएको देखिन्छ । दोस्रो पक्षले वार्षिक रू २,७१,००,०००.०० राजस्व बुझाउने गरी सम्झौता भएको छ । सम्झौताको शर्तमा दोश्रो पक्षले बुझाउनुपर्ने रकम श्रावण, कार्तिक, माघ र वैशाखको ७ गते भित्र बुझाउनुपर्ने र नबुझाएमा सो को १० प्रतिशत जरिवाना लाग्ने उल्लेख छ । सम्झौताको शर्त नं ४ मा सिटी मार्केटको भूमिगत पार्किङ्ग र पसल सञ्चालनको लागि यो सम्झौता गर्दाको अवस्थामा आवश्यक पूर्वाधार निर्माण तथा मर्मत सम्भार गर्ने दायित्व प्रथम पक्षको हुने उल्लेख छ । सम्झौताको शर्त अनुसार दोस्रो पक्षले उक्त स्थानमा लेखापरीक्षण अवधिसम्म पँहुच कायम गर्न नसकेको कारण वार्षिक रूपमा रू २ करोड ७१ लाख राजस्व नोक्सानी भएको छ भने भविष्यमा दोस्रो पक्षसँग कानूनी तथा अन्य विवादका कारण थप आर्थिक क्षति हुन सक्ने अवस्था समेत विद्यमान रहेको छ । महानगरपालिकाले उक्त स्थानमा दोश्रो पक्षको पहुँच कायम गर्नको लागि आवश्यक थप पहल समेत गरेको छैन र सम्झौता अनुसार रकम असुल हुन सकेको छैन । त्यसैले सम्झौता भएको स्थानमा तत्काल दोस्रो पक्षको पँहुच र नियन्त्रण कायम गर्न सहयोग र समन्वय गरी सम्झौता कार्यान्वियन गर्नुपर्ने देखिन्छ ।

७९ **कवाडी करको आय ठेक्का**

महानगरपालिका र मारूती ढुवानी सेवा प्रा. लि. बिच काठमाडौं महानगर क्षेत्रभित्र कबाडी कर संकलन गर्ने सम्बन्धमा २०७८/११/२६ मा ३ वर्षका लागि सम्झौता गरेको छ । सम्झौताको बुँदा नं ३ अनुसार वार्षिक रोयल्टी रू ८,११,११,१११.०० बुझाउनु पर्ने देखिन्छ । सो रकम बुझाउँदा मासिक रूपमा अर्को महिनाको ७ गते भित्र बुझाउनु पर्ने र तोकिएको समयमा नबुझाएमा मासिक १० प्रतिशत जरिवाना असुल गर्नुपर्ने उल्लेख छ । सम्झौता अनुसार प्रा.लि. ले मिति २०८० माघ मसान्त सम्म मासिक रूपमा महानगरपालिकामा रकम बुझाउँदै आएकोमा सो अवधि पश्चात रकम बुझाएको देखिएन ।सो सम्बन्धी देखिएका वेहोरा देहाय बमोजिम रहेका छन्ः-

• कबाडी करको आय ठेक्का कार्यान्वियन भै रहेको अवस्थामा मिति २०८०।११।३ मा प्रा.लि. ले का.म.न.पा. का विभिन्न वडामा कवाडि व्यवसायीलाई हटाउनेगरी पत्राचार भएको कारण कबाडी कर संकलमा असर गरेको भनी निवेदन दिएको र सो निवेदन उपर अध्ययन गरी सिफारिस गर्ने गरी राजस्व विभाग प्रमुखको संयोजकत्वमा समिति गठन भएको देखिन्छ । उक्त समितिले अध्ययन गरी २०८१ जेठ ६ मा प्रतिवेदन पेश गरेको देखिन्छ । प्रतिवेदनमा महानगरपालिकाबाट कवाडी व्यवसाय हटाउने कुनै संस्थागत निर्णय नभएता पनि महानगरको नगर प्रहरीले धेरै स्थानमा हटाएको देखिएको उल्लेख गरी सम्झौता पुनरावलोकन गर्ने वा जेठ महिनादेखि आपसी सहमतिको आधारमा ठेक्का अन्त्य गर्ने गरी २ वटा विकल्प सहितको प्रतिवेदन पेश भएको देखिन्छ । सो प्रतिवेदन उपर २०८१।४।८ को उपमेयरको संयोजकत्वमा बसेको राजस्व परामर्श समितिको बैठकले निर्णय नं १ मा मारूती ढुवानी सेवा प्रा.लि ले दाखिला गर्न बाँकी कबाडी कर २०८१ आषाढ मसान्तसम्म सम्झौतामा उल्लेख भएको रकमको शत प्रतिशत दाखिला गर्न लगाउने र प्रतिवेदनको निष्कर्ष तथा सिफारिशमा पेश गरिएका विकल्पको विषयमा निर्णय नं १ को कार्यान्वियन पश्चात समितिमा पेश गर्ने निर्णय भएको छ ।

• महानगरपालिकाले समितिको सुझाव अनुसारको कुनै पनि विकल्प अनुसार निर्णय नगरेको र राजस्व परामर्श समितिले समेत आषाढ मसान्त सम्मको सम्झौता अनुसारको रकम असुल गर्नुपर्ने उल्लेख गरेकोले निज प्रा.लि.बाट सम्झौता अनुसार २०८०।११।१ देखि २०८१।३।३० सम्मको रू ३३८४३२४६.०० बुझाउनु पर्ने देखिएकोमा २०८१।१०।२० मा रू २०३०५८९९.०० असुल भई बाँकी रहेको रू १३५३७३४७.०० र सो मा लाग्ने जरिवाना समेत असुल हुनु पर्ने रू.

• सम्झौता अनुसार मासिक रूपमा अर्को महिनाको ७ गते भित्र बुझाउनु पर्ने र तोकिएको समयमा नबुझाएमा मासिक १० प्रतिशत जरिवाना असुल गर्नुपर्ने उल्लेख भएकोमा २०८०।११।१ देखि २०८१।१।३० सम्मको रू २०३०५८९९.०० मिति २०८१।१०।२० मा मात्र बुझाएको देखिएकोले सम्झौता अनुसार १० प्रतिशत जरिवाना रू २०३०५९०.०० असुल हुनुपर्ने रू......

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५५,६७,९३७ |

८० **एनसेल अजियाटा लिमिटेड**

काठमाडौं महानगरपालिका र एनसेल अजियाटा लिमिटेड बिच काठमाडौं महानगरपालिकाको कार्यालय रहेको भवन भएको टावरको भाडाको लागि २०८०।१।१ देखि लागु हुने गरी २ वर्षसम्मको लागि प्रति महिना रू. १ लाख तिर्ने गरी २०८१।३।२४ मा सम्झौता भएको छ । सम्झौता भएको मिति भन्दा १४ महिना अगावै देखि लागु हुने गरी सम्झौता गरेकोमा टावर कहिले देखि राखेको र सो भन्दा अगावैको भाडा सम्बन्धमा स्पष्ट व्यवस्था छैन । उक्त कम्पनीले २०८०।१।१ देखि २०८१।१२।३० सम्मको एकमुष्ठ रू २४ लाखको घरबहालकर कट्टी गरी रू. २१६००००.०० महानगरपालिकामा दाखिला गरेको देखिन्छ । सम्झौताको बुँदा नं ३ मा भाडामा लिएको कोठामा उपकरणका लागि सब मिटर राखी दोश्रो पक्षले सब मिटरमा अङ्कित युनिट बमोजिम प्रति युनिट रू १०.२५ का दरले भुक्तानी गर्नुपर्ने, रकम विल प्राप्त भएको १५ दिनभित्र बुझाउनु पर्ने, सो समय भित्र नबुझाएमा १५ दिन सम्म १० प्रतिशत र त्यसपछिको १५ दिन सम्ममा २५ प्रतिशत थप गरी रकम एकमुष्ठ रकम बुझाउनुपर्ने उल्लेख भएकोमा रकम बुझाएको विवरण पेश भएको छैन । महानगरपालिकाले सम्झौता अनुसार रकम प्राप्त गर्नुपर्ने देखिन्छ ।

८१ **चमेना गृह सञ्चालन**

महानगरपालिका र नारायणी चमेना गृह विच २०८०।८।१२ मा सम्झौता अवधि ३ वर्ष हुने गरी महानगरपालिका भित्र चमेना गृह सञ्चालन गर्ने गरी सम्झौता भएको छ । सम्झौताको बुँदा नं ११ मा चमेना गृहले मासिक रू.११७०००.०० बुझाउनु पर्ने, सो रकम प्रत्येक महिनाको ७ गते भित्र बुझाउनुपर्ने र ७ गते पश्चात ५ प्रतिशत थप र १५ गते पश्चात सोही महिनाको अन्तिम सम्म बुझाएमा १० प्रतिशत थप जरिवाना असुल गर्नुपर्ने उल्लेख छ । महानगरपालिकाले २०८०।११।१० मा कार्यादेश दिएकोमा उक्त चमेना गृहले कुनै पनि रकम दाखिला गरेको पाइएन । उक्त चमेना गृह हाल महानगरबाट हटिसकेको अवस्था छ । चमेना गृहले २०८०।११।११ देखि २०८१। ३।३० सम्मको दाखिला गर्नुपर्ने रू ५४६०००.०० र सो मा लाग्ने जरिवाना समेत असुल हुनुपर्ने रू......

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,४६,००० |

८२ **भवनको मुल्याङ्कन कम भएको**

काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८० को अनुसूची २ अनुसार भवनको बनोटका आधारमा मूल्याङ्कन दर निर्धारण गरिएको छ। **शम्भु बहादुर भण्डारी ( कर दाता नं ३०-३१-०७२९)** को पेश भएको प्राविधिक प्रतिवेदनअनुसार कित्ता नं ७४२ मा भएका ४ वटा भवनहरूमा सम्पत्ति कर मुल्यांङ्कन गर्दा निम्नानुसार दर फरक पारेर मूल्यांङ्कन गरेको देखिन्छ । भवनको शुरु मूल्यांङ्कन रू १४३७०४०५.३० भएकोमा हुनुपर्ने दर रेट अनुसार रू २११६५४६३.०० मूल्य कायम हुने देखिन्छ । यसरी छुट भएको मुल्यमा ऐन अनुसार सम्पत्ति कर पुनः गणना गर्दा २०७६/७७ देखि २०८०/८१ सम्मको रू. १६४,०६५.५५ कम कर दाखिला भएको देखिएकोले उक्त रकममा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू......

| कित्ता नं | भवनको क्षेत्रफल | भवन बनेको आ.व. | मुल्याङ्कन भएको दर | हुनु पर्ने दर |
|---|---|---|---|---|
| ७४२ | ३१७.७५ | ७४/७५ | १८०० | २३०० |
| ७४२ | ६९३.२० | ७४/७५ | १८०० | २३०० |
| ७४२ | ५२३.०२ | ७४/७५ | १८०० | २३०० |
| ७४२ | ६९३.२ | ७४/७५ | १८०० | २३०० |
| ७४२ | ४८४६.९९ | ७५/७६ | १५०० | २६०० |
| ७४२ | ४३७.२३ | ७४/७५ | १८०० | २६०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६४,०६६ |

८३ **क्षेत्रफल छुट**

काठमाडौं महानगरपालिका राजस्व ऐन, २०७५ दफा १५ सम्पत्ति कर निर्धारण प्रयोजनको लागि महानगरपालिका क्षेत्रभित्र रहेको भवन संरचनाको सम्पूर्ण क्षेत्रफल र उक्त भवन संरचना रहेको जग्गा र सो भवन संरचनाले ओगटेको क्षेत्रफल बराबरको थप जग्गा वा ५०४७६ वर्गफिट जग्गामध्ये जुन बढी हुन्छ त्यसलाई मूल्याङ्कनमा समावेश गरी कर निर्धारण गरिने, तर ५०४७६ वर्गफिट (१ रोपनी) भन्दा बढीमा भवन निर्माण भएको रहेछ भने भवनले ओगटेको क्षेत्रफल बराबरको जग्गा र थप ५०४७६ वर्गफिट (१ रोपनी) जग्गा मूल्याङ्कनमा समावेश गरी कर निर्धारण गरिने कुरा उल्लेख छ । **बबिन पोखरेल (कर दाता नं ३२-२५-०५१२)** ले यस वर्ष सम्पत्ती कर वापत रू ५४०५०१.०० दाखिला गरेको देखिन्छ । निज करदाताको सम्पत्ति कर मूल्यांङ्कन गर्दा देखिएका वेहोराहरू निम्न रहेका छन्:-

• कित्ता ३१४, ४९२, ३१५, र ४९३ मा रहेको भवनको प्लिन्थ क्षेत्रफल १५८.०२८१ वर्ग मिटर रहेको छ, जबकि कुल जग्गाको क्षेत्रफल ११०६.८१ वर्ग मिटर रहेको छ । कर गणना ३१६.०५६२ वर्ग मिटरमा हुनुपर्नेमा केवल १५८.०२८१ मा मात्र गरिएको छ।

• त्यसैगरी, कित्ता २७२, ३५५, १८५, २७५, र २७१ मा रहेको भवनको प्लिन्थ क्षेत्रफल ४६२.०४६८ वर्ग मिटर रहेको छ, भने कुल जग्गाको क्षेत्रफल ११२६.६९ वर्ग मिटर छ । कर गणना ९२४.०९३६ वर्ग मिटरमा हुनुपर्नेमा ४६२.०४६८ मा मात्र गरिएको छ।

• कित्ता ४७६ मा रहेको भवनको प्लिन्थ क्षेत्रफल ७७.६१६८ वर्ग मिटर रहेको छ, भने कुल जग्गाको क्षेत्रफल १२७.१८ वर्ग मिटर छ । कर गणना १२७.१८ वर्ग मिटरमा हुनुपर्नेमा ७७.६१६८ मा मात्र गरिएको छ।

यसरी विभिन्न कित्तको क्षेत्रफल छुट हुँदा कुल ६६९.६३ वर्गमिटर क्षेत्रफल मुल्यांङ्कनमा छुटेको देखिन्छ । छुट भएको क्षेत्रफलको प्रति आना रू १८ लाखका दरले सम्पत्ती कर गणना गर्दा आ.व. ० ७७/७८ देखि ०८०/८१ सम्मको रू ९,०९,६९७.०४ कर छुट भएको देखिएकोले सो मा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू......

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,०९,६९७ |

८४ **क्षेत्रफल छुट**

काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा २४ अनुसार कुनै व्यक्ति वा संस्थाले विगतमा तिर्नु पर्ने सम्पत्ति, व्यवसाय, विज्ञापन र बहाल कर बक्यौता बाँकी भएको भए वा कर नबुझाएको भए त्यस्तो व्यक्ति वा संस्थाले करदाता नम्बर लिई आर्थिक वर्ष २०८० पौष मसान्तसम्म कर लाग्ने अवधिदेखिको कर बक्यौतामा लाग्ने जरिवाना र ब्याज मिनाहा हुने व्यवस्था छ । आर्थिक ऐनको प्रावधान अनुरूप विगतमा कुनै पनि कर नबुझाएको करदाता महानगरपालिकामा दर्ता भई नयाँ करदाता नम्बर लिएको अवस्थामा मात्र यस्तो प्रकारको छुट पाउनेमा **लुना खरेल ,उमेश, दुर्गादेवी, केशब र निर्मला सिम्खडा समेत (कर दाता नं २९-३०-००९१)** ले २०७८/७९ मा रू ५,६३,५१३.२५ कर बुझाएको अवस्थामा समेत निम्नानुसार जरिवाना छुट दिएको देखिएकोले उक्त छुट भएको रकम रू १९४९७८.००

• करदाताले २०८०।९।२६ मा आ.व. २०७९/८० देखि २०८०/८१ सम्मको सम्पत्ति कर एकमुष्ट रू ११६७७५१.०० रूपमा बुझाएकोमा नियमानुसार लाग्ने जरिवाना रू ६१८१०.०० छुट दिई सम्पत्ती कर दाखिला गरेको देखिएकोले उक्त छुट भएको रकम निज करदाताबाट असुल गर्नु पर्ने

• कर दाताले २०८०/०९/२६ मा एजुकेशन फस्ट प्रा०लि०को बहालकर २०७९ साल साउन महिना देखि २०८० साल असार महिना सम्मको बहाल कर रू ८,४०,०००.०० बुझाएकोमा नियमानुसार लाग्ने जरिवाना रू ८४०००.०० छुट दिएको देखिएकोले उक्त छुट भएको रकम निज करदाताबाट असुल गर्नु पर्ने

• कर दाताले २०८०/०९/१७ मा नेपाल स्पेसिफाइड स्किल मेनेज्मेन्ट अर्गनाइजेसन ल्याङवेयज एन्ड ट्रेनिङ सेन्टर प्रा०लि को २०७९ साल कार्तिक महिना देखि २०८० साल असार महिना सम्मको बहाल कर रू ३४०,४८०.०० बुझाएकोमा नियमानुसार लाग्ने जरिवाना रू ३४०४८.०० छुट दिएको देखिएकोले उक्त छुट भएको रकम निज करदाताबाट असुल गर्नु पर्ने

• कर दाताले २०८०/०९/१७ मा रियल ड्रिम्स एजुकेशन कन्सल्टेन्सी प्रा०लि० (घरधनी लुना खरेल, उमेश, दुर्गादेवी, केशब र निर्माला सिम्खडा समेत) ले २०७९ साल साउन महिना देखि २०८० साल असार महिना सम्मको बहाल कर रू १५१,२००.०० बुझाएकोमा नियमानुसार लाग्ने जरिवाना रू १५१२०.०० छुट दिएको देखिएकोले उक्त छुट भएको रकम निज करदाताबाट असुल गर्नु पर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९४,९७८ |

८५ **फोहोर मैला व्यवस्थापन**

महानगरपालिकाको वातावरण विभाग र यस अन्तर्गत महानगर क्षेत्र भित्र सरसफाईको कार्य गर्न ७३३ भन्दा बढी सफाई कर्मचारी र ६२ काटिपर लागायत सवारी साधन र महानगरबाट स्विकृती नलिई फोहरमैला उठाउदै आएका निजी क्षेत्रका ३७ कम्पनी परिचालित भएकोमा देखिन्छ। महानगरभित्रका १० वडाहरु (वडा नं १२,१८,१९,२०,२१,२२,२३,२४,२५ र २७) मा महानगरपालिकाले महानगरकै कर्मचारीबाट फोहर संकलन गर्ने गरेको भएतापनि बाँकी २२ वटा वडामा निजी क्षेत्रका कम्पनीहरुले फोहर संकलन एव शुल्क असुली गर्दै आएका छन् । फोहरमैला संकलन सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

८५.१ **अनुमति बेगर फोहोरमैला व्यवस्थापनः-** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम महानगरपालिका भित्रको फोहोरमैलाको व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुने र ऐनको दफा १३ मा यस ऐन बमोजिम स्थानीय तहको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन नसक्ने र फोहरमैला व्यवस्थापन गर्न चाहने स्वेदशी वा विदेशी कम्पनी संस्था वा निकायले तोकिए बमोजिमको विवरण खुलाई सम्बन्धित स्थानीय निकायमा निवेदन दिनुपर्ने व्यवस्था रहेकोमा हालसम्म महानगरपालिकाबाट कसैले पनि फोहरमैला व्यवस्थापन कार्यको अनुमति नलिई विभिन्न ३७ भन्दा बढी निजी कम्पनीबाट फोहरमैला संकलन/व्यवस्थापनको कार्य भई रहेको देखिन्छ । कानूनी व्यवस्था बमोजिम फोहरमैला गर्नु पर्दछ ।

८५.२ **फोहोरमैला व्यवस्थापन शुल्कः-** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १५(४) अनुसार उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले स्थानीय तहसँग गरेको सम्झौताको अधिनमा रही दफा १८ बमोजिमको शुल्क उठाउन सक्ने व्यवस्था छ । तर महानगरपालिकाले क्षेत्र आफ्नो क्षेत्र भित्र अनुमति बेगर फोहोरमैला संकलन एवं व्यवस्थापन गरिरहेका कम्पनीको लागि शुल्क तोकेको छैन । कम्पनीहरूले आफु अनुकुल प्रति घरधुरी न्युनतम रू ४००.०० देखि व्यापारिक प्रतिष्ठान लगायतबाट रू १ लाख सम्म सेवा शुल्क लिने गरेको देखिन्छ । महानगरपालिकाले आफैले फोहर व्यवस्थापन गर्ने वडाहरूमा समेत सेवा शुल्क निर्धारण नगरी निःशुल्क फोहर व्यवस्थापन गर्ने गरेको पाइयो । महानगरपालिकाले फोहर व्यवस्थापन गर्ने वडाहरूमा व्यक्तिगत मात्र नभई विभिन्न व्यापारिक प्रतिष्ठान, अस्पताल, मार्ट लगायत रहेकोले सो बाट सेवा शुल्क वापत महानगरपालिकालाई राजस्व आम्दानी प्राप्त हुन सक्ने देखिएकोमा महानगरपालिकाले शुल्क निर्धारण नगर्दा आन्तरिक राजस्व गुमेको देखिन्छ । यस सम्बन्धमा महानगरपालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

८५.३ **फोहोरमैला व्यवस्थापनबाट आय प्राप्त नभएकोः-** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १८(१) अनुसार सेवा शुल्क उठाउन सक्ने र दफा १८(५) अनुसार शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने अम्दानी स्थानीय तहले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधिनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्ने उल्लेख भएकोमा महानगरपालिकाले हालसम्म फोहरमैला व्यवस्थापनको शुल्क नतोकोको र अनुमति बेगर संचालित कम्पनीलाई कानूनी दायरामा नल्याएका कारण त्यस्ता संस्था/फर्महरूबाट कुनै पनि शुल्क/आम्दानी प्राप्त गरेको छैन । हाल फोहर व्यवस्थापन गरेका महानगरपालिकाभित्रका संस्थाले महानगरपालिकाको स्वीकृती वेगर मासिक शुल्क न्यूनतम् रू ४००.०० देखि व्यापारिक प्रतिष्ठान, अस्पताल, मार्ट, सटर तथा सिर्जना हुने फोहोरमैलाका आधारमा अधिकतम् रू १,००,०००.०० सम्म लिने गरेको जानकारी प्राप्त भएको छ । सो आधारमा महानगरभित्र २३८९६६ (८७८७४ घरधनी, १४७२५५ भाडामा, २२२९ संस्था र अन्य १६०८) घर धुरी रहेकोमा मासिक न्यूनतम् रू ४००।०० का दरले मात्र पनि रू १ अर्ब २४ करोड २६ लाख २३ हजार संकलन हुन सक्ने देखिन्छ । तर सो वापत महानगरपालिकामा कुनै प्रकारको आम्दानी भएको देखिदैन । सो सम्बन्धमा लेखापरीक्षणको क्रममा छलफल हुँदा यस वर्ष महानगरपालिकाले सबै वडालाई ७ क्लस्टरमा विभाजन गरी बोलपत्र आवह्ना गरेको जानकारी प्राप्त भएको छ । महानगरपालिकाले फोहरमैला संकलनको सम्झौता गर्दा मासिक शुल्क, फोहर संकलन गर्ने समय, समयमा संकलन हुन नसकेको अवस्थामा गुनासो गर्ने संयन्त्र र महानगरपालिकाबाट निरन्तर अनुगमन हुने विषय सुनिश्चित गरेर मात्र सम्झौता गर्नु उपयुक्त देखिन्छ ।

*(मासिक शुल्क न्यूनतम् रु ४००.०० देखि व्यापारिक प्रतिष्ठान, अस्पताल, मार्ट, सटर तथा सिर्जना हुने फोहोरमैलाका आधारमा अधिकतम् रू.१,००,०००.०० सम्म रहेको तथा बार्षिक रुपमा १ महिनाको शुल्क दशैं खर्चको रूपमा लिने गरेको जानकारी प्राप्त*

*भएको छ । उल्लेखित न्यूनतम् रकममा महानगरपालिका भित्र रहेका व्यापारिक प्रतिष्ठान, अस्पताल, मार्ट, सटर लगायतबाट प्राप्त हुने शुल्क समावेश समावेश गरिएको छैन।*

८५.४ **फोहरमैलाको पृथकीकरणः-** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ६ मा (१) स्थानीय निकायले फोहरमैलालाई कम्तीमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्नु पर्ने व्यवस्था छ । महानगरपालिका वातावरण समितिको २०८०।१०।११ को निर्णयअनुसार वडा नं २७ को २०८०।१०।२० देखि कुहिने र नकुहिनेमा वर्गिकरण गरी फोहर संकलन गर्ने निर्णय गरे बमोजिम वडा २७ को फोहर छुट्याएर संकल गर्ने गरेको पाइयो । सो बाहेकका वडाहरू ५,१०,२४,२५ र २६ मा आंशिक रूपमा गरेको र अन्य वडाहरूमा यसरी वर्गीकरण गरी संकलन गरेको पाइएन । वडा नं २७ मा छुट्टाएको सुख्खा फोहरबाट २०८१।४।१० मा रू ७०,६२३.००, २०८१।५।३० मा रू १,३४,५७५.०० असुल गरेको पाइयो । महानगरपालिकाले अन्य वडाहरूको समेत फोहर श्रोतमै कुहिने र नकुहिने वर्गीकरण गर्ने व्यवस्था गरी सोहि अनुरूप राजस्व असुली गर्नुपर्दछ ।

## ८६ बढी ह्रास कट्टी गरेको

काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०८० को अनुसूची ३ मा भवनको ह्रास कट्टी प्रतिशत र ह्रास कट्टी गर्ने अवधि उल्लेख छ । **योगेश दास, शैलेन्द्र र संजय राज राजकर्णिकार (कर दाता नं ३१-२८-०१५४)** को पेश भएको निर्माण सम्पन्न प्रमाणपत्र अनुसार कित्ता नं ५७३, ५७४, ५७५ र ५७६ को ४८५६६.६६ वर्गफिट क्षेत्रफल भएको भवन २०७८/०३/३१ मा निर्माण सम्पन्न भएको र सो अनुसार सम्पत्ती कर २०७८/७९ देखि नै असुली गरिएको छ । भवनको ह्रास कट्टी प्रयोजनको लागि निर्माण मिति २०७१/७२ उल्लेख गरी २०७१।७२ देखि नै मुल्ययमा ह्रास कट्टी घटाएर भवनको मुल्याङ्कन गरी सम्पत्ती कर असुली गरेको देखिन्छ । यसरी भवन निर्माण पुरा गर्नु भन्दा ८ वर्ष अगाडि देखिनै ह्रास कट्टी घटाएको कारण मूल्याङ्कनमा फरक परेकोले रू २,५८,७७०.५२ कर छुट भएको देखिन्छ । महानगरपालिकाले उक्त छुट रकममा कानुन अनुसार लाग्ने जरिवाना समेत निज करदाताबाट असुल गर्नुपर्ने रू......

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५८,७७० |

## ८७ विद्यालय र विद्यार्थी संख्याः-

महानगरपालीकाले तयार पारेको शैक्षिक सत्र २०८०।०८१ को विवरण अनुसार महानगरको क्षेत्रभित्र देहाय अनुसार विद्यालय र विद्यार्थी संख्या रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ८७ | ४६०६१ |
| २ | संस्थागत विद्यालय | ५२४ | २१०९३४ |
| जम्मा | | ६११ | २५६९९५ |

उपरोक्त विवरण अनुसार महानगरपालिकाको जम्मा विद्यार्थी संख्या २,५६,९९५ जना रहेकोमा १७.९२ प्रतिशत सामुदायिक र ८२.०८ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ । नेपालको राजधानीमा अवस्थित सामुदायीक विद्यालयमा समेत विद्यार्थीको भर्ना दर न्युन देखिन्छ । महानगरपालिकाले शैक्षिक सुधारका विषयहरू पहिचान गरी सामुदायीक विद्यालयलाई थप आकर्षित गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

## ८८ शिक्षक विद्यार्थी अनुपातः-

शिक्षा विकास तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०।८१ मा गरिएको व्यवस्था अनुसार शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । महानगरपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ मा समग्र महानगरपालिका अन्तर्गतका ८७ सामुदायीक विद्यालयमा १७१७ जना शिक्षक र ४६०६१ जना विद्यार्थी रहेकोमा समग्रमा औषत शिक्षक विद्यार्थी अनुपात १:२७ रहेको छ । यसरी हेर्दा

महानगरपालिकाभित्रका सामुदायीक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात ४५ भन्दा माथि हुने विद्यालय ६ वटा मात्र रहेका छन् । शिक्षक विद्यार्थी अनुपात २० भन्दा कम हुने ३३ विद्यालयहरू निम्नानुसार रहेका छन्ः-

| क्र.सं | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थीअनुपात |
|---|---|---|---|---|
| १ | आजात आधारभूत विद्यालय | ६ | ८० | १:१४ |
| २ | अरूणोदय आधारभूत विद्यालय | ११ | १६१ | १:१५ |
| ३ | बाल व्यवसायी केन्द्र माध्यमिक विद्यालय | २१ | 372 | 1:18 |
| ४ | बालपिठ आधारभूत विद्यालय | २ | १९ | १:१० |
| ५ | बालसेवा माध्यमिक विद्यालय | १७ | २१२ | १:१३ |
| ६ | भक्त विद्याश्रम माध्यमिक विद्यालय | २० | १९७ | १:१० |
| ७ | विद्योदय आधारभूत विद्यालय | १२ | १६५ | १:१४ |
| ८ | बुद्धनगर आधारभूत विद्यालय | ७ | १०८ | १:१६ |
| ९ | गुहेश्वरी बालशिक्षा माध्यमिक विद्यालय | १७ | २६० | १:१६ |
| १० | ज्ञानविकास आधारभूत विद्यालय | ९ | १५२ | १:१७ |
| ११ | हिमालय माध्यमिक विद्यालय | १५ | २५६ | १:१८ |
| १२ | कमल आधारभूत विद्यालय | १० | १८३ | १:१९ |
| १३ | केन्द्रिय वहिरा माध्यमिक विद्यालय | २१ | ३०९ | १:१५ |
| १४ | लोकहित आधारभूत विद्यालय | १२ | १०७ | १:९ |
| १५ | महेन्द्रबौद्ध माध्यमिक विद्यालय | ३३ | ६२७ | १:१९ |
| १६ | मंगलादेवि माध्यमिक विद्यालय | १९ | ३१२ | १:१७ |
| १७ | मित्र आधारभूत विद्यालय | १२ | १५९ | १:१४ |
| १८ | नन्दी माध्यमिक विद्यालय | २८ | ५०८ | १:१९ |
| १९ | नवयुगमाध्यमिक विद्यालय | १४ | २१६ | १:१६ |
| २० | नेपालआदर्श माध्यमिक विद्यालय | २४ | ४३७ | १:१९ |
| २१ | निर्मल बालविकास विद्यालय | ६ | ८५ | १:१५ |
| २२ | पञ्चकन्यामाध्यमिक विद्यालय | १७ | २२२ | १:१४ |
| २३ | प्रभात माध्यमिक विद्यालय | २० | २८४ | १:१५ |
| २४ | रुद्रमती आधारभूत विद्यालय | ६ | ६० | १:१० |
| २५ | शहीदशुक्र माध्यमिक विद्यालय | २० | ३०९ | १:१६ |
| २६ | शारदा आधारभूत विद्यालय | १० | १२७ | १:१३ |
| २७ | सवलघौला माध्यमिक विद्यालय | २ | ९ | १:५ |
| २८ | शान्तिशिक्षा मन्दिर माध्यमिक विद्यालय | २४ | ४२४ | १:१८ |
| २९ | बालकल्याण आधारभूत विद्यालय | ७ | १११ | १:१६ |
| ३० | नन्दीरात्री माध्यमिक विद्यालय | १२ | २१७ | १:१९ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | सर्वेश्वर आधारभूत विद्यालय | १२ | १९५ | १:१७ |
| ३२ | सुस्तमनस्थिती पारिवारिक सरसल्ला तथा स्रोत विद्यालय | ५ | ३७ | १:८ |
| ३३ | त्यौड माध्यमिक विद्यालय | २१ | ३७१ | १:१८ |

उल्लिखित विवरण अनुसार महानगरपालिकामा ३३ विद्यालयको शिक्षक विद्यार्थी अनुपात १:२० भन्दा कम देखिन्छ । सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य सुरू गरेता पनि पूर्ण रूपमा कार्यान्वायन गरेको देखिएन ।

८९ **दरबन्दी र पदपुर्तीको अवस्थाः-**

आर्थिक वर्ष २०८०।०८१ मा महानगरपालिका भित्रका ८७ सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाय बमोजिम रहेको छ ।

| **विद्यालयको तह** | **स्वीकृत दरबन्दी संख्या** | **स्थायी पदपूर्ति** | **पदपूर्ति मध्ये राहत/करार** | **रिक्त दरबन्दी** |
|---|---|---|---|---|
| प्राथामिक तह (१-५) | ७७७ | ६५४ | ७३ | ५० |
| निम्नमाध्यामिक तह (६-८) | ४६८ | ३६५ | ९७ | ६ |
| माध्यामिक तह (९-१०) | ४३० | ३६० | ७० | ० |
| माध्यामिक तह (११-१२) | ४२ | ० | ४० | २ |
| जम्मा | १७१७ | १३७९ | २८० | ५८ |

उल्लिखित विवरण अनुसार महानगरपालिकामा जम्मा १७१७ स्वीकृत दरबन्दी रहेकोमा १३९९ स्थायी पदपूर्ति र २८० राहत/करारमा नियुक्त गरी जम्मा १६५९ पदपूर्ति गरेको देखिन्छ र ५८ पद रिक्त रहेका छन । महानगरपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर प्रभावकारी बनाउन स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ ।

९० **विद्यालय अनुगमनः-**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०/८१ अनुसार विद्यालयलाई उपलब्ध गराउने सम्पूर्ण अनुदानको सोहि प्रयोजनको सुनिश्चितताको लागि स्थानीय तहले अनुगमन गर्नुपर्ने उल्लेख छ । महानगरपालिकाबाट २०८०।०८१ मा संघीय, प्रदेश र आन्तरिक स्रोत गरी शिक्षामा जम्मा खर्च रू २ अरब ८ करोड ११ लाख १९ हजार रहेको देखिन्छ । महानगरपालिकाको शिक्षामा नियमित किसिमका कार्यक्रम र २०८०।०८१ मा लागु गरेको स्वर्णिम तथा गौरबका योजनाहरू समेत गरी कुल खर्चको करिब १७ प्रतिशत खर्च शिक्षा क्षेत्रमा रहेको छ । महानगरपालिकाबाट अनुदान उपलब्ध गराइएका नतिजा सुधार कार्यक्रम, हरित विद्यालय कार्यक्रम, विद्यालयमा हाजिरी डिभाईस राख्ने कार्यक्रम लगायतका कार्यक्रममा जुन प्रयोजनको लागि उपलब्ध गराईएको हो सो अनुसार खर्च भए नभएको सम्बन्धमा महानगरपालिकाले अनुगमन गरी प्रतिवेदन नगरेको र विद्यालयले समेत प्रगती प्रतिवेदन पेश नगरेकोले अनुदानको उपयोग सम्बन्धमा यकिन हुन सकेन । अनुदानको सोही प्रयोग र शिक्षाको गुणस्तरलाई थप सुधार गर्नका लागी देहायका प्रमुख अनुदान कार्यक्रमको महानगरपालिकाले अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ ।

| क्र.स | कार्यक्रम | प्रयोजन | विद्यालय सङ्ख्या | रकम |
|---|---|---|---|---|
| १ | Book free Friday | नियमित रुपमा अतिरिक्त क्रियाकलाप | ८० | १९९०९२७३ |
| २ | फर्निचर मर्मत कार्यक्रम | फर्निचर रंगरोगन र मर्मत | ८७ | ९९८३८६२ |
| ३ | नतिजा सुधार कार्यक्रम | कक्षा १० लाई प्रति पिरियड ३०० का दरले | ३६ | ५४६९००० |
| ४ | हरित विद्यालय कार्यक्रम | २०८० को वार्षिक बजेट तथा कार्यक्रम | ८७ | ८६४०००० |
| ५ | विद्यालयमा हाजिरी डिभाईस | दिवा खाजा व्यवस्थीत गर्न | ३४ | ४१३४००० |
| ६ | स्यानिटरी प्याड | गुणस्तरीय खरिद | ८७ | १४३६११२० |
| ७ | दिवा खाजा (संघीय र आन्तरिक थप) | तोकेको परिणाम र गुणस्तर | ८७ | १९२३०८६१५ |
| ८ | परम्परागत वैकल्पिक धार्मिक विद्यालय अनुदान | विद्यार्थीको अवस्था र शिक्षाको गुणस्तर | २३ | २१४८२००० |
| ९ | निशुल्क पाठ्यपुस्तक अनुदान | समयमै उपलब्ध गर्नुपर्ने | ८५ | २८०७८७६९ |
| जम्मा | | | | ३०४३६६६३९।- |

९१ **शुन्य विद्यार्थीमा ECD शिक्षकः-**

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं २.८.६ को उपक्रियाकलाप नं ६.१ मा कक्षा १-५ सम्म सञ्चालित परम्परागत (६.२ मा दरबन्दी वा राहत अनुदान कोटा प्राप्त नगरेको) विद्यालयलाई एकमुष्ट २ लाख ४१ हजार अनुदान दिनसक्ने व्यवस्था छ ।महानगरपालिका अन्तर्गत सञ्चालित परम्परागत धार्मिक विद्यालयको रूपमा रहेको मदरसा विद्यालयलाई भौचर नं ६९ बाट रू २४१०००।- अनुदान दिएको छ । उक्त विद्यालयले पेश गरेको प्रगति प्रतिवेदन अनुसार ई.सि.डि कक्षामा - विद्यार्थि नभएको, कक्षा १ - ४० र कक्षा २ - ४० गरी जम्मा ८० जना विद्यार्थी रहेको देखिन्छ । परम्परागत धार्मिक विद्यालयमा एकमुष्ट अनुदान दिएको अवस्थामा शिक्षक दरबन्दी उपलब्ध गराउन सक्ने स्पष्ट आधार नदेखिएको र ई.सि.डि. विद्यार्थी सङ्ख्या नभएको अवस्थामा संघीय दरबन्दी १ जना र आन्तरिक स्रोतको १ दरबन्दी गरी २ जना ई.सि.डि. शिक्षक कायम गरी मासिक २० हजारको दरले वार्षिक रू ५४००००।- खर्च लेखेको देखिन्छ । महानगरपालिकाले ई.सि.डि. विद्यार्थी नभएको अवस्थामा करारका २ जना ई.सि.डि. शिक्षक कटौती नगरी शिक्षक नियुक्ति कायम राखि राख्नु नियमसम्मत नदेखिएको रू....

| | |
|---|---|
| अनियमित भएको | ५,४०,००० |

९२ **ICT र विज्ञान प्रयोगशाला कार्यक्रमः-** (२७८-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं २.७.१३.१३ अनुसार ICT र विज्ञान प्रयोगशाला कार्यक्रममा प्रति विद्यालय रू ६५००००.०० का दरले दिन सक्ने व्यवस्था छ ।उक्त व्यवस्था अनुसार महानगरपालिकाले देहायका विद्यालयलाई रू ४५५००००.०० भुक्तानी दिएको देखिन्छ । तर उल्लेखित विद्यालयले ICT र विज्ञान प्रयोगशाला कार्यक्रमको खर्चको सोही प्रयोजन र खर्चलाई पुष्टि गर्ने आवश्यक बिल भरपाई र प्रमाण पेश नभएकोले कार्यसम्पन्न प्रमाण पेश गर्नुपर्ने रू........

| क्र.स | विद्यालयको नाम | कार्यक्रम | रकम |
|---|---|---|---|
| १ | श्री विजयस्मारक मा.वि | विज्ञान प्रयोगशाला | ६५००००/- |
| २ | श्री रानीदेवी मा.वि | विज्ञान प्रयोगशाला | ६५००००/- |
| ३ | श्री जगन्नाथ देवल मा.वि | विज्ञान प्रयोगशाला | ६५००००/- |
| ४ | श्री राष्ट्रिय नि.मा.वि | ICT व्यवस्थापन | ६५००००/- |
| ५ | श्री कमल आ.वि | ICT व्यवस्थापन | ६५००००/- |
| ६ | श्री सर्वेश्वर आ.वि | ICT व्यवस्थापन | ६५००००/- |
| ७ | श्री महाकांल मा.वि | ICT व्यवस्थापन | ६५००००/- |
| जम्मा | | | ४५५०००००/- |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,५०,००० |

९३ **तलबी प्रतिवेदनः-**

शिक्षा नियमावली, २०५९ को नियमा १२६ र शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ अनुसार स्थायी शिक्षकहरूको राष्ट्रिय किताबखाना (शिक्षक) बाट तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । महानगरपालिका अन्तर्गतका विशेष विद्यालयहरू केन्द्रीय बहिरा विद्यालय, सुस्त मनस्थिति तथा पारिवारिक सरसल्लाह केन्द्र र निर्मल बालविकासमा कार्यरत शिक्षकहरूको तलबी प्रतिवेदन पारित नगरी रू ३०१४४२३७.०० खर्च लेखेको देखिन्छ । शिक्षकहरूको तलब भत्ता भुक्तानी गर्दा तलबी प्रतिवेदन पारित नगरी भुक्तानी भएको हुँदा विशेष विद्यालयको समेत अनिवार्य रूपमा नियमावली र कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेबमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

९४ **ग्रेड बढीः-**

शिक्षकको तलब भत्ता भुक्तानी गर्दा शिक्षक किताबखानाबाट पारित तलबी प्रतिवेदनको आधारमा भुक्तानी गर्नु पर्दछ । देहायका शिक्षकहरूको शैक्षिक सत्र २०८०।०८१ को तलब भत्ता भुक्तानी गर्दा पारित तलबी प्रतिवेदन भन्दा वार्षिक ग्रेड (कर्मचारी संचयकोष र चाडपर्व खर्च समेत) रू ९८६७१/- बढी भुक्तानी भएको देखिन्छ । बढी निकासा भएको ग्रेड रकम सम्बन्धित विद्यालयका शिक्षकबाट असुल गरी संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्ने रू..........

| क्र.स | विद्यालयको नाम | शिक्षकको नाम | बढी ग्रेड | ग्रेड दर | साउन-बैशाख सम्म संचय कोष थप सहित |
|---|---|---|---|---|---|
| १ | विजय स्मारक मा.वि | गोविन्द प्रसाद ढकाल | १ | १५२९ | १५१३७/- |
| २ | त्यौड मा.वि | रूक्मिणी देवी न्यौपाने | १ | १४५६ | १४४१४/- |
| ३ | कन्या मन्दिर | कल्पना कुमारी कोईराला | १ | ११५८ | ११४६४/- |
| ४ | जुद्धोदय मा.वि | चन्द्र दत्त शर्मा | १ | १४५६ | १४४१४/- |
| ५ | गीतामाता मा.वि | सुशिला देवि शर्मा | १ | १४५६ | १४४१४/- |
| ६ | जनकल्याण मा.वि | दिपक घिमिरे | १ | १४५६ | १४४१४/- |
| ७ | नन्दी रात्रि | दिपक अर्याल | १ | १४५६ | १४४१४/- |
| जम्मा | | | | | ९८६७१/- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९८,६७१ |

९५ **गुरुयोजना अनुसार कार्यसम्पन्नः-** (१३४-२०८१-१-१४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं २.७.१३.१३ को उपक्रियाकलाप नं ९.८ मा विद्यार्थी सङ्ख्याको आधारमा रू ६० लाख सम्म दिन सक्ने व्यवस्था छ । उक्त रकम विद्यालयले शैक्षिक र व्यवस्थापकीय क्षेत्रमा तत्कालिन रूपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरू छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्युनतम शर्त पुरा गर्ने लगायतका कार्यक्रम गर्ने उल्लेख छ । महानगरपालिकाले श्री विश्वनिकेतन मा.वि. लाई कुन कुन कार्यक्रममा खर्च गर्ने, के कसरी खर्च गर्ने विषयहरू समेटी प्रस्ताव पेश गर्नुपर्नेमा प्रस्ताव वेगर एकमुष्ट शैक्षिक कार्यक्रममा रू ३० लाख र व्यवस्थापकीय कार्यक्रममा रू ३० लाख गरी रू ६० लाख खर्च लेखेको देखिन्छ । विद्यालयको शैक्षिक र व्यवस्थापकीय क्षेत्रमा कुन कुन क्रियाकलापहरू सञ्चालन भएको सो खर्च पुष्टि गर्ने प्रमाण पेश नभएकोले कार्यसम्पन्न प्रमाण पेश गर्नुपर्ने रू........

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,००,००० |

९६ **स्यानिटरी प्याडः**- (१९२-२०८१-३-६):

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदा नं. २०(६) बमोजिम छात्राहरूको संख्याको आधारमा विद्यालयको खातामा रकम निकासा गर्न सकिने व्यवस्था छ र काठमाडौँ महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम ५२ मा महानगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूले गर्ने सार्वजनिक खरिद यस नियमावली बमोजिम गर्नुपर्ने उल्लेख छ । महानगरपालीकाले १९९४६ छात्राहरूलाई ७२ का दरले ८६ विद्यालयका खातामा रू१,४३,६१,१२०/- रकम निकासा गरेको देखिन्छ तर विद्यालयले खरिद नियमावलीको पालना गरे नगरेको, कार्यविधिले तोकेको मापदण्ड अनुसार गुणस्तरयुक्त प्याड खरिद भए नभएको यकिन गर्न सक्ने कुनै प्रमाण पेश भएको देखिएन । लेखापरीक्षणको अवधीसम्म पनि विद्यालयले खरिद गरेको प्रमाण पेश नभएकोले देहायका विद्यालयले स्यानीटरी प्याड खरिद गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.....

**(विस्तृत विवरण बेरूजु दफा ९६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४३,६१,१२० |

९७ **संस्थागत विद्यालयको शुल्क निर्धारण र अनुगमनः-**

महानगरपालिकाको शिक्षा ऐन, २०७५ मा तोकिए बमोजिम संस्थागत विद्यालयले शुल्क निर्धारण गर्ने तथा सो बमोजिम शुल्क निर्धारण गरे नगरेको महानगरपालिकाले अनुगमन गर्ने व्यवस्था छ । महानगरपालिकाले संस्थागत विद्यालयले लिनुपर्ने र लिएको शिक्षण शुल्क बारे अनुगमन गरेको देखिएन । संस्थागत विद्यालयले स्वीकृत शुल्कको कार्यान्वयन गरे नगरेको सम्बन्धमा महानगरपालिकाले अनुगमन गरी ऐनको कार्यान्वयन गर्नुपर्दछ ।

९८ **मातृभाषा शिक्षा:-**

काठमाडौ महानगरपालिका क्षेत्रभित ८७ सामुदायिक विद्यालय रहेकोमा सबै विद्यालयमा नेवारी भाषा (नेपाल भाषा) समुदायका विद्यार्थी रहेको विवरणबाट देखिन आएन । साथै नेपाल भाषा मातृभाषा रहेका विद्यार्थी संख्या शून्य रहेको विद्यालयमा समेत शैक्षिक वर्ष २०७८।०७९ मा अनिवार्य शिक्षा लागु गरेको पाइयो । नेपाल भाषा कक्षा अनिवार्य गरी उक्त कक्षाका लागि १७२ जना शिक्षक नियुक्ति गरी तलब भत्ता खर्च लेखेको छ । नेपाल सरकार शिक्षा मन्त्रालयले निर्धारण गरेको शैक्षिक पाठयक्रममा थप हुनेगरी स्थानीय तहको शिक्षा लागु गर्दा विद्यार्थीमा परेको प्रभाव तथा लगानी उपलब्धि विश्लेषण गरेको छैन । मातृभाषी बाहेकका विद्यार्थी समेतलाई नेपाल भाषा अनिवार्य गरेको उपयुक्त देखिएन । यस कार्यक्रमको लागि लागि रू ८ करोड ११ लाख ५२ हजार बजेट विनियोजन गरेकोमा रू ६ करोड ४३ लाख ९८ हजार खर्च लेखेको छ । विद्यर्थी संख्या, शिक्षक आवश्यकता र विद्यार्थी सिकाइको उपलब्धि मुल्यांकन गरीनु पर्दछ ।

९९ **संघीय शिक्षा ऐनसँग प्रतिकुल हुनेगरी महानगर शिक्षा ऐन:-**

संघीय शिक्षा ऐन, २०२८ को दफा १६(ञ)(१) अनुसार संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थि संख्याको कम्तीमा १० प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थिलाई नि:शुल्क छात्रवृत्रि उपलब्ध गराउनु पर्ने व्यवस्था छ । तर उक्त संघीय कानूनसँग फरक हुने गरी स्थानीय शिक्षा ऐनमा १० प्रतिशत छात्रवृत्रि मध्ये ५ प्रतिशत जेहेन्दार, विपन्न, अपाङ्गता भएका व्यक्ति, महिला, दलित वा जनजाति विद्यार्थीलाई र शिक्षण शुल्कको ५ प्रतिशत रकम

महानगरको शिक्षा विकास कोषमा दाखिला गर्ने गरी व्यवस्था छ । यद्यपि उक्त कोषमा रकम जम्मा नभएको र संघीय कानुनको व्यवस्था अनुसार संस्थागत विद्यालयहरूले विद्यार्थी संख्याको १० प्रतिशत विद्यार्थीलाई नै तोकिए बमोजिम छात्रवृत्ति उपलब्ध गराएको उल्लेख गरेतापनि सोको अनुगमन गरेको एवं छात्रवृत्ति पाउने विद्यार्थीको अद्यावधिक अभिलेख राखेको पाइएन । त्यसैले संघीय कानुनसँग अनुकुल हुने गरी शिक्षा ऐन परिमार्जन एवं संशोधन गर्ने तथा छात्रवृत्ति प्राप्तिको सुनिश्चितता गर्नुपर्दछ ।

१०० **संस्थागत विद्यालयको छात्रवृत्ति**

काठमाडौं महानगरपालिका शिक्षा ऐन, २०७५ को दफा ५१(१) अनुसार संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तिमा १० प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम छात्रवृत्ति उपलब्ध गराउनु पर्ने र दफा ५१(२) मा उपदफा (१) बमोजिमको १० प्रतिशतलाई सय प्रतिशत मानी त्यसको ५० प्रतिशत रकम महानगर शिक्षा विकास कोषमा जम्मा गर्नुपर्ने र बाँकी ५० प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम जेहेन्दार, विपन्न, अपाङ्गता भएका व्यक्ति, महिला, दलित वा जनजाति विद्यार्थीलाई नि:शुल्क छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । त्यसैगरी काठमाडौं महानगरपालिकाको आर्थिक ऐन, २०७९ को अनुसूची १३ सेवा शुल्क दस्तुरको (घ)(१६) मा संस्थागत विद्यालयको छात्रवृत्ति कोष योगदान कुल शिक्षण शुल्कको ५ प्रतिशत हुने उल्लेख छ । महानगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार यस शैक्षिक सत्रमा ४७३ संस्थातग विद्यालयमा १४९९५० विद्यार्थी रहेकोमा १८४२२ विद्यार्थीले छात्रबृत्ती प्राप्त गरेको देखिन्छ र बाँकि विद्यालयले छात्रावृत्ति विवरण पेश नगरेको साथै महानगरपालिकाको ऐन अनुसार तोकिएको रकम महानगरको शिक्षा विकास कोषमा दाखिला गरेको पाइएन।

१०१ **स्वास्थ्य केन्द्रको अनुदानः**- (४७१०-२०८१-३-१७):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ । स्वास्थ्य सेवाको मापदण्ड (Minimum service standard – Mss) निर्देशिका, २०७८।७९ अनुसार अनुदान दिँदा निर्देशिकामा उल्लेखित शर्त बमोजिम गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले स्वास्थ्य सेवाहरूको गुणस्तर सुधारको लागि देहायका स्वास्थ्य केन्द्रलाई रू ५००००००/- अनुदान भुक्तानी गरेको देखिन्छ । स्वास्थ्य चौकीले गुणस्तर सुधार सम्बन्धी कुनै बिल भरपाई र प्रमाण पेश नगरेकोले प्रमाण पेश गर्नुपर्ने रू.....

| क्र.स | स्वास्थ्य चौकिको नाम | अनुदान रकम |
|---|---|---|
| १ | काठमाण्डौ महानगरपालिका शहरी स्वा. प्रर्वद्धन केन्द्र वाड नं. १९ | १००००००/- |
| २ | रामघाट प्रा. स्वा. केन्द्र | १००००००/- |
| ३ | शहरी स्वा. प्रर्वद्धन केन्द्र वाड नं. २६ | १००००००/- |
| ४ | शहरी स्वा. प्रर्वद्धन केन्द्र वाड नं. ३० | १००००००/- |
| ५ | शहरी स्वा. प्रर्वद्धन केन्द्र वाड नं. १४ | १००००००/- |
| | जम्मा रू | ५००००००/- |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००,००० |

१०२ **पूँजीगत बजेटबाट चालु प्रकृतिका कामः-**

राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको लागि बजेट तर्जुमा दिग्दर्शन को बुँदा नं ४.८ मा स्थानीयतहले गर्ने सार्वजनिक खर्च (चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्था) को लागि आवश्यक रकमको खर्च प्रक्षेपन गर्नु पर्ने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाँउपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय-व्ययको वर्गीकरण र खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नु पर्ने उल्लेख छ । महानगरपालिकाले नेपाल सरकरले निर्धारण गरेको एकिकृत खर्च संकेत वर्गीकरण र व्याख्या विपरित पूँजीगत वजेटमा इन्द्रजात्र व्यवस्थापन समितिलाई आर्थिक सहयोग र कक्षा ११ को छात्रवृति छनौट परीक्षा सञ्चालन खर्च जस्ता चालु प्रकृतिको बजेट विनियोजन गरी देहाय बमोजिम खर्च गरेको छ । पूँजीगत शीर्षकबाट चालु

प्रकृतिको काममा भएको यस प्रकारको खर्च गर्दा पूँजिगत खर्च बढी देखिने तर पूँजि निर्माण कार्यमा वास्तविक खर्च नभएको हुने देखिन्छ । महानगरपालिकाले चालु प्रकृतिक खर्च चालु तर्फनै विनियोजन गरी खर्च लेख्नु पर्दछ। केहि उदाहरण निम्न छन्ः-

| गो. भौ.नं. र मिति | विवरण | खर्च |
|---|---|---|
| ४९-२०८०/५/११ | इन्द्र जात्राको लागि ३३ वटा गुठियार संघ संस्थालाई आर्थिक सहायता | १३९३६७०/- |
| १२८-२०८०/५/३१ | कक्षा ११ को छात्रवृत्ति परीक्षा सञ्चालन | ५५५१७२/- |
| १७०४-२०८१/३/१६ | मागःभोताहिति त्वाः मुनिकर समाज मैतिदेवी जात्रा व्यवस्थापन खर्च | ४०००००/- |
| १०२९-२०८१/३/२२ | ज्यापु संस्कृति विकास कोषलाई ज्यापु दिवस मनाउन खर्च | १७२०३१८/- |
| ६७०-२०८०/९/२ | कर्मचारी, सामुदायिक विद्यालयका शिक्षक लगायतको भ्रमण खर्च | १९७४६७५/- |
| ६६०-२०८०/८/२८ | गमाला तथा इन्डोर प्लाण्ट खरिद | ९६८९७५/- |
| ६५९-२०८०/८/२८ | विभिन्न फलफुल एवं रुखविरुवा खरिद | ९८६९०१/- |
| | जम्मा रू | ७९९९७११/- |

१०३ **फुटपाथ निर्माणमा पुरानो ब्लक र ढुंगाको उपयोगः-**

कुनै निर्मित संरचना भत्काउदा संरचनाको प्रकृति अनुसार त्यसमा प्रयोग भएका सामाग्रीहरू पुनः प्रयोग भण्डारण अर्थात लिलाम बिक्रि सम्बन्धी मापदण्ड बनाएको हुनुपर्छ । महानगरपालिकाले महानगरभित्रका फुटपाथमा एकै किसिमको कलरफुल टायल राखी फुटपाथ निर्माणको लागि विभिन्न प्याकेजमा ठेक्का व्यवस्थापन गरेको एवं उपभोक्ता समितिसंग सम्झौता गरेको छ । महानगरपालिकाले ठेक्का व्यवस्थापन गर्दा फुटपाथमा भएका पुराना टायल एवं ढुंगाहरु dismantling existing structure र सो को ढुवानी गरी व्यवस्थापनको लागि वि.ओ.क्यु. मा व्यवस्था गरेकोमा यसरी भत्काइएका टायल एवं ढुंगाहरू के कति पुन प्रयोग गर्न सकिन्छ वा सकिदैन सो खुलाएको छैन र प्रयोग गर्न मिल्ने ब्लक तथा ढुंगाको पुन प्रयोग गर्ने गरी मौज्दात राख्ने सम्बन्धमा स्पष्ट व्यवस्था गरेको देखिएन । यसरी पुरानो टायल एवं ढुंगाहरू भत्काउँदा केहि प्रतिशत पुन प्रयोग गर्न सकिने अवस्था रहने हुँदा सरकारी सम्पत्तीको सदुपयोग भएको देखिदैन । लेखापरीक्षणको क्रममा तिनकुने गौशाला फुटपाथबाट निस्किएका ब्लक र कर्ब स्टोन महानगरपालिकाले नेपाल आर्मी र शसस्त्र प्रहरीले माग गरे अनुसार दिएको जनाएतापनि अन्य बाँकीको अवस्था सम्बन्धमा अभिलेख छैन । फुटपाथ निर्माणमा पुरानो ब्लक एवं ढुंगाको केहि उदाहरण निम्न रहेका छन ।

| आयोजनाको नाम | कामको विवरण | परिमाण घ.मी | लागत अनुमान दर | सम्झौता दर | सम्झौता रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| तिनकुने देखि गौशाला सम्म फुटपाथ निर्माण | Dismantling of existing structure...... interlock block | ६९३.३५ | १६८७.०५ | १००० | ६९३२३० | |
| कालीमाटी- कलंकी, चावहिल - गौशाला र गौशाला - रोतोपुलसम्म ब्लक छाप्ने काम | Dismantling of existing structure.......... interlock blockand kerb stone | १३६६.४८ | १६८७.०५ | ७०० | ९५६५३६ | |
| त्रिपुरेश्वर देखि लैनचौर सम्म फुटपाथ निर्माण | Dismantling of existing structure................ interlock block | २३७०.२१ | १६८७.०५ | १०० | २३७०२१ | |
| याङ्ला चोक देखि मिजमपाट चोकसम्म सडक तथा ढल स्तरोन्नती | Dismantling of existing stone paving work | १५९.२७ | १७२२.५९ | २०० | ३१८५ | |
| का.म.न पा ठमेल क्षेत्रमा व्लक छाप्ने काम | Dismantling of existing flag stone | १४५.०६ | १६८७.०५ | १६८७.०५ | २४४७२३ | उपभोक्ता समिति |
| वागबजार देखि सिनामंगलसम्म | Dismantling of existing structure.......... interlock blockand kerb stone | १२४५.७६ | १६८७.०५ | ५०० | ६२२८८० | |

• याङ्ला चोक देखि मिजमपाट चोकसम्म सडक तथा ढल स्तरोन्नती कार्यको जेनिशा देवी कन्स्ट्रक्शनले मिति २०८०।१२।१२ मा वडा नं २१ लाई २३ ट्रिप ढुंगा बुझाएको सम्बन्धित फाइलमा पत्र देखिएकोमा सो ढुंगाहरू के कति प्रयोग भए प्रयोगको अवस्था खुलेको छैन । उक्त ढुंगा पुन प्रयोग गरेको वा लिलाम विक्रि गरेको प्रमाण पेश हुनुपर्दछ ।

• त्यस्तै त्रिपुरेश्वर देखि लैनचौर सम्म फुटपाथ निर्माण कार्यको लागि सडक डिभिजन काठमाडौंको मिति २०८१।१।२० को सहमती प्रदान गरेको पत्रानुसार existing block र Kerb stone को उच्चतम प्रयोग गर्ने गरी उचित व्यवस्थापन गरी डिभिजनलाई जानकारी दिने उल्लेख भएकोमा सो अनुसार भएको देखिएन ।

• महानगरपालिकाले अन्य योजनाहरूमा पनि प्रयोग गर्न मिल्ने ब्लक एवं ढुंगाको पुनः प्रयोग भएको सुनिश्चित गर्नुपर्दछ ।

१०४ **कार्य सम्पन्न गर्नुपर्ने मितिः-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ र नियमावली, २०६४ को नियम ३७ बमोजिमम बोलपत्र आवह्नान गर्दा वोलपत्र सम्न्धी कागजात स्विकृत गरी खरिद व्यवस्थापन गर्ने र सोहि अनुरूप सम्झौता गर्नुपर्दछ । महानगरपालिकाबाट ठेक्का व्यवस्थापन भएका अधिकांश ठेक्कामा सम्झौता अनुसार एस.सि.सि. मा उल्लेख गरेको कार्यसम्पन्न मिति र महानगरपालिकाले कार्यदिश दिएको मितिमा तालमेल देखिदैन भने कतिपय सम्झौता र कार्यादिशमा ठेक्काको रकम समेत नमिलेखको देखिन्छ । महानगरपालिकाले आगामी दिनमा यसतर्फ ध्यान पुर्‍याउनु पर्ने देखिन्छ । केहि उदाहरणहरूः-

| आयोजनाको नाम | सम्झौता मिति | सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने मिति | कार्यदिश अनुसार सम्पन्न गर्नुपर्ने मिति | कार्यदिश मिति |
|---|---|---|---|---|
| तिनकुने देखि गौशाला सम्म फुटपाथ निर्माण | २०८०।५।२६ | २०८०।६।३० | २०८१।३।३० | २०८१।६।२५ |
| महानगरको विभिन्न स्थानमा बाटो पिच गर्ने कार्य | २०७७।५।२१ | २०७८।५।२० | २०७८।१०।१५ | |
| वडा नं ८ कार्यालय भवन निर्माण | २०८०।५।२६ | २०८०।११।३० | २०८०।१२।३१ | २०८०।७।१९ |

१०५ **एज विल्ट नक्शाः-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा १२५ मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धीत निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज विल्ट) नक्शा सार्वाजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।

महानगरपालिकाले विभिन्न वडा कार्यालयहरू एवं अन्य भवन निर्माण कार्यको वोलपत्र सम्बन्धी कागजात स्वीकृत गर्दा सबै योजनाहरूमा निर्माण भए बमोजिमको (एज विल्ट) नक्शा सम्बन्धी प्रावधानमा Not Applicable उल्लेख गरी सोहि अनुरूप सम्झौता गरेको छ । जसले गर्दा कुनै पनि निर्माण कार्यमा निर्माण सम्पन्न भएपछि एज विल्ट नक्शा पेश गरेको पाइएन । एज विल्ट नक्शा नभएको ठुला ठुला भवनमा विभिन्न समयमा मर्मत सम्भार गर्न अर्थात आगामी दिनमा स्ट्रक्चरको पुनः निर्माण तथा मर्मत सुधार सम्बन्धी योजना तयार गर्न समेत कठिनाई पर्न सक्दछ । महानगरपालिकाले ठेक्का व्यवस्थापन गर्दा नियमावलीको व्यवस्थाको पालना गर्नुपर्दछ । केहि उदाहरणहरू निम्न रहेका छन्।

| निर्माण कार्यको विवरण | सम्झौता रकम | कैफियत |
|---|---|---|
| वडा नं १६ कार्यालय भवन निर्माण | ७५०२४२८०/- | निर्माण सम्पन्न भएको |
| वडा नं ३१ कार्यालय भवन निर्माण | ४०९२७४७४/- | निर्माण सम्पन्न भएको |
| वडा नं ११ कार्यालय भवन निर्माण | ५०७२७५९८/- | निर्माण कार्य भैरहेको |
| ये दे साँस्कृतिक द्बे निर्माण वडा न् २२ | २७०९९९८६१/- | निर्माण कार्य भैरहेको |
| वडा नं ११ कार्यालय भवन निर्माण | ३७६३१३१६/- | निर्माण कार्य भैरहेको |

१०६ **निर्माण कार्यमा समन्वयः-**

राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन,२०७४ को बुँदा नं ५.५.२ मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना र कार्यक्रम बीच आपसी तादम्यता तथा परिपुरकता कायम गर्नु पर्ने उल्लेख छ । महानगरपालिकाले तर्जुमा गरेको स्वीकृत बजेट तथा कार्यक्रममा अन्तर्गतका वडा कार्यालय र महानगरपालिकाले सञ्चालन गर्ने योजनाहरू एउटै प्रकृतिको हुने र ती योजनाहरू वडाहरू र महानगरपालिका दुबैबाट कार्यान्वियन हुँदा काममा दोहोरोपना हुने अवस्था देखिएको छ । कतिपय योजनाहरूमा महानगरपालिकाले ठेक्का लगाएको स्थानमा समेत वडाबाट काम समेत भएको देखिन्छ ।यसरी एउटै निकायबाट संचालितल योजनामा समेत दोहोरोपना आउनु उचित देखिदैन। महानगरपालिका र वडाबाट संचालन हुने योजनाहरूमा कस्ता किसमिका योजना वडाले गर्ने र कस्ता किसिमका महानगरपालिकाले गर्ने भनी निर्धारण गरी सो को कनुनी व्यवस्थाको पालना गर्नपर्दछ । केहि उदाहरण देहाय बमोजिम रहेका छन् ।

| आयोजनाको नाम | महानगबाट भेरियसन भुक्तानी सम्बन्धी विवरण | कैफियत |
|---|---|---|
| सृजनशिल टोलस्थित सामाखुसी खोलाको ट्र्याक, ढल र पीच निर्माण कार्य | रू १४४४४१४.९५ को सम्झौता गरेकोमा रू १३४०६६३४.१६ को कार्यसम्पन्न भएको छ । | यस योजनाको कार्यक्षेत्रमा वडाबाट कलर व्लक लगाएको कारण व्लकको काम नभएको, ब्रिक सोलिङ्ग र इनामेल पेन्टिङ्गको काम नभएको |
| महानगरपालिका विभिन्न स्थानमा सडक कालोपत्रे गर्ने कार्य | योजनाको रू ५५४१९९७१.५४ को सम्झौता भएकोमा २१.५२ प्रतिशत घटीको भेरियसन गरी रू ४३४९४४१२.२८ को कार्यसम्पन्न दिएको छ । | वडा नं ३ को २०८०।१२।८ को पत्रानुसार कार्यालय अन्तर्गतका कपन मार्ग स्थित भित्री सहायक पिच मोटरबाटो, नर्मिक नर्सिङ्ग कलेज जाने बाटो वडाबाट सम्पन्न गरेको जानकारी दिएको<br>· थाई एम्वेसी मार्गको वेलफेयर हस्पिटल सम्मको ७० मिटर कालोपत्रे स्थानीय जनसहभागिता बाट भएको |
| वडा नं ५ ले सानो गौचरण देखि गहनापोखरी सम्मको बाटो मर्मत | सम्झौता रू २०१५७२१.०५ भएकोमा सम्पन्न रू १८२१६२९.२ भएको छ । | पश्चिम तर्फको बाटो वडा नं १ ले बनाएको कारण भेरियसनबाट विभिन्न परिमाण घटाएको |

यसरी एकातर्फ सम्झौता भै सकेको स्थानमा अर्को तिरबाट भुक्तानी भएको देखिन्छ । यस्ता किसिमका काम अन्य योजनामा पनि हुन सक्ने र दोहोरो भुक्तानी समेत हुन सक्ने अवस्था देखिएकोले यस तर्फ महानगरपालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

१०७ **निर्माण सम्पन्न समयमा नभएकोः-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा हुन नसक्ने भएमा नियमावलीमा भएको प्रकिया पुरा भएमा म्याद थप गर्न सकिने व्यवस्था छ । त्यस्तै नियमावलीको नियम १२१ मा सम्झौतामा तोकिएको म्यादमा काम सम्पन्न हुन नसकेकमा निर्माण व्यवसायीले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नवढ्ने गरी प्रतिदिन सम्झौता रकमको शुन्य दशमलब शुन्य ५ प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति दिनु पर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा यस वर्ष सम्पन्न भएका केहि ठेक्काहरूमा शुरू सम्पन्न गर्नुपर्ने अवधिमा पटक पटक म्याद थप भएको देखिन्छ । निर्माण व्यवसायीले तोकिएको म्यादभित्र कार्य सम्पन्न भएकोले अन्तिम विल भुक्तानीको निवेदन पेश गरेको देखाई महानगरपालिकाले स्थलगत निरीक्षण गर्दा कतिपय काम पुरा नभएकोले सो अनुसार मर्मत सुधार गर्न निर्माण व्यवसायीलाई थप समयअवधि दिएको र सम्पन्न हुनुपर्ने मिति भन्दा ८ महिना ढिला गरी कार्यसम्पन्न गरेको अवस्था छ । यसरी भुक्तानी गर्दा महानगरपालिकाले निर्माण कार्य सम्पन्न नभएको अवस्थामा समेत निर्माण व्यवसायीलाई पूर्वनिर्धारित क्षतिपुर्ति नलगाउने गरी कार्य स्विकार गरेको उचित देखिदैन । सम्झौता अनुसार समयमा काम सम्पन्न नभएमा उचित कारण भएको अवस्थामा म्याद थप गर्नुपर्ने अन्यथा नियमावलीको व्यवस्था अनुरूप पुर्वनिर्धारित क्षतिपुर्ति लगाउनु पर्ने देखिन्छ । केहि उदाहरण निम्न रहेको छन् ।

| **योजनाको नाम** | **सम्झौता मिति** | **सम्पन्न गर्नुपर्ने मिति म्याद थप समेत** | **महानगरले मर्मत सुधारको लागि आदेश दिएको मिति** | **मर्मत सुधार सम्पन्न गरेको मिति** | **विल भुक्तानी मिति** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| न्युरोड क्षेत्रमा फुटपाथ निर्माण तथा स्तरोन्नती | २०७८।५। २७ | २०७९।१२।३० | २०७९।१२।२८ | २०८०।६।७ | २०८०। ६।३० | केहि स्थानमा ब्लक देखिएको र लेवल नमिलेकोले |
| वडा नं १६ कार्यालय भवन निर्माण | २०७८।४।१ | २०८०।७।३० | २०८०।८।६ | २०८०।१२।२४ | २०८१। ३।२४ | विभिन्न मर्मत कार्य गर्नुपर्ने देखिको |
| महानगरको विभिन्न स्थानमा बाटो पिच गर्ने कार्य | २०७७।५। ३१ | २०८०।६।३० | २०८०।८।२८ | २०८०।११।२० | २०८१। ३।२४ | RCC ढलान मर्मत, ढुंगाको वाल मर्मत गर्ने र पीच उप्केकोले सो को समेत मर्मत गर्न |
| साहित्य सदन भवन निर्माण | २०७८।५। २२ | २०८०।६।३० | २०८०।७।२२ | २०८०।९।५ | २०८०। १२।२ | झ्याल खापा मर्मत गर्ने, वेसमेन्टमा रंगरोगन गर्ने, बेसमेन्टमा फलामे ढोका राख्ने |

१०८ **मालसमानको लागत अनुमानः-**

काठमाडौ महानगरपालिका सार्बजनिक खरिद नियमावली, २०७९ को नियम १५ अनुसार कार्यालयले मालसामानको लागत अनुमान तयार गर्दा नियम १५ संग सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने र सोही नियमको उप-नियम (२) मा मालसामानको लागत अनुमान तयार गर्दा स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य स्थानीय उद्योग वाणिज्य संघले जारी गरेको दररेट, कार्यालयको स्वीकृत दररेट, सरकारी कार्यालयले चालु वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत र काठमाडौं उपत्यका भित्रका अन्य स्थानीय तहले स्वीकृत गरको दररेटलाई आधार लिनुपर्ने व्यवस्था छ । महानगरपालिकाले यो वर्ष विभिन्न मेशिनरी औजार र उपकरण, फर्निचर, सवारी साधन लगायत खरिद गर्दा नियमावलीमा तोकिएका आधार लिई ३ वटा फर्मबाट दररेट माग गरेर सस्तोलाई आधार मानी लागत अनुमान तयार गरेको पाइयो । महानगरपालिकाले सम्भव भएसम्म सम्बन्धित निर्माता, बितरक, बिक्री प्रतिनिधि आदिबाट प्राप्त हुने दररेट वा आधिकारिक वेवसाइटमा भएको मूल्य र गत आ.व. मा खरिद दर समेतलाई ध्यान दिई एकरूपता हुने गरी निश्चित आधारमा लागत अनुमान तयार गर्नुपर्दछ । केहि उदाहरण निम्न छन् ।

| सि.न. | मालसमानको विवरण | संख्या | लागत अनुमान | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | १५० सि सि को मोटरसाइकल खरिद | १० | ३१६९००० | २९६९००० | ३ वटा कोटेशन लिएको |
| २ | Delivery and supply of Smart Interactive flat panel ( LED smart board) | २२६ | ७६६८१८० | ६५९८७४८ | |
| ३ | Supply and delivery of tablet | २३० | ११४७७००० | ७९४०७५० | |
| ४ | फायर फाइटिङ पम्म | ३ | ९९५०००० | ८७५०००० | |
| ५ | Supply and delivery ofphysiotherapy equipment | विभिन्न | १३३८८२४०.०० | ११७१५८४०.०० | |

१०९ **गैर सरकारी संस्थाबाट निर्माण कार्यः-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ तथा नियमावलीको नियम ९९ अनुसार जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, गैर सरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने उल्लेख छ ।उक्त व्यवस्था अनुसार गैर सरशारी संस्थाहरुले उपभोक्ता समितिको रुपमा निर्माण कार्य गराउन मिल्ने देखिदैन। लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा महानगरपालिकाले देहाय बमोजिम गैरसरकारी संस्थामार्फत विभिन्न सडक निर्माण, ढल निर्माण, भवन निर्माण लगायतका कार्य गराई रू ३२९०६६१५।- भुक्तानी भएको पाइयो । यी संस्थाहरू महानगरमा मौजुदा सूचिमा दर्ता हुँदा समेत गैर सरकारी संघ/संस्था सम्बन्धी कार्यहरू गराउने प्रयोजनार्थ सुची दर्ता भएकोमा उपभोक्ता समितिको रूपमा निर्माण कार्य गराई रकम भुक्तानी भएकोले सार्वजनिक खरिद कानुन विपरीत निर्माण कार्य गराएकोले यस्तो निर्माण कार्य नियमसम्मत नदेखिएको रू....

| गोश्वरा भौचर र मिति | निर्माण कार्यको विवरण | गैर सरकारी संस्थाको नाम | सम्झौता रकम | यस वर्षको भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १५७८-२०८१।२।३२ | जलढुंगा मार्गदेखि चुनदेवी मन्दिर सम्मको सडक निर्माण | जलेश्वर सहयोगी संस्था | ७६८५३५३.९२ | ७५१६८७०/- | २०६५।२।३० मा गैर सरकारी संस्थाको रूपमा प्यान दर्ता गराएको |
| १६००-२०८१।३।२ | महायन प्रकास पलयुल धर्मालय भवन निर्माण | महायन प्रकास पलयुल धर्मालय | ७७०८४६०.९० | २५४३०००/- | गैर सरकारी संस्थाको रूपमा २०६१।६।५ मा प्यान दर्ता |
| १५८०-२०८१।२।३१ | का.म.न. पा २६, ठमेलमा व्लक छाप्ने कार्य | ठमेल टोल विकास सुधार समिति | ७५७७७९७.६८ | २५०००००/- | गैर सरकारी संस्थाको रूपमा प्यान दर्ता गराएको |
| १६१३-२०८१।३।४ | वडा नं ९ अन्तर्गतका ढुंगेधारा बनाउने कार्य | ॐ नगर टोल सुधार समिति | २७००४७०.७६ | ८९१०००/- | गैर सरकारी संस्थाको रूपमा २०६१।६।२८ मा प्यान दर्ता |
| २०१५-२०८१।३।२४ | मसान जिर्णोद्धार कार्य | मसान जिर्णोद्धार समिति | ३७४८६४७.९६ | २३१३४७८/- | समाज कल्याण परिपद्मा २०७५ मा दर्ता |
| १६४१-२०८१।३।७ | का.म.न.पा. १६ भानु टोलमा व्लक छाप्ने कार्य | सुर्योदय टो सुधार समिति | ७४१२५१६.४९ | २४४६०००/- | २०८०।७।२० मा गैर सरकारी संस्थाको रूपमा प्यान दर्ता गराएको |
| १६८४-०८१/०३/१३ | १७ वडा स्थित ढुगेधारा पुन निर्माण | रजक समुदाय विकास सङ्घ | ३०७९३००/९४ | २०४०२६७/- | ३०१९९९३१५ प्यान नम्वर |
| १०७४-०८०/१२/०१ र १४६०-०८१/०२/०९ | किलाघ: देवी नाच दि प्याखँ द्यो छें थप निर्माण | देवी नाच (दी प्याखं)प्रवर्द्धन तथा संरक्षण समिति | ७६६८८९०/७९ | ७५९००००/- | ६०७५४१०४१ प्यान नम्वर |
| १०९४-०८०/१२/०६ | गण महाविहार थप निर्माण कार्य | गण महाविहार गणवहाल | ७६४८६५२/७७ | २५२४०००/- | ६०२०३२४६९ प्यान नम्वर |
| १३३५-०८१/०१/१८ | नरेफाँट कोटदेवी गणेश मन्दिर स्थानान्तरण तथा फल्चा निर्माण कार्य | श्री ऋद्धि सिद्धि गणेश मन्दिर समाज | ७७०४४५७/- | २५४२०००/- | ६११८३५६८४ प्यान नम्वर |
| | | | | ३२९०६६१५/- | |

महायन प्रकास पलयुल धर्मालय गैर सरकारी संस्थाको रूपमा २०६१।६।५ मा प्यान दर्ता भएकोमा उक्त गैर सरकारी संस्थाको भवन निर्माण (महायन प्रकास पलयुल धर्मालय भवन निर्माण) कार्यको लागि रू ७७०८४६०.९० को सम्झौता गरी यस वर्ष पेश्की वापत रू २५४३०००.०० भुक्तानी भएको छ । यसरी गैर सरकारी संस्थाको भवन निर्माण कार्यको लागि महानगरपालिकाबाट रकम भुक्तानी गर्न मिल्ने देखिदैन ।

| | |
|---|---|
| अनियमित भएको | ३,२९,०६,६१५ |

११० **नन्फाइलरः-**

मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । वडा नं १६ कार्यालय भवन निर्माणको लागि गौरी पार्वति/के एण्ड के/रमित जे. भि. (प्यान नं ६१६३२१३२२) संग सम्झौता भई निर्माण कार्य भएकोमा उक्त जे. भि. २०७८।४।२७ मा दर्ता भएकोमा आ.व. २०७८।७९ अर्थात दर्ता भएदेखि नै नन्फाइलर रहेको देखिन्छ । उक्त जे. भि. लाई निम्नानुसार रू २५३००४८.०० मु.अ.कर भुक्तानी भएको देखिएकोले सो रकम आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रू..........

| **गोश्वरा भौचर नं र मिति** | **विजक नं र मिति** | **भुक्तानी रकम** | **मु.अ.कर रकम** |
|---|---|---|---|
| २४४-२०८०।६।२५ | ००१,२०८०।६।२५ | ४९५३६२३/- | ५६९८८५/- |
| २०५९-२०८१।३।२४ | ००४, २०८१।३।२४ | १७०३८३३१/८० | १९६०१६२/- |
| | | **२१९९१९५५/-** | **२५३००४८/-** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,३०,०४८ |

१११ **कार्यसम्पादन / पेश्की जमानतको म्यादः-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) अवधिभन्दा कम्तीमा एक महिना बढीको हुनुपर्ने उल्लेख छ । सोहि नियमावलीको नियम ११३ मा पेश्की जमानतको मान्य अवधी खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्स्योट गर्नु पर्ने अवधी भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधीको हुनुपर्ने उल्लेख छ । लेखापरीक्षणमा नमुना परीक्षण गरिएका निम्नानुसार योजनाको कार्यसम्पादन जमानत एवं पेश्की जमानतको म्याद सकिएको/तोकिएको अवधि भन्दा कम भएकोले सो को म्याद थप गरेको प्रमाण पेश हुनुपर्दछ ।

| आयोजनाको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | जमानत रक र बैंक | पेश भएको कार्यसम्पादन/ पेश्की जमानतको म्याद | हुनुपर्ने म्याद | कैफियत |
|---|---|---|---|---|---|---|
| वडा नं ३ मा बाटो निर्माण | २०८०।६।५ | २०८१।३।१५ | ८४५००० कृषि विकास बैंक | २०८१ चैत्र ३१ | २०८२।४।१५ | कार्यसम्पादन जमानत |
| कालीमाटो देखि कलंकी सम्म र चावहिल देखि गौशाला सम्म फुटपाथ | २०८०।१२।६ | २०८१।१०।३१ | ३९००००० नेपाल बैंक लि | २०८१।३।१६ | २०८१।८।२० | पेश्की जमानत |
| Road construction and maintenance work at mid sector | २०८१।१।२८ | २०८४।२।३० | २९७६२००० कृषि विकास बैंक | २०८२।९।१५ | २०८३।७।१५ | |
| भद्रकाली मन्दितर परिसरमा भएका संरचनाको पुन निर्माण | २०८१।२।६ | २०८४।३।३ | ३०९४४५०० कृषि विकास बैंक | २०८३।३।८ | २०८३।८।३० | |
| | | | १७५००००० कृषि विकास बैंक | २०८४।५।४ | २०८५।४।२० | कार्यसम्पादन जमानत |
| Road construction and maintenance work at north sector | २०८१।२।१६ | २०८४।२।३२ | ६४२००००० प्राइम वैंक | २०८२।३।३१ | २०८३।७।३० | पेश्की जमानत |
| थापाथली देखि कलंकी फुटपाथ | २०८०।३।१८ | २०८१।३।३० | २५७००००० नेपाल बैंक लि | २०८१।१०।२० | २०८२।३।४० | कार्यसम्पादन जमानत |

११२ **अमानतः-** (१९२६-२०८१-३-२३):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४५ मा सामान्य प्रकृतिको मर्मत सम्भार, सानातिना नियमित कार्य वा सरसफाई जस्ता कार्य अमानतबाट काम गर्न सकिने उल्लेख छ । साथै सार्वनजिक खरिद नियमावली, २०६४ को नियम ९८(१) मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनुपर्ने र उपनियम (३) मा अमानतबाट निर्माण कार्य गर्नुपरेमा त्यस्तो काम रू १ लाखमा नबढाई खण्ड खण्ड गरी वार्ताबाट गराउन वा निर्माण सम्बन्धी काम आवश्यक निर्माण सामग्री उपलब्ध गराई ज्यालामा दिन सकिने व्यवस्था छ । यसरी हेर्दा नियममा रू १ लाख भन्दा बढीको कार्य अमानतबाट गर्न मिल्ने देखिदैन। महानगरपालिका विभिन्न विभागमा विद्युतीकरण गरेवापत फागुन देखि बैशाख सम्मको पेश भएको डोर हाजिरका आधारमा यादव रेफ्रिजेरेशन एण्ड इलेक्ट्रिकल पसललाई रू १२२१३००.०० भुक्तानी भएको छ । यसरी डोर हाजिरको आधारमा भुक्तानी भएकोमा के के काम भएको हो सो देखिने प्राविधिक प्रतिवेदन समेत पेश भएको देखिदैन । यसरी नियम विपरित डोर हाजिरबाट काम गरेको नियमसम्मत नदेखिएको रू.........

| | |
|---|---|
| अनियमित भएको | १२,२१,३०० |

११३ **कार्यसम्पादन जमानतको म्याद थप गर्नुपर्नेः-**

सार्वजनिक खरिद नियमावली, २०६४ को उपनियम ४ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक उपनियम (१) बमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नु पर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटी सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको पेश गर्नुपर्ने उल्लेख छ । महानगरपालिकाले हंशराज हुलासचन्द्र एण्ड कं संग १० वटा मोटरसाइकल खरिदको लागि २०८०।११।१८ मा रू २९६९०००.०० को सम्झौता गरी २०८०।१२।२० मा कार्यालयमा सामान दाखिला गरेको देखिन्छ । मोटरसाइकल खरिदको लागि तयार गरेको स्पेशिफिकेशनमा सामान स्वीकार गरेको मितिले २ वर्ष वारेण्टी अवधि हुने उल्लेख छ । सप्लायर्शले एभेरेष्ट बैंकबाट जारी गरेको रू १३२०००.०० को कार्यसम्पादन जमानत पेश भएकोमा उक्त जमानतको म्याद २०८२ भाद्र १० सम्मको देखिन्छ । नियमानुसार वारेण्टी अवधि २०८२।१२।२० सम्मको जमानतको म्याद थप गरेको प्रमाण पेश गर्नु पर्दछ ।

१९४ **शर्त सहितको पेश्की जमानतः-** (१५९२-२०८१-३-२):

महानगरपालिका र निम्न योजना निर्माण कार्यको लागि निर्माण व्यवसायी संग भएको सम्झौताको जि.सि.सि. ५७.१ मा मोविलाईजेशन पेश्की लिने प्रयोजनको लागि पेश हुने पेश्की जमानत शर्त रहितको हुनुपर्ने उल्लेख छ । महानगरपालिकाले निम्नानुसार ठेक्का गर्दा निर्माण व्यवसायीले पेश गरेको पेश्की जमानत शर्त (It is a condition to any claim and payment under this guarantee to be made that the advanced payment referred to the above must have been received by the contractor on its account number .. at ………. Bank limited.) सहितको भएको अवस्थामा समेत पेश्की दिएको देखिएकोले शर्त रहितको जमानत पेश गर्नुपर्दछ ।

| गोश्वार भौचर नं र मिति | योजनाको नाम | सम्झौता मिति | पेश्की रकम | बैंकको नाम |
|---|---|---|---|---|
| १५९२- २०८१।३।२ | त्रिपुरेश्वर देखि लैनचौरसम्म फुटपाथ निर्माण | २०८०।१०।१२ | १००००००००/- | प्राइम बैंक |
| ५२८-२०८०।७।२३ | बालुवाटार फुटपाथ निर्माण | २०८०।७।२० | २६०००००/- | प्राइम बैंकको रु ५४२३०००को जमानत |
| ८००-२०८०।१०।२ | | | २६०००००/- | |
| १५८९-२०८१।२।३२ | का.म.पा भित्रका वडाहरुमा फुटपाथ निर्माण | | १४१००००००/- | नबिल बैंक |
| | | | २९३००००००/- | |

१९५ **प्रशासकीय भवन निर्माणः-**

सम्झौता अनुसार तोकिएको समयभित्र कार्यसम्पन्न गर्नुपर्दछ । वडा नं. १२ स्थित टेकुमा प्रशासकीय भवन निर्माणका लागि रू ७९,०५,५३,८९१/८३ को लागत अनुमान तयार मिति २०८०।३।१५ मा कार्य सम्पन्न गर्ने गरी समानान्तर निर्माण सेवा प्रा. लि. संग मिति २०७८/४/११ मा रू ७७,९४,९५,८७६/१२ को भवन निर्माण सम्झौता भएको छ । निर्माण अवधि मिति २०८०/३/१५ सम्म रहेकोमा त्यस पश्चात् निर्माण कार्यको म्याद थप भएको छैन । निर्माण व्यवसायीले मोविलाईजेशन पेश्की वापत लगेको रू ६,९०,००,०००/०० को बैंक जमानतको १२ अगष्ट २०२२ मा समाप्त भएको र कार्यसम्पादन जमानत वापत रू ४००००००००/- राखेकोमा सो को म्याद समेत २५ अगष्ट २०२४ मा समाप्त भएकोले पेश्की रकम जोखिममा परेको देखिन्छ । निर्माण व्यवसायीले भवनको Concrete, Piling र Foundation को कार्य सम्पन्न भई पहिलो र दोस्रो रनिङ्ग बिलबाट क्रमश: रू ८,१७,९१,५९२/६४ र रू ५,१३,२१,०१०/११ समेत गरी जम्मा रू १३,३१,१२,६०२/७६ भुक्तानीका लागि बिल पेश गरेकोमा लेखापरीक्षण अविधसम्म उक्त रकम भुक्तानी भएको छैन।

भवन निर्माणमा प्रयोगमा भएका संरचनाको Quantity and Quality Test का लागि पूल्चोक ईन्जिनियरिङ्ग कलेज अन्तर्गतको Department of Civil Engineering, Research and Training Unit (RTU) जिम्मेवारी दिएकोमा निजले मिति २०८०/४/२६ मा निर्मित संरचनाको गुणस्तर ठिकै रहेको र निर्माण कार्य अगाडी बढाउँदा डण्डीमा लागेको खियाँ हटाई कार्य गर्न सकिने निष्कर्ष सहितको प्रतिवेदन दिएता पनि निर्माण कार्य सुचारू नभएको स्थिती छ ।

अत: महानगरपालिकाले सम्भावित समस्या एवं असर समेतका आधारमा निर्माण कार्य सम्पन्न गर्ने सम्बन्धमा भविष्यमा आउने सक्ने कानूनी विवादसँगै थप आर्थिक क्षतिको निराकरण गर्ने तथा सम्बन्धित निकायहरूसँग समन्वय गरी सम्झौता र खरिद ऐन नियमबमोजिम समयमै कार्य सम्पन्न हुनुपर्दछ ।

१९६ **फिजीयोथेरापी उपकरण खरिदः-**

महानगरपालिकाले गौरबको योजना सुलभ स्वास्थ्य सेवा नागरिकलाई टेवा अन्तर्गत आर.वि. मर्चेन्ट प्रा.ली. संग रू ११७१५८४०/- को फिजियोथेरापी उपकरण खरिद गरेको देखिनेछ । सो सम्बन्धी देखिएका वेहोरा निम्नानुसार रहेका छन्:-

• काठमाडौ महानगरपालिका सार्बजनिक खरिद नियमावली, २०७९ को को नियम १५ अनुसार कार्यालयले मालसामानको लागत अनुमान तयार गर्दा नियम १५ संग सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नु पर्ने उल्लेख छ। फिजियोथेरापी उपकरण खरिदको लागत अनुमान तयार गर्दा महानगरपालिकाले खरिद गर्ने उपकरणको स्पेशिफिकेशन तयार गरी सोहि स्पेशिफिकेसन बमोजिम विभिन्न ३ आपुर्कितासंग दररेट माग गरी लागत अनुमान तयार गरेको देखिन्छ । सोहि लागत अनुमान अनुसार वोलपत्र

आह्वान गरिसकेपछि महानगरपालिकाले स्पेशिफिकेशनमा परिवर्तन गरेको देखिन्छ । स्पेशिफिकेशनमा भएका परिवर्तनका केहि उदाहरण निम्नानुसार छन् ।

| Eqipment | Existing specification | Amendedt specification |
|---|---|---|
| Ultrasound therapy unit ( Double Head) ( ९ वटा विषयमा परिवर्तन गरेको) | Double head ultrasound therapy unit | single head ultrasound therapy unit |
| | It should have 5" or more LCD touch screen | It should have digital display |
| | System should have more than 30 customer.............. | Removed |
| | Should have patient initiative interrupt switch | Removed |
| Muscle Stimulator, Electrical ( ४ विषयमा परिवर्तन गरेको) | It should have a full range of therapy programs with 30 or more preset and customer program | It should have at least 8 preset program |
| | System shall have patient initiative interrupt switch as a standard configuration | Removed |
| Interferential Therapy, Mobile trolly ( ४ विषयमा परिवर्तन गरेको ) | It should have adjustable treatment times ranging from 1 to 90 minutes or better | It should have adjustable treatment times ranging from 6 to 60 minutes or better |

यसरी लागत अनुमान तयार गर्दा स्पेशिफिकेशनमा परिवर्तन गरी धेरै विशेषताहरूमा हटाएको र कम गराएकोमा सो ले लागतमा पर्ने फरकको विश्लेषण गरेको छैन । जसले गर्दा बढीको लागत अनुमान तयार भएको देखिन्छ । साथै यसरी स्पेशिफिकेशनमा परिवर्तन गर्नुपरेको कारण समेत खुलाएको देखिएन ।

• सप्लायर्शले पेश गरेको विवरण अनुसार खरिद भएका सामग्रीहरू महानगरका ३२ वटै वडामा जडान गर्नुपर्नेमा वडा नं ४,१६,२४ र २५ मा वडा कार्यालय भवन सम्पन्न नभएको कारण जडान नभएको वडा नं २.१७,२० र २९ मा प्रयाप्त स्थान नभएकोले ट्रली वडामा लैजान बाँकी रहेको र वडा नं. ३,५,६,८,९,१०,११,१२,१३, १५, १८,२२,२३,२६,२७,२८, ३१ र ३२ मा उक्त उपकरण जडान गर्न बाँकी भएको देखिन्छ ।यसरी अधिकांश वडामा समग्री जडान नै नभएको, केहि वडामा सामग्री दाखिला नभएको अवस्थामा समेत भुक्तानी दिएको देखिन्छ । महानगरपालिकाले सबै वडाहरूमा सामग्री जडान भएको प्रमाण पेश गर्नुपर्दछ ।

११७ **सफ्टवेयर निर्माणः-**

महानगरपालिकाबाट खरिद भएका सफ्टवेयरहरू कार्यान्वियनमा ल्याउनु पर्दछ । लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा यस वर्ष महानगरपालिकाबाट निम्नानुसार सफ्टवेयर खरिद गरेको देखिन्छ तर उक्त सफ्टवेयरहरू कार्यान्वियनमा आएको देखिएन ।

| सफ्टवेयरको नाम | सफ्टवेयरको प्रयोजन | परामर्शदाता | रकम | कैफियत |
|---|---|---|---|---|
| Electronic Medical Research ( EMR) software | स्वास्थ्य विमा कार्यक्रम संचालनको लागि | एअर प्रो प्रा.ली. | ४९७२७१/- | |
| Smart Road Design Software | सडको लागत अनुमान तयार गर्न,निर्माण गर्न तथा सो को अनुगमन गर्न | स्मार्ट टेक सोलुसन प्रा.ली | ४७७५०५/- | कार्यान्वियनमा नआएको |
| Health Information management system | स्वास्थ सम्बन्धि विवरण | प्रोएक्टिभ डेभलपर्श एण्ड विजनेश सोलुसन प्रा.ली | ४७५७३०/- | कार्यान्वियनमा नआएको |
| Contractual Income management System | अनुवन्धात्मक आयलाई व्यवस्थित गर्न | हिमालयन इन्स्टिच्युट एण्ड प्रा.ली. | ४८७०३०/- | कार्यान्वियनमा नआएको |
| पार्किङ् व्यवस्थापन प्रणाली | महानगरभित्रको ट्राफिक व्यस्थापन गर्न | अपकोड नेपाल | ४८३६४०/- | कार्यान्वियनमा नआएको |

Smart Road Design Software को परामर्शदाता र महानगरपालिका विच भएको सम्झौता अनुसार सफ्टवेयरको युजार म्यानुअल तयार गर्नुपर्ने, १ दिनको तालिम दिनुपर्ने उल्लेख भएकोमा सो गरेको पाइएन । उक्त सम्झौताको product ownership and usage condition मा the software and service made available to the first party is the subject of copyright, and the original

copyright owner (Smart solution pvt.ltd) retains the ownership of the software. The second party does not transfer any ownership उल्लेख भएको देखिन्छ । यसरी महानगरपालिकाले खरिद गरेको सफ्टवेयरको ownership महानगरपालिकामा नआउने गरी सम्झौता गरेको उपयुक्त देखिदैन । महानगरपालिकामा ownership नआएको/सोर्स कोड, लाइसेन्स प्राप्त नगरेको अवस्थामा सफ्टवेयरलाई आवश्यक अनुसार परिवर्तन गर्न, सुरक्षा परीक्षण गर्न र भविष्यमा हुने समस्याहरू समाधान गर्न नसकिने हुन्छ । अन्य सफ्टवेयरको पनि सोर्स कोड लिए नलिएको यकिन गर्नुपर्दछ । सरकारी सफ्टवेयरको सुरक्षा र पारदर्शिता सुनिश्चित गर्न र दिगो व्यवस्थापनको लागि सफ्टवेयरको लाईसेन्स/सोर्सकोड अनिवार्य लिनु पर्दछ ।

११८ **अधुरो कार्य स्वीकारः-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(२) मा निर्माण कार्यको हकमा कम्तिमा ९० प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरूप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा कार्य स्वीकार गरी कार्य स्वीकार प्रतिवेदन जारी गर्न सकिने उल्लेख छ । महानगरपालिकाले न्यूप्लाजा काठमाडौं सडक तथा ढल निर्माण कार्यको लागि निर्माण व्यवसायी के.वि.के. कन्स्ट्रक्सन प्रा. लि. सँग २०७९/४ /१५ मा रू. ९९७२३१९/०३ को ठेक्का सम्झौता गरेकोमा निर्माण व्यवसायीले रू. ७३७७१९२/२६ को कार्यसम्पादन गरी अन्तिम विल भुक्तानी लिएको छ । उक्त कार्य सम्पादन सम्झौता रकमको ७४.९ प्रतिशत मात्र रहेको छ । महानगरपालिकाले निर्माण व्यवसायीबाट सम्झौता बमोजिमको कार्य पुरा नगराई अधुरो कार्य स्वीकार गरी भुक्तानी दिएको र बाँकी काम सम्पन्न गर्न थप पहल गरेको देखिएन साथै काम अधुरै अवस्थामा छोड्नुको प्राविधिक पुष्ट्याँई गरेको पाइएन । उचित प्राविधिक पुष्ट्याँई तथा भेरियसन आदेश वेगर रू. २५९५१२७/७७ ले घटी कार्य परिमाण स्वीकार गरेको नियमसम्मत नदेखिएको रू....

| | |
|---|---|
| अनियमित भएको | २५,९५,१२८ |

११९ **प्रतिफलविहिन खर्चः-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा महानगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी अन्तर सम्बन्धित विषयलाई ध्यान दिनु पर्ने उल्लेख छ । महानगरपालिकाले रू. ११६०७३९७८/- लागत अनुमान रहेको रानी पोखरी व्यूटिफिकेसन कार्य गर्न निर्माण व्यवसायी वर्ल्डवाइड/कँडेल/के एण्ड के.जी. जेभीसँग रू. ६२९०४३५३/२१ मा ठेक्का सम्झौता गरेको थियो । उक्त ठेक्का २०७३/७/३० कार्य सम्पन्न गर्नुपर्ने गरी २०७३/१ /१४ मा सम्झौता भएको थियो । रानी पोखरी पुरातात्विक महत्वको सम्पदा भएको र २०७२ सालको विनाशकारी भुकम्पले क्षति पुर्‍याएको संरचना भएकोले संघीय सरकारको निर्णय अनुसार निर्माण व्यवसायीद्वारा निर्माण कार्य भैरहेको अवस्थामा राष्ट्रिय पुननिर्माण प्राधिकरणबाट बन्दै गरेको संरचना भत्काई २०७४/१२/२३ मा महानगरपालिकाबाट एक पक्षीय रूपमा उक्त ठेक्का अन्त्य गर्न लगाई प्राधिकरणबाट उक्त कार्य सम्पन्न भएको छ । ठेक्का अन्त्यको विरूद्ध निर्माण व्यवसायीले अदालतमा रिट हालेको र त्यसको फैसलामा अदालतले ठेकेदारबाट सम्पादन भएको कामको भुक्तानी दिनुपर्ने आदेश बमोजिम महानगरपालिकाले अन्तिम विल रू. १३५८८८०३/६४ मिति २०८०।५।१९ मा भुक्तानी गरेको छ। निर्माण व्यवसायीलाई यो रकम समेत रू ३६६२८१०४/६४ भुक्तानी भएको छ । नेपाल सरकारसँग समन्वय नगरी पुरातात्विक महत्वको र भुकम्प प्रभावित संरचना निर्माण गर्दै गर्दा संरचना भत्काउनु पर्ने स्थितिको सृजनाले महानगरपालिकाले लगाएको ठेक्कामा भुक्तानी भएको रकम प्रतिफल विहिन बन्न गएको छ ।

१२० **रितपूर्वकको कर विजकः-** (१८६९-२०८१-३-२१):

मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ ।आन्तरिक राजस्व विभागको २०६५।७।१० को परिपत्रमा मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले हरेक वर्ष बीजकको क्रम संख्या १ बाट सुरू गर्नु पर्ने र कर बीजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । प्रोइक्टिभ डिभलपर्श एण्ड विजनेश प्रा.ली (६०९६५९८३८) लाई हेल्थ इन्फरमेशन म्यानेजमेन्ट सफ्टवेयर निर्माणबापत रू ४७५७३०/- भुक्तानी गरेकोमा निजले

पेश गरेको कर विजक नं ०६९ मा केरमेट गरेको देखिएकोले भुक्तानी भएको मूल्य अभिबृद्धि कर रकम रू ५४७३०/- को कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू........

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५४,७३० |

१२१ **बोलपत्र मूल्याङ्कनः-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ मा सार्वजनिक निकायलले वोलपत्र आवह्वान गर्नु आधि सार्वजनिक निकायले वोलपत्र सम्बन्धी कागजात तयार गर्नुपर्ने, बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रको लागि दिनुपर्ने जमानत रकम, किसिम, मान्य ढाँचा र अवधि खुलाउनुपर्ने उल्लेख छ । महानगरपालिकाले एकलटारमा सडक निर्माण कार्यको लागि रू ४७५०२४९/९३ को लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गरेकोमा दृष्टान्त कन्स्ट्रक्शनको रू ४०६२१६२०/६६ बो बोलपत्र स्विकृत गरेको छ । वोलपत्र मूल्याङ्कन प्रतिवेदन मा सो भन्दा कम मूल्य कवोल गर्ने कैलाशपति निर्माण सेवा एण्ड सप्लायर्शले पेश गरेको Bid security ढाँचामा नभएको, Bid security मा IFB No 18-88 NCBW-079-80-PWD-KMC हुनुपर्नेमा 18-88 NCBW-079-080-PWD-KMC उल्लेख गरको कारण IFB नम्बर नमिलेको उल्लेख गरी उक्त बोलपत्र सारभुतरूपमा प्रवाभग्राही नभएको उल्लेख गरेको छ । सो सम्बन्धमा निज वोलपत्रादातले पेश गरेको Bid security हेर्दा वोलपत्र सम्बन्धी कागजातमा स्विकृत ढाँचामा भएकोमा समेत आर्थिक वर्ष लेख्दा Format फरक भएको सामान्य कारण देखाएर मात्र आस्विकृत गरिएको कारण गर्दा रू १०९२०६/१९ बढीको वोलपत्र स्वीकृत गरेको उचित देखिदैन । सोहि ठेक्कामा सम्झौता पछि निर्माण व्यवसायीले पेश गरेको रू १८७०००/- को कृषि विकास बैंकले जारी गरेको कार्यसम्पादन जमानत स्वीकार गरेको देखिन्छ ।

१२२ **अध्ययन अनुसन्धानः-**

महानगरको स्वर्णिम योजना अन्तर्गत अध्ययन अनुसन्धानबाट प्राप्त नतिजाको आधारमा भविष्यमा काठमाडौ महानगरपालिकाको स्वास्थ्य सम्बन्धी नीति निर्माणमा सहयोग गर्न ‘महानगरभित्रका रोगहरुको अवस्था र प्रमुख कारण’ अध्ययन अनुसन्धानको लागि रु. २० बजेट विनियोजन भएकोमा त्रिभुवन विश्वविद्यालय, जनस्वास्थ्य केन्द्रिय विभागका सह प्रध्यापक डा.विष्णु प्रसाद चौलागाईलाई रु. २० लाख भुक्तानी भएको छ। सो सम्बन्धी देखिएका व्यहोरा निम्न रहेका छन्

(१७८१-२०८१-३-१६):

• काठमाडौ महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १८ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । महानगरपालिकाले अध्ययन अनुसन्धानको लागि लागत अनुमान तयार नगरी सोझै विनियोजित बजेटकै आधारमा सम्झौता गरेको छ । नियमावलीको पालना हुनुपर्दछ ।

• सम्झौताको शर्त नं ११ मा अध्ययन अनुसन्धान सम्पन्न भै सकेपछि तयार गरिएको प्रतिवेदनको साथै विल विजक सहित विभागमा बुझाएपछि मात्र अन्तिम किस्ताको रकम भुक्तानी दिने उल्लेख भएकोमा सम्झौता अनुसार बिल बीजक पेश गरेको पाइएन ।

• अनुसन्धान कर्ताको कार्यक्षेत्रगत शर्त (TOR) को बुँदा नं १३ मा Publish the research report in relevant journal and on the central department उल्लेख भएकोमा उक्त प्रतिवदन प्रकाशन भएको प्रमाण संलग्न गरेको छैन।

• सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२ (१) अनुसार सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्न पर्ने व्यवस्था छ । साथै नियम १२ (४) अनुसार परामर्श सेवा र अन्य सेवाको लागत अनुमान अनुसुची - १ क को ढाँचामा तयार गर्नुपर्ने व्यवस्था छ । उक्त ढाँचामा जनशक्तिको पारीश्रमिक, भ्रमण वसोबास लगायतका सोधभर्ना हुने खर्च र तालिम गोष्ठी, छपाई लागायत जोडेर जम्मा आउने खर्चमा कार्यालयको व्यवस्थापन खर्च ४ प्रतिशत जोडेर लागत अनुमान तयार गर्ने व्यवस्था अनुसार परामर्शदातालाई ओभरहेड जोडेर दिन नमिल्ने देखिन्छ । यो अध्ययन अनुसन्धानको लागि परामर्श सेवाको लागत अनुमान तयार नगरेको भएतापनि पेश गरेको रू २००००००/- को खर्च विवरणमा रू २०००००/- ओभरहेड खर्च उल्लेख गरेको देखिएकोले दिन नमिल्ने ओभरहेड रकम असुल हुनुपर्ने रू......

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,००,००० |

१२३ **म्याद थपः-**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम सम्झौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरू उपलब्ध गराए नगराएको जस्ता कुराहरूको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरूको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही वेहोरा दोहोरिने गरेको छ । निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले सम्झौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । महानगरपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष निम्नानुसार ३७ योजनाको म्याद थप भएकोमा २२ योजनामा शुरू अवधिको ५० प्रतिशत, १० योजनामा ५१ देखी १०० प्रतिशत र ५ योजनामा १०० प्रतिशत भन्दा बढी अवधि थप भएको देखिन्छ ।

| क्र.सं | योजनाको नाम | वडा | निर्माण व्यवसायी/उपभोक्ता समिति | सम्झौता रकम रू हजारमा | म्याद थप | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | शुरु अवधिको ५०% सम्मथप | शुरु अवधिको ५१देखि १००% सम्म थप | शत प्रतिशतभन्दाबढी थप |
| १ | नक्सालभगवती मन्दिर नागपोखरीसम्मको फूटपाथ स्तरोन्नती गर्ने कार्य | १ | Sahasrara Consturction Pvt.Ltd. | 5241.60 | √ | | |
| २ | गैह्रीगाउंगल्ली, खाडी बस्ती मार्ग र सुन्दर नगर मागको सहायक बाटो र चांदनी मार्ग, तिलिङ्गतार मार्ग र जलधारा मार्गमा सडक स्तरोन्नती गर्ने कार्य | ३ | Kandel- Durpana JV | 61997.97 | √ | | |
| ३ | श्रृजनशिलटोलबाट धापासी जोड्ने सडक कालो पत्रे गर्ने कार्य | ३ | Pashupatinath Construction | 41836.47 | √ | | |
| ४ | बालुवाटारक्षेत्रमा फूटपाथ निर्माण कार्य | ४ | Kalika Builders | 61010.29 | √ | | |
| ५ | रामहिटीओरालोमा रहेको साहित्य सदन भवन विकास | ६ | ;'gsf]zL -k\|lhn h]=eL= | 40358.99 | | √ | |
| ६ | बुद्धसमाज सेवा केन्द्र भवन निर्माण, रामहिटी | ६ | Mountain,Kanchhaman JV | 23404.76 | | √ | |
| ७ | सामुदायिकहित सेवा समिति गोपिकृष्ण नगर अन्तर्गत रहेको खुल्ला क्षेत्रमा बहु उद्देश्यपार्क निर्माण गर्ने र शिव पान्चायान मन्दिरमा स्थल भजन मण्डल पुनःनिर्माण-(पार्क र शिव पंचायन भजन घर पुनः निर्माण गर्ने ,सरस्वती नगर,वडा नं ७) | ७ | Design Point Pvt.Ltd & Vision Engg.Const.Pvt.Ltd. | 33220.84 | | | √ |
| ८ | जयवागेश्वरीमार्गस्थित सिफल सेतो ढोकादेखि जयवागेश्वरी चोकसम्मको सडकमा ढुंगा छाप्ने कार्य | ८ | /fn'sf b]jL lgdf{0f ;]jf | 11437.02 | √ | | |
| ९ | ८वडा कार्यालयभवन निर्माण | ८ | O.S.Engineering Nirman Sewa Pvt.Ltd. | 29832.16 | | | |
| १० | पशुपतिमन्दिर परिसरभित्र खानेपानी तथा सरसफाई योजना सञ्चालन | ८ | Kandel-Indreni-The Supreme JV | 34248.55 | √ | | |
| ११ | गौशालादेखिपुरानो बानेश्वरसम्म ढल तथा सडक निर्माण गर्ने कार्य | ९ | Sugam Engineering and Construction | 37397.95 | √ | | |
| १२ | नारायणेश्वरमार्ग र मनकामना मार्गमा सडक स्तरोन्नति गर्ने कार्य | १० | JKD Construction | 13069.53 | √ | | |
| १३ | बागदरबारपरिसरभित्र ११ वडा कार्यालय भवन निर्माण | ११ | RS lgdf{0f ;]jf | 50727.60 | √ | | |
| १४ | ह्यूमतखोल्चा पाखा, ह्यूमतदेखि लगनसम्म सडक मर्मत | १२ | R.B. Builders | 15878.33 | √ | | |
| १५ | ट्रास्फरमार्ग, विष्णुमती करिडोरमा हरियाली पार्क निर्माण गर्ने कार्य | १२ | Mountain Baglamukhi JV | 25568.54 | √ | | |
| १६ | चक्खुमार्ग सडक निर्माण कार्य | १३ | cDa'hf s+ k\|f=ln= | 2910.84 | | √ | |
| १७ | सुनगाभाहोम्स लचना वौद्धिक उत्थान केन्द्र भवन | १५ | Three D.I. Construction | 10220.62 | | √ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निर्माण कार्य | | | | | | |
| १८ | एराहिटीबनस्थली देखि स्वयम्भु भगवान पाउ सम्म पिच गर्ने | १६ | Dristanta Construction Pvt.Ltd. | 7056.04 | √ | | |
| १९ | महादेवखोला किनारको कोरिडोर र टौडोल शितला उच्च मा.वि. देखि भित्रि टौडोल मार्ग हुँदैसिमाना श्री एकता मार्गसम्मको बाटो पिच गर्ने कार्य | १६ | The Supreme Nirman Seswa Pvt.Ltd. | 30710.79 | √ | | |
| २० | १६वडा कार्यालय भवन निर्माण | १६ | uf}/L kfj{tL÷s]=P08 s]hL÷/ldtf h]=eL= | 75322.64 | | √ | |
| २१ | बालाजुपार्क विकास तथा स्विमिङ पुल पुनःनिर्माण कार्य | १६ | kz'klt gfy sG:6«S;g\ | 67472.52 | √ | | |
| २२ | छत्रपाटीदेखि थँहिटिसम्म सडक स्तरोन्नति | १७ | B. R. Builders | 15932.49 | √ | | |
| २३ | ईन्द्यणमार्ग, कुश्लेचौर मार्गमा ढल तथा सडक निर्माण गर्ने कार्य | १७ | Drabya Engineering Solution Pvt.Ltd. | 8031.53 | √ | | |
| २४ | २०वडा कार्यालय भवन निर्माण | २० | l;=Pd= zj{zlQm h]=eL= | 36275.63 | | √ | |
| २५ | युतुननीत्वा संगै रहेको चोकमा इनारमा रिङ राख्ने र ईट्टा छाप्ने कार्य | २१ | JK Shah Construction Company Pvt.Ltd. | 3603.19 | √ | | |
| २६ | नेपालआदर्श विद्यालय परिसरमा बहुउद्देश्यीय भवन निर्माण | २२ | Green street construction and Engineering Pvt.Ltd | 13972.10 | | √ | |
| २७ | येंदेय् साँस्कृतिक छें निर्माण धर्मपथ (बहुवर्षे योजना) | २२ | Samanantar-Reli gare JV | 272803.30 | | | √ |
| २८ | देबुमार्गको सहायक बाटो, बाल कुमारी मार्ग , दक्षिणकाली मन्दिर, कुमारी कृपा मार्गमासडक निर्माण कार्य | २६ | b ;'lk\|d - O{Gb\|0fL O{Gk\|mf:6«Sr/ k\|f=ln= | 16049.88 | | | √ |
| २९ | सिंहदरबारदेखि भद्रकालीसम्म सौन्दर्यीकरण गर्ने कार्य | २८ | JKD Construction | 5347.61 | √ | | |
| ३० | प्रदर्शनीमार्गमा फूटपाथ निर्माण गर्ने कार्य | २८ | Bhuwaneshwari- Red Earth JV | 29843.67 | √ | | |
| ३२ | घट्टेकुलोमार्ग गुफापोखरी मार्ग लगायतमा ढल तथा बाटो निर्माण कार्य | २९ | ho>L dxfnIdL dlN6kkf]{h sDkgL k\|f=ln= | 14378.72 | | √ | |
| ३३ | २९वडा कार्यालय भवन निर्माण | २९ | s]=P08 s]=lh= sG:6«S;g\ s=k\|f=ln÷/ldtf= | 45288.33 | | | √ |
| ३४ | पद्मकन्या विद्याश्रम मा. वि. परिसरमा Multipurpose Hall निर्माण | २९ | K.B.Sons Construction and Suppliers | 6584.37 | √ | | |
| ३५ | ३१वडा कार्यालय भवन निर्माण | ३१ | k\|fs[lts kjg h]=eL= | 46748.05 | | | √ |
| ३६ | Construction of Toilet Block in various Schools at Tangal, Pashupati, Balapith, Sahid Sukra, Panchakanya, Koteshwor Sarswoti, Kamal Low, Mahendra Boudha, School | | JSS Engineering Service | 23518.34 | | √ | |
| ३७ | तिनकुनेदेखि गौशालासम्म फूटपाथ निर्माण कार्य | | K &KG -The Cosmic JV | 65749.38 | | √ | |

१२४ **सोझै खरीदः-**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले बस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी र टुक्रा टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रू १० लाख सम्मको मालसमान खरीद कार्य सोझै गर्न सकिने, नियम ८४ मा रू १० लाख भन्दा माथि रू २० लाख सम्म सिलवन्दी दरभाउ पत्रबाट र सो भन्दा माथि वोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था छ । यस वर्ष महानगरपालिकाले कार्यालय सामान,फर्निचर फिक्स्चर्श, मेसिनरी औजार, कम्प्यूटर सामाग्री, स्टेशनरी सामान, मर्मत सामान जस्ता विभिन्न प्रकृतिका सामान सुविधाका आधारमा सोझै खरिद गरी भुक्तानी गर्ने गरेको पाइयो । माग आवश्यकता पहिचान गरी खरिद योजनामा समावेश गराई प्रतिस्पर्धी विधिबाट खरिद गर्न सकिने कार्य समेत एकै प्रकृतिका काम टुक्रा टुक्रा गरी प्रतिस्पर्धा सिमित हुने गरी सोझै खरिद विधिद्वारा खरिद गरेको देखिन्छ । वार्षिक खरिद योजना प्रभावारी रूपमा कार्यान्वियन गरी प्रतिस्पर्धाबाट खरिद गर्नु पर्ने देखेन्छि । महानगरपालिकाले निम्न फर्म सँग कार्य तथा मालसामान खरिद गर्दा सोझै खरिद कार्य रू. ४५५७२६४७/८७ भुक्तानी गरेको छ । एकै किसिमका कार्यलाई टुक्रा पारी पटक पटक खरीद गर्ने कामलाई नियन्त्रण गर्नु पर्छ ।

| क्र.सं | गो.भौ.नं. र मिति | भुक्तानी पाउने फर्म | विवरण | भुक्तानी रकम रू |
|---|---|---|---|---|
| १ | ३१-०८०/०५/०८ | एस.डि इन्टरनेशनल ट्रेडर्स | फर्निचर तथा फिक्चर्स खर्च | ९७८०१५/- |
| २ | ३३-०८०/०५/०८ | के के एस मेटल एण्ड उड फर्निचर | फर्निचर तथा फिक्चर्स खर्च | ९८२६४८/- |
| ३ | ३४-०८०/०५/०८ | माहाकाली ट्रेडर्स एण्ड सप्लायर्स | फर्निचर तथा फिक्चर्स खर्च | ९८६८१७/- |
| ४ | ३७-०८०/०५/०८ | अदवैत स्टोरस प्रा.लि. | फर्निचर तथा फिक्चर्स खर्च | ९८६२०७/५० |
| ५ | ३८-०८०/०५/०८ | विकास एण्ड ब्रदर्श सप्लायर्स | फर्निचर तथा फिक्चर्स खर्च | ९८९४८४/५० |
| ६ | १०४-०८०/०५/२६ | यलेक्स इन्टरनेशनल सप्लायर्स | फर्निचर तथा फिक्चर्स खर्च | ९८७७६१/२५ |
| ७ | २५३-०८०/०६/२६ | एन.एस. स्टील फर्निचर सेन्टर | फर्निचर तथा फिक्चर्स खर्च | ९८१४०५/- |
| ८ | २६५-०८०/०६/२६ | के के एस मेटल एण्ड उड फर्निचर | फर्निचर तथा फिक्चर्स खर्च | ९८११२२/५० |
| ९ | २८५-०८०/०६/२९ | काल भैरव ट्रेडिङ | फर्निचर तथा फिक्चर्स खर्च | ९८२०३७/- |
| १० | ३७३-०८०/०७/०१ | आर डि आर ट्रेड सप्लायर्स | फर्निचर तथा फिक्चर्स खर्च | ९९५०२१/५० |
| ११ | ३८४-०८०/०७/०१ | सागर एण्ड ब्रदर्श | फर्निचर तथा फिक्चर्स खर्च | ९७५४७२/५० |
| १२ | ३८५-०८०/०७/०१ | म्यट्रिक्स एण्ड कार्पेट कलेक्स्न | फर्निचर तथा फिक्चर्स खर्च | ९८७१७९/३० |
| १३ | ४४०-०८०/०७/०३ | लक्की.ए.एस.ईन्टरप्राइजेज | फर्निचर तथा फिक्चर्स खर्च | ९६८६४५/०४ |
| १४ | ४७२-०८०/०७/१७ | वाटर सोलुसन एण्ड होम एप्लायन्स प्रा.लि | फर्निचर तथा फिक्चर्स खर्च | ९२९९९०/- |
| १५ | ४७३-०८०/०७/१७ | सुप्रिम ईन्द्रेणी ईक्यूप्मेन्ट्स एण्ड सप्लायर्स प्रा.लि. | फर्निचर तथा फिक्चर्स खर्च | ९१४१७०/- |
| १६ | ४७५-०८०/०७/१७ | डाइमण्ड डेकोर एण्ड फर्निचर | फर्निचर तथा फिक्चर्स खर्च | ९६१०६५/- |
| १७ | ७२५-०८०/०९/१६ | के.बि. सक्सेस कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | फर्निचर तथा फिक्चर्स खर्च | ९७३७५४/९० |
| १८ | ७६३-०८०/०९/२४ | मिलन फर्निचर सेन्टर | फर्निचर तथा फिक्चर्स खर्च | ९८७२४४/५० |
| १९ | ८९८-०८०/१०/२५ | विकास एण्ड ब्रदर्श सप्लायर्स | फर्निचर तथा फिक्चर्स खर्च | ९५०१६०/५० |
| २० | ८९९-०८०/१०/२५ | सम्राट फर्निचर एण्ड जनरल सप्लायर्स | फर्निचर तथा फिक्चर्स खर्च | ९०८१८१/- |
| २१ | ११०५- २०८०/१२/०८ | राज ट्रेरडिंग कर्न्सन | फर्निचर तथा फिक्चर्स खर्च | ९८५०००/- |
| २२ | १२६५-२०८१/०१/०९ | भुबनेश्वरी ट्रेड कन्सर्न | फर्निचर तथा फिक्चर्स खर्च | ९७३१५६/- |
| २३ | १२७४-२०८१/०१/१० | एट्र्याक्टिभ फर्निचर एण्ड इन्टेरियर प्रा. लि. | फर्निचर तथा फिक्चर्स खर्च | ९६०४०९/६ |
| २४ | १४९२- २०८१/०२/१७ | सि.आर.पी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | फर्निचर तथा फिक्चर्स खर्च | ९५०९२८/९० |
| २५ | १५२९- २०८१/०२/२५ | गोस्पेल कन्स्ट्रक्सन सर्भिसेज प्रा.लि | फर्निचर तथा फिक्चर्स खर्च | ९९०२२५/७८ |
| २६ | २०२९- २०८१/०३/२४ | जे.एण्ड.एस. स्पेश डिजाइनिङ्ग प्रा.लि. | फर्निचर तथा फिक्चर्स खर्च | ९५७६७५/५० |
| २७ | २०४३-२०८१/०३/२४ | काठमाण्डौ एयर कण्डिसन सर्भिस सेन्टर | फर्निचर तथा फिक्चर्स खर्च | ९८२९१९/२० |
| २८ | ४६३- २०८०/०७/१४ | यादव रेफ्रिजेरेशन एण्ड इलेक्ट्रिकल पसल | ल्यापटप, कम्प्युटर / प्रिन्टर लगायत अन्य विधुतीय सामग्री खरिद | ९६४३४२/- |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २९ | ५४३-२०८०/०७/२४ | अदिप्त सप्लायर्स | ल्यापटप, कम्प्युटर / प्रिन्टर लगायत अन्य विधुतीय सामग्री खरिद | ९४०७२५/- |
| ३० | ५४४-२०८०/०७/२४ | युनिशा एयर कन्डिसन सर्भिस | ल्यापटप, कम्प्युटर / प्रिन्टर लगायत अन्य विधुतीय सामग्री खरिद | ९११२३२/- |
| ३१ | ६१६-२०८०/०८/१८ | वाइस धारा सप्लायर्स | ल्यापटप, कम्प्युटर / प्रिन्टर लगायत अन्य विधुतीय सामग्री खरिद | ९९२२५३/- |
| ३२ | ६२२-२०८०/०८/२० | वाइस धारा सप्लायर्स | ल्यापटप, कम्प्युटर / प्रिन्टर लगायत अन्य विधुतीय सामग्री खरिद | ९९२२५३/- |
| ३३ | ७६४-२०८०/०९/२४ | कोर कम्प्यूटर सेन्टर | ल्यापटप, कम्प्युटर / प्रिन्टर लगायत अन्य विधुतीय सामग्री खरिद | ९८२७६१/- |
| ३४ | ७६६-२०८०/०९/२४ | स्टारवय इन्फोसिस | ल्यापटप, कम्प्युटर / प्रिन्टर लगायत अन्य विधुतीय सामग्री खरिद | ९७५६१३/८० |
| ३५ | ७६७-२०८०/०९/२४ | सनसाईन स्मार्ट टेक्नोलोजी कम्पनी प्रा.ली. | ल्यापटप, कम्प्युटर / प्रिन्टर लगायत अन्य विधुतीय सामग्री खरिद | ९८०२७५/- |
| ३६ | ७६८-२०८०/०९/२४ | शिवान्स आई टि ट्रेडिङ्ग | ल्यापटप, कम्प्युटर / प्रिन्टर लगायत अन्य विधुतीय सामग्री खरिद | ९७०६७०/- |
| ३७ | ७७०-२०८०/०९/२४ | द बेष्ट कम्प्यूटर हाउस | ल्यापटप, कम्प्युटर / प्रिन्टर लगायत अन्य विधुतीय सामग्री खरिद | ९८१९१३/५० |
| ३८ | ९२०-२०८०/०६/२६ | रोज घिसिङ विल्डर्स एण्ड सप्लायर्स प्रा.लि | मसलन्द तथा कार्यालय मालसामान खरिद | ९७५४९५/१० |
| ३९ | ९५७- २०८०/०६/२९ | श्वेत काली छापाखाना | मसलन्द तथा कार्यालय मालसामान खरिद | ९२७६१७/- |
| ४० | १७८६- २०८०/०९/११ | डिम्बापुर मल्टी प्रपोज प्रा.लि | मसलन्द तथा कार्यालय मालसामान खरिद | ९०४६८२/८० |
| ४१ | १९०३- २०८०/०९/१६ | उमा एण्ड कम्पनी प्रा.लि. | मसलन्द तथा कार्यालय मालसामान खरिद | ९८७६४२/६० |
| ४२ | १९०४- २०८०/०९/१६ | मनकामना इन्फ्रास्ट्रक्चर प्रा.लि. | मसलन्द तथा कार्यालय मालसामान खरिद | ९७८३०३/१५ |
| ४३ | २९०७-२०८०/११/१६ | श्रीयम ट्रेडिङ्ग एण्ड सप्लायर्स प्रा.लि. | मसलन्द तथा कार्यालय मालसामान खरिद | ९९७४७४/०० |
| ४४ | ४६७२- २०८१/०२/१६ | न्यू उत्सव ट्रेड कन्सर्न | मसलन्द तथा कार्यालय मालसामान खरिद | ९८३०५४/८० |
| ४५ | ५७३६- २०८१/०३/१९ | एस.एन.ग्लोबल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | मसलन्द तथा कार्यालय मालसामान खरिद | ९७५५२३/३५ |
| ४६ | ५९८८- २०८१/०३/२१ | एस डी सप्लायर्स एण्ड डेकोर | मसलन्द तथा कार्यालय मालसामान खरिद | ९५८६४१/१५ |
| ४७ | १५२३- २०८०/०८/१८ | एन एन एस इन्टरप्राइजेज | मसलन्द तथा कार्यालय मालसामान | ९८५४७८/६५ |

| | | | | |
|---|---|---|---|---|
| | | | खरिद | |
| | | | **जम्मा रू** | **४५५७२६४७/८७** |

नोटः माथि उल्लिखित विवरण पालिकाको शुत्र प्रणालीबाट रू ९ लाख भन्दा माथी रू १० लाख सम्मको खरिदलाई लिइएको छ ।

१२५ **रितपूर्वकको कर वीजकः-** (२८०-२०८१-३-२४):

मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर वीजक दिनुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व विभागको २०६५।७।१० को परिपत्रमा मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले हरेक वर्ष बीजकको क्रम संख्या १ बाट सुरू गर्नु पर्ने र कर बीजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । महानगरपालिका अन्तर्गतका विभिन्न सडक निर्माण कार्यको लागि जय धनन्जय कँडेल जे.भि संग २०७७।५।३१ मा सम्झौता गरी मिति २०८१।३।२४ मा अन्तिम विल भुक्तानी गर्दा उक्त जे.भि.(प्यान नं ६१२१५२९४०) ले पेश गरेको कर विजकमा विजक नं केरमेट गरेको, विजक नं ०३ लाई हातले सच्याएर ०१ गराएको देखिएको र जे.भि. प्यान दर्ता २०७६।६।१४ अर्थात सम्झौता भन्दा १ वर्ष अगाडि नै दर्ता भएको देखिएकोले निजलाई भुक्तानी भएको मु.अ.कर रू १९७०८३५/- को मु.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रू............

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,७०,८३५ |

१२६ **प्रधानमन्त्री रोजगार कार्यक्रमः-**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ को बुदा नं ७ मा सडक, खानेपानी, ढल व्यवस्थापन, सिचाई, उर्जा सहरी विकास, शिक्षा, स्वास्थ्य, कृषि सुचना, पुनःनिर्माण वा रोजगार सृजना हुन सक्ने अन्य क्षेत्र तथा यी बाहेक नीजी तथा सहकारी क्षेत्रमा समेत सम्बन्धित क्षेत्रको सहकार्यमा रोजगारी सिर्जना गरी रोजगारीको सुनिश्चितता गर्नुपर्ने उल्लेख छ । महानगरपालिकाले यो वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रमका १९ योजनामा रू १,३०,३२,७१७।- खर्च लेखेको मध्ये देहायका कार्यक्रममा कार्यालय प्रयोजनमा काम लगाई खर्च लेखेको देखिन्छ । महानगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्यालय सहयोगीको कार्यरत दरबन्दी ६१३ रहेको र उक्त काम कार्यालय सहयोगीबाट नगराई प्रधानमन्त्री रोजगार कार्यक्रममा सुचिकृत भएका व्यक्तिहरूबाट रू १४,८६,९६८/- को निर्देशिकाले तोकेको भन्दा फरक कार्य गराई भुक्तानी लेखेको रकम नियमसम्मत नदेखिएको रू.......

| क्र.स | कार्यस्थल | हाजिर दिन | ज्याला दर | रकम |
|---|---|---|---|---|
| १ | काठमाडौँ प्लाजा सरसफाई | १६०० | ६६८/- | १०६८८००/- |
| २ | राष्ट्रिय सभागृह सरसफाई | ३२८ | ६६८/- | २१९१०४/- |
| ३ | टेकु मिसिल सरसफाई | २४० | ६६८/- | १६०३२०/- |
| ४ | उप मेयर सचिवालय सरसफाई | ५८ | ६६८/- | ३८७४४/- |
| | | २२२६ | जम्मा | १४८६९६८/- |

| | |
|---|---|
| अनियमित भएको | १४,८६,९६८ |

१२७ **उपभोक्ता समिति मार्फत कार्यः-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । जसका व्यहोराहरू निम्नानुसार छन्ः-

**क. सम्झौता सम्बन्धमाः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ मा उपभोक्ता समिति सँग खरिद सम्झौता गर्दा रू ६० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिले गर्नुपर्ने योगदान

उल्लेख गर्नुपर्ने व्यवस्था उल्लेख छ तर महानगरपालिकाले रू ६० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिले गर्नुपर्ने योगदान खुलाएको देखिएन । नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

**ख. लागत सहभागिताः-** उपनियम ३ मा उपभोक्ता समिति सँग खरिद सम्झौता गर्दा निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समितिले वेहोर्ने रकम उल्लेख गर्नुपर्ने व्यवस्था भएकोमा महानगरपालिकाले सम्पदा सम्बन्धी निर्माण कार्य गराउदा कतिपय योजनामा सम्झौताको ५ प्रतिशत रकममा लागत सहभागिता रहेतापनि अधिकांश योजनामा उपभोक्ता समितिको लागत सहभागिता शुन्य देखिन्छ ।महानगरपालिकाले लागत सहभागिता हुने किसिमका योजना मात्र उपभोक्ता समिति मार्फत गराउनु पर्दछ ।

**ग. भुक्तानीको सिफारिसः-** उपभोक्ता समितिहरूमार्फत गरिएका कार्यहरूको भुक्तानी गर्दा आंशिकमा फोटोहरू संलग्न राख्ने गरेको देखियो । केहि योजनाहरूमा सम्वन्धित वडा अध्यक्षहरूको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो । फोटोहरू संलग्न गरेता पनि कार्य शुरू हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटो राख्ने गरेको देखिदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नु पर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो । सबैजसो योजनाहरूमा वडास्तरिय अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरूबाट कार्यहरू भएको छ भन्न सकिने अवस्था देखिएन ।

**घ. दायित्व सृजनाः-** बहुवर्षिय योजनाको रूपमा स्विकृत नभएका योजनाहरू वार्षिक स्विकृत कार्यक्रम अनुसार जुन वर्ष बजेट विनियोजन भएको हो सोहि वर्षमा सम्पन्न गर्नुपर्दछ । महानगरपालिकाले आ.व. २०८०।८१ को बजेट तथा कार्यक्रममा बहुवर्षिय योजनाको रूपमा स्विकृत नभएका योजनाहरू समेत अर्को आर्थिक वर्षमा सम्पन्न हुने गरी उपभोक्ता समितिसंग सम्झौता गरी उपभोक्तालाई पेश्की दिएको पाइयो । यसरी एकै वर्षमा सम्पन्न गर्नुपर्ने योजना अर्को आर्थिक वर्षलाई दायित्व सारेको र उपभोक्तालाई बैंक जमानत वेगर पेश्की दिँदा उक्त पेश्की जोखिममा पर्ने सम्भावना रहन्छ । महानगरपालिकाले वार्षिक स्वीकृत कार्यकम अनुसार सोहि आर्थिक वर्षमा कार्य सम्पन्न गर्ने गरी उपभोक्ता समितिसंग सम्झौता गर्नु उपयुक्त देखिन्छ । केहि उदाहरण निम्नानुसार छन्ः-

| आयोजनाको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम | पेश्की रकम |
|---|---|---|---|---|
| कामपा १६ अन्तर्गत विभिन्न स्थानमा ब्लक छाप्ने काम | २०८०।११।२१ | २०८१।७।३० | ७४५२२३९/५३ | २४५९०००/- |
| कुलेश्वर आवास तथा खड्का गाउँ सहायक बाटोमा ब्लक छाप्ने काम | २०८१।३।१३ | २०८१।८।३० | ७३८७२३६/८४ | २४३७०००/- |
| सामाखुसी कोरिडोरमा वाल लगाउने | २०८१।३।१८ | २०८१।७।३० | ७६७८५५३/४३ | २४०००००/- |
| कामपा २६ ठमेल क्षेत्रमा ब्लक छाप्ने काम | २०८१।२।२५ | २०८१।७।३० | ७५७७७९७/६८ | २५०००००/- |

**ङ. बीमाः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरूले रू २० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गर्दा निर्माण सामाग्री, मेशिन औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च विमा गराउनु पर्ने उल्लेख छ ।महानगरपालिकाले उपाभोक्ता समितिबाट निर्माण गरिएका रू २० लाख भन्दा माथिका सबै कार्यहरूको विमा गरेको देखिएन । सम्भावित जोखिम बहन गर्न नियमको व्यवस्था अनुसार उपभोक्ता समितिहरूले रू २० लाखभन्दा माथिको कार्यको विमा गराउनु पर्दछ ।जसका केहि उदारणहरू निम्नानुसार छन्ः-

| वडा नं. | उपभोक्ता समिति | योजना | लागत अनुमान |
|---|---|---|---|
| २६ | लैनचौर ढुङ्गेधारा मर्मत तथा संरक्षण समिति | लैनचौर स्थित ढुंगेधारा जिर्णाद्धार कार्य | २४८६२६१/- |
| १६ | बोहोराटार स्थित टावर देखि राष्ट्रपतिको घर जाने सडक | हाम्रो टोल विकास सुधार समिति | ७६८५६६५/- |
| ३ | चन्द्रवानि गल्लीमा बाटो विस्तार कार्य | सृजनशिल टोल सुधार समिति | ३८५९५३३/- |
| ८ | रावण पाटी निर्माण कार्य | लंका रावण पाटी उ.स | ६५३८७७५/- |
| ६ | सडक ढल तथा ढलान गर्ने कार्य | मेलमिलाप चारकुञ्ञा मार्ग उ.स | ७६९०७६२/- |
| ७ | कङ्केश्वरी मन्दिर परिसरको पाटीहरूको झ्यालमा आखिझ्याल बनाउने कार्य | पाटि पौवा संरक्षण उ.स | ५९८८०५५/- |
| ८ | युनिग्लोव कलेज कमलादिमा ढल तथा बाटो निर्माण | दरवार मार्ग तथा कमलादी मार्ग सडकपेटी निर्माण उ.स | ६९१०६२०/- |
| १० | कविर भवन निर्माण कार्य | आश्रम ट्रष्ट नेपाल उ.स | २४९८९५७/- |
| १३ | डोलमार्ग ढलान तथा ब्लक छाप्ने कार्य | ताहाचाल डोलमार्ग उ.स | ५९०२०४५/- |
| ३२ | कोटेश्वर बहुमुखी क्याम्पस भवन निर्माण कार्य | कोटेश्वर बहुमुखी क्याम्पस भवन निर्माण उ.स | ७६७२०७६/- |

१२८ **उपभोक्ता समितिबाट सिमाभन्दा बढीको कार्यः-**

काठमाडौँ महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा लागत अनुमान तयार गर्दा कन्टिजेन्सी, ओभरहेड र मुल्य अभिवृद्धि कर आदिको कुल अङ्कलाई जनाउने र सोहि नियमावलीको नियम ४१ मा रू १ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गर्न सक्ने व्यवस्था उल्लेख छ । सोहि अनुसार लागत अनुमान तयारी एवं स्वीकृत गर्नु पर्नेमा महानगरपालिकाले निम्नानुसार योजनाहरूमा उपभोक्ता समितिको लागत अनुमान तयार गर्दा कन्टिजेन्सी समावेश नगरी लागत अनुमान तयार गरी रू १ करोड भन्दा कमको लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत काम गराएको देखिन्छ । यसरी नियममा भएको व्यवस्था विपरीत कम लागत अनुमान तयार गरी उपभोक्तालाई तोकिएको सिमा नाघेर काम गराएको नियमसम्मत नदेखिएको रू.....

| आयोजनाको नाम | सम्झौता रकम(ओभरहेड र म्याट बाहेको लागत अनुमान) | ओभरहेड र म्याट सहितको लागत अनुमान | ४ प्रतिशत कन्टिन्जेन्सी | कन्टिन्जेन्सी सहितको लागत अनुमान |
|---|---|---|---|---|
| समानान्तर मार्गमा फुटपाथ स्तरोन्नतीको कार्य | ७७०८४५०/३४ | १००१७१३१/२२ | ३५४५८८/- | १०३७१७१८/- |
| पासाङ् ल्हामु मार्ग निर्माण | ७६११३७०/८२ | ९८९०९७६/- | ३५०१२३/- | १०२४१०९९/- |
| पासाङ् ल्हामु मार्ग निर्माण | ७६११३७०/८२ | ९८९०९७६ | ३५०१२३/- | १०२४१०९९/- |
| महायान प्रकाश पलायुल धर्मालय भवन निर्माण | ७७०८४६०/९० | ९९९४६८२/४३ | ३५४५८९/- | १०३४९२७१/- |
| श्री गेदा वेनुगोपाल मन्दिर थप निर्माण कार्य | ९९९५०००/०० | १२९८८५०२/५ | ४९९७५०/- | १३४८८२५२/- |
| का.म.न.पा. ज्याठा सामुदायिक क्लव निर्माण | ७७०५३४७/१० | १००१३०९८/५५ | ३५४८४५/९७ | १०३६७९४४/५२ |
| लैनचौर र ठमेल क्षेत्रमा व्लक छाप्ने कार्य | ७७०५१०४/६३ | १००१२७८३/४७ | ३५४४३४/४१ | १०३६७२१७/८८ |
| बौद्ध अमरसिंह मार्ग जाने वाटोमा ढल निर्माण | ७५५४७५६/८१ | ९८१७४०६/४७ | ३४७५१८/७८ | १०१६४९२५/२५ |
| पंचकुमारी मार्ग जनता मार्गमा ढल तथा सडक निर्माण कार्य | ७६१६३६३/०३ | ९८९७४६३/७६ | ३५०३५२/७० | १०२४७८१६/४६ |
| गणमहाविहारको पुन निर्माण | ७६९५६२६/६२ | १००००४६६/७९ | ३५३९९८/८२ | १०३५४४६५/६१ |
| वाल उद्यान निर्माण निर्माण | ७४८९७२९/५९ | ९७३२९०३/६ | ३४४५२७/५६ | १००७७४३१/१६ |
| कूल रत्न मार्गमा सडक तथा ढल/ड्रेन सिस्टम निर्माण | ७५९७४७७/३९ | ९८७२९२१/८६ | ३४९४८३/९५ | १०२२२४०५/८१ |
| जम्मा रू | ८६३८७६८७/२९ | ११२२३८३३६/६५ | ४०१४२१२/- | ११६२५२५४७/७२ |

| | |
|---|---|
| अनियमित भएको | ८,६३,८७,६८७ |

१२९ **उपभोक्ता समितिबाट सरकारी संरचना निर्माणः-** (१३५-२०८०-११-२८):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको निर्माण पश्चात मर्मत सम्भार र सञ्चालन लाभग्राही समुदायबाटै हुने र स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । महानगरपालिकाले गीता माध्यमिक विद्यालय भौतक पूर्वाधार निर्माण कार्य ठेक्का मार्फत गर्नुपर्नेमा उपभोक्ता समितिबाट गराई रू ७०८९७४६/- खर्च गरेको छ । उपभोक्ता समिति मार्फत कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनु पर्नेमा हस्तान्तरण नहुने र प्रत्यक्ष रूपमा उपभोक्ता समिति लाभान्वित नहुने सरकारी भवन तथा त्यस्तै प्रकृतिका भौतिक संरचनाका निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएको नियमसम्मत नदेखिएको रू.....

| | |
|---|---|
| अनियमित भएको | ७०,८९,७४६ |

१३० **सामाजिक सुरक्षाः-**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन,२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले सामाजिक सुरक्षा कार्यक्रमको लागि प्राप्त रकम रू १६८२८०३७६६.७८ खर्च देखाई आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको वेहोराहरू निम्नानुसार छन्:-

१३०.१ **प्रतिबेदनः-** सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरी उपनियम २ मा तोकिएको समायवधि भित्र

विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनुपर्ने व्यवस्था छ । महानगरपालिकाबाट यस सम्बन्धी विवरण लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले नियमको व्यवस्थाको पालना भए नभएको सम्बन्धमा एकिन गर्न सकिएन ।

१३०.२ **निरीक्षण तथा अनुगमनः-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई, प्रदेश सरकारको मन्त्रालय तथा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुख वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएता पनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।

१३०.३ **निष्कृय लाभग्राही विवरणः-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २३(५) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरूमध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्जीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ ।महानगरपालिकाले गत आ.व. मा निष्कृय रहेको एकमुष्ट विवरण सम्बन्धित बैँकबाट प्राप्त गरेको छैन । कार्यविधि बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैँकहरूले निष्कृय खाताको विवरण तोकिएको समयावधिमा तयार गरी महानगरपालिकालाई उपलब्ध गराउने र कार्यालयले पनि समयमा नै विवरण प्राप्त गर्नुपर्दछ ।

१३०.४ **मृत्यु भएकोलाई सामाजिक सुरक्षा भत्ता वितरणः-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं ९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको योग्यता सम्बन्धमा व्यवस्था छ साथै सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिको नाम हटाउने र उपनियम ४ मा ऐन विपरित हुने गरी भत्ता लिएको पाईएमा सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।महानगरपालिकाले मृत्यु भइसकेका केही लाभग्राहीको लगत कट्टा नगरी भत्ता खर्च लेखेको छ । महानगरपालिकाले पेश गरेको लगतकट्टा विवरणलाई आधार मानी नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीलाई पाउने रकम भन्दा बढी रु. २३३५९१/- रकम भुक्तानी दिएको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रु.

| वडा नं. | परिचयपत्रनं. | लाभग्राहिको नाम | बैंक खाता नं | मृत्यु भएको मिति | खातामा गएको | खातामा जम्माहुनुपर्ने | बढीभुक्तानी भएको |
|---|---|---|---|---|---|---|---|
| 1 | 1991122300196 | Moti Hera Tuladhar | 1160100000806119 | 2080-11-20 | 36000 | 26667 | 9333 |
| | 2005032502285 | Shyam Bahadur Khadgi | 1160100001170119 | 2080-1-25 | 48000 | 39334 | 8666 |
| | 1997022000158 | Dan Kumari Manandhar | 1160100001108119 | 2080-12-29 | 48000 | 36000 | 12000 |
| 2 | 1999123007967 | Hari Devi Maharjan | 0390036339400017 | 2080-7-1 | 24000 | 12000 | 12000 |
| 3 | 2011123117751 | Mithu Magar | 0980000024812 | 2081-2-18 | 48000 | 42400 | 5600 |
| | 2001112001678 | Mahendra Jung Rayamajhi Chhetri | 0980000050616 | 2081-3-7 | 48000 | 44935 | 3065 |
| | 2002093000051 | Santu Maya Maharjan | 2410164146400002 | 2080-12-23 | 48000 | 35067 | 12933 |
| | 2000123295642 | Shyam Bahadur Shrestha | 0980000045016 | 2080-7-8 | 24000 | 13068 | 10932 |
| | 1995123006074 | Radha Devi Adhikari | 2410167575800001 | 2080-8-2 | 24000 | 16267 | 7733 |
| | 1996123005314 | Dawa dolma lama | - | 2080-6-29 | 24000 | 12000 | 12000 |
| | 1993122903686 | Bishnu lal shrestha | | 2080-8-26 | 24000 | 19467 | 4533 |
| | 1990123006434 | Min B Magar | 2410288174500001 | 2080-6-5 | 12000 | 8667 | 3333 |
| 4 | 1991020800602 | Manorama Kumari Rana | 1360123391400014 | 2080-11-19 | 36000 | 30534 | 5466 |
| 8 | 1995010100984 | Laxmi Prasad Bhattarai | 3395752918536001 | 2080-7-19 | 36000 | 14534 | 21466 |
| 13 | 2012033002059 | Aana Raj Pathak | 04210207347600000001 | 2081-1-28 | 48000 | 40000 | 8000 |
| | 2009100100139 | Gyan shova Shakya | 04210206358594000001 | 2080-10-22 | 36000 | 26934 | 9066 |
| | 1997123007003 | Badri Krishna Manandhar | 04210206359795000001 | 2080-09-06 | 48000 | 20800 | 27200 |
| | 1977112900095 | Narayani K. C. | 04210206445974000001 | 2080-11-03 | 48000 | 28400 | 19600 |
| 10 | 2007101505835 | Bhagawati Khanal | 04821400640244000001 | 2081-02-9 | 48000 | 41201 | 6799 |
| | 1996072100714 | Gajendra Bahadur Thapa | 04821400303670000001 | 2081-03-02 | 48000 | 44267 | 3733 |
| | 1999123008981 | Ramesh Chandra Sharma | 04821400320127000001 | 2081-01-18 | 48000 | 38400 | 9600 |
| 15 | 2000123012195 | Gyan Maya Maharjan | 1190116927300012 | 2080-07-26 | 36000 | 15467 | 20533 |
| जम्मा | | | | | | | 233591/- |

लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गरिएको हुँदा बाँकि वडाको समेत मृत्यु दर्ता गरेपश्चात सामाजिक सुरक्षा भत्ता निकासा हुनसक्ने हुदा महानगरपालिकाले सामाजिक सुरक्षा भत्ता गए नगएको यकिन गरी असुल गर्नुपर्ने देखिन्छ।

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **३०,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **४,३९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **३,४६६**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **१५,३३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **७,७३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **४,१३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३३,५९१ |

१३१ **वडा नं १**

१३१.१ **सोझै खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नु पर्दा सम्भव भएसम्म खुला रूपमा बोलपत्र आह्वान गरी गर्नुपर्ने र योग्य बोलपत्र दातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नु पर्ने उल्लेख छ । वडाले यो वर्ष पुँजीगत बजेट रू. ५ करोड ९८ लाख ३२ हजार खर्च गरेकोमा रू. ३ करोड ८ लाख ३३ हजारको सोझै खरिद विधिबाट खरिद कार्य गरेको छ । सोझै खरिद विधिबाट काम गरेको ३३ योजनाहरूको लागत अनुमान रू ३ करोड १५ लाख ८६ हजार रहेकोमा रू ३ करोड ११ लाख ५६ हजारमा सम्झौता गरी कार्य गराएको पाइयो । सम्झौता रकम लागत अनुमानको तुलनामा औषतमा १.३६ प्रतिशत मात्र घटी रहेको छ । हरेक योजना तथा कार्य तीन वटा कोटेशन लिई घटी कवोलवालासँग खरिद सम्झौता गरी कार्य सम्पादन गरेको भएतापनि लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता गरेको देखियो । मितव्ययिता, प्रभावकारिता र आर्थिक अनुशासनको दृष्टीले धेरै रकम सोझै खरिद विधि मार्फत खर्च गर्नु उपयुक्त देखिदैन । तसर्थ आकस्मिक र भैपरी प्रकृतिका कार्यहरू बाहेकका योजनाहरू प्रतिस्पर्धात्मक व्यवस्थाको अवलम्बन गरी खरिद गर्नु पर्दछ ।

१३१.२ **खरिद विश्लेषणः-** महानगरपालिकाका विभिन्न वडाहरूमा सम्पन्न भएका २७ वटा ठेक्कामा लागत अनुमान र सम्झौता रकमको तुलना गर्दा लागत अनुमानको तुलनामा औसत २८.३८ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । यस वडा कार्यालयले कोटेशन लिई सोझै खरिद गर्दा लागत अनुमानको तुलनामा १.३६ प्रतिशत न्यूनमा सम्झौता भएको छ । सोझै खरिदमा गरेको खर्च ठेक्का मार्फत गरेको भए ठेक्कामा घटेको औसत २८.३८ प्रतिशतका आधारमा न्यूनतम रू. ८५ लाख ३४ हजार वचत हुने देखिन्छ । त्यसैले खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन हुने गरी खरिद गर्नुपर्दछ ।

१३१.३ **सीमाभन्दा बढीको सोझै खरिदः-** काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा कार्यालयबाट सबै प्रकारका खरिद कार्यका लागि लागत अनुमान तयार गर्नु पर्ने र उक्त लागत अनुमान कन्टिन्जेन्सी, ओभरहेड र मूल्य अभिवृद्धि कर आदिको कुल अङ्क हुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा दश लाखसम्म लागत अनुमान भएका निर्माण कार्य, मालसामान र अन्य सेवा खरिद गर्दा सोझै खरिद विधि अवलम्बन गर्न सकिने उल्लेख छ । वडा कार्यालयले पूँजीगततर्फ विभिन्न कार्य सम्पादन गर्दा सोझै खरिद विधि अवलम्बन गरेकोमा ती योजनाहरूको लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सीलाई लागत अनुमानमा समावेश गरेको देखिएन । लागत अनुमानमा कन्टिन्जेन्सी समावेश गर्दा देहायका १८ योजनाहरूमा सोझै खरिद गर्न पाउने रकम रू १० लाखसम्मको सीमा नाघेको अवस्था छ । यद्यपी कन्टिन्जेन्सी खर्च भने गरेको देखिएन ।कानुनमा तोकिए बमोजिमको रकम सीमा भित्र रहि खरिद हुनुपर्दछ ।

| योजना | कन्टिन्जेन्सी समावेश नगरेको स्वीकृत लागत अनुमान | कन्टिन्जेन्सी समावेश गर्दा हुने लागत अनुमान |
|---|---|---|
| भैरव मार्गको भित्र साना गल्लीमा ढलान | ९९२०१६.२० | १०२७१३२.०० |
| तारा गल्ली र लाल गणेश मन्दिर मर्मत | ९९३४१९.८४ | १०२८५८५.०० |
| स्वास्थ्य केन्द्र भवन मर्मत | ९९३८४९.०५ | १०२९०३०.०० |
| नक्साल भगवतीवहाल एरियामा ढल मर्मत | ९७८३७५.४४ | १०१३००८.०० |
| नन्दिकेश्वर मन्दिर दक्षिणतर्फ पर्खाल निर्माण | ९९२९३२.४४ | १०२८०८०.०० |
| नारायणहिटी स्थित नारायण मन्दिर रंगरोगन | ९९५०१७.९३ | १०३०२४०.०० |
| दुगड मार्ग भगवती वहाल देखि थिरवम सडकमा ढल सफाई | ९९४४६८.३७ | १०२९६७१.०० |
| अग्रवाल भवन देखि लोकसेवा आयोग अगाडी ढल निर्माण | ९९११३९.९२ | १०२६२२५.०० |
| कमलपोखरी उत्तरतर्फको बाटो ढलान | ९९०४७९.६० | १०२५५४१.०० |
| जमलस्थित विश्वज्योती हल देखि पुलसम्म ढल निर्माण | ९८८१२२.८४ | १०२३१०१.०० |
| नारायणचौर मार्गमा ढल निर्माण | ९८९८८०.१९ | १०२४९२०.०० |
| नक्साल ढुंगेधारा मर्मत | ९८७५७०.०७ | १०२२५२८.०० |
| नन्दिकेश्वर मन्दिरको दक्षिणतर्फ जिनपाटीमा पर्खाल | ९९०४७८.०६ | १०२५५३९.०० |
| कमल आ.वि स्तरोन्नती | ९९२१२४.०० | १०२७२४३.०० |
| नक्साल भगवती वहाल मन्दिरको ढोका निर्माण | ९९४९०८.०० | १०३०१२६.०० |
| विभिन्न स्थानमा ढल सफाई गर्ने कार्य | ९७०३४०.०० | १००४६८८.०० |
| निलगिरि मार्गमा मर्मत गर्ने कार्य | ९९४०८०.०० | १०२९२६९.०० |
| ढल सफा गर्ने कार्य | ९८५२१२.०० | १०२००८७.०० |

## १३२ वडा नं २

१३२.१ **सोझै खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नु पर्दा सम्भव भएसम्म खुला रूपमा बोलपत्र आह्वान गरी गर्नुपर्ने र योग्य बोलपत्र दातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नु पर्ने उल्लेख छ । वडाले यो वर्ष पुँजीगत बजेट रू. ५ करोड ६८ लाख ७६ हजार खर्च गरेकोमा रू. ३ करोड ८० लाख ९१ हजारको सोझै खरिद विधिबाट कार्य गरेको छ । सोझै खरिद विधिबाट काम गरेको ४५ योजनाहरूको लागत अनुमान रू ३ करोड ८८ लाख ८९ हजार रहेकोमा रू ३ करोड ८५ लाख ६६ हजारमा सम्झौता गरी कार्य गराएको पाइयो । सम्झौता रकम लागत अनुमानको तुलनामा औषतमा ०.८३ प्रतिशत मात्र घटी रहेको छ । हरेक योजना तथा कार्य तीन वटा कोटेशन लिई घटी कवोलवालासँग खरिद सम्झौता गरी कार्य सम्पादन गरेको भएपनि लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता गरेको देखियो । मितव्ययिता, प्रभावकारिता र आर्थिक अनुशासनको दृष्टीले धेरै रकम सोझै खरिद विधि मार्फत खर्च गर्नु उपयुक्त देखिदैन । तसर्थ आकस्मिक र भैपरी प्रकृतिका कार्यहरू बाहेकका योजनाहरू प्रतिस्पर्धात्मक व्यवस्थाको अवलम्बन गरी खरिद गर्नुपर्दछ ।

१३२.२ **खरिद विश्लेषणः-** महानगरपालिकाका विभिन्न वडाहरूमा सम्पन्न भएका २७ वटा ठेक्कामा लागत अनुमान र सम्झौता रकमको तुलना गर्दा लागत अनुमानको तुलनामा औसत २८.३८ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । यस वडा कार्यालयले कोटेशन लिई

सोझै खरिद गर्दा लागत अनुमानको तुलनामा ०.८३ प्रतिशत न्यूनमा सम्झौता भएको छ । सोझै खरिदमा गरिको खर्च ठेक्का मार्फत गरेको भए ठेक्कामा घटेको औसत २८.३८ प्रतिशतका आधारमा न्यूनतम रू. १ करोड ७ लाख १४ हजार वचत हुने देखिन्छ । त्यसैले खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन हुने गरी खरिद आबश्यकता पहिचान तथा खरिद योजना छनौट गर्नुपर्दछ ।

१३२.३ **सीमा भन्दा बढीको सोझै खरिदः-** काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा कार्यालयबाट सबै प्रकारका खरिद कार्यका लागि लागत अनुमान तयार गर्नु पर्ने र उक्त लागत अनुमान कन्टिन्जेन्सी, ओभरहेड र मूल्य अभिवृद्धि कर आदिको कुल अङ्क हुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियममावली, २०६४ को नियम ८५ मा रू १० लाखसम्म लागत अनुमान भएका निर्माण कार्य, मालसामान र अन्य सेवा खरिद गर्दा सोझै खरिद विधि अवलम्बन गर्न सकिने उल्लेख छ । वडा कार्यालयले पूँजीगततर्फ विभिन्न कार्य सम्पादन गर्दा सोझै खरिद विधि अवलम्बन गरेकोमा ती योजनाहरूको लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सीलाई लागत अनुमानमा समावेश गरेको देखिएन । लागत अनुमानमा कन्टिन्जेन्सी समावेश गर्दा देहायका ९ योजनाहरूमा सोझै खरिद गर्न पाउने रकम रू १० लाखसम्मको सीमा नाघेको अवस्था छ । यद्यपी कन्टिन्जेन्सी खर्च भने गरेको देखिएन । कानुनमा तोकिए बमोजिमको रकम सीमा भित्र रहि खरिद हुनु पर्दछ ।

| योजना | कन्टिन्जेन्सी समावेश नगरेको स्वीकृत लागत अनुमान | कन्टिन्जेन्सी समावेश गर्दा हुने लागत अनुमान |
|---|---|---|
| स्वेतकाली गल्लीमा बल्क छाप्ने | ९८५१३४.२७ | १०२०००६.०० |
| लैनचौर देखि टुकुचासम्मको ड्रेन सफा | ९७४२५०.०९ | १००८७३७.०० |
| खोलागल मार्गमा ब्लक छाप्ने | ९८६९१८.६५ | १०२१८५४.०० |
| वडाका विभिन्न स्थानमा वेश तथा सब वेश | ९८६७००.६४ | १०२१६२८.०० |
| वडाका विभिन्न स्थानमा ढल तथा मंगाल | ९७४५२७.१९ | १००९०२४.०० |
| खुर्सानीटार घर नं २२८ देखि का म पा ४ सम्मको सिमानासम्म ब्लक | ९७२७०३.६४ | १००७१३६.०० |
| श्री मार्गमा ढल तथा ब्लक छाप्ने | ९८००३७.८४ | १०१४७२९.०० |
| कुमारीमाई मार्ग ढल तथा ब्लक | ९८४७०४.१२ | १०१९५६१.०० |
| नवमार्गमा ब्लक छाप्ने कार्य | ९७७०९०.०० | १०११६७७.०० |

## १३३ वडा नं ३

१३३.१ **सोझै खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नु पर्दा सम्भव भएसम्म खुला रूपमा बोलपत्र आह्वान गरी गर्नुपर्ने र योग्य बोलपत्र दातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने उल्लेख छ । वडाले यो वर्ष पुँजीगत बजेट रू. १२ करोड ३ लाख ३१ हजार खर्च गरेकोमा रू. ८ करोड ५४ लाख ३५ हजारको सोझै खरिद विधिबाट कार्य गरेको छ । सोझै खरिद विधिबाट काम गरेको ९९ योजनाहरूको लागत अनुमान रू ८ करोड ७१ लाख ७३ हजार रहेकोमा रू ८ करोड ५९ लाख ४३ हजारमा सम्झौता गरी कार्य गराएको पाइयो । सम्झौता रकम लागत अनुमानको तुलनामा औषतमा १.४१ प्रतिशत मात्र घटी रहेको छ । हरेक योजना तथा कार्य तीन वटा कोटेशन लिई घटी कवोलवालासँग खरिद सम्झौता गरी कार्य सम्पादन गरेको भएपनि लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता गरेको देखियो । मितव्ययिता, प्रभावकारिता र आर्थिक अनुशासनको दृष्टीले धेरै रकम सोझै खरिद विधि मार्फत खर्च गर्नु उपयुक्त देखिदैन । तसर्थ आकस्मिक र भैपरी प्रकृतिका कार्यहरू बाहेकका योजनाहरू प्रतिस्पर्धात्मक व्यवस्थाको अवलम्बन गरी खरिद गर्नुपर्दछ ।

१३३.२ **खरिद विश्लेषणः-** महानगरपालिकाका विभिन्न वडाहरूमा सम्पन्न भएका २७ वटा ठेक्कामा लागत अनुमान र सम्झौता रकमको तुलना गर्दा लागत अनुमानको तुलनामा औसत २८.३८ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । यस वडा कार्यालयले कोटेशन लिई

सोझै खरिद गर्दा लागत अनुमानको तुलनामा १.४१ प्रतिशत न्यूनमा सम्झौता भएको छ । सोझै खरिदमा गरेको खर्च ठेक्का मार्फत गरेको भए ठेक्कामा घटेको औसत २८.३८ प्रतिशतका आधारमा न्यूनतम रू. २ करोड ३५ लाख ११ हजार वचत हुने देखिन्छ । त्यसैले खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन हुने गरी खरिद गर्नुपर्दछ ।

१३३.३ **सीमाभन्दा बढीको सोझै खरिदः-** काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा कार्यालयबाट सबै प्रकारका खरिद कार्यका लागि लागत अनुमान तयार गर्नु पर्ने र उक्त लागत अनुमान कन्टिन्जेन्सी, ओभरहेड र मूल्य अभिवृद्धि कर आदिको कुल अङ्क हुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा दश लाखसम्म लागत अनुमान भएका निर्माण कार्य, मालसामान र अन्य सेवा खरिद गर्दा सोझै खरिद विधि अवलम्बन गर्न सकिने उल्लेख छ । वडा कार्यालयले पूँजीगततर्फ विभिन्न कार्य सम्पादन गर्दा सोझै खरिद विधि अवलम्बन गरेकोमा ती योजनाहरूको लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सीलाई लागत अनुमानमा समावेश गरेको देखिएन । लागत अनुमानमा कन्टिन्जेन्सी समावेश गर्दा देहायका ४४ योजनाहरूमा सोझै खरिद गर्न पाउने रकम दश लाखसम्मको सीमा नाघेको अवस्था छ । यद्यपी कन्टिन्जेन्सी खर्च भने गरेको देखिएन ।कानुनमा तोकिए बमोजिमको रकम सीमा भित्र रहि खरिद हुनु पर्दछ ।

| योजना | कन्टिन्जेन्सी समावेश नगरेको स्वीकृत लागत अनुमान | कन्टिन्जेन्सी समावेश गर्दा हुने लागत अनुमान |
|---|---|---|
| गंगालाल अस्पताल पछाडीको बाटो ढलान | ९९६७६६.२७ | १०३२०५०.०० |
| रुप बहादुर गल्ली चौडा गर्ने काम | ९९३१०२.२७ | १०२८२५६.०० |
| रानीदेवी मार्ग ढलान | ९९६५४२.४६ | १०३१८१८.०० |
| बाढी नियन्त्रण सामाखुशी | ९८६११३.०४ | १०१२१९८.०० |
| कुमार मार्गमा ग्राभेल | ९७७५९३.२० | १०१२१९८.०० |
| तिलिङटार मार्ग सि आइवि पुलको बाटो ढलान | ९८७४५६.६५ | १०२२४११.०० |
| प्रधान टोलमा ढल तथा ग्रावेल | ९९७४६५.९६ | १०३२७७४.०० |
| सामाखुसी खोला सरसफाई | ९९४७५५.३५ | १०२९९६८.०० |
| थाई मार्गमा ब्लक | ९९१६३८.९२ | १०२६७४१.०० |
| संगम मार्गको भित्री बाटो ढलान | ९७७२५६.१३ | १०११८४९.०० |
| सहरी स्वास्थ्य भवन पार्टेसन | ९९३०६०.१६ | १०२८२१३.०० |
| गौरबशाली मार्गमा ढलान | ९९४६८९.६२ | १०२९९००.०० |
| मिलिजुली टोल सिमाना बाटो मर्मत | ९९६५००.५३ | १०३१७७५.०० |
| रानीवारी स्थित इच्छेश्वर मन्दिर निर्माण | ९८०८२२.१५ | १०१५५४२.०० |
| नर्सरीलेन मार्गमा बाटो विस्तार | ९८३२७६.५४ | १०१८०८३.०० |
| इच्छेश्वर मन्दिर अगाडीबाट जाने बाटो ढलान | ९९७५४३.७३ | १०३२८५५.०० |
| गंगबु मार्गको भित्री बाटो पीच | ९९२६३०.३२ | १०२७७६८.०० |
| धापासी मार्गमा आर सि सि | ९९१६९९.९९ | १०२६८०४.०० |
| टिचिङ हस्पिटल नजिक प्राधिकरण अगाडी ब्लक विछाउने | ९९६५५८.१० | १०३१८३४.०० |
| सृजनशिल मार्गको सार्वजनिक जग्गामा वाल लगाउने | ९९४७२७.६५ | १०२९९३९.०० |
| कान्ती ओरालोसाइड अगाडीको बाटो ढलान | ९९९६४६.१२ | १०३५०३२.०० |
| नविल बैंक पछाडी कुमारी मन्दिर छुने बाटो ढल र खुडकिला निर्माण | ९९९८६९.९५ | १०३५२६४.०० |
| देव निवास गल्ली मनिकुल टोलका ढल | ९९९८१८.८२ | १०३५२११.०० |
| सामाखुशी सडक निर्माण | ९९९८२०.८० | १०३५२१३.०० |
| रानीवारी आ वि मा ट्रस निर्माण | ९९७३३५.०० | १०३२६३९.०० |
| दोचा मार्गको सहायक बाटोमा ब्लक | ९९१९५१.५४ | १०२७०६५.०० |
| कान्ती हस्पिटल पछाडी ढल निर्माण | ९९८९४१.६६ | १०३४३०२.०० |
| महापुर मार्गको भित्रि बाटो ग्राभेल | ९९५९८९.७७ | १०३१२४६.०० |
| बैरोचन मार्ग अगाडी रिटेनिङ वाल | ९९९३८६.१३ | १०३४७६३.०० |
| रेयुकाई मार्गमा ढल निर्माण | ९९३५३९.७२ | १०२८७०९.०० |

| | | |
|---|---|---|
| संगम मार्ग विकास नगरमा ढल मर्मत | ९९७२६५.१२ | १०३२५६७.०० |
| रिङरोड जोड्ने सडकहरुमा ढल निर्माण | ९७७७५७.४१ | १०१२३६८.०० |
| वडाका विभिन्न भागमा ब्लक छाप्ने कार्य | ९८५०६३.०० | १०१९९३२.०० |
| रानीवारी ढुङ्गेधारा मार्गमा रिटेनिङ वाल | ९९६२७५.०० | १०३१५४९.०० |
| चादनी मार्गमा ढल निर्माण | ९९१०५८.९४ | १०२६१४१.०० |
| गल्लीमा ब्लक छाप्ने कार्य | ९९६०१३.८७ | १०३१२७१.०० |
| खाडि वस्तीमा ढलान र ढल व्यस्थापन कार्य | ९९३६७१.९४ | १०३१२७१.०० |
| नबिल बैंक अगाडि ढल राख्ने कार्य | ९७९९४२.९६ | १०२८८४६.०० |
| वर्मेली टोलमा ढुङ्गा छाप्ने कार्य | ९८४११४.४२ | १०१४६३१.०० |
| साइराम सामुदायीक सहयोगी संस्था मर्मत | ९८२८५८.९८ | १०१८९५०.०० |
| प्रसिद्ध मार्गमा ढलान गर्ने कार्य | ९९५३६०.८३ | १०३०५९५.०० |
| बासवारीमा ब्लक निर्माण | ९८८६२६.०० | १०२३६२२.०० |
| साग्रिला पछाडि बाटो ढलान | ९९१९४४.०० | १०२७०५७.०० |
| आजिमा माई गल्लीमा ढल ब्लक छाप्ने | ९९०७७१.०० | १०२५८४३.०० |

१३३.४(१४३-२०८१-३-२२):

**गैर सरकारी संस्थाबाट निर्माण कार्यः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ अनुसार जन चेतना सम्बन्धी तालिम, अभिमुखीकरण, गैर सरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्नेछ । लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा वडाले संगम मार्ग सडक विस्तार कार्य संगम क्लब (गैरसरकारी संस्था) सँग रू ५२५४४५६.०० मा सम्झौता गरी रू ४४८७९२८.०० को कार्य सम्पन्न एवं भुक्तानी भएको छ । यो संस्था महानगरपालिकामा मौजुदा सूचिमा दर्ता हुँदा समेत गैर सरकारी संघ/संस्था सम्बन्धी कार्यहरू गराउने प्रयोजनार्थ सुची दर्ता भएकोमा उपभोक्ता समितिको रूपमा निर्माण कार्य गराई रकम भुक्तानी हुनु सार्वजनिक खरिद ऐन विपरीत देखीएकोले सो भुक्तानी नियमसम्मत नभएको रू.....

| | |
|---|---|
| अनियमित भएको | ४४,८७,९२८ |

१३३.५ **सटर भाडाः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ मा महानगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले बनाएको तथा सरकारी जग्गामा बनेका संरचनाको उपयोग गरे वापत बहाल बिटौरी शुल्क लगाउन सक्ने उल्लेख छ । वडाले यस वडा कार्यालय भवनको भुँइतलाको एक सटरमा हाम्रो कोशेली घरलाई २०७८।०४।१८ देखि व्यवसाय गर्न दिएकोमा वहाल रकम असूल गरेको देखिएन । आर्थिक वर्ष २०७८।७९ देखि नै लागु हुने गरी चलन चल्तिको सटर भाडा निर्धारण गरी वहाल रकम असूल हुनुपर्दछ । सो सम्बन्धमा गत वर्षको प्रतिवेदनमा समेत उल्लेख भएकोमा स्थिति यथावत छ।

१३४ **रितपुर्वको कर वीजकः-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मले तोकीएको ढाँचामा कर वीजक जारी गर्नुपर्ने उल्लेख छ । त्यस्तै आन्तरिक राजस्व विभागको मिति २०६५।७।१० को परिपत्र अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले हरेक वर्ष बीजकको क्रम संख्या १ बाट सुरू गर्नुपर्ने र कर बीजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । निर्माण व्यवसायी तथा फर्महरूले सम्पादित कामको भुक्तानी लिंदा पेश गरेका देहायका विलहरूमा वीजक

नम्बर नभएको, नम्वर हातले लेखेको तथा वीजक नम्बर सच्चाएको देखियो । वडाले ती फर्महरूलाई विल रकमको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर मध्ये ३० प्रतिशत कटाई ७० प्रतिशत भुक्तानी गरेको छ । उक्त मूल्य अभिवृद्धिकर सम्बन्धित राजस्व कार्यालयमा समायोजन भएको प्रमाण पेश हुनपर्ने रू.............

| गो.भौ.नं. र मिति | फर्म | विजक नं/ मिति | विल रकम | मू.अ. कर | भुक्तानी भएको ७०% मू अ कर |
|---|---|---|---|---|---|
| १२४-२०८१।३। २४ | एणी निर्माण सेवा | ६२-२०८१।३।२४ | ९८०३१७/- | ११२८००/- | ७८९४६/- |
| ८-२०८०।७।१ | कंडेल निर्माण सेवा (३००१८३६६१) | १-२०८०।७।१ | ९७८७२६/- | ११२५९८/- | ७८८१८/- |
| ३६-२०८०।९।२३ | कुमार निर्माण सेवा प्रा लि (६१०००९०९७) | छैन-२०८०।९।२३ | ४९३२८८/- | ५६७५०/- | ३९७२५/- |
| ३६-२०८०।९।२३ | एसकोट कन्स्ट्रक्सन प्रा लि (६१०२४६६७६) | ३६-२०८०।९।२३ | ९६४४४५/- | ११०९५४/- | ७७६६८/- |
| ३६-२०८०।९।२३ | रमिता इन्फ्रास्ट्रक्चर प्रा लि (६१००१६४०४) | ३६-२०८०।९।२३ | ९८७८९८/- | ११३६५२/- | ७९५५६/- |
| जम्मा रू | | | | | ३५४७१३/- |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५४,७१३ |

१३५ **वडा नं ४**

१३५.१ **सोझै खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा सम्भव भएसम्म खुला रूपमा बोलपत्र आह्वान गरी गर्नुपर्ने र योग्य बोलपत्र दातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नु पर्ने उल्लेख छ । वडाले यो वर्ष पुँजीगत बजेट रू. १० करोड ३७ लाख ८७ हजार खर्च गरेकोमा रू. ८ करोड ३८ लाख ९९ हजार को सोझै खरिद विधिबाट कार्य गरेको छ । सोझै खरिद विधिबाट काम गरेको ९६ योजनाहरूको लागत अनुमान रू ८ करोड ६९ हजार ३१ हजार रहेकोमा रू ८ करोड ५० लाख ७ हाजारमा सम्झौता गरी कार्य गराएको पाइयो । सम्झौता रकम लागत अनुमानको तुलनामा औषतमा २.२१ प्रतिशत मात्र घटी रहेको छ । हरेक योजना तथा कार्य तीन वटा कोटेशन लिई घटी कवोलवालासँग खरिद सम्झौता गरी कार्य सम्पादन गरेको भएपनि लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता गरेको देखियो । मितव्ययिता, प्रभावकारिता र आर्थिक अनुशासनको दृष्टीले धेरै रकम सोझै खरिद विधि मार्फत खर्च गर्नु उपयुक्त देखिदैन । तसर्थ आकस्मिक र भैपरी प्रकृतिका कार्यहरू बाहेकका योजनाहरू प्रतिस्पर्धात्मक व्यवस्थाको अवलम्बन गरी खरिद गर्नुपर्दछ ।

१३५.२ **खरिद विश्लेषणः-** महानगरपालिकाका विभिन्न वडाहरूमा सम्पन्न भएका २७ वटा ठेक्कामा लागत अनुमानको तुलनामा औसत २८.३८ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । यस वडा कार्यालयले कोटेशन लिई सोझै खरिद गर्दा लागत अनुमानको तुलनामा २.२१ प्रतिशत न्यूनमा सम्झौता भएको छ । सोझै खरिदमा गरिको खर्च ठेक्का मार्फत गरेको भए ठेक्कामा घटेको औसत २८.३८ प्रतिशतका आधारमा न्यूनतम रू. २ करोड २७ लाख ५० हजार बचत हुने देखिन्छ । त्यसैले खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन हुने गरी खरिद आबश्यकता पहिचान तथा खरिद योजना छनौट गर्नुपर्दछ ।

१३५.३ **सीमाभन्दा बढीको सोझै खरिदः-** काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा कार्यालयबाट सबै प्रकारका खरिद कार्यका लागि लागत अनुमान तयार गर्नु पर्ने र उक्त लागत अनुमान कन्टिन्जेन्सी, ओभरहेड र मूल्य अभिवृद्धि कर आदिको कुल अङ्क हुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रू १० लाखसम्म लागत अनुमान भएका निर्माण कार्य, मालसामान र अन्य सेवा खरिद गर्दा सोझै खरिद विधि अवलम्बन गर्न सकिने उल्लेख छ । वडा कार्यालयले पूँजीगततर्फ विभिन्न कार्य सम्पादन गर्दा सोझै खरिद विधि अवलम्बन गरेकोमा ती योजनाहरूको लागत अनुमान तयार गर्दा

कन्टिन्जेन्सीलाई लागत अनुमानमा समावेश गरेको देखिएन । लागत अनुमानमा कन्टिन्जेन्सी समावेश गर्दा देहायका २९ योजनाहरूमा सोझै खरिद गर्न पाउने रकम रू १० लाखसम्मको सीमा नाघेको अवस्था छ । यद्यपी कन्टिन्जेन्सी खर्च भने गरेको देखिएन । कानुनमा तोकिए बमोजिमको रकम सीमा भित्र रहि खरिद हुनुपर्दछ ।

| योजना | कन्टिन्जेन्सी समावेश नगरेको स्वीकृत लागत अनुमान | कन्टिन्जेन्सी समावेश गर्दा हुने लागत अनुमान |
|---|---|---|
| गुरू मार्गमा मेनहोल कभर सहित मंगाल र ढलान | ९८८६८५.१२ | १०२३६८३.०० |
| जालपादेवी तथा चाँगुनारायण मार्गमा ढलान | ९९५४४०.६५ | १०३०६७७.०० |
| पञ्चकन्या ओरालोमा ढलान | ९८८२३७.५० | १०२३२१९.०० |
| लाखेपाटी मार्ग पश्चिमको भित्री बाटो ढलान | ९९७३४९.२१ | १०३२६५४.०० |
| चण्डोल दिपक शर्माको घरछेउँ ढलान | ९९३२०७.०८ | १०२८३६५.०० |
| भैरवी मार्ग र वराह मार्गमा ढलान | ९९३४७९.७७ | १०२८६४७.०० |
| धुम्वाराही मार्गको पश्चिमपट्टी ढलान | ९९८३४३.३५ | १०३३६८३.०० |
| इन्द्रमाया मार्ग किच्चड वस्ती बाटो ढलान | ९९७६५०.०८ | १०३२९६५.०० |
| हितैषी मार्गमा बाटो ढलान तथा मर्मत | ९९४८०९.८६ | १०३००२४.०० |
| धुमवाराही हाइट महाकाली मार्गमा मंगाल र ढलान | ९९७४२७.७७ | १०३२७३५.०० |
| धुमवाराही शिवप्रिया सामुदायिक भवन प्लाष्टर | ९९५०७१.०६ | १०३०२९५.०० |
| अर्धचक्र मार्गको भित्री बाटो ढलान | ९९५०१९.१८ | १०३०२४१.०० |
| लाइपाती मार्गमा ढल तथा ब्लक | ९९५७४४.३६ | १०३०९९२.०० |
| धुमवराही वराह मार्ग भित्री बाटो ढलान | ९९७०५३.८३ | १०३२३४८.०० |
| टुसाल शिव मन्दिरमा छाना पुननिर्माण | ९९७०४६.८६ | १०३२३४१.०० |
| पञ्चकुमारी मन्दिर पुननिर्माण | ९९६७८५.७४ | १०३२०७०.०० |
| विष्णु गल्लीमा ढलान | ९९७८३४.९९ | १०३३१५७.०० |
| पञ्चकन्यास्थित प्रविन बस्नेत समेतको घर जाने बाटो ढलान | ९९९६३४.६८ | १०३५०२०.०० |
| सुकेधारा टिकाराम दाईको घरछेउँ ढलान | ९९७८२०.१५ | १०३३१४१.०० |
| चण्डोल मगरडौडा गल्लीमा ढलान | ९९५५६५.१७ | १०३०८०६.०० |
| टुँडालदेवी मन्दिर परिसरमा सत्तल पुननिर्माण | ९९८३९९.०१ | १०३३७४१.०० |
| विशालनगर कुमारी मन्दिर जिर्णोद्धार | ९९६६२३.२७ | १०३१९०२.०० |
| चुडालदेवी चुदेवी लगायतका सडकछेउँ रेलिङ | ९९०८७९.७४ | १०२५९५५.०० |
| निर्देश गल्लीमा ढल र बाटो स्तरोन्ती | ९९३६०५.२३ | १०२८७७७.०० |
| धुमवाराही पुण्य पराजुलीको घरसम्म ढलान | ९८८५५१.२३ | १०२३५४४.०० |
| वडाका विभिन्न स्थानमा वृक्षरोपन | ९९३७२३.१३ | १०२८८९९.०० |
| पुच्छ्रेगल्ली बंशिधर मार्ग मर्मत | ९९६९७४.७३ | १०३२२६६.०० |
| धनुषा गल्लीमा ढलान | ९९४५९०.३९ | १०२९७९७.०० |
| टुसाल धनुषा गल्लीमा ढल तथा ब्लक | ९९६८६१.०४ | १०३२१४८.०० |

१३५.४ **टुक्रा पारी खरिदः**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रू २० लाख रूपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा मालसामान खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने उल्लेख छ । आकस्मिक तथा भैपरी शीर्षकमा विनियोजित रकमबाट रू. १० लाख मुनीका ४ वटा सिसिटिभि जडान तथा मर्मत सम्बन्धी योजना बनाई सोझै खरिद विधि अवलम्बन गरी रू. ३४९१६५५/- खर्च गरेको छ । बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्नेमा कार्यक्रम टुक्रा पारी सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रू. ....

| | |
|---|---|
| अनियमित भएको | ३४,९१,६५५ |

१३५.५(२०१-२०८१-३-२१):

**जिन्सी दाखिलाः**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा जिन्सी मालसामानको लगत तयार गरी जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । वडाले देहियबमोजिम सामान रू ७९७७८०/- को खरिद गरेको तर नियमावलीमा तोकिएबमोजिम जिन्सी दाखिला गरेको नदेखिएकोले जिन्सी दाखिलाको प्रमाण पेश गर्नुपर्ने रू...

| क्र.स | सामान | परिणाम | रकम |
|---|---|---|---|
| १ | Computer set | ३ | ३८१३७५/- |
| २ | CPU | ३ | ३१३५७५/- |
| ३ | Printer cannon | ३ | १०१७००/- |
| ४ | Mouse | ५ | ११३०/- |
| जम्मा रू | | | ७९७७८०/- |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,९७,७८० |

१३६ **वडा नं ५**

१३६.१ **सोझै खरिदः**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नु पर्दा सम्भव भएसम्म खुला रूपमा बोलपत्र आह्वान गरी गर्नु पर्ने र योग्य बोलपत्र दातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नु पर्ने उल्लेख छ । वडाले यो वर्ष पुँजीगत बजेट रू. ६ करोड ५० लाख ६७ हजार खर्च गरेकोमा रू. ३ करोड ६८ लाख १० हजारको सोझै खरिद विधिबाट कार्य गरेको छ । सोझै खरिद विधिबाट काम गरेको ४५ योजनाहरूको लागत अनुमान रू ३ करोड ७४ लाख ०५ हजार रहेकोमा रू ३ करोड ६८ लाख ४५ हजारमा सम्झौता गरी कार्य गराएको पाइयो । सम्झौता रकम लागत अनुमानको तुलनामा औषतमा १.५ प्रतिशत मात्र घटी रहेको छ । हरेक योजना तथा कार्य तीन वटा कोटेशन लिई घटी कवोलवालासँग खरिद सम्झौता गरी कार्य सम्पादन गरेको भएपनि लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता गरेको देखियो । मितव्ययिता, प्रभावकारिता र आर्थिक अनुशासनको दृष्टीले धेरै रकम सोझै खरिद विधि मार्फत खर्च गर्नु उपयुक्त देखिदैन । तसर्थ आकस्मिक र भैपरि प्रकृतिका कार्यहरू बाहेकका योजनाहरू प्रतिस्पर्धात्मक व्यवस्थाको अवलम्बन गरी खरिद गर्नु पर्दछ ।

१३६.२ **खरिद विश्लेषणः**- महानगरपालिकाका विभिन्न वडाहरूमा सम्पन्न भएका २७ वटा ठेक्कामा लागत अनुमान र सम्झौता रकमको तुलना गर्दा लागत अनुमानको तुलनामा औसत २८.३८ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । यस वडा कार्यालयले कोटेशन लिई सोझै खरिद गर्दा लागत अनुमानको तुलनामा १.५ प्रतिशत न्यूनमा सम्झौता भएको छ । सोझै खरिदमा गरेको खर्च ठेक्का मार्फत गरेको भए ठेक्कामा घटेको औसत २८.३८ प्रतिशतका आधारमा न्यूनतम रू. ९८ लाख ९६ हजार वचत हुने देखिन्छ । त्यसैले खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन हुने गरी खरिद आबश्यकता पहिचान तथा खरिद योजना छनौट गर्नुपर्दछ ।

१३६.३

**सीमाभन्दा बढीको सोझै खरिदः-** काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा कार्यालयबाट सबै प्रकारका खरिद कार्यका लागि लागत अनुमान तयार गर्नु पर्ने र उक्त लागत अनुमान कन्टिन्जेन्सी, ओभरहेड र मूल्य अभिवृद्धि कर आदिको कुल अङ्क हुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रू १० लाखसम्म लागत अनुमान भएका निर्माण कार्य, मालसामान र अन्य सेवा खरिद गर्दा सोझै खरिद विधि अवलम्बन गर्न सकिने उल्लेख छ । वडा कार्यालयले पूँजीगततर्फ विभिन्न कार्य सम्पादन गर्दा सोझै खरिद विधि अवलम्बन गरेकोमा ती योजनाहरूको लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सीलाई लागत अनुमानमा समावेश गरेको देखिएन । लागत अनुमानमा कन्टिन्जेन्सी समावेश गर्दा देहायका १७ योजनाहरूमा सोझै खरिद गर्न पाउने रकम रू १० लाखसम्मको सीमा नाघेको अवस्था छ । यद्यपी कन्टिन्जेन्सी खर्च भने गरेको देखिएन । कानुनमा तोकिए बमोजिमको रकम सीमा भित्ररहि खरिद हुनुपर्दछ ।

| योजना | कन्टिन्जेन्सी समावेश नगरेको स्वीकृत लागत अनुमान | कन्टिन्जेन्सी समावेश गर्दा हुने लागत अनुमान |
|---|---|---|
| धोवीखोला करिडोर- कालोपुल- वुद्धविहार प्यारापिटवाल | ९९५१५६.०९ | १०३०३८३.०० |
| वंशीधर मार्गमा ढुंगा छाप्ने काम | ९७५८९७.०० | १०१०४४२.०० |
| श्रीराम मार्गमा ढल तथा वाटो निर्माण | ९९९२६८.०५ | १०३४६४०.०० |
| सानो गल्लीमा ढल निर्माण तथा ब्लक | ९८८९८४.९२ | १०२३९९३.०० |
| आकाशेपानी संकलन जमिन पुनभरण विभिन्न ७ स्थान | ९८३०७९.१९ | १०१७८७८.०० |
| शान्ती मार्ग सडक स्तरोन्ती | ९९३९५९.१६ | १०२९१४४.०० |
| सुर्य गल्ली बाटो पुन निर्माण | ९८७४२४.४० | १०२२९९३.०० |
| धनगणेश मार्ग देखि विशाल नगर ओरालोसम्म ढल निर्माण | ९८८०१८.४७ | १०१८५४९.०० |
| द्वेछेपाटीको छाना मर्मत | ९८३७२७.०० | १०१८५४९.०० |
| भत्केको पुलदेखि उत्तरतर्फ ढल तथा मंगाल | ९९८७८०.७३ | १०३४१३६.०० |
| कुमारी मार्ग बाटो पुन निर्माण | ९८९७९५.९१ | १०२४८३३.०० |
| कालोपुल कुश गल्लीमा ढुंगा छाप्ने | ९९८९९१.८७ | १०३४३५४.०० |
| पानी पुनभरण रिचार्जपिट विभिन्न स्थान | ९८६३४३.९१ | १०२१२५९.०० |
| आजाद गल्ली र लव मार्गमा ब्लक छाप्ने | ९९६४६६.३७ | १०३१७४०.०० |
| मालीगाउँमा ररहेका ढल तथा मंगाल सरसफाई | ९९३८८२.१७ | १०२९०६४.०० |
| हरियाली प्रर्वद्धन पार्क तथा संरक्षण | ९९६४२६.०० | १०३१७०.०० |
| वाननी रोडमा दाची अप्पा छाप्ने कार्य | ९९६३५७.०० | १०३१६२६.०० |

१३६.४ **पेश्की बाँकी:-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी, व्यक्ति, फर्म, संस्थाले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ । वडाले मिति २०८०।१०।९ मा भौचर नं २२ बाट भाटभटेनी ढुंङ्गेधारा पुनः निर्माण गर्न श्री भाटभटेनी क्षेत्र सुधार तथा संरक्षण समितिले म्याद नाघेको पेश्की रू ३८१७५८/- आर्थिक वर्षको अन्त्यसम्म पनि फर्स्यौट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फर्स्यौट गर्नुपर्ने रू.....

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **७८,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **१३,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ३,८१,७५८ |

१३७ **वडा नं ६**

१३७.१ **सोझै खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नु पर्दा सम्भव भए सम्म खुला रूपमा बोलपत्र आह्वान गरी गर्नु पर्ने र योग्य बोलपत्र दातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नु पर्ने उल्लेख छ । वडाले यो वर्ष पुँजीगत बजेट रू. २ करोड ४९ लाख २७ हजार खर्च गरेकोमा रू. २ करोड ४५ लाख २७ हजारको सोझै खरिद विधिबाट कार्य गरेको छ । सोझै खरिद विधिबाट काम गरेको ३१ योजनाहरूको लागत अनुमान रू २ करोड ५७ लाख ३२ हजार रहेकोमा रू २ करोड ५५ लाख ५६ हजारमा सम्झौता गरी कार्य गराएको पाइयो । सम्झौता रकम लागत अनुमानको तुलनामा औषतमा ०.६८ प्रतिशत मात्र घटी रहेको छ । हरेक योजना तथा कार्य तीन वटा कोटेशन लिई घटी कवोलवालासँग खरिद सम्झौता गरी कार्य सम्पादन गरेको भएपनि लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता गरेको देखियो । मितव्ययिता, प्रभावकारिता र आर्थिक अनुशासनको दृष्टीले धेरै रकम सोझै खरिद विधि मार्फत खर्च गर्नु उपयुक्त देखिदैन । तसर्थ आकस्मिक र भैपरी प्रकृतिका कार्यहरू बाहेकका योजनाहरू प्रतिस्पर्धात्मक व्यवस्थाको अवलम्बन गरी खरिद गर्नुपर्दछ ।

१३७.२ **खरिद विश्लेषणः-** महानगरपालिकाका विभिन्न वडाहरूमा सम्पन्न भएका २७ वटा ठेक्कामा लागत अनुमान र सम्झौता रकमको तुलना गर्दा लागत अनुमानको तुलनामा औसत २८.३८ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । यस वडा कार्यालयले कोटेशन लिई सोझै खरिद गर्दा लागत अनुमानको तुलनामा ०.६८ प्रतिशत न्यूनमा सम्झौता भएको छ । सोझै खरिदमा गरेको खर्च ठेक्का मार्फत गरेको भए ठेक्कामा घटेको औसत २८.३८ प्रतिशतका आधारमा न्यूनतम रू. ७१ लाख २८ हजार वचत हुने देखिन्छ । त्यसैले खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन हुने गरी खरिद गर्नुपर्दछ ।

१३७.३ **सीमाभन्दा बढीको सोझै खरिदः-** काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा कार्यालयबाट सबै प्रकारका खरिद कार्यका लागि लागत अनुमान तयार गर्नु पर्ने र उक्त लागत अनुमान कन्टिन्जेन्सी, ओभरहेड र मूल्य अभिवृद्धि कर आदिको कुल अङ्क हुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रू १० लाख सम्म लागत अनुमान भएका निर्माण कार्य, मालसामान र अन्य सेवा खरिद गर्दा सोझै खरिद विधि अवलम्बन गर्न सकिने उल्लेख छ । वडा कार्यालयले पूँजीगततर्फ विभिन्न कार्य सम्पादन गर्दा सोझै खरिद विधि अवलम्बन गरेकोमा ती योजनाहरूको लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सीलाई लागत अनुमानमा समावेश गरेको देखिएन । लागत अनुमानमा कन्टिन्जेन्सी समावेश गर्दा देहायका ८ योजनाहरूमा सोझै खरिद गर्न पाउने रकम रू १० लाखसम्मको सीमा नाघेको अवस्था छ । यद्यपी कन्टिन्जेन्सी खर्च भने गरेको देखिएन । कानुनमा तोकिए बमोजिमको रकम सीमा भित्र रहि खरिद हुनुपर्दछ ।

| योजना | कन्टिन्जेन्सी समावेश नगरेको स्वीकृत लागत अनुमान | कन्टिन्जेन्सी समावेश गर्दा हुने लागत अनुमान |
|---|---|---|
| सिमलटार बाटो ढलान वडका विभिन्न स्थानमा मंगाल | ९८८५१४.८२ | १०२३५०६.०० |
| अलौकिक मार्गमा ढल तथा बाटो स्तरोन्ती | ९७८८७१.९४ | १०१३५२२.०० |
| वज्र मार्ग हुँदै मित्रनगरसम्को साईड ड्रेन | ९९८४८८.५८ | १०३३८३३.०० |
| वज्रनगरको सहायक गल्लीमा ढुंगा तथा ब्लक | ९९६७६४.०४ | १०३२०४८.०० |
| कर्ण मार्ग स्तरोन्नती | ९७८४३८.७३ | १०१३०७४.०० |
| हरियाली पार्कमा सिचाईको लागि पाईप जडान | ९८०८४१.५७ | १०१५५६२.०० |
| तामाङ गुठि भवनमा टस निर्माण | ९९६८३७.३२ | १०३२१२४.०० |
| ढल तथा मंगाल सरसफाई | ९९६९१२.०० | १०३२२०१.०० |

१३७.४ **उपभोक्ता समितिबाट सिमाभन्दा बढीको कार्यः-** काठमाडौँ महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा लागत अनुमान तयार गर्दा कन्टिजेन्सी, ओभरहेड र मुल्य अभिवृद्धि कर आदिको कुल अङ्कलाई जनाउने र सोहि नियमावलीको नियम ४१ मा रू १ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गर्न सक्ने व्यवस्था छ । वडाले कन्टिन्जेन्सि खर्च बाहेकको लागत अनुमान रू ९९९४१४५.७ रहेको मेलमिलाप चरकुञ्जा मार्गमा सडक ढलान तथा ढल मर्मत उपभोक्ता समिति मार्फत रू ७६९०७६२.०० मा सम्झौता गरी कार्य गराएको छ । कन्टिजेन्सी खर्च (४ प्रतिशत) समावेश गर्दा लागत अनुमान रू १,०३,४७,९२१.०० हुन्छ । यसरी रू १ करोडको सीमा भन्दा बढी रकमको काम उपभोक्ता समितिबाट गराएको नियमसम्मत नदेखिएको रू.......

| | |
|---|---|
| अनियमित भएको | ७६,९०,७६२ |

१३७.५ **प्रतिफलविहीनको खर्चः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य गर्नु अधि त्यस सम्बन्धी योजना, नक्सा, डिजाइन र विस्तृत आयोजना प्रतिवेदनसमेत तयार गर्नु पर्ने भए सो समेत तयार गर्नु पर्ने व्यवस्था छ । वडाले बौद्धचोकमा आकाशे पुल निर्माण गर्ने सम्बन्धमा इनटरफेस इन्जिनियरिङ प्रा.लि. मार्फत उक्त पुलको विस्तृत परियोजना प्रतिवेदन (डि. पि.आर.) तयार गराएको छ । विस्तृत परियोजना प्रतिवेदन तयार गरे वापत त्यो फर्मलाई रू.४७७३३३/- भुक्तानी गरेको छ । लागत अनुमान रू. २५२५१२८०/४६ रहेको उक्त पुल निर्माणको लागि सडक विभागसँग अनुमती माग्दा सडक विभागले उक्त स्थानमा पुल निर्माण गर्न तयार भएको ड्रइङ्ग सडकको दायाँ बाँया फुटपाथको लागि आवश्यक पर्ने स्थान छोडेको नदेखिएकोले ड्रइङ संशोधन गरी पुन पेश गर्ने भनि मिति २०८१।३।४। मा पत्राचार गरेको छ । उक्त कामले सडक विभागको अनुमती नपाएको र वडाले ड्रइङ संशोधन गरी अनुमती प्राप्त गर्न पहल नगरेकोले पुल निर्माणको प्रक्रिया अधि बढेको छैन । सडक मापदण्ड अनुसार पुल बन्न नसक्ने स्थानमा पुलको डि.पि.आर. बनाउन लगाउँदा त्यो खर्च प्रतिफलविहिन बन्न पुगेको छ । खर्च गर्नु अधि यस्ता कुरामा विचार पुर्‍याउनु पर्दछ ।

१३८ **वडा नं ७**

१३८.१ **सोझै खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नु पर्दा सम्भव भएसम्म खुला रूपमा बोलपत्र आह्वान गरी गर्नु पर्ने र योग्य बोलपत्र दातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नु पर्ने उल्लेख छ । वडाले यो वर्ष पुँजीगत बजेट रू. ९ करोड २३ लाख ९४ हजार खर्च गरेकोमा रू. ७ करोड २ लाख ६७ हजारको सोझै खरिद विधिबाट कार्य गरेको छ । सोझै खरिद विधिबाट काम गरेको ७७ योजनाहरूको लागत अनुमान रू ७ करोड १७ लाख ६२ हजार रहेकोमा रू ७ करोड १४ लाख ४९ हजारमा सम्झौता गरी कार्य गराएको पाइयो । सम्झौता रकम लागत अनुमानको तुलनामा औषतमा ०.४३ प्रतिशत मात्र घटी रहेको छ । हरेक योजना तथा कार्य तीन वटा कोटेशन लिई घटी कवोलवालासँग खरिद सम्झौता गरी कार्य

सम्पादन गरेको भएपनि लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता गरेको देखियो । मितव्ययिता, प्रभावकारिता र आर्थिक अनुशासनको दृष्टीले धेरै रकम सोझै खरिद विधि मार्फत खर्च गर्नु उपयुक्त देखिदैन । तसर्थ आकस्मिक र भैपरी प्रकृतिका कार्यहरू बाहेकका योजनाहरू प्रतिस्पर्धात्मक व्यवस्थाको अवलम्बन गरी खरिद गर्नु पर्दछ ।

१३८.२ **खरिद विश्लेषणः-** महानगरपालिकाका विभिन्न वडाहरूमा सम्पन्न भएका २७ वटा ठेक्कामा लागत अनुमान र सम्झौता रकमको तुलना गर्दा लागत अनुमानको तुलनामा औसत २८.३८ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । यस वडा कार्यालयले कोटेशन लिई सोझै खरिद गर्दा लागत अनुमानको तुलनामा ०.४३ प्रतिशत न्यूनमा सम्झौता भएको छ । सोझै खरिदमा गरेको खर्च ठेक्का मार्फत गरेको भए ठेक्कामा घटेको औसत २८.३८ प्रतिशतका आधारमा न्यूनतम रू. २ करोड ५७ हजार वचत हुने देखिन्छ । त्यसैले खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन हुने गरी खरिद गर्नुपर्दछ ।

१३८.३ **सीमा भन्दा बढीको सोझै खरिदः-** काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा कार्यालयबाट सबै प्रकारका खरिद कार्यका लागि लागत अनुमान तयार गर्नु पर्ने र उक्त लागत अनुमान कन्टिन्जेन्सी, ओभरहेड र मूल्य अभिवृद्धि कर आदिको कुल अङ्क हुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रू १० लाखसम्म लागत अनुमान भएका निर्माण कार्य, मालसामान र अन्य सेवा खरिद गर्दा सोझै खरिद विधि अवलम्बन गर्न सकिने उल्लेख छ । वडा कार्यालयले पूँजीगततर्फ विभिन्न कार्य सम्पादन गर्दा सोझै खरिद विधि अवलम्बन गरेकोमा ती योजनाहरूको लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सीलाई लागत अनुमानमा समावेश गरेको देखिएन । लागत अनुमानमा कन्टिन्जेन्सी समावेश गर्दा देहायका ३५ योजनाहरूमा सोझै खरिद गर्न पाउने रकम रू १० लाखसम्मको सीमा नाघेको अवस्था छ । यद्यपी कन्टिन्जेन्सी खर्च भने गरेको देखिएन ।कानुनमा तोकिए बमोजिमको रकम सीमा भित्र रहि खरिद हुनुपर्दछ ।

| योजना | कन्टिन्जेन्सी समावेश नगरेको स्वीकृत लागत अनुमान | कन्टिन्जेन्सी समावेश गर्दा हुने लागत अनुमान |
|---|---|---|
| रूद्रश्वर पार्क सतरोन्नती | ९९७१०३.९७ | १०३२४००.०० |
| गंगाहिटी भित्री गल्लीमा ब्लक छाप्ने | ९९८७३५.५४ | १०३४०८९.०० |
| बुलबुले उत्तर तथा दक्षिणतर्फको बाटो निर्माण | ९९९१९७.६५ | १०३४५६७.०० |
| वि पि पार्क निर्माण | ९८५३९८.९५ | १०२०२८०.०० |
| कुमारीगाल उज्यालो गल्लीमा ढल तथा बाटो | ९९५६४३.११ | १०३०८८७.०० |
| मानन्धर टोलमा बाटो निर्माण | ९९७५७५.८७ | १०३२८८८.०० |
| सिफल सडक प्याचिङ | ९९९८४१.१२ | १०३५२३४.०० |
| कुमारीगाल टुसाल मार्गमा ढल | ९९८०१६.९१ | १०३३३४५.०० |
| वडाका विभिन्न सडकमा ट्रफिक संकेत नाम | ९९०२१५.७८ | १०२५२६८.०० |
| भिमसेनस्थान मन्दिर जिर्णोद्धार | ९९८५८०.४७ | १०३३९२८.०० |
| पिंगला विहार रंगरोगन तथा गंगाहिटीमा ढल | ९९८४७५.६७ | १०३३८२०.०० |
| गौरीनगर मार्ग ढलानचोक देखि संगमचोक सम्म साइड ड्रेन | ९९३७८६.०८ | १०२८९६४.०० |
| रूद्रमती खोला सफाई | ९९७९९२.७८ | १०३३३२०.०० |
| बाटोमा ढलान तथा ढल निकास | ९८६१८१.०० | १०२१०९०.०० |
| इलिक्सर स्कुल अगाडी ढल तथा ढलान | ९९९०६२.३३ | १०३४४२७.०० |
| रातोपुल करिडोरको ब्लक मर्मत | ९९३८२७.०२ | १०२९००७.०० |
| चक्रपथ एवन डाडा जाने बाटो ढलान | ९८९७५०.६९ | १०२४७८६.०० |
| वडाका विभिन्न स्थानमा ढल बाटो | ९९६८५६.०४ | १०३२१४३.०० |
| गंगाहिटि भित्रि बाटो ढल निर्माण | ९९८०९३.६६ | १०३३४२४.०० |
| क्याप कलेज बाटो निर्माण काय | ९९७४८६.६६ | १०३२७९६.०० |
| वडाका विभिन्न स्थानमा ढल बाटो | ९८८१८४.६४ | १०२३१६५.०० |
| वडाका विभिन्न स्थानमा ढल बाटो | ९९२८५७.७८ | १०२८००३.०० |
| लाउरेटोलमा सडक निर्माण | ९९८४९९.६७ | १०३३८४५.०० |
| मित्रपार्क बाट गरहेश्वरी जाने बाटो स्तरोन्नती | ९९९६२३.०५ | १०३५००८.०० |
| विरेन्द्र पुस्तकालय भवन थप निर्माण | ९९८६९८.२३ | १०३४०५०.०० |
| पनीको हाईटमा बाटो ब्लक छाप्ने | ९८२०४२.३९ | १०१६८०५.०० |
| वडाका विभिन्न स्थानमा स्वागतद्धार निर्माण | ९९६४८३.६० | १०३१७५७.०० |
| पनीको टोल ओरालो जाने बाटो निर्माण | ९८८७६६.१७ | १०२३७६७.०० |
| गोपिकृष्ण सडक प्याचिङ गर्ने | ९९५२४७.८६ | १०३०४७८.०० |
| मैजबहाल एरियामा सडक निर्माण | ९९४९८२.३७ | १०३०२०३.०० |

| | | |
|---|---|---|
| वडाका विभिन्न स्थानमाढल तथा मर्मत | ९९३४४७.०७ | १०२८६१३.०० |
| गौरीघाटको बाटोमा ढल तथा बाटो मर्मत | ९८३४७१.५२ | १०१८२८५.०० |
| वडा परिसरमा स्तरोन्नती | ९९६८०२.०० | १०३२०८७.०० |
| गौरीघाट जाने बाटो मर्मत | ९९८६७३.७२ | १०३४०२५.०० |
| पत्राहिटीमा बाटो निर्माण | ९९६७१६.०५ | १०३१९९८.०० |

१३८.४ **टुक्रा पारी खरिदः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रू २० लाख रूपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा मालसामान खरिद गर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने उल्लेख छ । वडाका विभिन्न स्थानमा सि.सि.टि.भि. जडान कार्यको लागि रू. ५० लाख विनियोजन भएकोमा वडाले उक्त विनियोजित रकमको रू. १० लाखका ५ वटा योजना बनाई सोझै खरिद विधि अवलम्बन गरी रू. ४९ लाख ९४ हजार खर्च गरेको छ । बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्नेमा कार्यक्रम टुक्रा पारी सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रू........

| | |
|---|---|
| अनियमित भएको | ४९,९४,००० |

१३९ **वडा नं ८**

१३९.१ **सोझै खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नु पर्दा सम्भव भएसम्म खुला रुपमा बोलपत्र आह्वान गरी गर्नु पर्ने र योग्य बोलपत्र दातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नु पर्ने उल्लेख छ । वडाले यो वर्ष पुँजीगत बजेट रू ५ करोड ३६ लाख १७ हजार खर्च गरेकोमा रू. ३ करोड ४० लाख २९ हजारको सोझै खरिद विधिबाट कार्य गरेको छ ।सोझे खरिद विधिबाट काम गरेको ४६ योजनाहरुको लागत अनुमान रू ३ करोड ५२ लाख ८९ हजार रहेकोमा रू ३ करोड ४९ लाख ८८ हजारमा सम्झौता गरी कार्य गराएको पाइयो । सम्झौता रकम लागत अनुमानको तुलनामा औषतमा ०.८५ प्रतिशत मात्र घटी रहेको छ । हरेक योजना तथा कार्य तीन वटा कोटेशन लिई घटी कवोलवालासँग खरिद सम्झौता गरी कार्य सम्पादन गरेको भएपनि लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता गरेको देखियो । मितव्ययिता, प्रभावकारिता र आर्थिक अनुशासनको दृष्टीले धेरै रकम सोझै खरिद विधि मार्फत खर्च गर्नु उपयुक्त देखिदैन । तसर्थ आकस्मिक र भैपरी प्रकृतिका कार्यहरु बाहेकका योजनाहरु प्रतिस्पर्धात्मक व्यवस्थाको अवलम्बन गरी खरिद गर्नु पर्दछ ।

१३९.२ **खरिद विश्लेषणः-** महानगरपालिकाका विभिन्न वडाहरूमा सम्पन्न भएका २७ वटा ठेक्कामा लागत अनुमान र सम्झौता रकमको तुलना गर्दा लागत अनुमानको तुलनामा औसत २८.३८ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । यस वडा कार्यालयले कोटेशन लिई सोझै खरिद गर्दा लागत अनुमानको तुलनामा ०.८५ प्रतिशत न्यूनमा सम्झौता भएको छ । सोझै खरिदमा गरेको खर्च ठेक्का मार्फत गरेको भए ठेक्कामा घटेको औसत २८.३८ प्रतिशतका आधारमा न्यूनतम रू. ९७ लाख १५ हजार वचत हुने देखिन्छ । त्यसैले खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन हुने गरी खरिद गर्नुपर्दछ ।

१३९.३ **सीमाभन्दा बढीको सोझै खरिदः-** काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा कार्यालयबाट सबै प्रकारका खरिद कार्यका लागि लागत अनुमान तयार गर्नु पर्ने र उक्त लागत अनुमान कन्टिन्जेन्सी, ओभरहेड र मूल्य अभिवृद्धि कर आदिको कुल अङ्क हुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियममावली, २०६४ को नियम ८५ मा रू १० लाखसम्म लागत अनुमान भएका निर्माण कार्य, मालसामान र अन्य सेवा खरिद गर्दा सोझै खरिद विधि अवलम्बन गर्न सकिने उल्लेख छ । वडा कार्यालयले पूँजीगततर्फ विभिन्न कार्य सम्पादन गर्दा सोझै खरिद विधि अवलम्बन गरेकोमा ती योजनाहरूको लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सीलाई लागत अनुमानमा समावेश गरेको देखिएन । लागत अनुमानमा कन्टिन्जेन्सी समावेश गर्दा देहायका १० योजनाहरूमा

सोझै खरिद गर्न पाउने रकम रू १० लाख सम्मको सीमा नाघेको अवस्था छ । यद्यपी कन्टिन्जेन्सी खर्च भने गरेको देखिएन । कानुनमा तोकिए बमोजिमको रकम सीमा भित्र रहि खरिद हुनुपर्दछ ।

| योजना | कन्टिन्जेन्सी समावेश नगरेको स्वीकृत लागत अनुमान | कन्टिन्जेन्सी समावेश गर्दा हुने लागत अनुमान |
|---|---|---|
| गौशाला देखि पशुपति भिजनसम्म पाइप जडान | ९९६५०७.७२ | १०३१७८४.०० |
| पिङ्गलास्थान मन्दिर परिसरमा मर्मत | ९९५०४६.६२ | १०३०२७०.०० |
| पञ्चकन्या टोलमा हरियाली पार्क निर्माण | ९९२९५१.७९ | १०२८१०१.०० |
| तिलगंगा पिङ्गला स्थान जाने प्रवेशद्वार निर्माण | ९८७९५४.२७ | १०२२९२६.०० |
| व्यायामशाला निर्माण | ९७९०९५.५१ | १०१३७५४.०० |
| मास्के चोकमा ढल मंगाल कार्य | ९९६१२१.०४ | १०३१३८२.०० |
| सिम्पु चोकमा ढल तथा मंगाल कार्य | ९९१५२८.९६ | १०२६६२७.०० |
| ग्वाननीमा ढल तथा पाईप | ९८७६५९.०० | १०२२६२०.०० |
| ढल तथा ब्लक छाप्ने कार्य | ९९०८१७.०० | १०२५८९०.०० |
| ढल तथा ब्लक छाप्ने कार्य | ९७७८१३.५२ | १०१२४२६.०० |

१३९.४ **बढी पेश्कीः**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ५ मा खरिद सम्झौता भएपछि सम्झौता रकमको बढीमा एक तिहाई रकम सम्मको अग्रिम रूपमा पेश्की दिन सक्ने व्यवस्था छ । देहायका २ योजनामा पहिलो किस्तामा ३३ प्रतिशत पेश्की भुक्तानी गरी दोस्रो रनिङ बिलमा पुनः पेश्की दिंदा ६४ प्रतिशत सम्म पेश्की दिएको देखिन्छ । वडाले नियमावलीमा तोकिएको सीमा भन्दा बढी पेश्की दिने कार्यमा नियन्त्तण गर्नुपर्दछ ।

| आयोजनाको नाम | उपभोक्ता समितिको नाम | सम्झौता रकम | जम्मा पेश्की |
|---|---|---|---|
| रावण पाटी निर्माण कार्य | लंका रावण पाटी उ.स | ६५३८७७५.०० | ४२२५७८३.०० |
| नर्सिङ पाटी पुनः निर्माण | तार्मेश्वर मन्दिर प्राङ्गण उ.स | ३४०३४१०.०० | १८००११२.०० |

१३९.५ **टुक्रा पारी खरिदः**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रू २० लाख रूपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा मालसामान खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने उल्लेख छ । वडाका विभिन्न स्थानमा सि.सि.टि.भि. जडान कार्यको लागि रू. ३० लाख विनियोजन भएकोमा वडाले उक्त विनियोजित रकमको रू. १० लाख मुनीका ३ वटा योजना बनाई सोझै खरिद विधि अवलम्बन गरी रू. २२४८८११/- खर्च गरेको छ । बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्नेमा कार्यक्रम टुक्रा पारी सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रू.....

| | |
|---|---|
| अनियमित भएको | २२,४८,८११ |

१४० **वडा नं ९**

१४०.१ **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा सम्भव भएसम्म खुला रूपमा बोलपत्र आह्वान गरी गर्नु पर्ने र योग्य बोलपत्र दातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नु पर्ने उल्लेख छ । वडाले यो वर्ष पुँजीगत बजेट रू. १५ करोड ८१ लाख ८२ हजार खर्च गरेकोमा रू. ९ करोड ६६ लाख २९ हजारको सोझै खरिद विधिबाट कार्य गरेको छ । सोझै खरिद विधिबाट काम गरेको ९९ योजनाहरूको लागत अनुमान रू ९ करोड ८० लाख ३८ हजार रहेकोमा रू ९ करोड ७२ लाख ८३ हजारमा सम्झौता गरी कार्य गराएको पाइयो । सम्झौता रकम लागत अनुमानको तुलनामा

औषतमा ०.७७ प्रतिशत मात्र घटी रहेको छ । हरेक योजना तथा कार्य तीन वटा कोटेशन लिई घटी कवोलवालासँग खरिद सम्झौता गरी कार्य सम्पादन गरेको भएपनि लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता गरेको देखियो । मितव्ययिता, प्रभावकारिता र आर्थिक अनुशासनको दृष्टीले धेरै रकम सोझै खरिद विधि मार्फत खर्च गर्नु उपयुक्त देखिदैन । तसर्थ आकस्मिक र भैपरी प्रकृतिका कार्यहरू बाहेकका योजनाहरू प्रतिस्पर्धात्मक व्यवस्थाको अवलम्बन गरी खरिद गर्नुपर्दछ ।

१४०.२ **खरिद विश्लेषणः-** महानगरपालिकाका विभिन्न वडाहरूमा सम्पन्न भएका २७ वटा ठेक्कामा लागत अनुमान र सम्झौता रकमको तुलना गर्दा लागत अनुमानको तुलनामा औसत २८.३८ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । यस वडा कार्यालयले कोटेशन लिई सोझै खरिद गर्दा लागत अनुमानको तुलनामा ०.७७ प्रतिशत न्यूनमा सम्झौता भएको छ । सोझै खरिदमा गरिको खर्च ठेक्का मार्फत गरेको भए ठेक्कामा घटेको औसत प्रतिशतका आधारमा न्यूनतम रू. २ करोड ७० लाख ६८ हजार वचत हुने देखिन्छ । त्यसैले प्रतिस्पर्धात्मक विधि अवलम्बन हुने गरी खरिद गर्नुपर्दछ ।

१४०.३ **सीमा भन्दा बढीको सोझै खरिदः-** काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा कार्यालयबाट सबै प्रकारका खरिद कार्यका लागि लागत अनुमान तयार गर्नु पर्ने र उक्त लागत अनुमान कन्टिन्जेन्सी, ओभरहेड र मूल्य अभिवृद्धि कर आदिको कुल अङ्क हुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रू १० लाखसम्म लागत अनुमान भएका निर्माण कार्य, मालसामान र अन्य सेवा खरिद गर्दा सोझै खरिद विधि अवलम्बन गर्न सकिने उल्लेख छ । वडा कार्यालयले पूँजीगततर्फ विभिन्न कार्य सम्पादन गर्दा सोझै खरिद विधि अवलम्बन गरेकोमा ती योजनाहरूको लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सीलाई लागत अनुमानमा समावेश गरेको देखिएन । लागत अनुमानमा कन्टिन्जेन्सी समावेश गर्दा देहायका ८० योजनाहरूमा सोझै खरिद गर्न पाउने रकम रू १० लाख सम्मको सीमा नाघेको अवस्था छ । यद्यपी कन्टिन्जेन्सी खर्च भने गरेको देखिएन । कानुनमा तोकिए बमोजिमको रकम सीमा भित्र रहि खरिद हुनुपर्दछ ।

| योजना | कन्टिन्जेन्सी समावेश नगरेको स्वीकृत लागत अनुमान | कन्टिन्जेन्सी समावेश गर्दा हुने लागत अनुमान |
|---|---|---|
| बत्तीसपुतली नमुना गल्लीमा ब्लक तथा ढल | ९९९८९०.४० | १०३५२८४.०० |
| सिनामंगल पुल नजिकै सिंढी तथा रिटेनिङ वाल | ९९७४१८.९१ | १०३२७२६.०० |
| प्रयाग मार्ग बत्तीसपुतलीमा आर सि सि ढलान | ९९२६१९.२२ | १०२७७५६.०० |
| विजयचोक भित्री गल्लीमा ढल तथा ब्लक | ९९१४७२.४९ | १०२६५५९.०० |
| गुहेश्वरी गैरी गाउँमा ह्युम पाइप राख्ने काम | ९९८९२६.९७ | १०३४२८७.०० |
| धौलागिरी मार्गमा ढल मंगाल | ९९९२७२.९३ | १०३४६४५.०० |
| कालिमाटी डोलमा आर सि सि ढलान | ९९७६४२.९३ | १०३२९५८.०० |
| प्रकास सन्यास आश्रम अगाडी बाटो ढलान | ९९९९८२.८७ | १०३५९८०.०० |
| सुर्य विक्रम मार्ग, मन्जुश्री मार्ग लगायतमा ढलान | ९९६८२४.९५ | १०३२१११.०० |
| खुम्बिला होटल छेउँ रहेको ढुँगेधारा मर्मत | ९८७५५९.२३ | १०२२५१७.०० |
| रामचन्द्र मार्गको भित्री बाटोमा ब्लक छाप्ने | ९९२९८८.१६ | १०२८१३८.०० |
| प्रकाश सन्यास आश्रममा कम्पाउण्ड वाल | ९८७४००.९३ | १०२२३५३.०० |
| सिद्धि विनायक मन्दिरमा ब्लक | ९९६३१८.९२ | १०३१५८७.०० |
| वडाका विभिन्न ठाउँमा नाली मर्मत सफाई | ९९८०६७.९९ | १०३३३९८.०० |
| पञ्चकुमारी मन्दिर र अन्य ठाउँमा ब्लक | ९९३८०८.२८ | १०२८९८७.०० |
| गौशाला विनयचोक भिमसेनगोलाका सडकमा मार्किङ | ९७६०७६.३४ | १०१०६२८.०० |
| स्वास्थ्य प्रवर्द्धन केन्द्र मर्मत | ९९८१३१.२४ | १०३३४६३.०० |
| शम्भु मार्ग ४ मा ढल मंगाल | ९९५९७४.४६ | १०३१२३०.०० |
| तील गंगामा ढल निर्माण | ९९८३००.८६ | १०३३६३९.०० |
| कालिमाटी डोलको विभिन्न स्थानमा ढल मंगाल तथा ढुंगा छाप्ने काम | ९९५८२८.५२ | १०३१०७९.०० |
| गौशाला ओरालोबाट रातपुल जानेबाटोमा धारा मर्मत | ९९०२४२.४६ | १०२५२९५.०० |
| सलेष्मान्तक मार्ग कालिमाटी डोलमा ढलान | ९९४९५५.३७ | १०३०१७५.०० |
१५२.१ **सोझै खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नु पर्दा सम्भव भएसम्म खुला रूपमा बोलपत्र आह्वान गरी गर्नु पर्ने र योग्य बोलपत्र दातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने उल्लेख छ । वडाले यो वर्ष पुँजीगत बजेट रू. ७ करोड ८० लाख ७५ हजार खर्च गरेकोमा रू. ५ करोड ४४ लाख ७ हजारको सोझै खरिद विधिबाट काम गरेको छ । सोझै खरिद विधिबाट काम गरेको ६३ योजनाहरूको लागत अनुमान रू ५ करोड ५२ लाख ३७ हजार रहेकोमा रू ५ करोड ४९ लाख ६१ हजार मा सम्झौता गरी कार्य गराएको पाइयो । जुन सम्झौता रकम लागत अनुमानको तुलनामा .०५ प्रतिशत मात्र घटी रहेको छ । हरेक योजना तथा कार्य तीन वटा कोटेशन लिई घटी कवोलवालासँग खरिद सम्झौता गरी कार्य सम्पादन गरेको भएपनि लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता गरेको देखियो । मितव्ययिता, प्रभावकारिता र आर्थिक अनुशासनको दृष्टीले धेरै रकम सोझै खरिद विधि मार्फत खर्च गर्नु उपयुक्त देखिदैन । तसर्थ आकस्मिक र भैपरी प्रकृतिका कार्यहरू बाहेकका योजनाहरू प्रतिस्पर्धात्मक व्यवस्थाको अवलम्बन गरी खरिद गर्नुपर्दछ ।

१५२.२ **खरिद विश्लेषणः-** महानगरपालिकाका विभिन्न वडाहरूमा सम्पन्न भएका २७ वटा ठेक्कामा लागत अनुमान र सम्झौता रकमको तुलना गर्दा लागत अनुमानको तुलनामा औसत २८.३८ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । यस वडा कार्यालयले कोटेशन लिई सोझै खरिद गर्दा लागत अनुमानको तुलनामा ०.५ प्रतिशत न्यूनमा सम्झौता भएको छ । सोझै खरिदमा गरेको खर्च ठेक्का मार्फत गरेको भए ठेक्कामा घटेको औसत २८.३८ प्रतिशतका आधारमा न्यूनतम रू. १ करोड ५४ लाख वचत हुने देखिन्छ । त्यसैले खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन हुने गरी खरिद गर्नुपर्दछ ।

१५२.३ **सीमाभन्दा बढीको सोझै खरिदः-** काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा कार्यालयबाट सबै प्रकारका खरिद कार्यका लागि लागत अनुमान तयार गर्नु पर्ने र उक्त लागत अनुमान कन्टिन्जेन्सी, ओभरहेड र मूल्य अभिवृद्धि कर आदिको कुल अङ्क हुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रू १० लाख सम्म लागत अनुमान भएका निर्माण कार्य, मालसामान र अन्य सेवा खरिद गर्दा सोझै खरिद विधि अवलम्बन गर्न सकिने उल्लेख छ । वडा कार्यालयले पूँजीगततर्फ विभिन्न कार्य सम्पादन गर्दा सोझै खरिद विधि अवलम्बन गरेकोमा ती योजनाहरूको लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सीलाई लागत अनुमानमा समावेश गरेको देखिएन । लागत अनुमानमा कन्टिन्जेन्सी समावेश गर्दा देहायका २८ योजनाहरूमा सोझै खरिद गर्न पाउने रकम रू १० लाख सम्मको सीमा नाघेको अवस्था छ । यद्यपी कन्टिन्जेन्सी खर्च भने गरेको देखिएन । कानुनमा तोकिए बमोजिमको रकम सीमा भित्र रहि खरिद हुनुपर्दछ ।

| योजना | कन्टिन्जेन्सी समावेश नगरेको स्वीकृत लागत अनुमान | कन्टिन्जेन्सी समावेश गर्दा हुने लागत अनुमान |
|---|---|---|
| इन्द्रायणी स्थित आधुनिक चिहान निर्माण | ९९५०००.०० | १०३०२२१.०० |
| कुशेश्वर चौरमा ढल तथा मंगाल | ९९५५६०.३४ | १०३०८०१.०० |
| कलधारा स्थित बाटो ढलान | ९९७८६२.१२ | १०३३१८५.०० |
| खालिगाँ मार्गमा ब्लक तथा ढल मंगाल | ९९९९६२.०७ | १०३५३५९.०० |
| वडा भवनमा ट्रष्ट बनाउने काम | ९९०५६५.६२ | १०२५६३०.०० |
| इन्द्रायणी बुद्ध पार्कमा रेलिङ ब्लक र पिसिसि | ९९९३०६.६५ | १०३४६८०.०० |
| कुस्लेचौरमा ह्युमपाइप र म्यानहोल | ९८७११३.२२ | १०२२०५५.०० |
| ढल्को लिंकरोडमा ढल मंगाल | ९९४४४५.३७ | १०२९६४७.०० |
| धोवीचौर पार्क सुधार कार्य | ९८२८२०.३९ | १०१७६१०.०० |
| मरगुथी सत्तल निर्माण | ९९७०१८.३१ | १०३२३११.०० |
| इन्द्रायणी पुलमुनी ड्याम निर्माण | ९९८२६५.०६ | १०३३६०२.०० |
| नित्यनाथ मार्ग भित्री सडकमा कलर ब्लक | ९८२०४.६२ | १०३३५३९.०० |
| मानन्धर गुठी घर निर्माण | ९९५८६६.०७ | १०३१११८.०० |
| डवली क्षेत्रपाटीमा कलर इन्टरलकिङ ब्लक | ९७६२७४.२० | १०१०८३३.०० |
| खुशि बुं मा ढुंगा तथा ब्लक | ९९१८५९.३६ | १०२६९६९.०० |
| शिव मन्दिर मर्मत संभार | ९९७४९६.६४ | १०३२८०६.०० |
| शान्तिशिक्षा मन्दिर स्कुल प्राङ्गनमा मन्च निर्माण | ९९९१६०.० | १०३४२५२८.०० |
| ढल्कोमा गेट निर्माण | ९९८८५०.९८ | १०३४२०९.०० |
| वडा भवनमा स्टोर कोठा निर्माण | ९७७३७७.२४ | १०११९७५.०० |
| स्वास्थ्य भवनमा तला थप | ९८३०८०.०९ | १०१७८७९.०० |
| कलधारा र वडा कार्यालय अन्तरगत ढल सफाई | ९९३९८१.४३ | १०२९१६७.०० |
| क्वावहालमा ढल तथा मंगाल | ९८७३५३.९३ | १०२२३०५.०० |
| रजत टोलमा डाँछी ईटा राख्ने | ९९७४७०.०० | १०३२७७९.०० |
| विभिन्न स्थानमा कलर ब्लक छपाई कार्य | ९९७४२७.०० | १०३२७३४.०० |
| मैत्रिपुर सत्तलमा छाना निर्माण | ९९९३२१.०० | १०३४६९५.०० |
| वाक बज्रसत्तलमा छाना निर्माण | ९९९२९९.०० | १०३४६७२.०० |
| छोटो गल्लीमा ढल तथा मंगाल | ९७८२१२.०० | १०१२८३९.०० |
| रजक गल्लीमा विभिन्न किसिमको ढलक छाप्ने कार्य | ९८४११५.५१ | १०१८९५१.०० |

१५३ **वडा नं १८**

१५३.१ **सोझै खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नु पर्दा सम्भव भएसम्म खुला रूपमा बोलपत्र आह्वान गरी गर्नु पर्ने र योग्य बोलपत्र दातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नु पर्ने उल्लेख छ । वडाले यो वर्ष पुँजीगत बजेट रू ४ करोड ४४ लाख २३ हजार खर्च गरेकोमा रू ३ करोड ९३ लाख ८६ हजारको सोझै खरिद विधिबाट काम गरेको छ । सोझै खरिद विधिबाट काम गरेको ४५ योजनाहरूको लागत अनुमान रू ४ करोड २ लाख २ हजार रहेकोमा रू ३ करोड ९८ लाख ९९ हजारमा सम्झौता गरी कार्य गराएको पाइयो । जुन सम्झौता रकम लागत अनुमानको तुलनामा ०.७५ प्रतिशत मात्र घटी रहेको छ । हरेक योजना तथा कार्य तीन वटा कोटेशन लिई घटी कवोलवालासँग खरिद सम्झौता गरी कार्य सम्पादन गरेको भएपनि लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता गरेको देखियो । मितव्ययिता, प्रभावकारिता र आर्थिक अनुशासनको दृष्टीले धेरै रकम सोझै खरिद विधि मार्फत खर्च गर्नु उपयुक्त देखिदैन । तसर्थ आकस्मिक र भैपरी प्रकृतिका कार्यहरू बाहेकका योजनाहरू प्रतिस्पर्धात्मक व्यवस्थाको अवलम्बन गरी खरिद गर्नुपर्दछ ।

१५३.२ **खरिद विश्लेषणः-** महानगरपालिकाका विभिन्न वडाहरूमा सम्पन्न भएका २७ वटा ठेक्कामा लागत अनुमान र सम्झौता रकमको तुलना गर्दा लागत अनुमानको तुलनामा औसत २८.३८ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । यस वडा कार्यालयले कोटेशन लिई सोझै खरिद गर्दा लागत अनुमानको तुलनामा ०.७५ प्रतिशत न्यूनमा सम्झौता भएको छ । सोझै खरिदमा गरेको खर्च ठेक्का मार्फत गरेको भए ठेक्कामा घटेको औसत २८.३८ प्रतिशतका आधारमा न्यूनतम रू.१ करोड ११ लाख ७ हजार वचत हुने देखिन्छ । त्यसैले खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन हुने गरी खरिद आबश्यकता पहिचान तथा खरिद योजना छनौट गर्नुपर्दछ ।

१५३.३ **सीमाभन्दा बढीको सोझै खरिदः-** काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा कार्यालयबाट सबै प्रकारका खरिद कार्यका लागि लागत अनुमान तयार गर्नु पर्ने र उक्त लागत अनुमान कन्टिन्जेन्सी, ओभरहेड र मूल्य अभिवृद्धि कर आदिको कुल अङ्क हुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियममावली, २०६४ को नियम ८५ मा रू १० लाख सम्म लागत अनुमान भएका निर्माण कार्य, मालसामान र अन्य सेवा खरिद गर्दा सोझै खरिद विधि अवलम्बन गर्न सकिने उल्लेख छ । वडा कार्यालयले पूँजीगततर्फ विभिन्न कार्य सम्पादन गर्दा सोझै खरिद विधि अवलम्बन गरेकोमा ती योजनाहरूको लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सीलाई लागत अनुमानमा समावेश गरेको देखिएन । लागत अनुमानमा कन्टिन्जेन्सी समावेश गर्दा देहायका ३० योजनाहरूमा सोझै खरिद गर्न पाउने रकम रू १० लाख सम्मको सीमा नाघेको अवस्था छ । यद्यपी कन्टिन्जेन्सी खर्च भने गरेको देखिएन । कानुनमा तोकिए बमोजिमको रकम सीमा भित्र रहि खरिद हुनुपर्दछ ।

| योजना | कन्टिन्जेन्सी समावेश नगरेको स्वीकृत लागत अनुमान | कन्टिन्जेन्सी समावेश गर्दा हुने लागत अनुमान |
|---|---|---|
| स्वास्थ्य सेवा प्रवर्द्धन केन्द्र मर्मत पार्टेसन | ९८५३०३.७६ | १०२०१८२.०० |
| टेंगल गणेश मन्दिर परिसर कालुधोवी चोक मर्मत | ९९६६१६.०४ | १०३१८९४.४८ |
| विष्णुमती घाट पुन निर्माण तथा चैत्य उकास्ने कार्य | ९८२६५७.२३ | १०१७४४१.५५ |
| भावुननी चोक ढुंगा छाप्ने काम | ९९४१९१.९९ | १०२९३८४.६२ |
| तम्पिता पार्क स्तरोन्ती | ९८२९४५.२२ | १०१७७२९.७४ |
| ढुंगेधारा पुन निर्माण कार्य | ९९८००२.९५ | १०३३३३०.४९ |
| कुमारीगल्लीको मार्गमा ढुंगा तथा ब्लक | ९७७८३३.७६ | १०१२४४७.३४ |
| पुष्पलाल पार्क अगाडी फुटपाथ निर्माण | ९९२९३३.२० | १०२८०८१.७८ |
| दुगुचाखेलमा ढुंगा छाप्ने | ९७९६४३.६८ | १०१४३२१.३३ |
| विष्णुमती घाट मर्मत संभार | ९८७६४५.१० | १०२२६०५.९९ |
| ताम्सी पाखामा फुटपाथ निर्माण | ९९२८६०.४५ | १०२८००५.९५ |
| विनायक चोक पुननिर्माण | ९९४७२२.४९ | १०२९९३३.९० |
| विनायक गल्ली हरिकृष्ण घरछेउँको चोकमा ढुंगा छाप्ने | ९७७९९१.८५ | १०१२६११.०३ |
| पुष्पलाल स्मृति पार्क स्तरोन्ती | ९९५९३८.५१ | १०३११९२.९७ |
| घाट गल्ली बाटो पुननिर्माण | ९९४८०८.५२ | १०३००२२.९८ |
| भुरुखेल अवस्थित सहयोग समिति मार्गमा ढल मंगाल | ९९३६४०.२३ | १०२८८१३.३३ |
| टेंगल देखि इखापोखरी सम्म फुटपाथ निर्माण | ९९५४९६.७० | १०३०७३५.५२ |
| भुरुखेल पार्क स्तरोन्ती | ९७४१३८.४६ | १००८६२१.४६ |
| वनेमाचुकमा ढुंगा छाप्ने काम | ९९८००७.६८ | १०३३३३५.३८ |
| महादेव मन्दिर चोकमा ढुंगा छाप्ने काम | ९८९९३९.४६ | १०२४९८१.५६ |
| विष्णुमती करिडोरमा फुटपाथ पुननिर्माण | ९९०३६५.२२ | १०२५४२२.३९ |
| पुष्पलाल पार्कमा सौचालय निर्माण | ९९६४४०.०९ | १०३१७१२.३० |
| यात्रु प्रतिक्षालय पुष्पलाल पथ र ताम्सीपाखामा ढुंगा तथा ब्लक | ९९२६०५.१२ | १०२७७४१.५८ |
| वडाका विभिन्न स्थानमा ढल ब्लक | ९९५७९१.७० | १०३१०४०.३७ |
| न्यू जेनिथ गल्लीमा ब्लक छाप्ने | ९९१०२०.२० | १०२६१००.५६ |
| वडाका विभिन्न स्थानमा साइड ड्रेन | ९९२६३८.३४ | १०२७७७५.९८ |
| किलागल लामाचोकमा ब्लक छाप्ने | ९८९३५०.६१ | १०२४३७१.८७ |
| योगविर सिंह मार्ग उत्तरतर्फ फुटपाथमा ब्लक | ९८३२१५.३४ | १०१८०१९.४२ |
| विभन्न स्थानमा ढल तथा मर्मत | ९७४४७८.३० | १००८९७३.११ |
| चोकमा ब्लक छाप्ने कार्य | ९९५९३०.०० | १०३११८४.१६ |

१५३.४ **उपभोक्ता समितिबाट सरकारी भवन निर्माणः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको निर्माण पश्चात मर्मत सम्भार र सञ्चालन लाभग्राही समुदायबाटै हुने र स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । वडाले ठेक्का मार्फत निर्माण गर्नुपर्ने भक्त विद्या आश्रम सामुदायिक विद्यालय तला थपको काम उपभोक्ता समितिबाट गराई रू ४७२९४८७.०० खर्च गरेको छ । उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रूपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरू उपभोक्ता समिति मार्फत गराएको पाइयो । नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी उपभोक्ता समिति मार्फत सरकारी भवन तथा भौतिक संरचना निर्माण कार्य गराउनु नियमसम्मत नदेखिएको रू........

| | |
|---|---|
| अनियमित भएको | ४७,२९,४८७ |

१५३.५ **रितपुर्वको कर वीजकः-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मले तोकीएको ढाँचामा कर वीजक जारी गर्नुपर्ने उल्लेख छ । त्यस्तै आन्तरिक राजस्व विभागको मिति २०६५।७।१० को परिपत्र अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले हरेक वर्ष वीजकको क्रम संख्या १ बाट सुरू गर्नुपर्ने र कर विजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । निर्माण व्यवसायी तथा फर्महरूले सम्पादित कामको भुक्तानी लिंदा पेश गरेका देहायका विलहरूमा विजक नम्बर नभएको, नम्वर हातले लेखेको तथा विजक नम्बर सच्चाएको देखियो । वडाले ती फर्महरूलाई विल रकमको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर मध्ये ३० प्रतिशत कटाई ७० प्रतिशत भुक्तानी गरेको रू १५१६३४/- मूल्य अभिवृद्धिकर सम्बन्धित राजस्व कार्यालयमा समायोजन भएको प्रमाण पेश हुनपर्ने रू.....

| **गो भौ र मिति** | **फर्म** | **विजक नं/ मिति** | **विल रकम** | **मू. अ कर** | **भुक्तानी भएको ७०% मू.अ. कर** |
|---|---|---|---|---|---|
| ५०।२०८०।७।२२ | कुमार निर्माण सेवा प्रा लि (६१०००९०९७) | २०८०।७।२ | ९३२१०८/- | १०७२३४/- | ७५०६३/- |
| ७१।२०८०।९।१७ | विपान कन्स्ट्रक्सन प्रा लि (६०६६२८३१६) | ८३-२०८१।१।२४ | ९५०८२२/- | १०९३८७/- | ७६५७१/- |
| जम्मा | | | | | १५१६३४/- |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५१,६३४ |

१५४ **वडा नं १९**

१५४.१ **सोझै खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नु पर्दा सम्भव भएसम्म खुला रूपमा बोलपत्र आह्वान गरी गर्नुपर्ने र योग्य बोलपत्र दातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने उल्लेख छ । वडाले यो वर्ष पुँजीगत बजेट रू ६ करोड ३१ लाख ६८ हजार खर्च गरेकोमा रू ४ करोड ६० लाख ८७ हजारको सोझै खरिद विधिबाट काम गरेको छ । सोझै खरिद विधिबाट काम गरेको ५१ योजनाहरूको लागत अनुमान रू ४ करोड ६७ हजार ९ हजार रहेकोमा रू ४ करोड ६४ लाख ३२ हजारमा सम्झौता गरी कार्य गराएको पाइयो । जुन सम्झौता रकम लागत अनुमानको तुलनामा ०.५९ प्रतिशत मात्र घटी रहेको छ । हरेक योजना तथा कार्य तीन वटा कोटेशन लिई घटी कवोलवालासँग खरिद सम्झौता गरी कार्य सम्पादन गरेको भएपनि लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता गरेको देखियो । मितव्ययिता, प्रभावकारिता र आर्थिक अनुशासनको दृष्टीले धेरै रकम सोझै खरिद विधि मार्फत खर्च गर्नु उपयुक्त देखिदैन । तसर्थ आकस्मिक र भैपरी प्रकृतिका कार्यहरू बाहेकका योजनाहरू प्रतिस्पर्धात्मक व्यवस्थाको अवलम्बन गरी खरिद गर्नुपर्दछ ।

१५४.२ **खरिद विश्लेषणः-** महानगरपालिकाका विभिन्न वडाहरूमा सम्पन्न भएका २७ वटा ठेक्कामा लागत अनुमान र सम्झौता रकमको तुलना गर्दा लागत अनुमानको तुलनामा औसत २८.३८ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । यस वडा कार्यालयले कोटेशन लिई सोझै खरिद गर्दा लागत अनुमानको तुलनामा ०.५९ प्रतिशत न्यूनमा सम्झौता भएको छ । सोझै खरिदमा गरेको खर्च ठेक्का मार्फत गरेको भए ठेक्कामा घटेको औसत २८.३८ प्रतिशतका आधारमा न्यूनतम रू १ करोड २९ लाख ८० हजार वचत हुने देखिन्छ । त्यसैले खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन हुने गरी खरिद गर्नुपर्दछ ।

१५४.३ **सीमाभन्दा बढीको सोझै खरिदः-** काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा कार्यालयबाट सबै प्रकारका खरिद कार्यका लागि लागत अनुमान तयार गर्नु पर्ने र उक्त लागत अनुमान कन्टिन्जेन्सी, ओभरहेड र मूल्य अभिवृद्धि कर आदिको कुल अङ्क हुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रू १० लाखसम्म लागत अनुमान भएका निर्माण कार्य, मालसामान र अन्य सेवा खरिद गर्दा सोझै खरिद विधि अवलम्बन गर्न सकिने उल्लेख छ । वडा कार्यालयले पूँजीगततर्फ विभिन्न कार्य सम्पादन गर्दा सोझै खरिद विधि अवलम्बन गरेकोमा ती योजनाहरूको लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सीलाई लागत अनुमानमा समावेश गरेको देखिएन । लागत अनुमानमा कन्टिन्जेन्सी समावेश गर्दा देहायका २३ योजनाहरूमा सोझै खरिद गर्न पाउने रकम रू १० लाख सम्मको सीमा नाघेको अवस्था छ । यद्यपी कन्टिन्जेन्सी खर्च भने गरेको देखिएन । कानुनमा तोकिए बमोजिमको रकम सीमा भित्र रहि खरिद गर्नु पर्दछ ।

| योजना | कन्टिन्जेन्सी समावेश नगरेको स्वीकृत लागत अनुमान | कन्टिन्जेन्सी समावेश गर्दा हुने लागत अनुमान |
|---|---|---|
| इनाटोल विष्णुमती किनारा मरू ढोकासम्मको बाटो | ९९८५४०.७८ | १०३३८८७.०० |
| दोखा ध: मार्गमा चाईनिज ईंटा छाप्ने | ९९७६८३.७९ | १०३३०००.०० |
| विष्णुमती खोला छेंउ रिटेनिङ वाल | ९९५९२४.१० | १०३११७८.०० |
| इन्द्रसभा बाटोमा ईंटा छाप्ने काम | ९९६२१४.६४ | १०३१४७९.०० |
| देको मार्गमा ब्लक छाप्ने काम | ९९६७५८.८६ | १०३२०४२.०० |
| नमुनाबुद्ध विहारको स्तुपामा तेलिया ईंटा | ९९८४१६.७२ | १०३३७५९.०० |
| सन्तानेश्वर मन्दिर मरुहिटी र इनायटोलमा रंगरोगन | ९८५५०३.८७ | १०२०३८९.०० |
| कंकेश्वरी घाटमा सार्वजनिक सौचालय र स्नान घर निर्माण | ९९२९२४.८९ | १०२८०७३.०० |
| यट्खा वहाल भित्र वुठ नारायण महर्जन र रोशनको घरछेउँ ढल ब्लक | ९८२१८१.६० | १०१६९४९.०० |
| वाल विकास भवन इन्द्रसभामा अन्डर ग्राउण्ड पानी ट्यांकी निर्माण | ९९८३१४.७३ | १०३३६५३.०० |
| कंकेश्वरी घाटमा ढुंगा छाप्ने र काठको मेच राख्ने काम | ९९६५९६.२६ | १०३१८७४.०० |
| कंकेश्वरी घाट छेउँको खोलामा सिंढी र ढुंगे धाराको काम | ९८५४५२.३२ | १०२०३३६.०० |
| धनेश्वर महादेव यट्खा पाँचपाटी लगायतमा रंगरोगन | ९९५५८९.६० | १०३०८३२.०० |
| ढोकाटोल सडक पाटीमा ब्ल्क छाप्ने | ९७९६२७.६८ | १०१४३०५.०० |
| लायक गल्लीमा ढल मंगाल र ईंटा छाप्ने | ९९७५०१.७७ | १०३२८१२.०० |
| मरूढोका बाटोमा ईंटा छाप्ने काम | ९९८५४०.७८ | १०३३८८७.०० |
| वडाका विभिन्न स्थानमा ढल तथा ड्रेन | ९९३७६१.२० | १०२८९३९.०० |
| अस्थायी पुल निर्माण | ९९७६६७.३६ | १०३२९४३.०० |
| मुगल्ली देखि सुन्ता गल्लीसम्म ब्लक छाप्ने | ९९६०१८.९८ | १०३१२७६.०० |
| ढोटोल ढुंगेधारा परिसरमा टंयाकी मर्मत र भजना पाटी अगाडी ढुंगा छाप्ने | ९९११५१.६६ | १०२६२३७.०० |
| चसान्डो गणेश मन्दिर जिर्णोद्धार | ९७७०६४.०० | १०११६५०.०० |
| इनायटोल दोखा ध: मार्गमा कलात्मक गेट | ९९७६६७.१५ | १०३२९८३.०० |
| ढुङ्गेधारा मा ईट्टा छाप्ने कार्य | ९७५५८१.८२ | १०१०११६.०० |

१५४.४(११४-२०८१-३-२४):

**कार्यसम्पन्न प्रमाणः**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ अनुसार सरकारी रकम खर्च गर्दा त्यसलाई पुष्टि गर्ने आवश्यक विल भरपाई कागजात प्रमाण पेस गर्नुपर्ने व्यवस्था रहेको छ । वडाले सि.सि. क्यामरा जडान र मर्मतको लागि रू २८६६२३.०० को सामाग्रि खरिद गरेको तर उक्त समान कुन कुन ठाउँमा जडान र मर्मत भयो भन्ने पुष्टी हुने प्रमाण नदेखिएकोले प्राविधिक मुल्यांङ्कन सहितको कार्यसम्पन्न प्रमाण पेश गर्नुपर्ने रू......

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८६,६२३ |

१५४.५(२-२०८०-५-१९):

**रितपुर्वको कर वीजकः-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मले तोकीएको ढाँचामा कर वीजक जारी गर्नुपर्ने उल्लेख छ । त्यस्तै आन्तरिक राजस्व विभागको मिति २०६५।७।१० को परिपत्र अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले हरेक वर्ष वीजकको क्रम संख्या १ बाट सुरू गर्नुपर्ने र कर बीजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । क्याटाहिटी मुस्लिम गल्लीमा ढुंगा छाप्ने कामको निर्माण व्यवसायी कुमार निर्माण सेवा प्रा.लि.ले भुक्तानी लिंदा मिति २०८०।५।२९ मा पेश गरेको रू ९२९१४४/३९ को विलमा वीजक नम्बर देखिएन । वडाले उक्त फर्मलाई विल रकमको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर मध्ये ३० प्रतिशत कटाई ७० प्रतिशत भुक्तानी गरेको छ । रू ७४८२५.०० को मूल्य अभिवृद्धिकर सम्बन्धित राजस्व कार्यालयमा समायोजन भएको प्रमाण पेश हुनपर्ने रू.....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७४,८२५ |

१५५ **वडा नं २०**

१५५.१ **सोझै खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नु पर्दा सम्भव भएसम्म खुला रूपमा बोलपत्र आह्वान गरी गर्नुपर्ने र योग्य बोलपत्र दातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नु पर्ने उल्लेख छ । वडाले यो वर्ष पुँजीगत बजेट रू. ४ करोड २२ लाख ९ हजार खर्च गरेकोमा रू. ४ करोड २२ लाख ९ हजारकै सोझै खरिद विधिबाट कार्य गरेको छ । सोझै खरिद विधिबाट काम गरेको ५४ योजनाहरूको लागत अनुमान रू ४ करोड ३४ लाख ९५ हजार रहेकोमा रू ४ करोड ३० लाख ४९ हजारमा सम्झौता गरी कार्य गराएको पाइयो । सम्झौता रकम लागत अनुमानको तुलनामा औषतमा १.०२ प्रतिशत मात्र घटी रहेको छ । हरेक योजना तथा कार्य तीन वटा कोटेशन लिई घटी कवोलवालासँग खरिद सम्झौता गरी कार्य सम्पादन गरेको भएपनि लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता गरेको देखियो । मितव्ययिता, प्रभावकारिता र आर्थिक अनुशासनको दृष्टीले धेरै रकम सोझै खरिद विधि मार्फत खर्च गर्नु उपयुक्त देखिदैन । तसर्थ आकस्मिक र भैपरी प्रकृतिका कार्यहरू बाहेकका योजनाहरू प्रतिस्पर्धात्मक व्यवस्थाको अवलम्बन गरी खरिद गर्नुपर्दछ ।

१५५.२ **खरिद विश्लेषणः-** महानगरपालिकाका विभिन्न वडाहरूमा सम्पन्न भएका २७ वटा ठेक्कामा लागत अनुमान र सम्झौता रकमको तुलना गर्दा लागत अनुमानको तुलनामा औसत २८.३८ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । यस वडा कार्यालयले कोटेशन लिई सोझै खरिद गर्दा लागत अनुमानको तुलनामा १.०२ प्रतिशत न्यूनमा सम्झौता भएको छ । सोझै खरिदमा गरेको खर्च ठेक्का मार्फत गरेको भए ठेक्कामा घटेको औसत २८.३८ प्रतिशतका आधारमा न्यूनतम रू. १ करोड १९ लाख वचत हुने देखिन्छ । त्यसैले खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन हुने गरी खरिद गर्नुपर्दछ ।

१५५.३ **सीमाभन्दा बढीको सोझै खरिदः-** काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा कार्यालयबाट सबै प्रकारका खरिद कार्यका लागि लागत अनुमान तयार गर्नुपर्ने र उक्त लागत अनुमान कन्टिन्जेन्सी, ओभरहेड र मूल्य अभिवृद्धि कर आदिको कुल अङ्क हुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रू १० लाख सम्म लागत अनुमान भएका निर्माण कार्य, मालसामान र अन्य सेवा खरिद गर्दा सोझै खरिद विधि अवलम्बन गर्न सकिने उल्लेख छ । वडा कार्यालयले पूँजीगततर्फ विभिन्न कार्य सम्पादन गर्दा सोझै खरिद विधि अवलम्बन गरेकोमा ती योजनाहरूको लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सीलाई लागत अनुमानमा समावेश गरेको देखिएन । लागत अनुमानमा कन्टिन्जेन्सी समावेश गर्दा देहायका २२ योजनाहरूमा सोझै खरिद गर्न पाउने रकम रू १० लाख सम्मको सीमा नाघेको अवस्था छ । यद्यपी कन्टिन्जेन्सी खर्च भने गरेको देखिएन । कानुनमा तोकिए बमोजिमको रकम सीमाभित्र रहि खरिद हुनुपर्दछ ।

| योजना | कन्टिन्जेन्सी समावेश नगरेको स्वीकृत लागत अनुमान | कन्टिन्जेन्सी समावेश गर्दा हुने लागत अनुमान |
|---|---|---|
| वडा मार्गको सडक स्तरोन्ती | ९९६६७५.९८ | १०३१९५६.५४ |
| गुणकामदेव मार्गमा ढुंगा छाप्ने | ९९५८४४.७८ | १०३१०९५.९२ |
| रामघाट र छवासापाखा मार्ग स्तरोन्नती | ९८५७१७.३७ | १०२०६१०.०२ |
| नु वहचोक भिमसेन स्थान लगायतका मर्मत | ९८८६०२.५३ | १०२३५९७.३१ |
| परोपकार ढुंगेधारा गल्ली लाटी बुन्गामा सडक स्तरोन्ती | ९९२७९८.२० | १०२७९४१.५० |
| नयाँवस्ती गल्ली तथा शान्ती निकुञ्ज स्कुल क्षेत्रमा ढल तथा ढुंगा छाप्ने | ९८३५५४.७२ | १०१८३७०.८१ |
| विष्णमती खोलाको सरसफाई तथा ढल | ९९१९१४.३० | १०२७०२६.३१ |
| कोहिटी भिमसेन स्थान इलाछे परोपकार मार्ग | ९८९५४१.१४ | १०२४५६९.१४ |
| चतामरी छे चोकमा ढल तथा ढुंगा छाप्ने | ९८९३५५.८२ | १०२४३७७.२६ |
| शान्ती निकुञ्ज स्कुलमा विभिन्न मर्मत | ९९६५७५.६१ | १०३१८५२.६२ |
| विष्णुमती क्षेत्रमा व्याडमिन्टन कोर्ट निर्माण | ९९५०३६.९८ | १०३०२५९.५२ |
| छवास पाखा मार्ग रामघाट गल्ली लगायतमा ढल मंगाल | ९८६५६९.६५ | १०२१४९२.४६ |
| चिकमुगल चोक गणेश स्थान लगायतमा सडक स्तरोन्ती | ९९६५६४.५८ | ९९६५६४.५८ |
| कीर्तिपुण्य महाविहार रामघाट पार्कमा रंगरोगन | ९९३९९१.४८ | १०२९१७७.०२ |
| वडाका विभिन्न स्थानमा मंगाल कभर र पाइप राख्ने काम | ९८९२६५.१२ | १०२४२८३.३५ |
| विभिन्न मठमन्दिर पाटी पौवामा रंगरोगन | ९९१६४७.०२ | १०२६७४९.५६ |
| पिगननी काष्ठमाण्डप लगायतमा ढल मंगाल | ९८८९८३.०५ | १०२३९९१.३० |
| सम्पदा मार्गमा रंगरोगन | ९८८६२०.०८ | १०२३६१५.४८ |
| शान्ती निकुञ्ज स्कुलमा शौचालय | ९८०२८५.०२ | १०१४९८५.३७ |
| विष्णुमती खोला किनारमा वाल लगाउने काम | ९८८५८७.७२ | १०१४९८५.३७ |
| रामघाट नमुना स्कुल क्षेत्रको ढल व्यवस्थापन | ९९३३३१.४१ | १०२३५८१.९७ |
| शान्ती निकुञ्ज स्कुलको हल कोठामा कार्पेट र मञ्च | ९९०३३३.६८ | १०२५३८९.७३ |

## १५६ वडा नं २१

१५६.१ **पूँजीगत बजेटबाट चालु प्रकृतिका कामः-** राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको लागि बजेट तर्जुमा दिग्दर्शन को बुँदा नं ४.८ मा स्थानीयतहले गर्ने सार्वजनिक खर्च (चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्था) को लागि आवश्यक रकमको खर्च प्रक्षेपन गर्नु पर्ने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाँउपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय-व्ययको वर्गीकरण र खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नु पर्ने उल्लेख छ । वडाले नेपाल सरकरले निर्धारण गरेको एकिकृत खर्च संकेत वर्गीकरण र व्याख्या विपरित पूँजीगत वजेटमा वडास्तरीय मठ निकाल्ने तथा सरसफाई सामान खरिद जस्ता चालु प्रकृतिको बजेट विनियोजन गरी मठ निकाल्ने नियमित सरसफाईको काममा संलग्न ज्यालादारी सरसफाईकर्मीहरू ९ जनालाई पारिश्रमिक र सरसफाई सम्बन्धी झाडु, वाल्टी, ब्रस, कुचो, कोलिन, फिनेल जस्ता सामाग्रीहरु खरिद गरी रू. ३४६९०००/-, त्यस्तै

एक जना ज्यालादारीमा नियुक्त गरिएका कम्प्युटर अपरेटरलाई पारिश्रमिक वापत रू. ३०६०००/- समेत रू. ३७७५०००/- भुक्तानी गरेको छ । नेपाल सरकारले जारी गरेको आर्थिक संकेत र खर्चको वर्गिकरणअनुसारको निर्देशिकाको पालना गर्नुपर्दछ ।

१५६.२ **कार्यक्रम स्वीकृतः-** काठमाडौँ महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम ३७ मा कार्यालयलाईउपयोगी र आवश्यक पर्ने तालिम, गोष्ठी र सेमिनार र भ्रमण जस्ता विषयमा रू ५ लाख सम्मको वडा सचिवले र रू ५ लाख देखि २० लाख सम्म प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गरी सोझै वार्ताबाट खरिद गर्नसक्ने व्यवस्था छ । वडाले देहायका कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृतको स्वीकृत नलिई कार्यक्रम सञ्चालन गरेको र लागत अनुमान समेत तयार नगरी सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रू......

| भौचर नं/मिति | कार्यक्रमको नाम | व्यवसायी | खर्च रकम |
|---|---|---|---|
| १७७- २०८१।०१।१६ | जेष्ठ नागरिक भ्रमण | मनकामना माँ क्याटरिङ तथा रेन्टल सर्भिसेज | ९३३५३७/- |
| १२९- २०८०।११।१७ | भिडियोग्राफी तथा फोटोग्राफी कार्यक्रम | ओभासो फिल्मस | ७००४००/- |
| जम्मा | | | १६३३९३७/- |

| | |
|---|---|
| अनियमित भएको | १६,३३,९३७ |

१५६.३ **सोझै खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नु पर्दा सम्भव भएसम्म खुला रूपमा बोलपत्र आह्वान गरी गर्नु पर्ने र योग्य बोलपत्र दातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नु पर्ने उल्लेख छ । वडाले यो वर्ष पुँजीगत बजेट रू. ४ करोड १७ लाख ९९ हजार खर्च गरेकोमा रू. ३ करोड ३२ लाख २६ हजारको सोझै खरिद विधिबाट कार्य गरेको छ । सोझै खरिद विधिबाट काम गरेको ४४ योजनाहरूको लागत अनुमान रू ३ करोड ४२ लाख ३२ हजार रहेकोमा रू ३ करोड ३७ लाख ९९ हजारमा सम्झौता गरी कार्य गराएको पाइयो । जुन सम्झौता रकम लागत अनुमानको तुलनामा औषतमा १.२७ प्रतिशत मात्र घटी रहेको छ । हरेक योजना तथा कार्य तीन वटा कोटेशन लिई घटी कवोलवालासँग खरिद सम्झौता गरी कार्य सम्पादन गरेको भएपनि लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता गरेको देखियो । मितव्ययिता, प्रभावकारिता र आर्थिक अनुशासनको दृष्टीले धेरै रकम सोझै खरिद विधि मार्फतको खरिदमा खर्च गर्नु उपयुक्त देखिदैन । तसर्थ आकस्मिक र भैपरी प्रकृतिका कार्यहरु बाहेकका योजनाहरु प्रतिस्पर्धात्क व्यवस्थाको अवलम्बन गरी खरिद गर्नु पर्दछ ।

१५६.४ **खरिद विश्लेषणः-** महानगरपालिकाका विभिन्न वडाहरूमा सम्पन्न भएका २७ वटा ठेक्कामा लागत लागत अनुमान र सम्झौता रकमको तुलना गर्दा अनुमानको तुलनामा औसत २८.३८ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । यस वडा कार्यालयले कोटेशन लिई सोझै खरिद गर्दा लागत अनुमानको तुलनामा १.२७ प्रतिशत न्यूनमा सम्झौता भएको छ । सोझै खरिदमा गरेको खर्च ठेक्का मार्फत गरेको भए ठेक्कामा घटेको औसत २८.३८ प्रतिशतका आधारमा न्यूनतम रू. ९२ लाख ८० हजार वचत हुने देखिन्छ । त्यसैले खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन हुने गरी खरिद आबश्यकता पहिचान तथा खरिद योजना छनौट गर्नु पर्दछ ।

१५६.५ **एउटै फर्मबाट सीमाभन्दा बढीको खरिदः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रू १० लाख सम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरिद गर्न सकिने तर एउटै फर्मबाट पटक पटक गरी सो सीमा भन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ । वडाले ओरिजन ट्रेड कन्सर्नबाट पटक पटक गरी रू. १७५५१५२/- को देहाय बमोजिमको काम गराएको छ । यसरी एक आर्थिक वर्षमा एउटै फर्मबाट पटक पटक गरी रू १० लाख भन्दा बढीको काम एकै फर्मबाट गराएको नियमसम्मत नदेखिएको रू...

| गो. भौ. नं. र मिति | काम | खर्च रकम |
|---|---|---|
| २८-२०८०।६।२२ | सि.सि. क्यामरा जडान मर्मत | ९११६८/- |
| २९-२०८०।६।२२ | सि.सि. क्यामरा जडान मर्मत | ७६१६२/- |
| ३०-२०८०।६।२२ | सि.सि. क्यामरा जडान मर्मत | ९८८७५/- |
| ३१-२०८०।६।२२ | सि.सि. क्यामरा जडान मर्मत | ९८८७५/- |
| ४७-२०८०।७।२ | सडक बत्ती | ९७१८०/- |
| ४८-२०८०।७।२ | सडक बत्ती | ९५१४६/- |
| ४९-२०८०।७।२ | सडक बत्ती | ९३३९४/- |
| ५०-२०८०।७।२ | सडक बत्ती | ९४९२०/- |
| ६२-२०८०।८।१४ | सडक बत्ती | ८३६२०/- |
| ६३-२०८०।८।१४ | सि.सि. क्यामरा जडान मर्मत | ९८१९७/- |
| ६४-२०८०।८।१५ | सि.सि. क्यामरा जडान मर्मत | ९६२७६/- |
| ६५-२०८०।८।१५ | सि.सि. क्यामरा जडान मर्मत | ८४५१२/- |
| १०२-२०८०।११।१६ | सि.सि. क्यामरा जडान मर्मत | ३७२२३/- |
| १६१-२०८१।१।२१ | सि.सि. क्यामरा जडान मर्मत | ६२१८४/- |
| १७९-२०८१।१।३१ | सडक बत्ती | ७६२७५/- |
| २१४-२०८१।२।१८ | सडक बत्ती | २२३८५/- |
| १७९-२०८१।३।५ | सि.सि. क्यामरा जडान मर्मत | ३९५२७/- |
| १५९-२०८१।१।३ | सि.सि. क्यामरा जडान मर्मत | ३०९४५४/- |
| २३८-२०८१।३।१७ | सडक बत्ती | ९९७७९/- |
| | | १७५५१५२/- |

| | |
|---|---|
| अनियमित भएको | १७,५५,१२२ |

१५७ **सीमा भन्दा बढीको सोझै खरिदः-** काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा कार्यालयबाट सबै प्रकारका खरिद कार्यका लागि लागत अनुमान तयार गर्नु पर्ने र उक्त लागत अनुमान कन्टिन्जेन्सी, ओभरहेड र मूल्य अभिवृद्धि कर आदिको कुल अङ्क हुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियममावली, २०६४ को नियम ८५ मा रू १० लाख सम्म लागत अनुमान भएका निर्माण कार्य, मालसामान र अन्य सेवा खरिद गर्दा सोझै खरिद विधि अवलम्बन गर्न सकिने उल्लेख छ । वडा कार्यालयले पूँजीगततर्फ विभिन्न कार्य सम्पादन गर्दा सोझै खरिद विधि अवलम्बन गरेकोमा ती योजनाहरूको लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सीलाई लागत अनुमानमा समावेश गरेको देखिएन । लागत अनुमानमा कन्टिन्जेन्सी समावेश गर्दा देहायका १५ योजनाहरूमा सोझै खरिद गर्न पाउने रकम रू १० लाख सम्मको सीमा नाघेको अवस्था छ । यद्यपी कन्टिन्जेन्सी खर्च भने गरेको देखिएन । कानुनमा तोकिए बमोजिमको रकम सीमा भित्र रहि खरिद हुनु पर्दछ ।

| योजना | कन्टिन्जेन्सी समावेश नगरेको स्वीकृत लागत अनुमान | कन्टिन्जेन्सी समावेश गर्दा हुने लागत अनुमान |
|---|---|---|
| बैद्यचोक ज्या वहालमा ब्लक छाप्ने काम | ९९४४८३.१४ | १०२९६८६.०० |
| ज्या वहाल स्थित मास्के चोकमा कलर ब्लक | ९८९६२३.०६ | १०२४६२४.०० |
| जरूचोकमा कलर ब्लक | ९९१९२४.१७ | १०२७०३७.०० |
| गणवहाल भोटेबहाल लगायतमा ढल मंगाल | ९९१४४६.७१ | १०२६५४२.०० |
| जैसी देवल हाकु महादेव हनुमान मन्दिरमा डाँची इटा लगाउने काम | ९७८२४९.४१ | १०१२८७८.०० |
| धेसी भैरवचोकमा कलर ब्लक | ९८९०३३.१४ | १०२४०४३.०० |
| जरुछे चोकमा तेलिया ईंटा राख्ने काम | ९९७७५०.७१ | १०३३०६९.०० |
| वडाका विभिन्न मठ मन्दिरमा रंगरोगन | ९८७१०५.३५ | १०२२०४७.०० |
| इनखा इनार गल्ली हुँदै बखडे गल्लीमा ब्लक | ९९०६८६.५६ | १०२५७५५.०० |
| कुमार मन्दिर र उमा महेश्वोर मा पित्ततलको छाना बनाउने | ९८७४७१.०० | १०२२४२६.०० |
| वडा स्तरीय सौन्दर्यकरण | ९८६२६७.०० | १०२११७९.०० |
| वडाको विभिन्न स्थानमा सडक स्तरोन्नती | ९८६०६३.०० | १०२०९६८.०० |
| धवखा बहा चोकमा कलर ब्लक विछ्याउने कार्य | ९९५७४९.०० | १०३०९९७.०० |
| इनाखा बकंछेकमा इनार मर्मत | ९९००५३.०० | १०२५०९९.०० |
| नमा गल्लीमा कलर ब्लक | ९९६४७८.०० | १०३१७५२.०० |

१५८ **वडा नं २२**

१५८.१ **पूँजीगत बजेटबाट चालु प्रकृतिका कामः-** राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको लागि बजेट तर्जुमा दिग्दर्शन को बुँदा नं ४.८ मा स्थानीयतहले गर्ने सार्वजनिक खर्च (चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्था) को लागि आवश्यक रकमको खर्च प्रक्षेपन गर्नु पर्ने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाँउपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय-व्ययको वर्गीकरण र खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नु पर्ने उल्लेख छ । वडाले नेपाल सरकारले निर्धारण गरेको एकिकृत खर्च संकेत वर्गीकरण र व्याख्या विपरित पूँजीगत वजेटमा डोर हाजिरबाट भुक्तानी हुने गरी वडास्तरीय विशेष सरसफाई गर्ने काम जस्तो चालु प्रकृतिको बजेट विनियोजन गरी वडाका विभिन्न स्थानमा नियमित सरसफाईको काममा संलग्न ज्यालादारी सरसफाईकर्मीहरु १० जनालाई पारिश्रमिक रू. २०,००,०००/- भुक्तानी गरेको छ । नेपाल सरकारले जारी गरेको आर्थिक संकेत र खर्चको वर्गिकरणअनुसारको निर्देशिकाको पालना गर्नुपर्दछ ।

१५८.२ **पेश्कीः-** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी, व्यक्ति, फर्म, संस्थाले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ । महानगरपालिकाले विभिन्न प्रयोजनको लागि निम्नानुसारका व्यक्ति, फर्म र संस्थालाई उपलब्ध गराएको म्याद नाघेको पेश्की रू १९९७११५.१७/- आर्थिक वर्षको अन्त्यसम्म पनि फर्स्यौट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फर्स्यौट गर्नुपर्ने रू....

| .सं. | पेश्की मिति र गो. भौ.. | वडा | पेश्कीको विवरण | पेश्की लिने | म्याद नाघेको | म्याद ननाघेको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| पदाधिकारी | | | | | | | |
| १ | १४७-२०८१/०३/३१ | २२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | वडा सदस्य ललिता खड्गी | १४००००/- | - | १४००००/- |
| उपभोक्ता समिति | | | | | | | |
| १ | १७५-२०८१/०१/१७ | | टेबहाल स्थित ना:स देव मन्दिर मर्मत तथा सुधार गर्ने काम | तेबहाः नासः द्यः पुनः निर्माण समिति | १८५७११५/१७ | - | १८५७११५/१७ |
| जम्मा | | | | | १९९७११५.१७/- | | १९९७११५.१७/- |

| पेश्की | १९,९७,११५.१७ |
|---|---|

१५८.३ **घटी कर कट्टा:-** आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्क भुक्तानी गर्दा भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टा गर्नु पर्ने उल्लेख छ ।वडाले धरहरा अन्डर ग्राउण्ड तथा न्यूरोड खिचापोखरी त:ध वहाल सरसफाई कार्य गरे वापत महाविर सेक्यूरिटी प्रा लि लाई रू. ६५२५००/- भुक्तानी गरेकोमा १.५ प्रतिशत मात्र कर कट्टा गरेको छ । उक्त फर्मले कर विजक पेश नगरेकोले १५ प्रतिशत कर कट्टा गर्नु पर्नेमा १३.५ प्रतिशतले घटी कर कट्टा गरेकोले उक्त कर असूल हुनु पर्ने रू.

| असुल गर्नुपर्ने | ८८,०८७ |
|---|---|

१५८.४ **टुक्रा पारी खरिद:-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रू २० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा मालसामान खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने उल्लेख छ । वडाका विभिन्न स्थानमा सि.सि.टि.भि. जडान कार्यको लागि रू. ५० लाख विनियोजन भएकोमा वडाले उक्त विनियोजित रकमको रू. १० लाखका ५ वटा योजना बनाई सोझै खरिद विधि अवलम्बन गरी रू. ४४५९०००/- खर्च गरेको छ । बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्नेमा कार्यक्रम टुक्र्याई सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रू....

| अनियमित भएको | ४४,५९,००० |
|---|---|

१५८.५(२४३-२०८१-३-२१):

**रितपुर्वकको कर विजकः-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै आन्तरिक राजस्व विभागको मिति २०६५।७।१० को परिपत्र अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले हरेक वर्ष बीजकको क्रम संख्या एक बाट सुरू गर्नुपर्ने र कर बीजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । वडाले हिमालय स्कुलमा झ्याल ढोका राख्ने कार्यको रोयल बिलिङ कन्स्ट्रक्सन प्रा.लि. लाई ९४५५८०.८६/- भुक्तानी गरेको छ । उक्त फर्मले मिति २०८१।३।२१ मा जारी गरेको विलमा विल नम्बर हातले सच्चाएको देखियो । वडाले त्यो फर्महरूलाई विल रकमको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर मध्ये ३० प्रतिशत कटाई ७० प्रतिशत रू ७६०७८/- भुक्तानी गरेको छ । उक्त मूल्य अभिवृद्धिकर सम्बन्धित राजस्व कार्यालयमा समायोजन भएको प्रमाण पेश हुनपर्ने रू......

| प्रमाण पेश नगरेको | ७६,०७८ |
|---|---|

१५९

१५९.१(२६३-२०८१-३-२२):

**जिन्सी दाखिला:-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा जिन्सी मालसामानको लगत तयार गरी जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । वडाले स्वास्थ्य प्रबर्द्धन केन्द्रलाई फर्निचर खरिद शिर्षकमा देहाय बमोजिमका सामान रू ५३१६६५/- खरिद गरेको तर नियमावलीले तोकिएबमोजिम जिन्सी दाखिला गरेको नदेखिएकोले जिन्सी दाखिलाको प्रमाण पेश गर्नुपर्ने रू......

| क्र.स. | सामान | परिणाम | रकम |
|---|---|---|---|
| १ | भि.आई.पी टेवल | १ थान | १६५००/- |
| २ | भि.आई.पी कुर्सी | २ थान | ४४०००/- |
| ३ | साधारण टेबल | ५ थान | ४५०००/- |
| ४ | दराज | ३ थान | ३००००/- |
| ५ | राउन्ड टुल र कुर्सी | ३ थान | ३००००/- |
| ६ | मिटिङ टेबल | | ४००००/- |
| ७ | कम्प्युटर टेवल | ३ थान | २२५००/- |
| ८ | फाईल र्‍याक | २ थान | ३३०००/- |
| १३ % Vat सहित जम्मा | | | ५३१६६५/- |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,३१,६६५ |

१५९.२ **सोझै खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नु पर्दा सम्भव भए सम्म खुला रूपमा बोलपत्र आह्वान गरी गर्नु पर्ने र योग्य बोलपत्र दातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नु पर्ने उल्लेख छ । वडाले यो वर्ष पुँजीगत बजेट रू. ७ करोड २८ हजार खर्च गरेकोमा रू. ४ करोड १६ लाख ९९ हजारको सोझै खरिद विधिबाट कार्य गरेको छ । सोझै खरिद विधिबाट काम गरेको ६३ योजनाहरूको लागत अनुमान रू ४ करोड २२ लाख ४१ हजार रहेकोमा रू ४ करोड १८ लाख १३ हजारमा सम्झौता गरी कार्य गराएको पाइयो । जुन सम्झौता रकम लागत अनुमानको तुलनामा औषतमा १.०१ प्रतिशत मात्र घटी रहेको छ । हरेक योजना तथा कार्य तीन वटा कोटेशन लिई घटी कवोलवालासँग खरिद सम्झौता गरी कार्य सम्पादन गरेको भएपनि लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता गरेको देखियो । मितव्ययिता, प्रभावकारिता र आर्थिक अनुशासनको दृष्टीले धेरै रकम सोझै खरिद विधि मार्फतको खरिदमा खर्च गर्नु उपयुक्त देखिदैन । तसर्थ आकस्मिक र भैपरी प्रकृतिका कार्यहरू बाहेकका योजनाहरू प्रतिस्पर्धात्क व्यवस्थाको अवलम्बन गरी खरिद गर्नु पर्दछ ।

१५९.३ **खरिद विश्लेषणः-** महानगरपालिकाका विभिन्न वडाहरूमा सम्पन्न भएका २७ वटा ठेक्कामा लागत अनुमान र सम्झौता रकमको तुलना गर्दा लागत अनुमानको तुलनामा औसत २८.३८ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । यस वडा कार्यालयले कोटेशन लिई सोझै खरिद गर्दा लागत अनुमानको तुलनामा १.०१ प्रतिशत न्यूनमा सम्झौता भएको छ । सोझै खरिदमा गरेको खर्च ठेक्का मार्फत गरेको भए ठेक्कामा घटेको औसत २८.३८ प्रतिशतका आधारमा न्यूनतम रू. १ करोड १४ लाख १३ हजार वचत हुने देखिन्छ । त्यसैले खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन हुने गरी खरिद आबश्यकता पहिचान तथा खरिद योजना छनौट गर्नु पर्दछ ।

१५९.४ **सीमा भन्दा बढीको सोझै खरिदः-** काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा कार्यालयबाट सबै प्रकारका खरिद कार्यका लागि लागत अनुमान तयार गर्नु पर्ने र उक्त लागत अनुमान कन्टिन्जेन्सी, ओभरहेड र मूल्य अभिवृद्धि कर आदिको कुल अङ्क हुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियममावली, २०६४ को नियम ८५ मा रू १० लाख सम्म लागत अनुमान भएका निर्माण कार्य, मालसामान र अन्य सेवा खरिद गर्दा सोझै खरिद विधि अवलम्बन गर्न सकिने उल्लेख छ । वडा कार्यालयले पूँजीगततर्फ विभिन्न कार्य सम्पादन गर्दा सोझै खरिद विधि अवलम्बन गरेकोमा ती योजनाहरूको लागत अनुमान तयार गर्दा

कन्टिन्जेन्सीलाई लागत अनुमानमा समावेश गरेको देखिएन । लागत अनुमानमा कन्टिन्जेन्सी समावेश गर्दा देहायका ६ योजनाहरूमा सोझै खरिद गर्न पाउने रकम रू १० लाख सम्मको सीमा नाघेको अवस्था छ । यद्यपी कन्टिन्जेन्सी खर्च भने गरेको देखिएन ।कानुनमा तोकिए बमोजिमको रकम सीमा भित्र रहि खरिद हुनु पर्दछ ।

| योजना | कन्टिन्जेन्सी समावेश नगरेको स्वीकृत लागत अनुमान | कन्टिन्जेन्सी समावेश गर्दा हुने लागत अनुमान |
|---|---|---|
| स्वास्थ्य प्रवर्द्धन केन्द्र मर्मत पार्टेसन | ९९९२५०.५७ | १०३४६२२.०० |
| बट्ु इन्द्रचोक देखि चिकअत: गणेश स्थानमा ढल तथा सडक मर्मत | ९९९७७५.१८ | १०३५१६५.०० |
| टौवहाल श्रीराम प्लाजा जाने बाटोमा ब्लक | ९९८३३४.२३ | १०३३६७३.०० |
| सुन्धारा मार्गमा ढुंगा तथा ब्लक | ९८५८७७.०२ | १०२०७७५.०० |
| वडाका विभिन्न स्थानमा ढुंगा तथा ब्लक | ९८५८७७.०२ | १०२०७७५.०० |
| वट्ुमा ढल मर्मत तथा ब्लक छाप्ने काम | ९९८९३७.०० | १०३४२९८.०० |
| वट्ु कोइला गल्लीमा ब्लक छाप्ने काम | ९९४३३७.०० | १०२९५३५.०० |
| सुनधारामा खानेपानी लाईनको विस्तार | ९९५२२३.०० | १०३०४५२.०० |

## १६० **वडा नं २३**

१६०.१ **सोझै खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नु पर्दा सम्भव भएसम्म खुला रूपमा बोलपत्र आह्वान गरी गर्नु पर्ने र योग्य बोलपत्र दातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नु पर्ने उल्लेख छ । वडाले यो वर्ष पुँजीगत बजेट रू. ४ करोड ४७ लाख ९८ हजार खर्च गरेकोमा रू ३ करोड ५९ लाख १९ हजार को सोझै खरिद विधिबाट खरिद कार्य गरेको छ। सोझै खरिद विधिबाट काम गरेको ४१ योजनाहरूको लागत अनुमान रू ३ करोड ७० लाख २४ हजार रहेकोमा रू ३ करोड ६३ लाख ६८ हजारमा सम्झौता गरी कार्य गराएको पाइयो । सम्झौता रकम लागत अनुमानको तुलनामा औषतमा १.७७ प्रतिशत मात्र घटी रहेको छ । हरेक योजना तथा कार्य तीन वटा कोटेशन लिई घटी कवोलवालासँग खरिद सम्झौता गरी कार्य सम्पादन गरेको भएपनि लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता गरेको देखियो । मितव्ययिता, प्रभावकारिता र आर्थिक अनुशासनको दृष्टीले धेरै रकम सोझै खरिद विधि मार्फतको खरिदमा खर्च गर्नु उपयुक्त देखिदैन । तसर्थ आकस्मिक र भैपरी प्रकृतिका कार्यहरू बाहेकका योजनाहरू प्रतिस्पर्धात्क व्यवस्थाको अवलम्बन गरी खरिद गर्नु पर्दछ ।

१६०.२ **खरिद विश्लेषणः-** महानगरपालिकाका विभिन्न वडाहरूमा सम्पन्न भएका २७ वटा ठेक्कामा लागत लागत अनुमान र सम्झौता रकमको तुलना गर्दा अनुमानको तुलनामा औसत २८.३८ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । यस वडा कार्यालयले कोटेशन लिई सोझै खरिद गर्दा लागत अनुमानको तुलनामा १.७७ प्रतिशत न्यूनमा सम्झौता भएको छ । सोझै खरिदमा गरिको खर्च ठेक्का मार्फत गरेको भए ठेक्कामा घटेको औसत २८.२८ प्रतिशतका आधारमा न्यूनतम रू. १ करोड १९ लाख २१ हजार वचत हुने देखिन्छ । त्यसैले खरिद गर्दा प्रतिस्पर्धात्मक विधि अवलम्बन हुने गरी खरिद आबश्यकता पहिचान तथा खरिद योजना छनौट गर्नु पर्दछ ।

१६०.३ **सीमा भन्दा बढीको सोझै खरिदः-** काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा कार्यालयबाट सबै प्रकारका खरिद कार्यका लागि लागत अनुमान तयार गर्नु पर्ने र उक्त लागत अनुमान कन्टिन्जेन्सी, ओभरहेड र मूल्य अभिवृद्धि कर आदिको कुल अङ्क हुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियममावली, २०६४ को नियम ८५ मा रू १० लाख सम्म लागत अनुमान भएका निर्माण कार्य, मालसामान र अन्य सेवा खरिद गर्दा सोझै खरिद विधि अवलम्बन गर्न सकिने उल्लेख छ । वडा कार्यालयले पूँजीगत तर्फ विभिन्न कार्य सम्पादन गर्दा सोझै खरिद विधि अवलम्बन गरेकोमा ती योजनाहरूको लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सीलाई लागत अनुमानमा समावेश गरेको देखिएन । लागत अनुमानमा कन्टिन्जेन्सी समावेश गर्दा देहायका २२ योजनाहरूमा

सोझै खरिद गर्न पाउने रकम रू १० लाख सम्मको सीमा नाघेको अवस्था छ । यद्यपी कन्टिन्जेन्सी खर्च भने गरेको देखिएन । कानुनमा तोकिए बमोजिमको रकम सीमा भित्र रहि खरिद हुनु पर्दछ ।

| योजना | कन्टिन्जेन्सी समावेश नगरेको स्वीकृत लागत अनुमान | कन्टिन्जेन्सी समावेश गर्दा हुने लागत अनुमान |
|---|---|---|
| ब्लम्पु कोटलाछी पुन्यवहा जोर गणेशमा पाइप राख्ने | ९९६२०२.६० | १०३१४४५.०० |
| त्वा:खल ओमवहा: कोत्वाछे सुधार कार्य | ९९५६१२.०५ | १०३०८५५.०० |
| याँगल जोरगणेश बाटोमा ढल तथा ढुंगा छाप्ने | ९९५५७०.६१ | १०३०८१२.०० |
| न:वही महर्जन समेतको चोक मर्मत ढल सुधार | ९९१४११.७४ | १०२६५०६.०० |
| झोछे भैरव मन्दिरबाट न्हासा जाने बाटोमा ढुंगा छाप्ने काम | ९९४५१०.७२ | १०२९७१५.०० |
| सम्पदा मार्गमा फलामको स्टयाण्ड राख्ने काम | ९९१४०८.५५ | १०२६५०३.०० |
| न:वही तद्यवाहा सुधार कार्य | ९९७७४२.१६ | १०३३०६०.०० |
| ग्वाछेमा गल्ली चोक पुन निर्माण | ९९८५०७.९३ | १०३३८५३.०० |
| सिद्धिचरण चोक फल्चासा गल्ली लगायतमा ढुंगा छाप्ने काम | ९७७८३४.४० | १०१२४४८.०० |
| जोर गणेश विष्णुश्रेष्ठ समेतको चोकमा ढुंगा सुधार | ९९६४८८.७५ | १०३१७६३.०० |
| अट्को नारायण प्रदिपमान श्रेष्ठ समेतको चोक सुधार | ९९८६१७.७६ | १०३३९६७.०० |
| चिकमुगल देपेश कर्माचार्य समेतको चोकमा ढुंगा छाप्ने | ९८०३४३.३७ | १०१५०४६.०० |
| जोर गणेश पोडे गल्ली लगायतमा ढल मंगाल | ९९५७९२.१९ | १०३१०४१.०० |
| पुन्य वहा फल्चा निर्माण | ९९५१६१.२१ | १०३०३८८.०० |
| आशामरु लगायतको चोकमा ढुंगा पुननिर्माण | ९९७६८१.३५ | १०३२९९८.०० |
| वडा सौन्दर्यकरण | ९९७९९९.६२ | १०३३३२७.०० |
| माया वली चोक पुन निर्माण | ९९८०९६.२६ | १०३३४२७.०० |
| पुण्यवहा चोकको ढुंगा पुननिर्माण | ९८१०१९.९० | १०१५७४६.०० |
| याँगलबाट वसन्तपुर लायकुसा हुँदा न:वहीसम्मको ढल सफाई | ९९८६४९.८३ | १०३४०००.०० |
| ग्वाहेमा गल्ली बाटो सुधार | ९९५२३५.३५ | १०३०४६५.०० |
| विभिन्न स्थानमा सौन्दर्यकरण | ९९४६९५.७१ | १०२९९०६.०० |
| वडा कार्यालयमा फलामको रेलिङ र ढोका निर्माण | ९९३९२२.६२ | १०२९१०६.०० |

१६१ **वडा २४**

१६१.१(१३२-२०८१-३-१८):

**कार्यसम्पन्न प्रमाणः**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार सरकारी रकम खर्च गर्दा त्यसलाई पुष्टि गर्ने आवश्यक विल भरपाई कागजात प्रमाण पेस गर्नुपर्ने व्यवस्था रहेको छ । वडाले सडक बत्ति जडानको लागि सडक बत्ति र मर्मतका सामाग्रि रू ६९९६६७/- मा खरिद गरेको तर उक्त समान कुन कुन ठाउँमा जडान र मर्मत भयो भन्ने पुष्टी हुने प्रमाण नदेखिएकोले प्राविधिक मुल्याङ्कन सहितको कार्यसम्पन्न प्रमाण पेश गर्नुपर्ने रू.........

| प्रमाण पेश नगरेको | ६,९९,६६७ |
|---|---|

१६१.२(१४६-२०८१-३-२४):

**जिन्सी दाखिलाः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा जिन्सी मालसामानको लगत तयार गरी जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । वडाको डकुमेन्ट्री निर्माण गर्न एस.ए.एस. भिजुअल्स पर्फेक्ट इम्यजिनेशन प्रा.लि सँग सम्झौता गरी रू ४९००००/- डकुमेन्ट्री निर्माण गरेको तर नियमावलीले तोकिए बमोजिम जिन्सी दाखिला गरेको नदेखिएकोले जिन्सी दाखिलाको प्रमाण पेश गर्नुपर्ने रू.....

| प्रमाण पेश नगरेको | ४,९०,००० |
|---|---|

१६१.३ **रितपुर्वको कर विजकः-** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मले तोकीएको ढाँचामा कर वीजक जारी गर्नुपर्ने उल्लेख छ । त्यस्तै आन्तरिक राजस्व विभागको मिति २०६५।७।१० को परिपत्र अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले हरेक वर्ष बीजकको क्रम संख्या १ बाट सुरू गर्नुपर्ने र कर बीजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । निर्माण व्यवसायी तथा फर्महरूले सम्पादित कामको भुक्तानी लिंदा पेश गरेका देहायका विलहरूमा विजक नम्बर नभएको, नम्वर हातले लेखेको तथा विजक नम्बर सच्चाएको देखियो । वडाले ती फर्महरूलाई विल रकमको १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर मध्ये ३० प्रतिशत कटाई ७० प्रतिशत भुक्तानी गरेको छ । उक्त मूल्य अभिवृद्धिकर सम्बन्धित राजस्व कार्यालयमा समायोजन भएको प्रमाण पेश हुनपर्ने रू.............

| गो.भौ.नं. र मिति | फर्म | विजक नं/ मिति | विल रकम | मू.अ. कर | भुक्तानी भएको ७०% मू अ कर |
|---|---|---|---|---|---|
| ५८-२०८०।९।५ | कुमार निर्माण सेवा प्रा. लि. (६१०००९०९७) | २०८०।९।५ | ६७०१९२/- | ७७१०२/- | ५३९७१/- |
| १०१-२०८१।१।४ | सपना एण्ड स्वीकृति निर्माण सेवा प्रा. लि. (६०९९६९३९३) | २५।२०८१।१।२४ | ८६७५०१/- | ९८६५०/- | ६९०५५/- |
| जम्मा | | | | | १२३०२६/- |

| प्रमाण पेश नगरेको | १,२३,०२६ |
|---|---|

१६१.४ **अन्य कार्यालयको खर्चः-** संघीय सरकारको वार्षिक नीति तथा कार्यक्रम अनुसार संघिय सरकारले संघीय निकाय तथा कार्यालयको लागि आवश्यक बजेटको व्यवस्था गरी खर्च गर्ने अख्तियारी प्रदान गरेको हुन्छ । महानगरपालिकाले रणभैरव गणमा देहाय अनुसारको रू १९५५१३८/- खर्चको विल सम्वन्धित फर्महरूलाई भुक्तानी दिएको छ । संघीय सरकारद्वारा वजेट विनियोजन हुने यस्ता निकायहरूको लागि गरेको खर्च नियमसम्मत नदेखिएको रू.....

| गो भौ र मिति | विवरण | खर्च |
|---|---|---|
| ८५-२०८०/१२/९ | रण भैरव गणमा सौचालय निर्माण | ९८१४७५/- |
| ८६-२०८०/१२/९ | रण भैरव गणमा पर्खाल निर्माण तथा रंगरोगन | ९७३६६३/- |
| जम्मा | | १९५५१३८/- |

| अनियमित भएको | १९,५५,१३८ |
|---|---|

१६१.५ **पेश्कीः-** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी, व्यक्ति, फर्म, संस्थाले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फस्यौंट गर्नुपर्ने व्यवस्था छ । वडा २४ किलागल नारायण मन्दिर

जिर्णोद्धार कार्य गर्न किलागल नारायण मन्दिर पुनः निर्माण उपभोक्ता समिति लाई उपलब्ध गराएको म्याद ननाघेको रू.२०,७४,४३६.७२/- आर्थिक वर्षको अन्त्यसम्म पनि फस्र्यौट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फस्र्यौट गर्नुपर्ने रू......

| | |
|---|---|
| पेश्की | २०,७४,४३६.७२ |

१६२

१६२.१ **सोझै खरिदः**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नु पर्दा सम्भव भएसम्म खुला रूपमा बोलपत्र आह्वान गरी गर्नु पर्ने र योग्य बोलपत्र दातालाई त्यस्तो खरिद प्रक्रियामा सहभागी हुन बिना भेदभाव समान अवसर प्रदान गर्नु पर्ने उल्लेख छ । वडाले यो वर्ष पुँजीगत बजेट रू. ५ करोड २९ लाख १० हजार खर्च गरेकोमा रू. ४ करोड ८६ लाखको सोझै खरिद विधिबाट कार्य गरेको छ । सोझै खरिद विधिबाट काम गरेको ६३ योजनाहरूको लागत अनुमान रू ४ करोड ९८ लाख ३४ हजार रहेकोमा रू ४ करोड ८८ लाख २८ हजारमा सम्झौता गरी कार्य गराएको पाइयो । जुन सम्झौता रकम लागत अनुमानको तुलनामा औषतमा २.०९ प्रतिशत मात्र घटी रहेको छ । हरेक योजना तथा कार्य तीन वटा कोटेशन लिई घटी कवोलवालासँग खरिद सम्झौता गरी कार्य सम्पादन गरेको भएपनि लागत अनुमानकै हाराहारीमा खरिद सम्झौता गरेको देखियो । मितव्ययिता, प्रभावकारिता र आर्थिक अनुशासनको दृष्टीले धेरै रकम सोझै खरिद विधि मार्फतको खरिदमा खर्च गर्नु उपयुक्त देखिदैन । तसर्थ आकस्मिक र भैपरी प्रकृतिका कार्यहरू बाहेकका योजनाहरू प्रतिस्पर्धात्क व्यवस्थाको अवलम्बन गरी खरिद गर्नु पर्दछ ।

१६२.२ **खरिद विश्लेषणः**- महानगरपालिकाका विभिन्न वडाहरूमा सम्पन्न भएका २७ वटा ठेक्कामा लागत अनुमान र सम्झौता रकमको तुलना गर्दा लागत अनुमानको तुलनामा औसत २८.३८ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको देखिन्छ । यस वडा कार्यालयले कोटेशन लिई सोझै खरिद गर्दा लागत अनुमानको तुलनामा २.०९ प्रतिशत न्यूनमा सम्झौता भएको छ । सोझै खरिदमा गरिको खर्च ठेक्का मार्फत गरेको भए ठेक्कामा घटेको औसत २८.३८ प्रतिशतका आधारमा न्यूनतम रू १ करोड ३९ लाख १० हजार वचत हुने देखिन्छ । त्यसैले खरिद गर्दा प्रतिस्पर्धात्मिक विधि अवलम्बन हुने गरी खरिद आबश्यकता पहिचान तथा खरिद योजना छनौट गर्नु पर्दछ ।

१६२.३ **सीमा भन्दा बढीको सोझै खरिदः**- काठमाडौं महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५ मा कार्यालयबाट सबै प्रकारका खरिद कार्यका लागि लागत अनुमान तयार गर्नु पर्ने र उक्त लागत अनुमान कन्टिन्जेन्सी, ओभरहेड र मूल्य अभिवृद्धि कर आदिको कुल अङ्क हुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियममावली, २०६४ को नियम ८५ मा रू १० लाखसम्म लागत अनुमान भएका निर्माण कार्य, मालसामान र अन्य सेवा खरिद गर्दा सोझै खरिद विधि अवलम्बन गर्न सकिने उल्लेख छ । वडा कार्यालयले पूँजीगततर्फ विभिन्न कार्य सम्पादन गर्दा सोझै खरिद विधि अवलम्बन गरेकोमा ती योजनाहरूको लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सीलाई लागत अनुमानमा समावेश गरेको देखिएन । लागत अनुमानमा कन्टिन्जेन्सी समावेश गर्दा देहायका १७ योजनाहरूमा सोझै खरिद गर्न पाउने रकम रू १० लाखसम्मको सीमा नाघेको अवस्था छ । यद्यपी कन्टिन्जेन्सी खर्च भने गरेको देखिएन । कानुनमा तोकिए बमोजिमको रकम सीमा भित्र रहि खरिद हुनु पर्दछ ।

| योजना | कन्टिन्जेन्सी समावेश नगरेको स्वीकृत लागत अनुमान | कन्टिन्जेन्सी समावेश गर्दा हुने लागत अनुमान |
|---|---|---|
| इटुवहाल दक्षिणतर्फ चोक मर्मत | ९८२४७८.६८ | १०१७२५७.०० |
| शाक्य मुनी गल्ली ढल तथा ब्लक | ९८८२२२.८८ | १०२३२०४.०० |
| इन्द्रचोक भेडासिंह किलागल सडक | ९९३७०४.६५ | १०२८८८०.०० |
| इन्द्रचोक क्लबचोक मर्मत | ९७९०८८.२२ | १०१३७४६.०० |
| पाछेगल्ली चोक तथा मन्दिर मर्मत | ९९२१७९.४३ | १०२७३०१.०० |
| दुछेन चिवा नासल चोक ब्लक छाप्ने काम | ९९२१७९.४३ | १०२७३०१.०० |
| वटु कुमारी मन्दिर चोक ढल मर्मत | ९७१०४७.१७ | १००५४२१.०० |
| ताहननी चोक निर्माण | ९८५५८२.६७ | १००५४७१.०० |
| भेडासिंह ढल मर्मत | ९९६६०७.३६ | १०३९८८५.०० |
| मखन महादेव मन्दिर मर्मत | ९९५०४१.०५ | १०३०२६४.०० |
| कम्पुकोत रणभैरव गणको ढोका मर्मत | ९९६५५१.०२ | १०३१८२७.०० |
| रणभैरव गण पर्खाल निर्माण तथा रंग रोगन | ९७३६६३.५५ | १००८१३०.०० |
| रणभैरव गण शौचालय निर्माण | ९८१४७५.४८ | १०१६२१८.०० |
| भेडासिंह महादेव देगल अगाडी ढल निर्माण | ९९९४३०.३० | १०३४८०८.०० |
| इटुबहाल पश्चिम तारादेवी चोक मर्मत | ९९८९६०.८९ | १०३४३२२.०० |
| मखन गल्ली आरती स्वीट अगाडी गल्लीमा ढुंगा सोलिङ | ९९८९६०.८९ | १०३४३२२.०० |
| मखन वहाल गल्लीमा ढल तथा चोक मर्मत | ९९३२५७.१६ | १०२८४१७.०० |

१६२.४ **व्यवसाय कर:-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१६३ **वडा नं २५**

१७३.२ **क. आयोजना हस्तान्तरण र सम्पत्तिको स्वामित्वः-** महानगरपालिकाले आयोजना संचालन गरेको २२ वर्षको अवधि सम्म पनि आयोजना सम्पन्न गरी हस्तान्तरण गर्ने सम्बन्धी नीतिगत एवं कानूनी व्यवस्था कार्यान्वयनमा ल्याएको पाईएन । महानगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रममा संचालित आयोजनाहरू यथाशिघ्र सम्पन्न गरी हस्तान्तरण गर्ने उल्लेख छ । उक्त व्यवस्थाका लागि मनोहरा जग्गा एकिकरण आयोजनाको जग्गा व्यवस्थापन उप-समितिको मिति २०७९/५/२ को ३१ औं बैठकले २०६७/६/१४ मा माननीय उपप्रधानमन्त्री स्तरबाट स्वीकृत "जग्गा विकास आयोजना हस्तान्तरण कार्यविधि, २०६७" यस आयोजनाका हकमा समेत लागु हुने गरी संशोधनका लागि काठमाडौं उपत्यका विकास प्राधिकरण मार्फत् नेपाल सरकारलाई अनुरोध गर्ने निर्णयानुसार परिपत्र गरेकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त कार्यविधि स्वीकृत भएको देखिएन ।

त्यसैले आयोजना हस्तान्तरणका क्रममा आयोजनाका नाममा रहेको मौज्दात रकम, निर्मित संरचना र त्यसले ओगटेको जग्गा, कुनै शिक्षण संस्था वा विद्यालय प्रयोजनको लागि व्यवस्था गरेको जग्गा लगायतका सम्पत्तिको स्वामित्व आयोजना संचालन गर्ने निकायका नाममा रहने तथा बिक्री गर्न बाँकी घडेरी आयोजना संचालन गर्ने निकायले नै प्रतिस्पर्धात्मक तरिकाबाट बिक्री गर्ने गरी आवश्यक कानूनी व्यवस्थाको तर्जुमा एवं कार्यान्वयनका लागि महानगरपालिकाले थप ध्यान दिनुपर्ने देखिन्छ । यस वर्षको लेखापरीक्षण अवधिसम्म पनि आयोजना हस्तान्तरण र सम्पत्तिको स्वामित्व सम्वन्धमा कुनै पनि कागजात पेश भएन ।

**ख. करार कर्मचारीको सेवा अवधिः-** काठमाडौं महानगरपालिकाको करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी कार्यविधि, २०७९ को दफा १२(३) मा करारमा कर्मचारी नियुक्ती गर्दा करार अवधि सामान्यतः एक वर्षको हुने व्यवस्था छ । तर आयोजनाको मिति २०६८ कार्तिक २ गतेको बोर्डको १५ औं बैठकले आयोजनाको स्वीकृत दरबन्दीमा करारमा कर्मचारी नियुक्ती गर्दा कर्मचारीहरूको करार अवधिलाई आयोजनाको अवधि भर बनाउने निर्णयनुसार असिमित अवधिको करार सम्झौता गरेको देखिन्छ । जुन करार सम्झौताहरू महानगरपालिकाको करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी कार्यविधि, २०७९ को प्रतिकुल देखिएको तर्फ ध्यान दिनुपर्ने देखिन्छ । यस वर्ष पनि आयोजनामा कार्यरत कर्मचारीलाई करार सम्झौता गरेको देखिएन गत विगत वर्ष जस्तै निरन्तर दिएको छ ।

**ग. खोलाको जग्गा व्यक्तिका नाममा दर्ताः-** मनोहरा जग्गा एकिकरण आयोजनाले २०७९/५/२३ मा नापी कार्यालय भक्तपुरलाई गरेको पत्राचार अनुसार आयोजना क्षेत्र अन्तर्गत रहेको २०२१ सालको नापी नक्सामा साविक दिव्यश्वरी ७ (ख) मनोहरा खोला जनिएको कित्ता नं. २४५ विभिन्न व्यक्तिहरूको नाममा दर्ता भई हाल साविक दिव्यश्वरी वडा नं. ७ (ख) कित्ता नं. २६४, २५७, २६६, २८४, २८३ र २६५ कायम भएको सम्बन्धमा नापी कार्यालय भक्तपूरबाट जग्गा दर्ता प्रक्रिया र अन्य आवश्यक विवरणहरू प्राप्त भएको देखिएन । सो सम्बन्धमा गत आ.व. को प्रतिवेदनमा समेत उल्लेख भएकोमा यस वर्ष पनि स्थिति यथावत छ ।

**घ. जग्गा अतिक्रमणः-** आयोजनाबाट प्राप्त विवरण अनुसार आयोजना क्षेत्र भित्र करीव २०० रोपनी जती जग्गामा रहेका करीव १००० वटा अस्थाई टहराहरू निर्माण गरी वसेको अब्यवस्थित वसोवास रहेको छ । आयोजनाको स्विकृत DPR अनुसार उक्त अब्यवस्थित वसोवास मनोहरा खोला र केही ब्यक्तिहरूको जग्गामा रहेको छ । जसले गर्दा आयोजना समयमा सम्पन्न गर्न कठिनाई भएको आयोजनाले जनाएको छ । यस सम्बन्धमा महानगरपालिकाले सरोकारवाला निकाय संग समन्वय गरी आवश्यक व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

१७३.३ **करार कर्मचारीलाई संचय कोषः-** संघीयमामला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रू १० हजार पोशाक खर्च मात्र पाइने व्यवस्था छ । तर आयोजनाले करार सेवामा राखिएका कर्मचारीलाई स्थायी कर्मचारी सरह कर्मचारी संचय कोष वापत १० प्रतिशत रकम कट्टी गरी सोही बराबरको रकम आयोजनाबाट थप गरी कर्मचारी संचय कोषमा जम्मा गर्दै आएको छ । आयोजनाले यस्तो प्रकारको खर्च गर्दा संघीय सरकारले अवलम्बन गरेको अभ्यास र यसले पार्न सक्ने दूरगामी असर बारे समेत विश्लेषण गरेको छैन । त्यसैले संघीयमामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र र संघीय सरकारले अपनाएको अभ्यास विपरित हुने गरी २०६८ साल कार्तिक २ गतेको निर्णय अनुसार देहायका करार सेवामा कार्यरत कर्मचारीलाई १० महिनाको थप संचय कोष वापत भुक्तानी गरेको रू ४८८११९/- सम्वन्धितबाट असुल गरि दाखिला गर्नु पर्ने रू ...........

| सि नं | कर्मचारी नाम र पद | मासिक तलव | १० महिनाको तलव | कर्मचारी संचय कोष वापत थप १० प्रतिशत रकम रु. |
|---|---|---|---|---|
| १ | मनोजकुमार भेटवाल/कानून अधिकृत | ४३६८९/- | ४३६८९०/- | ४३६८९/- |
| २ | पुर्णकृष्णश्रेष्ठ/जु.ई. | ३४७३०/- | ३४७३००/- | ३४७३०/- |
| ३ | सिद्धिकृष्णश्रेष्ठ/जु.ई. | ३४७३०/- | ३४७३००/- | ३४७३०/- |
| ४ | प्रेमबहादरखड्का/ना.सु. | ३४७३०/- | ३४७३००/- | ३४७३०/- |
| ५ | गीता देवी बुढाथोकी/स्टोरकिपर | ३२९०२/- | ३२९०२०/- | ३२९०२/- |
| ६ | घनश्यामगौतम/सुपरभाईजर | ३२९०२/- | ३२९०२०/- | ३२९०२/- |
| ७ | मदन बहादुर साउद/सुपरभाईजर | ३२९०२/- | ३२९०२०/- | ३२९०२/- |
| ८ | संजिवपुरी/सुपरभाईजर | ३२९०२/- | ३२९०२०/- | ३२९०२/- |
| ९ | सुवितराजवंशी/कम्प्यूटरअपरेटर | ३२९०२/- | ३२९०२०/- | ३२९०२/- |
| १० | युवराजखनाल/अमिन | ३२९०२/- | ३२९०२०/- | ३२९०२/- |
| ११ | प्रकाशचन्द्रपौडेल/अमिन | ३२९०२/- | ३२९०२०/- | ३२९०२/- |
| १२ | शान्तिसुवेदी/सुपरभाइजर | ३२९०२/- | ३२९०२०/- | ३२९०२/- |
| १३ | अम्बिरलो/ह.स.चा. | २७६१२/- | २७६१२०/- | २७६१२/- |
| १४ | जसोधामहतो/का.स. | २४७०२/- | २४७०२०/- | २४७०२/- |
| १५ | सरितापुन/का.स. | २४७०२/- | २४७०२०/- | २४७०२/- |
| **जम्मा रू** | | | | **४८८१११/-** |

| असुल गर्नुपर्ने | ४,८८,१११ |
|---|---|

१७३.४ **महानगर भत्ताः-** महानगरपालिकाको नगरपरिषद्को २०६८।६९ को निर्णय नं ९८ मा महानगरपालिकामा कार्यरत कर्मचारीहरूलाई उपलब्ध गराउँदै आएको महानगर भत्तामा थप गरी निरन्तर गर्ने निर्णय गरेको देखिन्छ । महानगरपालिकामा कार्यरत कर्मचारीहरूको हकमा भएको निर्णयका आधारमा आयोजनामा कार्यरत १५ करारका कर्मचारीहरूलाई समेत महानगर भत्ता उपलब्ध गराएको देखिन्छ । महानगरपालिकामा कार्यरत कर्मचारीलाई दिने गरी निर्णय भएको महानगर भत्ता आयोजनामा कार्यरत कर्मचारीलाई समेत समान रूपमा भुक्तानी गरेको रू ५४०,०००/-उपयुक्त नदेखिएकोले सम्वन्धित बाट असूल हुनु पर्ने रू ..........

| सि नं | कर्मचारी नाम र पद | महानगर भत्ता |
|---|---|---|
| १ | मनोजकुमार भेटवाल/कानून अधिकृत | ३६०००/- |
| २ | पुर्णकृष्णश्रेष्ठ/जु.ई. | ३६०००/- |
| ३ | सिद्धिकृष्णश्रेष्ठ/जु.ई. | ३६०००/- |
| ४ | प्रेमबहादरखड्का/ना.सु. | ३६०००/- |
| ५ | गीता देवी बुढाथोकी/स्टोरकिपर | ३६०००/- |
| ६ | घनश्यामगौतम/सुपरभाईजर | ३६०००/- |
| ७ | मदन बहादुर साउद/सुपरभाईजर | ३६०००/- |
| ८ | संजिवपुरी/सुपरभाईजर | ३६०००/- |
| ९ | सुवितराजवंशी/कम्प्यूटरअपरेटर | ३६०००/- |
| १० | युवराजखनाल/अमिन | ३६०००/- |
| ११ | प्रकाशचन्द्रपौडेल/अमिन | ३६०००/- |
| १२ | शान्तिसुवेदी/सुपरभाइजर | ३६०००/- |
| १३ | अम्बिरलो/ह.स.चा. | ३६०००/- |
| १४ | जसोधामहतो/का.स. | ३६०००/- |
| १५ | सरितापुन/का.स. | ३६०००/- |
| **जम्मा** | | ५४००००/- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,४०,००० |

१७३.५ **प्रोभिजनल समको विल पेश नभएको:-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त वमोजिम भुक्तानी गर्नुपर्ने उल्लेख छ । आयोजना र निर्माण व्यवसायी बीच भएको सम्झौतामा प्रोभिजनल समको रकम भुक्तानी गर्दा विल अनुसारको रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ । ढल, म्यानहोल तथा नदी किनारा तटवन्ध आउटलेट निर्माण कार्यको लागि वर्ल्डवाईड/सुमनजेभीलाई प्रोभिजनल सम रू ७३३३८९/- भुक्तानी भएकोमा सो को विल पेश भएको छैन । के कुन कार्यको लागि भुक्तानी भएको हो सो को विवरण खुल्ने विल भरपाई पेश हुनु पर्ने रू ............

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,३३,३८९ |

१७४

१७४.१ **क. फर्माको लागत दोहोरो परेको:-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नर्म्स भए त्यस्तो नर्म्स वमोजिम स्वीकृत जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने र सोहि अनुरूप भुक्तानी गर्नुपर्ने व्यवस्था छ । वडा नं ३२ का विभिन्न स्थानमा ग्राभेल गर्ने र ह्युम पाइप विछ्याउने कार्यको लागि providing and laying reinforcement in substructure को दर विश्लेषण गर्दा सडक विभागको नर्म्श अनुसार प्रति घनमिटर काममा फर्म वर्कको लागि श्रमिकको ज्याला र सामग्रीको दरको ४ प्रतिशत रकम थप गरी प्रति घनमिटर दर निर्धारण गरेकोमा पुन फर्माको कामको लागि १३३.७६ स्कायर मिटरको रू ८०६/- का दरले लागत अनुमान तयार गरी रू १०७८४८/०१ दोहोरो परेको देखिन्छ । यसरी लागत अनुमान तयार गर्दा

आयोजनाको रू १०७८४८/- को बढीको लागत अनुमान तयार भएको देखिन्छ । आयोजनाले लागत अनुमान तयार गर्दा स्विकृत नमर्श भित्र रहेर तयार गर्नुपर्दछ ।

**ख. उपभोक्ता समितिबाट निर्माणः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा लागत अनुमानमा जनसहभागिता रकम समेत खुलाउनु पर्ने व्यवस्था छ । काठमाडौं महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम ४१ अनुसार उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा उपभोक्ता समितिको सहभागिता अनिवार्य हुनुपर्ने व्यवस्था छ । तर आयोजनाले यस वर्ष उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा जनसहभागिता अंश नराखी योजनामा लागेको पुरै लागत आयोजनाबाट वेहोर्ने गरी सम्झौता गरेको देखिन्छ । उपभोक्ताको अंश नराखी निर्माण कार्य गराउँदा लागत अनुमान अनुसार नै सम्झौता एवं खर्च भएको देखिन्छ । तर आयोजनाबाट बोलपत्रको माध्यमबाट खरिद गरेका आयोजनामा ४४ प्रतिशत सम्म घटेको अवस्था छ । आयोजनाले खरिद कार्य गर्दा उपभोक्ता समिति भन्दा प्रतिस्पर्धात्मक माध्यमबाट खरिद गर्ने तर्फ जोड दिनुपर्ने देखिन्छ । केहि उदाहरण निम्न छन् ।

| योजनाको नाम | उपभोक्ता समिति | सम्झौता रकम |
|---|---|---|
| अरनिको राजमार्ग उत्तरखण्डको का.म.पा ३२ तर्फका विभिन्न ब्लकमा माटो तथा ढुंगा हाल्ने, ह्युम पाइप | पुरानो मनोहरा सभ्यता उ.स. | ५९४८७१३/- |
| अरनिको राजमार्ग उत्तरखण्डको का.म.पा ३२ तर्फका विभिन्न ब्लकमा ढुंगाको पर्खाल लगाउने | वंगलामुखी उ.स. | ७६४२६६९/- |
| मनोहरा खोला पुर्व, म.थि.न. पा २, साविक दिवेश्वरी तर्फ ढुंगाको पर्खाल लगाउने | श्री गणेश उ.स. | ७३८४५३८/८३ |
| अरनिको राजमार्ग दक्षिण मनोहरा खोल पूर्व म.थि.न.पा. २ साविक दिव्यश्वरी ६क तथा ७ ख तर्फ पर्खाल लगाउने | चुन देवी उ.स. | ७५४८३००/३६ |
| अरनिको राजमार्ग उत्तरखण्ड पूर्व म.थि.न.पा.१ तथा २ तर्फको व्लक E2,F2का वाटोहरू ढुंगाको सीमा पर्खाल लगाइ सीमांकन गर्ने | नाट्यश्वरी उपभोक्ता समिति | ७५७३१३१/२० |

**ग. खोलाको जग्गा व्यक्तिका नाममा दर्ताः-** मनोहरा जग्गा एकिकरण आयोजनाले २०७९/५/२३ मा नापी कार्यालय भक्तपुरलाई गरेको पत्राचार अनुसार आयोजना क्षेत्र अन्तर्गत रहेको २०२१ सालको नापी नक्सामा साविक दिव्यश्वरी ७ (ख) मनोहरा खोला जनिएको कित्ता नं. २४५ विभिन्न व्यक्तिहरूको नाममा दर्ता भई हाल साविक दिव्यश्वरी वडा नं. ७ (ख) कित्ता नं. २६४, २५७, २६६, २८४, २८३ र २६५ कायम भएको सम्बन्धमा नापी कार्यालय भक्तपूरबाट जग्गा दर्ता प्रक्रिया र अन्य आवश्यक विवरणहरू प्राप्त भएको देखिएन। सो सम्बन्धमा गत आ.व. को प्रतिवेदनमा समेत उल्लेख भएकोमा यस वर्ष पनि स्थिति यथावत छ ।

**घ. जग्गा अतिक्रमणः-** आयोजनाबाट प्राप्त विवरण अनुसार आयोजना क्षेत्र भित्र करीव २०० रोपनी जती जग्गामा रहेका करीव १००० वटा अस्थाई टहराहरू निर्माण गरी वसेको अब्यवस्थित वसोवास रहेको छ । आयोजनाको स्विकृत DPR अनुसार उक्त अब्यवस्थित वसोवास मनोहरा खोला र केही ब्यक्तिहरूको जग्गामा रहेको छ । जसले गर्दा आयोजना समयमा सम्पन्न गर्न कठिनाई भएको आयोजनाले जनाएको छ । यस सम्बन्धमा महानगरपालिकाले सरोकारवाला निकाय संग समन्वय गरी आवश्यक व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

१७४.२ **टुक्रा खरिदः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा हुने गरी खरिद कार्य गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार सार्वजनिक निकायले रू २० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ । आयोजनाले यस वर्ष बाटोमा व्लक विछ्याउने कार्यको लागि निम्नानुसार टुक्रा खरिद गरेको देखिन्छ ।जसले गर्दा खरिदमा प्रतिस्पर्धा भएको देखिएन । आयोजनाबाट बोलपत्रको माध्यमबाट खरिद गरेका आयोजामा ४४ प्रतिशत सम्म घटेको अवस्था छ । आयोजनाले खरिद गर्दा प्रतिस्पर्धा हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

| गोश्वरा भौचर नं र मिति | कामको विवरण | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|
| २७३-२०८१।३।२४ | अरनिको राजमार्ग उत्तरखण्डमा वडा नं ३२ तर्फ व्लक विछ्याई बाटो बनाउने | ९९६२६७.८७ | ९८७१३९.७५ | ०.९२ |
| | सरस्वती नगरमा व्लक विछ्याउने कार्य | ९४५४७२.०० | ९४४१८४.०० | ०.६५ |
| २५९-२०८१।३।२४ | अरनिको राजमार्ग उत्तर खण्डको म.थि.न.पा-१ व्लक व्लक विछ्याउने कार्य | ९९६४९७.९४ | ९८९९६८.१४ | ०.१४ |
| २५७- २०८१।३।२४ | Construction of embankment and providing suitable material | ९७७७६६.५२ | ९७४३७३.४८ | ०.३५ |
| | | ३९१६००४.३३ | ३८९५६६५.३७ | |

१७४.३(८१-२०८०-६-३०):

**प्रोभिजलन समको विल नभएकोः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त वमोजिम भुक्तानी गर्नुपर्ने उल्लेख छ । आयोजना र निर्माण व्यवसायी बीच भएको सम्झौतामा प्रोभिजनल समको रकम भुक्तानी गर्दा विल अनुसारको रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ । महानगरपालिका विभिन्न स्थानमा बाटो ग्राभेल गर्ने र ह्युम पाइप राख्ने कार्य, विनायक सोभित जे.भि लाई अन्तिम विल भुक्तानी गर्दा प्रोभिजनल सम फर डे वर्कको लागि रू ८४३९०.०० भुक्तानी भएकोमा सो को बिल पेश नभएकोले विल पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रू.....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८४,३९० |

१७४.४ **परामर्श सेवामा ओभरहेडः-** सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२(१) अनुसार सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्न पर्ने व्यवस्था छ साथै १२ (४) अनुसार परामर्श सेवा र अन्य सेवाको लागत अनुमान अनुसुची–१ क को ढाँचामा तयार गर्नुपर्ने व्यवस्था छ । अनुसुचि १ क अनुसार बोलपत्र तुलनाको लागि कुल लागत अनुमान अङ्क कुल जम्मा लागत अनुमानमा कार्यालयको व्यवस्थापन खर्च ४ प्रतिशत थप गरी हुन आउने रकम कायम हुने उल्लेख छ । आयोजनाले यस वर्ष निम्मनानुसार परामर्श सेवाको लागत अनुमान तयार गर्दा ओभरहेड वापत रू ४११४९८.०० समेत जोडेर लागत अनुमान तयार गरेको देखिन्छ । यसरी परामर्श सेवामा ओभरहेड दिन नमिल्ने देखिएकोले उक्त रकम असुल हुनुपर्ने रू....

| गोश्वरा भौचर नं र मिति | परामर्शदाता | कामको विवरण | ओभरहेड रकम |
|---|---|---|---|
| २४१-२०८१।३।१८ | राइट भिजन इन्जिनियरिङ् एण्ड कन्स्ट्रकशन प्रा.ली | Consulting service for the review and update land uses data and......... 4 kha | १२७५६२/- |
| | | Detail study of sewerage network including desk study, field work .......4 kha | ६२५६२/- |
| १९९-२०८१।२।१८ | पावर नेपाल कन्सल्ट एण्ड कन्स्ट्रक्शन प्रा.ली | Preparation of detail engineering, survey design, cost estimate and report preparation of Manohara land pooling...( sewar, road and river alignment with public area ) 7 Kha | २२१३७४/- |
| | | | ४११४९८/- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,११,४९८ |

१७४.५

**पेश्की बाँकीः-** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी, व्यक्ति, फर्म, संस्थाले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फस्र्यौट गर्नुपर्ने व्यवस्था छ । आयोजनाले विभिन्न प्रयोजनको लागि निम्नानुसारका व्यक्ति, फर्म र संस्थालाई उपलब्ध गराएको म्याद नाघेको पेश्की रू ७४९६३६६/६० आर्थिक वर्षको अन्त्यसम्म पनि फस्र्यौट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फस्र्यौट गर्नुपर्ने रू...............

| **भौ.नं. मिति** | **पेश्की लिनेको विवरण** | **पेश्कीको प्रयोजन** | **म्याद नाघेको** | **म्याद ननाघेको** | **जम्मा** |
|---|---|---|---|---|---|
| २४२-२०८१/०३/२० | श्री बगलामुखी उपभोक्ता समिति | पर्खाल लगाई बाटो निर्माण कार्य | २५२२०८१/- | - | २५२२०८१/- |
| २९२-स२०८०/०२/१९ | श्री नेपाल विधुत प्राधिकरण | विधुत पोलहाल्ने कार्य | ४९७४२८५/६० | - | ४९७४२८५/६० |
| | | **जम्मा रकम रू** | **७४९६३६६/६** | **जम्मा रकम रू** | **७४९६३६६/६** |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **२,५४९,४०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **२,४३८,२८७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **२,२२९,४५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **२,५४२,४०१.७४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **१,८३८,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **१,३५७,९६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ७४,९६,३६६.६ |

१७५ **चमती जग्गा एकीकरण आयोजनाः-**

१७५.१ **परिचय -** काठमाडौं महानगरपालिका भित्र रहेको अव्यवस्थित संरचना र बसोबासलाई व्यवस्थित गर्ने क्रममा छरिएर रहेका जग्गाका कित्ताहरूलाई जग्गा एकीकरण योजनाको माध्यमबाट विकासको लागि समानुपातिक प्रतिशतका दरले जग्गा कट्टा गरी सुविधा सम्पन्न घडेरीमा परिणत गरी सम्बन्धित जग्गा धनीलाई नै फिर्ता दिने कार्यक्रम अनुसार चःमती क्षेत्रमा जग्गा विकास कार्यक्रम लागु गरिएको हो । यो आयोजना काठमाडौं महानगरपालिका वडा नं. १५ र १६ मा पूर्वमा विष्णुमती नदी, पश्चिममा स्वयम्भु भगवान पाउँ वनस्थली सडक, उत्तरमा बालाजु वनस्थली चक्रपथ र दक्षिणमा स्वयम्भु भगवानपाउँ विजेश्वरी हुँदै शोभा भगवती मन्दिर सम्म रहेको छ । यो क्रार्यक्रम लागु गर्न नेपाल सरकार बाट २०६०।०१।०५ गते आयोजना क्षेत्रको जग्गा अधिग्रहण गरिएको हो । यसको बाटोको नेटवर्क प्लान र डि.पि.आर. स्थानीय सहयोग समितिको सिफारिस अनुसार नेपाल सरकारबाट मिति २०६०।०८।०१ मा स्वीकृत भएको हो ।

**आयोजनाको आर्थिक विवरण (आर्थिक वर्ष २०८०।८१)**

| सि.नं. | आय शीर्षक | रकम | सि.नं. | व्यय शीर्षक | रकम |
|---|---|---|---|---|---|
| १. | गत वर्षको जिम्मेवारी | २३१३४४२७२/७६ | १. | तलब, भत्ता, कार्यालय संचालन र अन्य सुविधा | १९२०४९६३/१३ |
| २. | उपभोक्ता जग्गा धनिहरूको योगदानबाट प्राप्त रकम | २१०५१५४९/- | २. | सार्वजनिक निर्माण खर्च | १६६७१५५१३/३३ |
| ३. | अन्य विविध आम्दानी | ३११८५८९०/१३ | ३. | पेश्की खर्च (गत विगत वर्षको) | ३००६३२४/६२ |
| ४. | कल खातामा ब्याज आम्दानी | ३७१८६४९/६२ | ४. | पेश्की खर्च ०८०/८१ | १०८७७०८४/- |
| ५. | खर्च खाताको व्याज आम्दानी | १७३१२५/३६ | ५. | मौज्दात रकम आम्दानी खाता | ९५६४४८६१/५१ |
| ६. | संधियार प्लट विक्रिबाट प्राप्त | ८३४४५००/- | ६. | मौज्दात रकम खर्च खाता | ६६६२४७०/६६ |
| ७ | गत वर्षको पेश्की रकम अल्या ०७९/८० को | ४०८८७६२/६२ | | | |
| ८ | गत(०७९/८०) वर्षको खर्च खाता बैंक रकम अ.ल्या | २२०४४६७/७६ | | | |
| **धरौटी तर्फ** | | | | **धरौटी तर्फ** | |
| ९ | गत वर्षको धरौटी अ.ल्या रकम ०७९/८० | १४६३३१६५/१९ | | धरौटी रकम फिर्ता | ५३८१३/- |
| १० | संधियार प्लट विक्रिबाट प्राप्त धरौटी | १५०००००/- | | सुरक्षण धरौटी रकम फिर्ता | ९५१३५२५/- |
| ११ | धरौटी खाताको व्याज आम्दानी | २०१९६३/९३ | | संधियार प्लट विक्रिबाट प्राप्त धरौटी रकम स्थान्तरण | १५०००००/- |
| १२ | सुरक्षण धरौटी रकम | ४९६२९३९/- | | मौज्दात धरौटी रकम | १०६८४०६४/६२ |
| १३ | सडक खन्न धरौटी वापत | ४५३३३४/५ | | | |
| | **जम्मा रू** | **३२३८६२६१९/८७** | | **जम्मा रू** | **३२३८६२६१९/८७** |

श्रेस्तमा मौज्दात रकम रू ९५६४४८६१/५१ देखिन्छ भने वैंकमा मौज्दात रकम रू ९९९७१६४६/८० देखिएकोले रू ४३२६७८४/९९ वैंक भन्दा श्रेस्तामा घटी देखिन्छ ।बैंकमा भन्दा श्रेस्तामा रू ४३२६७८४/९९ घटी देखिएकोले सो घटी रकम यकिन गरी श्रेस्तामा आम्दानी वाँध्नु पर्दछ ।

१७५.२ **आयोजना हस्तान्तरण र सम्पत्तिको स्वामित्वः-** महानगरपालिकाले आयोजना संचालन गरेको २२ वर्षको अवधि सम्म पनि आयोजना सम्पन्न गरी हस्तान्तरण गर्ने सम्बन्धी नीतिगत एवं कानूनी व्यवस्था कार्यान्वियनमा ल्याएको पाईएन । महानगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रममा संचालित आयोजनाहरू यथाशिघ्र सम्पन्न गरी हस्तान्तरण गर्ने उल्लेख छ । उक्त व्यवस्थाका लागि मनोहरा जग्गा एकिकरण आयोजनाको जग्गा व्यवस्थापन उप-समितिको मिति २०७९/५/२ को ३१ औं बैठकले २०६७/६/१४ मा माननीय उपप्रधानमन्त्री स्तरबाट स्वीकृत "जग्गा विकास आयोजना हस्तान्तरण कार्यविधि, २०६७" यस आयोजनाका हकमा समेत लागु हुने गरी संशोधनका लागि काठमाडौं उपत्यका विकास प्राधिकरण मार्फत् नेपाल सरकारलाई अनुरोध गर्ने निर्णयानुसार परिपत्र गरेकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त कार्यविधि स्वीकृत भएको देखिएन । त्यसैले आयोजना हस्तान्तरणका क्रममा आयोजनाका नाममा रहेको मौज्दात रकम, निर्मित संरचना र त्यसले ओगटेको जग्गा, कुनै शिक्षण संस्था वा विद्यालय प्रयोजनको लागि व्यवस्था गरेको जग्गा लगायतका सम्पत्तिको स्वामित्व आयोजना संचालन गर्ने निकायका नाममा रहने तथा बिक्री गर्न बाँकी घडेरी आयोजना संचालन गर्ने निकायले नै प्रतिस्पर्धात्मक तरिकाबाट बिक्री गर्ने गरी आवश्यक कानूनी व्यवस्थाको तर्जुमा एवं कार्यान्वियनका लागि

महानगरपालिकाले थप ध्यान दिनुपर्ने देखिन्छ । यस वर्षको लेखापरीक्षण अवधिसम्म पनि आयोजना हस्तान्तरण र सम्पत्तिको स्वामित्व सम्वन्धमा कुनै पनि कागजात पेश भएन ।

१७५.३ **करार कर्मचारीको सेवा अवधिः-** काठमाडौं महानगरपालिकाको करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी कार्यविधि, २०७९ को दफा १२(३) मा करारमा कर्मचारी नियुक्ती गर्दा करार अवधि सामान्यतः एक वर्षको हुने व्यवस्था छ । तर आयोजनाको मिति २०६८ कार्तिक २ गतेको बोर्डको १५ औं बैठकले आयोजनाको स्वीकृत दरबन्दीमा करारमा कर्मचारी नियुक्ती गर्दा कर्मचारीहरूको करार अवधिलाई आयोजनाको अवधि भर बनाउने निर्णयनुसार असिमित अवधिको करार सम्झौता गरेको देखिन्छ । जुन करार सम्झौताहरू महानगरपालिकाको करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी कार्यविधि, २०७९ को प्रतिकुल देखिएको तर्फ ध्यान दिनुपर्ने देखिन्छ । यस वर्ष पनि आयोजनामा कार्यरत कर्मचारीलाई करार सम्झौता गरेको देखिएन गत विगत वर्ष जस्तै निरन्तर दिएको छ ।

१७५.४ **करार कर्मचारीलाई सञ्चय कोषः-** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरूलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रू १० हजार पोशाक खर्च मात्र पाइने व्यवस्था छ । तर आयोजनाले करार सेवामा राखिएका कर्मचारीलाई स्थायी कर्मचारी सरह कर्मचारी संचय कोष वापत १० प्रतिशत रकम कट्टी गरी सोही बराबरको रकम आयोजनाबाट थप गरी कर्मचारी संचय कोषमा जम्मा गर्दै आएको छ । यस वर्ष करार सेवामा कार्यरत देहायका कर्मचारीका लागि १० महिनाको संचयकोष वापत आयोजनाले रू ४६७०६५/- भुक्तानी गरेको छ । आयोजनाले यस्तो प्रकारको खर्च गर्दा संघीय सरकारले अवलम्बन गरेको अभ्यास र यसले पार्न सक्ने दूरगामी असर बारे समेत विश्लेषण गरेको छैन । त्यसैले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र र संघीय सरकारले अपनाएको अभ्यास विपरित हुने गरी भुक्तानी गरेको थप संचय कोष वापतको रकम सम्वन्धित बाट असुल गरी दाखिला गर्नु पर्ने रू..........

| सि.नं. | नामपद | मासिक तलव | १० महिनाको तलव | थप संचय कोष |
|---|---|---|---|---|
| १ | कानून अधिकृत श्री समिता श्रेष्ठ (रावत) | ४३६८९/- | ४३६८९०/- | ४३६८९/- |
| २. | ना.सु. श्रीदिलन कुमार शाक्य | ३४७३०/- | ३४७३००/- | ३४७३०/- |
| ३. | ना.सु. श्रीरामेश्वर महर्जन | ३४७३०/- | ३४७३००/- | ३४७३०/- |
| ४. | ना.सु. श्रीविजय कुमार भण्डारी | ३४७३०/- | ३४७३००/- | ३४७३०/- |
| ५. | जु.ई. श्रीनवराज जोशी | ३४७३०/- | ३४७३००/- | ३४७३०/- |
| ६. | जु.ई. श्रीप्रकाश थापा | ३४७३०/- | ३४७३००/- | ३४७३०/- |
| ७. | अमिन श्रीभिम बहादुर गुरुङ्ग | ३२९०२/- | ३२९०२०/- | ३२९०२/- |
| ८. | अमिन श्रीकृष्ण बहादुर तिमिल्सेना | ३२९०२/- | ३२९०२०/- | ३२९०२/- |
| ९. | प्रशासन सहायक श्री दिपा तिवारी | ३२९०२/- | ३२९०२०/- | ३२९०२/- |
| १०. | प्रशासन सहायक श्री कुमार प्र. तिमिल्सेना | ३२९०२/- | ३२९०२०/- | ३२९०२/- |
| ११. | सुपरभाईजर श्री शिव कुमार महर्जन | ३२९०२/- | ३२९०२०/- | ३२९०२/- |
| १२. | प्रशासन सहायक श्री भगवती अधिकारी | ३२९०२/- | ३२९०२०/- | ३२९०२/- |
| १३. | का.स. श्रीबिजय तिमिल्सेना | २४७०२/- | २४७०२०/- | २४७०२/- |
| १४. | हलुकासवारी चालक श्री राजु लामा | २७६१२/- | २७६१२०/- | २७६१२/- |
| **जम्मा रू** | | | | **४६७०६५/-** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,६७,०६५ |

१७५.५ **महानगर भत्ताः-** महानगरपालिकाको नगरपरिषद्को २०६८।६९ को निर्णय नं ९८ मा महानगरपालिकामा कार्यरत कर्मचारीहरूलाई उपलब्ध गराउँदै आएको महानगर भत्तामा थप गरी निरन्तर गर्ने निर्णय गरेको देखिन्छ । महानगरपालिकामा कार्यरत कर्मचारीहरूको हकमा भएको निर्णयका आधारमा आयोजनामा कार्यरत १४ करारका कर्मचारीहरूलाई समेत महानगर भत्ता उपलब्ध गराएको देखिन्छ । महानगरपालिकामा कार्यरत कर्मचारीलाई दिने गरी निर्णय भएको महानगर भत्ता आयोजनामा कार्यरत कर्मचारीलाई समेत समान रूपमा भुक्तानी गरेको रू ५,०४,०००/- उपयुक्त नदेखिएकोले सम्वन्धित बाट असूल हुनु पर्ने रू......

| **सि.नं.** | **नामपद** | **महानगर भत्ता** |
|---|---|---|
| १ | कानूनअधिकृत श्री समिता श्रेष्ठ (रावत) | ३६०००/- |
| २. | ना.सु. श्रीदिलन कुमार शाक्य | ३६०००/- |
| ३. | ना.सु. श्रीरामेश्वर महर्जन | ३६०००/- |
| ४. | ना.सु. श्रीविजय कुमार भण्डारी | ३६०००/- |
| ५. | जु.ई. श्रीनवराज जोशी | ३६०००/- |
| ६. | जु.ई. श्रीप्रकाश थापा | ३६०००/- |
| ७. | अमिन श्रीभिम बहादुर गुरुङ्ग | ३६०००/- |
| ८. | अमिन श्रीकृष्ण बहादुर तिमिल्सेना | ३६०००/- |
| ९. | प्रशासन सहायक श्री दिपा तिवारी | ३६०००/- |
| १०. | प्रशासन सहायक श्री कुमार प्र. तिमिल्सेना | ३६०००/- |
| ११. | सुपरभाईजर श्री शिव कुमार महर्जन | ३६०००/- |
| १२. | प्रशासन सहायक श्री भगवती अधिकारी | ३६०००/- |
| १३. | का.स. श्रीबिजय तिमिल्सेना | ३६०००/- |
| १४. | हलुका सवारी चालक श्री राजु लामा | ३६०००/- |
| **जम्मा रू** | | ५०४०००/- |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,०४,००० |

१७६

१७६.१(१९४-२०८१-२-२२):

**शर्त सहितको पेश्की जमानतः-** आयोजना र वि व्लकमा प्रशासनिक भवन निर्माण कार्यको निर्माण व्यवसायी बाबु रत्न कन्स्ट्रक्शन विच २०८०।१०।१२ मा भएको सम्झौताको जि.सि.सि. ५७.१ मा मोविलाईजेशन पेश्की लिने प्रयोजनको लागि पेश हुने पेश्की जमानत शर्त रहितको हुनुपर्ने उल्लेख छ । आयोजनाले निर्माण व्यवसायीलाई रू ३४१८८३७.०० पेश्की दिँदा निर्माण व्यवसायीले माछापुच्छ्रे बैकबाट जारी भएको, अप्रिल २७,२०२५ अवधि भएको रू ६८३७६७५.०० को पेश्की जमानत पेश गरेकोमा उक्त पेश्की जमानत शर्त (It is a condition for any claim and payment under this gurantee) सहितको भएको देखिएकोले सम्झौता अनुसारको शर्त रहितको जमानत पेश हुनुपर्दछ ।

१७६.२

**विमा नगरेको:-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उपनियम १ अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक रू २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोके अनुरूप बिमा गराउनु पर्ने व्यवस्था छ । आयोजना भित्रको सडक पिच गर्ने कार्यको सम्झौता रू ९९५३१३५.४० भएको र वि.ओ.क्यु मा समेत विमा वापत रू १ लाख राखेकोमा उक्त योजनामा विमा गरेको पाइएन । आयोजनाले नियमावलीको पालना गर्नुपर्दछ ।

१७६.३ **उपभोक्ता समितिबाट निर्माण:-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा लागत अनुमानमा जनसहभागिता रकम समेत खुलाउनु पर्ने व्यवस्था छ । काठमाडौं महानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम ४१ अनुसार उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा उपभोक्ता समितिको सहभागिता अनिवार्य हुनुपर्ने व्यवस्था छ । तर आयोजनाले यस वर्ष उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा जनसहभागिता अंश नराखी योजनामा लागेको पुरै लागत आयोजनाबाट वेहोर्ने गरी सम्झौता गरेको देखिन्छ । उपभोक्ताको अंश नराखी निर्माण कार्य गराउँदा लागत अनुमान अनुसार नै सम्झौता एवं खर्च भएको देखिन्छ । तर आयोजनाबाट बोलपत्रको माध्यमबाट खरिद गरेका आयोजनामा १८.९४ प्रतिशत सम्म घटेको अवस्था छ । आयोजनाले खरिद कार्य गर्दा उपभोक्ता समिति भन्दा प्रतिस्पर्धात्मक माध्यमबाट खरिद गर्ने तर्फ जोड दिनुपर्ने देखिन्छ । केहि उदाहरण निम्न छन् ।

| **योजनाको नाम** | **उपभोक्ता समिति** | **सम्झौता रकम** |
|---|---|---|
| सडक ढलान | भचाखुसि | ७५८३२७६/६६ |
| स्व. डल्लु ९क को व्लकमा रहेको दवु निर्माण | ङयत चःमु चपा पुन निर्माण समिति | २९७७०८५/८८ |
| स्व. डल्लु ९क/ख अन्तर्गत कम्पाउण्ड वाल, ढल राख्ने कार्य लगायत सडक ढलान | स्टार उपभोक्ता समिति | ७४७३४२१/२५ |
| आयोजना क्षेत्रमा ढलान/ढल व्यवस्थापन | लखंक फल्चा निर्माण समिति | ६०५७३७०/३६ |
| एफ व्लकको खुल्ला क्षेत्र संरक्षण | एफ व्लकको खुल्ला क्षेत्र संरक्षण उ.स | ७६६३५१७/२२ |
| डी. व्लकमा खुल्ला क्षेत्र संरक्षण गर्ने | हरियाली पार्क निर्माण उ.स. | ७२७०१३७/८३ |

१७६.४ **पेश्की बाँकी:-** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी, व्यक्ति, फर्म, संस्थाले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ । आयोजनाले विभिन्न प्रयोजनको लागि निम्नानुसारका व्यक्ति, फर्म र संस्थालाई उपलब्ध गराएको म्याद ननाघेको रू ५८०००००/- र म्याद नाघेको पेश्की रू १०००००/- आर्थिक वर्षको अन्त्यसम्म पनि फर्स्यौट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फर्स्यौट गर्नुपर्ने रू............

| **पेश्कि लिएको मिति** | **पेश्की लिनेको विवरण** | **पेश्कीको प्रयोजन** | **म्याद नाघेको** | **म्याद ननाघेको** | **जम्मा** |
|---|---|---|---|---|---|
| ०८०/१२/१३ | चमती जग्गा एकिकरण समाज | समाजको लागि | १०००००/- | - | १०००००/- |
| ०८१/२/२२ | बाबुरत्न कन्स्ट्रक्सन बी व्लक | वी व्लकमा प्रशासनिक भवन निर्माण | - | ५८०००००/- | ५८०००००/- |
| | | **जम्मा रू** | **१०००००/-** | **५८०००००/-** | **१०८७७०८४/-** |

शहिद गंगालाल प्रगति क्लवले मिति २०६९/१२/२० मा पिच गर्ने भनि लिएको पेश्कि रू ३००६३२४/६२ हाल सम्म पनि फर्स्यौट नगरी रहिरहेकोले सो पेश्कि अविलम्व फर्स्यौट गर्नु गराउनु पर्दछ ।

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **२,५३४,९५७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **२,४४२,१२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| पेश्की | १,००,००० |
|---|---|

१७६.५ **नयाँ वजार जग्गा एकीकरण आयोजनाः-** नेपाल सरकार र एसियालि विकास बैक विच १९ सेप्टेम्वर १९९३ मा भएको ऋण सम्झौता अनुसार नयाँवजारमा जग्गा एकिकरण कार्यक्रम लागु गर्ने कार्यक्रम सुरू भएको हो । यो कार्यक्रम कार्यान्वयनको लागि १५ वटा विभिन्न ब्लकमा विभाजन गरीएको छ, यस्को क्षेत्रफल ८१८-७-०-० रोपनि रहेको छ ।

**आयोजनाको आर्थिक विवरण (आर्थिक वर्ष २०८०।८१)**

| सि.नं. | आय शीर्षक | रकम | सि.नं. | व्यय शीर्षक | रकम |
|---|---|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी | १६५७४२५५/७६ | १ | तलब, भत्ता, कार्यालय संचालन र अन्य सुविधा | ९५५३६८/- |
| २ | कल खातामा ब्याज आम्दानी | २०६४१६/२५ | २ | पूर्वाधार विकास निर्माण | ९०१४६३२/- |
| ३ | खर्च खाताको व्याज आम्दानी | १७१६३/३७ | ३ | मौज्दात रकम आम्दानी खाता चालू आ.व. | ७२८०६७२/०१ |
| ४ | गत(०७९/८०) वर्षको खर्च खाता बैंक रकम अ.ल्या | ११३९५९९/७८ | ४ | मौज्दात रकम खर्च खाता चालू आ.वा. | ६८६७६२/१५ |
| | **जम्मा रू** | **१७९३७४३५/१६** | | **जम्मा रू** | **१७९३७४३५/१६** |

यस योजनालाई समयमै हस्तान्तरण गरी फरफारक गर्नु पर्दछ ।

१७७ **हनुमान ढोका दरवार क्षेत्र संरक्षण कार्यक्रमः-**

१७७.१ **हनुमान ढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमः-** नेपालको सामाजिक, साँस्कृतिक तथा धार्मिक इतिहास बोकेको हनुमानढोका दरबार क्षेत्रको संरक्षण, सम्बर्धन, व्यवस्थापन तथा आन्तरिक र बाह्य पर्यटकहरूलाई सहजिकरण गर्ने उद्देश्यले यस कार्यक्रमको स्थापना २०५८ सालमा भएको हो । हाल यस कार्यक्रमले दरबार क्षेत्रमा आउने बाह्य पर्यटकबाट प्रवेश शूल्क संकलन तथा दरबार क्षेत्रको व्यवस्थान र जात्रा पर्व व्यवस्थापन गर्दै आएको छ ।

**आर्थिक विवरण (आर्थिक वर्ष २०८०।८१ )**

| सि.नं. | आय विवरण | रकम | सि.नं. | खर्च विवरण | रकम |
|---|---|---|---|---|---|
| १ | गत वर्षको मौज्दात | | १ | तलब पारीश्रमिमक तथा सुविधा | ३४५२७०२९/८० |
| | राजस्व खाता | ८४७७५५००/- | २ | कार्यलय संचालन खर्च | २२५८३१३४/८१ |
| | खर्च खाता | ९००४३४२/९१ | ३ | पूंजीगत(सम्पति)खर्च | १३४५६०४/- |
| | धरौटी खाता | ८८४५३५९/३८ | ४ | सास्कृतिक जात्रा पर्व संचालन खर्च | १०५३८८६३/- |
| २ | यस वर्षको आम्दानी | | ५ | सास्कृतिक सम्पदा संरक्षण तथा पर्यटनतथा पर्यटन प्रवर्दन र क्षमता अभिबृद्धि विविध कार्यक्रम | १७०६९७७७/- |
| | आम्दानीखाता | | ६ | जनचेतना अभिबृद्धि तथा सौन्दर्य अभिवृद्धि कार्यक्रम | १०७८५३२/- |
| | पर्यटन शुल्क | १७६९६१५००/- | ७ | एकल टिकटको भुक्तानी गर्नु पर्ने (हनुमान ढोका दरवार संग्रहालय विकास समिति) | ३२९७६६५०/- |
| | छायाँकन र अन्य शुल्क | ३५५०००/- | ८ | सार्वजनिक निर्माण तथा पूँजीगत सुधार | ४४३२५०७१/- |
| | खर्च खाता | | १० | धरौटी खर्च | १३६५७९४/- |
| | अन्य आम्दानी | ३२४३४५/- | | आम्दानी खाता | १०२०९२०००/- |
| | बैंक व्याज | | | खर्च खाता | ४८८४०२६/३० |
| | धरौटी आम्दानी | १८०३२२३/- | | धरौटी खाता | ९२८२७८८/३८ |
| | **जम्मा रू** | **२८२०६९२७०/२९** | | **जम्मा रू** | **२८२०६९२७०/२९** |

१७७.२ **पर्यटक संख्याः-** यस हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रममा आर्थिक वर्ष २०८०।८१ घुम्न आउने पर्यटक संख्या देहाय बमोजिम रहेको छ ।

| आर्थिक वर्ष | सार्क र विम्स्टेकबाट | अन्य राष्ट्र | जम्मा संख्या |
|---|---|---|---|
| २०८०/८१ | ४७३९९ | १५३२६२ | २००६६१ |

उपरोक्त विवरण अनुसार यस आर्थिक वर्षमा सार्क र विम्स्टेकबाट ४७३९९ र अन्य राष्ट्रबाट १५३२६२ गरी जम्मा २००६६१ जनाले यस हनुमानढोका दरबार क्षेत्रको भ्रमण गरेको देखिन्छ ।

१७७.३ **राजश्वको लक्ष्य र प्रगतिः-** यस हनुमानढोका दरबार क्षेत्र संरक्षण कार्यक्रमको आर्थिक वर्ष २०८०।८१ को राजश्वको लक्ष्य र प्रगतिको विवरण देहाय बमोजिम रहेको छ ।

| सि नं | राजश्वको शिर्षक | लक्ष्य | प्रगति | लक्ष्यको तुलनामा प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | पर्यटन सेवा शूल्क | १५००००००/- | १७६९६१५००/- | ११७.९७ |
| २ | छायाँकन शूल्क तथा अन्य | १००००००/- | ३५५०००/- | ३५.५ |

उपरोक्त विवरण अनुसार यस कार्यक्रमले पर्यटन सेवा शूल्कमा रू १५ करोड राजश्व संकलनको लक्ष्य राखेकोमा रू १७ करोड ६९ लाख ६२ हजार संकलन गरेको देखिन्छ भने छायाँकन शूल्क तथा अन्यमा रू १० लाखको राजश्व संकलनको लक्ष्य राखेकोमा रू ३ लाख ५५ हजार संकलन गरेको देखिन्छ । पर्यटन सेवा शूल्कमा राजश्व संकलनको लक्ष्यको तुलनामा ११७.९७ प्रतिशत प्रगति हासिल गरेको देखिन्छ भने छायाँकन शूल्क तथा अन्यमा लक्ष्यको तुलनामा ३५.५ प्रतिशत प्रगति हासिल गरेको देखिन्छ ।

१७७.४

**निर्माण कार्य व्यवस्थापनः-** यस हनुमानढोका दरवार क्षेत्र संरक्षण कार्यक्रमको आर्थिक वर्ष ०८०/८१ मा ठेक्का, कोटेशन र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको निमार्ण कार्यको विवरण देहाय वमोजिम छ ।

| ठेक्का मार्फत | | कोटेशन मार्फत | | उपभोक्ता मार्फत | |
|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| २ | १६४५७३७/- | ६ | ४२९९१९५/- | १ | २५३६१३७/- |

उपरोक्त विवरण अनुसार यस आर्थिक वर्षमा कार्यक्रम संचालन गरेका कुल ९ योजना मध्ये ठेक्का मार्फत २ वटा योजनामा, कोटेशन मार्फत ६ योजनामा र उपभोक्ता मार्फत १ योजनामा रू ८४ लाख ८१ हजार खर्च गरेको छ ।

१७७.५ **जनसेवा सामुदायिक भवनः-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ (३) मा सार्वजनिक निकायले निमार्ण स्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारबाही शुरू गर्न नहुने उल्लेख छ । जनसेवा सामुदायिक भवन निर्माण गर्नको लागि मिति २०७७।११।३ मा सुचना प्रकाशन गरी २०७९।४।२५ मा कार्य सम्पन्न गर्ने गरी २०७८।३।२९ मा श्रृजना गौतम एण्ड कन्स्ट्रक्शन प्रा.ली. संग रू ८६९८३७८.५८ को सम्झौता भएको छ ।उक्त भवन निर्मण हुने जग्गा नेपाल सरकारको नाममा (सार्वजनिक शौचालय) रहेको देखिन्छ । भवन निर्माण कार्य शुरू भैसकेपछि स्थानीय बासीले निर्माण कार्यमा पटक पटक अवरोध गरेपछि मिति २०७८।७।७ मा स्थानीयबासीसंग छलफल गरी भवनको नक्शा संसोधन गरी काम सुचारू गर्ने निर्णय भएकोमा समेत पुन स्थानीय बासीले भवन निर्माण गर्न नदिएको कारण देखाई मिति २०८०।४।१५ को महानगरपालिकाको निर्णयानुसार निर्माण व्यवसायीले सम्पन्न कामको सोधभर्ना उपलव्ध गराउने निर्णय भएको छ । सो अनुसार २०८०।६।५ मा निर्माण व्यवसायीलाई रू ७८०४०५.०० भुक्तानी भएको देखिन्छ । यसरी निर्माणस्थल नै सुनिश्चित नगरी ठेक्का व्यवस्थापन गरेको कारण उक्त निर्माण कार्यमा खर्च भएको रकम प्रतिफल बिहिन देखिन्छ । साथै संघीय सरकारको अनुमति र स्वीकृती बेगर स्वामित्व र भोगाधिकार नलिई सरकारी/सार्वजनिक जग्गामा भवन निर्माणका लागि योजना स्वीकृत उपयुक्त देखिदैन । आयोजनाले ठेक्का व्यवस्थापन गर्दा यस्ता विषयमा ध्यान दिनुपर्दछ ।



Fig: जनसेवा सामुदायिक केन्द्र भवन हाल को अवस्था (निर्माणाधीन)



१७८

१७८.१(२५२-२०८०-१०-२२):

**विमाको बढी भुक्तानीः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त वमोजिम भुक्तानी गर्नुपर्ने उल्लेख छ । आयोजना र निर्माण व्यवसायी बीच भएको सम्झौतामा प्रोभिजनल समको रकम भुक्तानी गर्दा विल अनुसारको रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ । माजु देगः पुननिर्माण कार्यको लागि प्राकृति/सानु/सुवाल/पवन जे.भि आर विल्डर्शलाई प्रोभिजनल सममा इन्सुरेन्स वापत रू २५२९२३/- भुक्तानी भएकोमा फाइलमा संलग्न विमा प्रिमियम रसिद रू १४४०१६/- को मात्र भएकोले बिल भन्दा बढी भुक्तानी गरेको रू..........

| असुल गर्नुपर्ने | १,०८,९०६ |
|---|---|

१७८.२ **राजस्व बाँडफाँडः-** नेपाल सरकार, संघीय मामिला संविधानसभा संसदिय व्यवस्था तथा संस्कृति मन्त्रालयको २०६८।७।१३ को निर्णयानुसार २०६८ पौष १७ देखि एकद्वार प्रणाली लागु गरी विश्व सम्पदा सुचिमा सूचिकृत हनुमान ढोका दरबार क्षेत्र र हनुमान ढोका दरबार संग्रालय अवलोकनको लागि लिंदै आएको सेवा शुल्क, अन्य विदेशी राष्ट्रको प्रति टिकट रू ७५०.००, सार्क राष्ट्रको प्रति टिकट रू १५०.०० का दरले प्रवेश शुल्क लिने, उक्त प्रवेश शुल्कमा विदेशी पर्यटकबाट उठेको रकम मध्ये का.म.पा. ले रू ५००.०० र हनुमान ढोका दरबार संग्रालयले रू २००.००, सार्क राष्ट्रको उठेको रकम मध्ये का.म.पा. ले रू १००.०० र हनुमान ढोका दरबार संग्रालयले रू ५०.०० प्रतिव्यक्ति शुल्क बाँडफाँड गर्ने र भविष्यमा शुल्क बृद्धि हुँदा यसै अनुपातमा बाँडफाँड गर्ने उल्लेख छ । काठमाडौ महानगरपालिका आर्थिक ऐन, २०८० अनुसार यस वर्ष पर्यटक प्रवेश शुल्क (अन्य विदेशी राष्ट्रको ) रू १०००.०० तोकेकोमा सम्झौता अनुसार ३३३.३३ प्रति व्यक्ति शुल्क हनुमान ढोका दरबार संग्रालयलाई पठाउनु पर्नेमा रू २५०.०० दरले नै पठाएको देखिन्छ । आयोजनाबाट प्राप्त विवरण अनुसार यस वर्ष पर्यटक प्रवेश शुल्क (अन्य विदेशी राष्ट्रको) १५३२६२ जनाको रू १५३२६२०००.०० असुली भएकोमा बृद्धि भएको रकम प्रति पर्यटक शुल्क रू ८३.३३ का दरले १५३२६२ जनाको रू १२७७१३२२.०० हनुमान ढोका दरबार संग्रालय समितमा पठाएको प्रमाण पेश हुनुपर्ने रू.............

| प्रमाण पेश नगरेको | १,२७,७१,३२२ |
|---|---|

१७८.३ **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा हुने गरी खरिद कार्य गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) अनुसार सार्वजनिक निकायले २० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ।आयोजनाले यस वर्ष विभिन्न निर्माण एवं मर्मत कार्यमा निम्नानुसार टुक्रा खरिद गरेको देखिन्छ जुन लागत अनुमानको ०.९ देखि ४.२९ प्रतिशत मात्र कम देखिन्छ । जसले गर्दा खरिदमा प्रतिस्पर्धा भएको देखिएन। आयोजनाबाट बोलपत्रको माध्यमबाट खरिद गरेका आयोजामा ५०.४ प्रतिशत सम्म घटेको अवस्था छ । खरिद गर्दा प्रतिस्पर्धा हुने गरी गर्नुपर्दछ ।

| सि.नं. | योजनाको नाम | लागत अनुमान | सम्झौता रकम | प्रतिस्पर्धा संख्या | ठेक्का परेको वोलपत्र दाता | घटि प्रतिशत |
|---|---|---|---|---|---|---|
| | **नयाँ योजनाहरू** | | | | | |
| १ | इन्द्रजात्राको पर्वको रूट र सम्पदा मार्ग मर्मत सम्भार कार्य{ | ८४८२५७/४१ | ८१३१२६/४७ | ३ | श्री श्रेष्ठ ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि. | ४.१४ |
| २ | जनसेवा भवन रंगरोगन कार्य{ | ३३०८८०/९७ | ३२०२६२/- | ३ | लियोनल कन्स्ट्रक्सन प्रा.लि. | ३.२१ |
| ३ | ढोका टोल ढुंगेधारा मर्मत र सौन्दर्यकरण कार्य | ९७०३१६/२६ | ९६१५७०/७५ | ३ | सुर्यगढी कन्स्ट्रक्सन प्रा.लि. | ०.९ |
| ४ | सिंह सत्तल मर्मत कार्य र अन्य मर्मत कार्य{ | ९९६८०७/५४ | ९५४८८२/२६ | ३ | श्री सूजन निर्माण सेवा | ४.२१ |
| ५ | हनसमानढोका क्षेत्र परिसरमा विभिन्न मर्मत तथा काउण्टर अफिस र जनसेवामा मर्मत कार्य{ | ९९७८७८/७५ | ९८०९९७/९३ | ३ | जालमा निर्माण सेवा एण्ड सप्लायर्स | १.६९ |
| ६ | निलवाराही मन्दिरसँगैको खुल्ला ठाउँमा टेलिया ईटा छपाई तथा मर्मत कार्य | ९८६२३१/४१ | ९५८२२१/४७ | ३ | सिन्धुली गढीमाई कन्स्ट्रक्सन प्रा.लि. | २.८४ |
| | | | | | | |

१७८.४ **नन्फाइलरः-** मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । माजु देगः पुनर्निर्माण कार्यको लागि प्राकृति/सानु/सुवाल/पवन जे.भि (प्यान नं ६०८६२६९३०) संग सम्झौता भई निर्माण कार्य भएकोमा उक्त जे. भि. २०८०।T।२ देखि नन्फाइलर रहेको देखिन्छ । ठेक्का सम्पन्न भई उक्त जे. भि. लाई २०८०।१०।२२ मा अन्तिम विल रू २३०२५०००.०० भुक्तानी गर्दा रू २६४८८६६.०० मु.अ.कर भुक्तानी भएको देखिएकोले सो रकम आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश हुनुपर्ने रू....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,४८,८९६ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : काठमाडौँ महानगरपालिका , काठमाडौं महानगरपालिका , काठमाडौं

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सरोज प्रसाद गुरागाई | २०८१-६-७ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | बसन्त अधिकारी | २०७९-५-१० | २०८१-१०-४ |
| कार्यालय प्रमुख | प्रदीप - परियार | २०८०-१०-१० | २०८१-६-७ |
| लेखा प्रमुख | बुद्व रत्न मानन्धर | २०७४-२-२३ | २०८०-८-८ |
| लेखा प्रमुख | शिव राज अधिकारी | २०७९-८-११ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २८५,८८५,९४०.९६ | २४०,००८,३५८.६५ | ८१,६०४,९३५.८ | ० | ० | १४५,६८७,०२९.५१ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ७५३,१८६,२६४.९२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ७२,९५०,५८५.१६ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६८०,२३५,६७९.७६ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १५४५३०७१४६१.६३ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २१४४८०९२६४.२७ | चालु खर्च | ५९०६५२६०१८.९९ |
| प्रदेश सरकारबाट अनुदान | ९२३८४१२६ | पूँजीगत खर्च | ६५५९०६३५३७.०२ |
| राजश्व बाँडफाँट | २२४१८८८५२९.०४ | वित्तीय/अन्य व्यवस्था | २१७५६६११६५.६ |
| आन्तरिक आय | ६०८९६१४७२९.८२ | | |
| अन्य आय | २३१४४५८४८४.७५ | | |
| कुल आय | १२८८३१५५१३३.८८ | कुल खर्च | १४६४१२५०७२१.६१ |
| बाँकी मौज्दात | | १३६९४९७५८७३.९ | |

## अनुसूची - २

## बेरूजु दफा २.५ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| सि.न. | आय तर्फ | | | सि.न. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | **बिबरण** | **रकम** | **रकम** | | **बिबरण** | **रकम** | **रकम** |
| १ | **गत बर्षकोमौज्जात अ.ल्या. रकम** | | **१५४५३०७१४६१/५** | १ | **चालुखर्च** | | **५९०६५२६०१८/९९** |
| | संचित कोषखाता | १४५५८२७०८३४/९२ | | २ | **पुजीगतखर्च** | | **६५५९०६३५३७/०२** |
| | विविध कोषखाता ग ५ समुह | ३८१२०८९३४/९७ | | | **पुजीगतखर्च** | ६३८८७८५५६४६/३६ | |
| | धरौटीखाता | ३७१६६०५९१/४१ | | | अदालतको आदेशानुसार बिभिन्न खाताबाट तानेको | १७०२७७८९०/६६ | |
| | प्रकोप ब्यबस्थापन कोष खाता ग ७ समुह | १०११७१९५९/४ | | ३ | **बितिय ब्यबस्था भुक्तानि** | | **५००००००0/-** |
| | विविध खर्च खाता /कोष- बैंक (ग २-७) | ४०७५९१४०/९३ | | | ऋण साँवा भुक्तानी-आन्तरिक श्रोत तर्फ | ५००००००0/- | |
| २ | **राजस्व** | | **८३३१५२४१९६/५७** | ४ | **अन्तरसरकारी अख्तियारी- संघियसरकार** | | **१६८२८०३७६६/७८** |
| | आन्तरिक राजस्व | ६०८९६१४७२९/८२ | | | सामाजिक सुरक्षा तथा संरक्षण | १६८२८०३७६६/७८ | |
| | राजस्व बाँडफाँड - स्थानिय | ३६६५७५१२/५४ | | ५ | **विविध खर्चखाता /कोष- बैंक (ग २-७)** | | **१२३५७८००/-** |
| | आन्तरिक आय मिलान | २०९३७/७१ | | | विविध ग २ ७ आन्तरीक | १२३५७८००/- | |
| | राजस्व बाँडफाँड - प्रदेश सरकार | ४३२०५१२७५/८२ | | ६ | **स्थानीय तह बिबिध कोष खाता-ग-५** | | **३५२००२२०६/८२** |
| | राजस्व बाँडफाँड - संघीय सरकार | १७७३१७९७४०/६८ | | | बिबिध कोष खाता खर्च | ३५२००२२०६/८२ | |
| ३ | **संघिय सरकार अनुदान** | | **२१४४८०९२६४/२७** | ७ | **स्थानीय तहआकस्मिक कोष खाता-ग-७** | | **७२१४२२९/०१** |
| | बितिय समानीकरण | ६३६९०९१३५/०२ | | | प्रकोप ब्यबस्थापन कोष खातामा खर्च | ७२१४२२९/०१ | |
| | सशर्त अनुदान चालु | १४९०८१६९६८/७५ | | ८ | **धरौटीफिर्ता** | | **७१२८३१६३/-** |
| | शसर्त अनुदान पुजिगत | १७०८३१६०/५ | | | बिभिन्न व्यक्ति/फर्म/संस्थाको धरौटी फिर्ता | ७१२८३१६३/- | |
| ४ | **प्रदेश सरकार अनुदान** | | **९२३८४१२६/-** | ९ | **अन्तिममौज्जात (बचत रकम )** | | **१३६९४९७५८७३/७** |
| | बितिय समानीकरण | ८८१३००००/- | | | पुंजिगत खर्च खाता बिजोर बर्ष | ३१२५५५१०/३४ अदालतको आदेशानुसार रोक्का रहेको | |
| | सशर्त अनुदान | ४२५४१२६/- | | | संचित कोषखाता | १२५८०१६८१७३/१२ | |
| ५ | **अन्तरसरकारी अख्तियारी-** | | **१६८२८०३७६६/७८** | | विविध कोषखाता ग ५ समुह | ४१३७८३२८१/९३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **संघियसरकार** | | | | | | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | १६८२८०३७६६/७८ | | | धरौटीखाता | ५१०७६६०१५/५१ | |
| ६ | **विविध खर्चखाता /कोष- बैंक (ग २-७)** | | **३६३५९२००/१३** | | प्रकोप ब्यबस्थापन कोष खाता ग ७ समुह | ९४२४२३५१/९४ | |
| | बिबिध खर्च खाता | ३६३५९२००/१३ | | | बिबिध खर्च खाता/कोष- बैंक (ग २-७) | ६४७६०५४१/०६ | |
| ७ | **स्थानीय तहबिबिध कोष खाता-ग-५** | | **३८४५७६५५३/७८** | | | | |
| | बिबिध कोष खातामा निकासा आय | ३८४५७६५५३/७८ | | | | | |
| ८ | **स्थानीय तह आकस्मिक कोष खाता-ग-७** | | **२८४८४१/५४** | | | | |
| | खर्च खातावाट निकासा आय | २८४८४१/५४ | | | | | |
| ९ | **धरौटी आय** | | **२१०३८८५८७/१** | | | | |
| | बिभिन्न व्यक्ति/फर्म/संस्थाबाट | २१०३८८५८७/१ | | | | | |
| १० | **दायित्व वाँकी** | | **२४५९७/७१** | | | | |
| | **जम्मा रू** | | **२८३३६२२६५९५/१** | | **जम्मा रू** | | २८३३६२२६५९५/१ |

# बेरूजु दफा २० सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.सं. | पेश्की मिति र गो. भौ.. | पेश्कीको विवरण | पेश्की लिने | म्याद नाघेको | म्याद ननाघेको | जम्मा |
|---|---|---|---|---|---|---|
| **संस्थागत** | | | | | | |
| १ | ५-०८०/०४/३१ | वातावरणविभागको क्रमागत योजना | नेपालविज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | ५,७५,७८७.०० | - | ५,७५,७८७.०० |
| २ | ११-०८०/०५/०३ | सम्पदातर्फकाक्रमागत योजनाहरु | नेपाल भाषाएकेडेमी | ३६११०००/०० | - | ३६११०००/०० |
| ३ | ७८१-२०८०/०९/२६ | सार्वजनिकनिर्माण तर्फका क्रमागत योजनाहरु | छत्रपाटीनि.शूल्क चिकित्सालय | ५००००००/०० | | ५००००००/०० |
| ४ | २२४३-२०८०/१०/११ | महानगरवाटसंचालित अटिजम विद्यालय सञ्चालन खर्च | नेपालअटिजम विद्यालय | १५०००००/०० | | १५०००००/०० |
| ५ | २२६६-२०८०/१०/१२ | भाषा तथासंस्कृति संरक्षण र प्रवर्धन कार्यक्रम | वज्राचार्य क्लब | ४,८०,०००/- | | ४,८०,०००/- |
| ६ | १०७६-२०८०/१२/०१ | कलाकृतिमार्फत सार्वजनिक स्थानमा सौन्दर्यकरण गर्ने | नेपाललिलतकला प्रज्ञा प्रतिष्ठान | ३०,००,०००/- | | ३०,००,०००/- |
| ७ | १३७६-२०८१/०१/३१ | शिक्षामासीप कार्यक्रमको लागि ल्याव निर्माण | काठमाडौंविश्वविद्यालय | ७,५०,०००/- | | ७,५०,०००/- |
| ८ | ४२५४-२०८१/०१/३१ | विद्यार्थीकोनतिजा सुधार कार्यक्रम | काठमाडौंविश्वविद्यालय | ४७,५०,०००/- | | ४७,५०,०००/- |
| ९ | ४२५४-२०८१/०१/३१ | प्रारम्भिकबालबिकाश शिक्षाको स्तोरन्नती | काठमाडौंविश्वविद्यालय | २५,००,०००/- | | २५,००,०००/- |
| १० | ४२५४-२०८१/०१/३१ | शिक्षणसिकाई पेडागोजीमा सुधार कार्यक्रम | काठमाडौंविश्वविद्यालय | १०,००,०००/- | | १०,००,०००/- |
| ११ | ४२५४-२०८१/०१/३१ | शिक्षक/बिद्यार्थीको प्रविधिमैत्री सीप विकास कार्यक्रम | काठमाडौंविश्वविद्यालय | ४७,५०,०००/- | | ४७,५०,०००/- |
| १२ | ४२५४-२०८१/०१/३१ | पुस्तकरहित शुक्रवार (Book Free Friday) र बाल सञ्जाल गठन तथा सशक्तिकरण कार्यक्रम | काठमाडौंविश्वविद्यालय | १०,००,०००/- | | १०,००,०००/- |
| १३ | ४५२९-२०८१/०२/०९ | सबैकिसिमका अपाङ्गता भएका स्थानीय नागरिकहरुका लागि खेलकुद तथा सहायक सामग्री वितरण | बालाजुस्कुल अफ ईन्जिनियरिङ एण्ड टेक्नोलोजी | ५,००,०००/- | | ५,००,०००/- |
| १४ | ४८०७-२०८१/०२/२१ | रक्तदातामाआधारित अनुदान कार्यक्रम (प्रति रक्तदाता रु. २००) | नेपालरेडक्रस सोसाइटी | ६,००,०००/- | | ६,००,०००/- |
| १५ | ६४४४-२०८१/०३/२७ | राष्ट्रियअपाङ्ग कोष सहायक सामाग्री उत्पादन तथा वितरण | राष्ट्रियअपाङ्ग कोष | ८,००,०००/- | | ८,००,०००/- |
| **उपभोक्ता समिति** | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | १०५८-२०८०/११/२९ | सम्पदातर्फकाक्रमागत योजनाहरु | रजक समुदायविकास संघ | ६,१७०/४९ | | ६,१७०/४९ |
| २ | १०७५-२०८०/१२/०१ | आ व२०७९।८० मा डीपीआर सम्पन्न भएका मूर्त सम्पदाहरुको पुनर्निर्माण | शंख चक्रधारी लक्ष्मी सहीत श्री बेणु गोपाल भगवानको मन्दीर सेवा समिती | ५९,९७,१३८/९९ | | ५९,९७,१३८/९९ |
| ३ | १३३५-२०८१/०१/१८ | नरेफाँटकोटदेवी गणेश मन्दिर स्थानान्तरण तथा फल्चा निर्माण कार्य | श्री ऋद्धिसिद्धि गणेश मन्दिर समाज | २५,४२,०००/- | | २५,४२,०००/- |
| ४ | १५६०-२०८१/०२/२८ | महानगरविशेष पूर्वाधार निर्माण तथा विकास (सडक) | विन्धवासिनीमन्दिर क्षेत्र संरक्षण समिति | २०,९२,०००/- | | २०,९२,०००/- |
| ५ | १६००-२०८१/०३/०२ | अनुसूची १४मा उल्लेख भएका योजनाहरु मध्ये DPR सपन्न भएका योजनाहरु कार्यान्वयन | महायानप्रकाश पलयुल धर्मालय | २५,४३,०००/- | | २५,४३,०००/- |
| ६ | १६१३-२०८१/०३/०४ | वडा ९अन्तर्गत बतीस पुतली ढुंगेधाराहरु बनाउने | ॐ नगर टोलसुधार समिति | ८,९१,०००/- | | ८,९१,०००/- |
| ७ | १६८४-२०८१/०३/१३ | सम्पदातर्फकाक्रमागत योजनाहरु | रजक समुदायविकास सङ्घ | १०,०९,८२९/५१ | | १०,०९,८२९/५१ |
| ८ | १७३४-२०८१/०३/१७ | ३१ वडाअनार्गत ढुंगेधाराहरु बनाउने कार्य | ढुंगेधारासंरक्षण उपभोक्ता समिती | २४,१७,०००/- | | २४,१७,०००/- |
| ९ | १८२७-२०८१/०३/२० | महानगरविशेष पूर्वाधार निर्माण तथा विकास (सडक) | बङ्गलामुखीबाटो निर्माण उपभोक्ता समिति | २४,३७,०००/- | | २४,३७,०००/- |
| १० | १८२८-२०८१/०३/२० | महानगरविशेष पूर्वाधार निर्माण तथा विकास (सडक) | हाम्रो टोलविकास सुधार समिती | २४,५९,०००/- | | २४,५९,०००/- |
| ११ | २०१५-२०८१/०३/२४ | आ व२०७९।८० मा डीपीआर सम्पन्न भएका मूर्त सम्पदाहरुको पुनर्निर्माण | मसानजिर्णोद्वार समिति | ५,३९,०९८/६३ | | ५,३९,०९८/६३ |
| १२ | २०१६-२०८१/०३/२४ | सम्पदातर्फकाक्रमागत योजनाहरु | ओन्देस्थानगणेश मन्दिर पुनः निर्माण समिति | ७,७१,०००/- | | ७,७१,०००/- |
